CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च पल्लव

हरिराम जोशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च पल्लव

हरिराम जोशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः
विनोदराज शर्मा राजोपाध्याय
भक्तपुर, फोन नं. ६६१३८९२

सर्वाधिकार लेखकमा सुरक्षित
प्रथम संस्करणः वि.सं. २०७२

मूल्यः रू ५००/-

मुद्रकः सगुन प्रिन्टीग प्रेस
मयलवारी, टेकु, काठमाडौं

कम्प्यूटर डिजाइनः नेशनल कम्प्यूटर एवं टाइपिङ्ग कन्सर्न
बाघबजार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण



श्रद्धेय गुरु प्रो. श्री ऐश्वर्यलाल प्रधानाङ्गज्यूमा

सादर

हरिराम जोशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

पञ्चपल्लव एक अतुलनीय कृति हो । हरिराम जोशीज्यूको ६ दशक भन्दा पनि अघिदेखिको अनवरत साधनाको सर्वोत्कृष्ट सार यो कृति हो । आफ्ना अघिल्ला उत्कृष्ट कृतिहरूलाई समेत उछिन्दै उच्चतम कोटिको नूतन कृति दिनमा सर्वथा सफल हुनुभएको छ आदरणीय हरिराम जोशीज्यू ! यो बेजोड छ, किनकि यस्तो कृति यस अघि नेपाली भाषा, इतिहास, धर्म, संस्कृति एवं साहित्यमा उपलब्ध थिएन । विद्वद्वर्गद्वारा उहाँलाई प्रदत्त 'संस्कृति शिरोमणि'को शान बढाउने कार्यमा उहाँका अन्य कृतिहरूका साथमा यो कृतिले पनि काँधमा काँध थाप्न आएको छ । पाठकीय दृष्टिले यसका पाँच पृथक विधाका पल्लवहरूलाई पढ्दा यस्तो पनि प्रतीत हुन्छ मानौं लेखकको आफ्नो दीर्घकालीन अध्ययनमात्र नभएर स्वयंको आठ दशकभन्दा पनि लामो जीवनयात्राको स्व-अनुभूतिबाट समग्र विश्व एवं मानवजीवनलाई हेर्ने दृष्टिकोण वा दर्शनको मूल अंश-अंकूर पनि हो यो पञ्चपल्लव । **'बुद्धयुग'**, **'दासप्रथा'**, **'माँ'**, **'वेद-वेदाङ्ग के भन्छन्'**, एवं **'उपहार'** शीर्षकरूपि पाँच ग्रन्थ-पल्लवहरु एकीकृत भएर पूर्णता पाएको मौलिक कृति हो पञ्चपल्लव ! पाँच पल्लवहरूको एक ग्रन्थमाला !

पञ्चपल्लवको पहिलो पल्लव 'बुद्धयुग' रहेको छ जुन आठ खण्डमा विभक्त छ । मेरो दृष्टिमा लेखकले भगवान् बुद्ध र उनको युगका बारेमा नवीन व्याख्या विश्लेषण गर्नु यस खण्डको खास वैशिष्ट्य हो जुन यसअघि कसैले गरेको देखिन आएको छ जस्तो लाग्दैन ।

विश्व इतिहासका दृष्टिले ई.पू. छैठौं शताब्दीको युग विश्वका विविध भागहरूमा महापुरूषहरु अभ्युदय भएको महानतम युग थियो । यस युगमा चीनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्फ्युसियश र लाओजे, युनानमा पाइथागोरस, इरानमा जरथुष्ट्र र नेपाल-भारतमा भगवान बुद्ध लगायत महावीर वर्द्धमान जस्ता महानात्माहरूको अभ्युत्थानले विश्व सभ्यता र संस्कृति अभ्युन्नत भएको ऐतिहासिक युग थियो । उनीहरूले पत्ता लगाएका खोज र प्रचलनमा ल्याएका सुधारहरु, मार्गदर्शक दार्शनिक विचारहरु समग्र मानव कल्याण एवं जीवजगतको भलोका लागि थिए जुन युगान्तकारी छ ।

भगवान् बुद्ध महान धर्म-सुधारक थिए । उनले मानव मात्रको कल्याणका लागि दुःखको महाभुमरीबाट मुक्त पार्न चार आर्य-सत्य र अष्टाङ्गिक मार्गको प्रतिपादन गरे । बौद्ध धर्मको मूल स्रोत यही लाग्छ र, त्यो स्रोतको मूल व्यवहार-सार मध्यममार्ग हो जुन दुई 'अति'हरूको निवारण गर्ने बीचको बाटो हो । दुःख वा अतिशय निवारणको मूल मन्त्र मध्यममार्ग नै हो । निर्वाणप्राप्तिको सहज-मार्ग पनि यही नै हो । वीणाको धुनमा गीत गाउँदै घाँस काट्न लागेका वनवालाहरूको गीतले शरीरलाई जर्जर तुल्याई तपस्या गरिरहेका सिद्धार्थलाई मध्यममार्ग पत्ता लगाउन प्रेरित गरेको थियो । अनि पीपलवृक्षमुनि हाडछाला सुकाएर शरीरलाई जर्जर तुल्याई तपस्या गरिरहेका सिद्धार्थले जब सुजाताले नित्य चढाएको खीर भोजन गरे, तब उनलाई बोधिज्ञानको अनुभूति हुँदै आयो र, बुद्धत्व प्राप्त गरे । बुद्धको मध्यममार्गको प्रतिपादन र बुद्धत्वप्राप्तिसंगै बौद्ध धर्मको आविर्भाव एवं विकासमा नारीको उच्चतम योगदान रहेको कुरा पनि उत्तिकै सुस्पष्ट छ ।

सिद्धार्थ गौतमको जन्मथलो लुम्बिनीग्राम कपिलवस्तुराज्य अन्तर्गत रहेको थियो । उनको युगमा, विभिन्न भागहरूमा जनताहरूले राजतन्त्रात्मक शासनव्यवस्थालाई फालेर पुनः गणतन्त्रात्मक शासनव्यवस्था स्थापना गरिरहेको युगको रूपमा पनि उल्लेख्य रहेको देखिन्छ । वैशाली, मिथिला, अल्लप्प, केसपुत्त पावा, कुसिनारा लगायत कपिलवस्तु पनि एक यस्तै गणराज्य थियो । सिद्धार्थका पिता शुद्धोदन कपिलवस्तु गणराज्यका एक सेनानायक थिए, राजा थिएनन् र यथार्थमा कहिल्यै शाक्यहरूको राजा भएनन् । बोधिज्ञान प्राप्तिले सिद्धार्थको प्रसिद्धि बढ्दै गएपछि बौद्धहरूले शुद्धोदनलाई 'राजा'को संज्ञा दिएको देखिन्छ । यो कुरा विचारणीय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धले बौद्धसंघमा ठूलो-सानो, उँचनीच, धनी-गरीबमा विभेद गरेनन् । तर, सामाजिक जीवनमा उनले क्षत्रीय जातिलाई अन्यको तुलनामा उच्च मान्दथे । यो कुरा उल्लेख्य लाग्छ ।

बुद्धयुगको भाग-६ विशेष ध्यान दिन योग्य छ । यस भागमा नारीप्रति भगवान् बुद्धको दृष्टिकोणबारेमा विश्लेषण गरिएको छ । यस भागको अध्ययनले बुद्धयुगीन समाजमा नारीहरूको स्थान कस्तो थियो भन्ने कुराको छनक मिल्छ र, बुद्ध नारीहरूप्रति सकारात्मक थिएनन् भन्ने कुरा थाहा पाइन्छ । बुद्ध नारीहरूलाई पुरूषहरूको सरह समान कोटिमा राख्न इच्छुक थिएनन् । उदाहरणको रूपमा उनकै कान्छी आमा महाप्रजापति गौतमीलाई नै लिउँ । तिनले आफू लगायत नारीहरूलाई पनि बौद्ध धर्ममा प्रव्रज्या ग्रहण गराई बौद्ध भिक्षुणी हुनका लागि बुद्धसमक्ष अनुरोध गर्दा बुद्धले तीनपटकसम्म अस्वीकार गरेका थिए । यसलाई गौतमीले नारीहरूप्रतिको अपमान सम्झी आफ्नो अडानमा अडिग नै रही अहिंसात्मक विरोध प्रदर्शन गरिन् । अधिकार प्राप्त नभएसम्म, नारीहरूको नेतृत्वमा शिरमुण्डन गरी सत्याग्राही बनेर भगवान् बुद्धको पछि-पछि लागेर वैशाली पुग्नु यस कुराको स्पष्ट उदाहरण हो । अन्ततः भिक्षु आनन्दको मध्यस्थतामा बुद्धले नारीहरूलाई प्रवज्या ग्रहण गर्ने अधिकार दिनुपऱ्यो । यसलाई दूरगामि प्रभाव पार्ने एक महत्त्वपूर्ण घटनाको रूपमा लिन सकिन्छ । विश्वकै इतिहासमा यस घटनालाई नारी हक र अधिकार प्राप्तिका लागि भएको प्रथम आन्दोलन र त्यसले ल्याएको सफलताको नजिरको रूपमा लिन सकिन्छ । यताबाट नारीहरूको हक र अधिकारका लागि अहिंसात्मक आन्दोलन गर्ने प्रथम नारी महाप्रजापति गौतमि शिरमुण्डन गरी प्रव्रज्या प्राप्त गर्ने प्रथम भिक्षुणी पनि हुन् भन्ने कुरा ज्ञात हुन्छ । तैपनि बुद्धले प्रव्रज्या ग्रहण गर्ने भिक्षुणीका लागि 'अष्ट गुरूधर्म' को अनिवार्य नियम राखे जुन विभेदपूर्ण थियो । किनकि ती आठवटा उत्तरदायीपूर्ण नियमहरूले भिक्षुणीहरूभन्दा भिक्षुहरूको स्तर निकै उच्च रहेको स्पष्ट हुन्छ । जस्तै एक भिक्षुणीले संघमा जतिसुकै वर्ष व्यतित गरेता पनि तिनले साना ठूला सबै भिक्षुहरूलाई प्रणाम गर्नुपर्ने, भिक्षुले भिक्षुणीलाई उपदेश दिनुपर्ने, जे जस्तो कारण परेता पनि भिक्षुणीले भिक्षुलाई गाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन नहुने लगायतका नियमहरूले भिक्षु र भिक्षुणी समान कोटिमा छैनन् भन्ने कुरा छर्लङ्ग छ । यसरी बुद्धयुगमा नारीहरूको दशा राम्रो थिएन । त्यसबखतको समाज पुरूषप्रधान थियो ।

बुद्धयुगको भाग-७ मा बुद्धयुगीन दासप्रथाको प्रचलनबारको विवेचन पनि नूतन र जीवन्त प्रतीत छ । यसले अनेक कारणले अनेक प्रकारका दासदासीहरु रहेको त्यसबखतको सामाजिक जीवनको मार्मिक झलक पनि प्रस्तुत गरेको छ । उनीहरूलाई प्रव्रजित भई बाँच्ने अधिकार सम्म पनि त्यसबखत थिएन ।

बुद्धयुगको भाग-८ 'भगवान् बुद्ध र वैशाली गणराज्यको अन्त्य' मा प्रस्तुत राजनैतिक विश्लेषण नौलो र मौलिक छ । यथार्थमा गणराज्यको उत्थान र पतन एवं वज्जीहरूको विनाशको तर्कपूर्ण प्रामाणिक विश्लेषण पनि अपूर्व लाग्छ । जस्तै भगवान् बुद्धले अजातशत्रुका महामन्त्री वस्सकारलाई बताएको गूढ रहस्य नै वैशाली गणराज्यको विनाशको प्रमुख कारण थियो । यस प्रसङ्गमा लेखकको निम्नलिखित विचार समीचीन लाग्छ : 'भगवान् श्रीकृष्णले आफ्नै सामु आफ्नो कुलको साथै वृष्णिगणराज्यको विनष्ट भएको हेर्नु परे अनुरूप भगवान् बुद्धले पनि आफ्नो जीवनकालमै सम्पूर्ण शाक्यहरूको साथै कपिलवस्तु शाक्य गणराज्यको अस्तित्व नै सदासदाको लागि समाप्त भएको हेर्नुपऱ्यो ।'

प्रस्तुत ग्रन्थको दोस्रो पल्लव 'दासप्रथा' रहेको छ । हामीले हाम्रा पाठ्यपुस्तकहरु लगायत यस विषयका अन्वेषणात्मक कृतिहरूमा दासप्रथाका बारेमा आजसम्म थाहा पाएका कुराहरूभन्दा पनि नितान्त पृथक, मन छुने तर्कसहितले प्रामाणिक रूपमा गरिएको नौलो विश्लेषण यो हो । नहुनेले हुनेसंग माग्नु दासत्वको पहिलो निशानी हो । लेखकका अनुसार यसरी नै यो विश्वमा दासप्रथाको प्रारम्भ भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दास (दास-दासी) अर्थात् निजी सम्पत्ति ! दास अर्थात् जीवित मृत व्यक्ति ! दास अर्थात् आफ्नो भन्ने केही नभएको र, आफ्नै शरीरको मालिक समेत पनि आफू नभएर कोही अरु नै भएको ! लेखकले भने झैं यो संसारमा यदी कोही असली सर्वहारा थियो भने त्यो त दास नै थियो ।

दासका बारेमा पुरानै कुरा कोट्याउनुभन्दा पनि आजसम्म पनि नसोचिएका वा नभनिएका वा नलेखिएका केही अपूर्व कुरा गरौं । माथि भने झैं यदि नहुनेले हुनेसंग माग्नु दासत्वको पहिलो निशानी हो भने त्यस्ता नहुनेहरूले आफूसित केही नभएर/आफू पनि आफ्नो नरहेर, हुनेहरूले भन्दा पनि विस्मयकारी रूपमा चमत्कारपूर्ण कामहरु गरेर मानव सभ्यता र संस्कृतिलाई समृद्ध पार्न सक्नु कता हो कता अतुल्य र वन्दनीय काम हो । दासहरु नहुँदो हो त शायद विश्वका प्राचीन सभ्यताहरु पनि समृद्ध हुने थिएनन् वा भनौं मानव सभ्यताको युगले त्यसअघिको ढुङ्गेयुगमै पूर्णविराम लिइसक्ने थियो । प्राचीन मिश्रको सभ्यतालाई नै प्रामाणिक-उदाहरणको रूपमा लिउँ न ! सो सभ्यताको समाजमा युद्धमा पक्रिएका बन्दीहरूलाई मार्नुको बदलामा दास बनाइन्थे । यसैले त्यस्ता दासहरु जीवित मृत व्यक्तिः 'Living Dead People' कहलिएका थिए । दास बन्नुका अन्य कारण पनि थिए । जे होस् ! यी दासहरु लगायत गरीब निर्धन किसानहरु नहुँदो हो त नहरहरु, ठूलठूला भवनहरु लगायत संसारलाई नै अचम्ममा पार्ने अकल्पनीय पिरामिडहरूको निर्माण पनि सम्भव हुने थिएन । अर्को उदाहरण चीनको प्राचीन सभ्यता (ह्वाङ्हो घाटीको सभ्यता) लाई लिउँ ! सो सभ्यताको युगमा वायु, वर्षा र नदी लगायतका प्राकृतिक शक्तिहरूलाई देवता मानेर तिनीहरूलाई सन्तुष्ट पार्नका लागि दासहरूलाई बलि चढाइन्थ्यो । पृथ्वीमा वर्षा होस् भन्ने कामनाले दासहरूलाई जिउँदै आगोमा जलाइन्थ्यो भन्ने कुरा उत्खननमा फेलापरेको हाडमा उत्कीर्ण अभिलेखले समेत देखाएको छ । ब्रम्हाण्डका अन्य ग्रह लगायत चन्द्रमाबाट समेत देखिने पृथ्वीको एक मात्र मानवसिर्जित सम्पदा चीनको ठूलो पर्खाल हो । दासहरु नहुँदो हो त यो पर्खाल पनि बन्ने थिएन । यसबारेमा लेखकको मन छुने विचार यहाँ उद्धृत छ : 'यस्तो विशाल पर्खालको निर्माण गरी निर्धन किसान एवं दासहरूले मानव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभ्यतामा अतुलनीय योगदान पुऱ्याएका छन् । यसैले यद्यपि यिनीहरु निर्धन किसान एवं दास रहेका छन्, तर साँचो अर्थमा भन्ने हो भने यिनीहरु नै यो ब्रम्हाण्डलाई एकापसमा चिनाउने सबैभन्दा वन्दनीय छन् ।'

अतिले अतिशय हुँदा आन्दोलन हुन्छ । यो विद्रोह वा आन्दोलनको मूल नियम हो । इतिहासको आदिम युगदेखि आजसम्म पनि विश्वमा कुनै न कुनै रूपमा अनवरत चलिरहेको छ विद्रोह/आन्दोलन/क्रान्ति ! सत्य प्रतीत कुरा हो ! यसका आदि प्रवर्त्तक पनि दासहरु र किसानहरु नै थिए । चीनमा जस्तो दास र किसानहरूको आन्दोलन शायद यो संसारको अन्य मुलुकमा भएन होला जहाँ शासक, सामन्त र शोषकहरूका विरुद्ध सयौं-सयौं अनगिन्ति आन्दोलनहरु भए । र, दास-सर्वहारा क्रान्तिका नायक स्पार्टाकस पनि उदाहरणका रूपमा दखापर्छन् । यिनको सराहना एक महानतम नेताको रूपमा कम्युनिष्ट सिद्धान्तका प्रवर्तक कार्लमार्क्स लगायत रूसी सर्वहारा क्रान्तिका नायक लेनिनले समेत गरेका छन् । विफलै भएपनि स्पार्टाकसले आरम्भ गरेको दास-सर्वहाराहरूको क्रान्तिको लामो अनवरत विद्रोहलहरले अन्ततः सफलताको पूर्णविराम त्यसबखत पायो जब अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले दासप्रथा उन्मूलन गरे । मेरो विचारमा सो दासमोचन यस विश्वमा दानवताले मानवतासामु घुँडा टेकेको प्रथम ऐतिहासिक शृङ्खला थियो । दासमोचन गरी मानव जातिको उपकार गरेको हुनाले कार्लमार्क्सले पनि लिंकनको प्रशंसा गरेका हुन् । यो लहरले नेपाल पनि अछुतो रहन सकेन । वि.सं.१९८१ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्शेरले पनि दासप्रथाको उन्मूलन गरे । उनको सो मानवतावादी पुण्यकार्यका लागि नेपाली समाज ऋणि रहेको छ । तापनि जोशीज्यू लेख्नुहुन्छ : यद्यपि दासप्रथा मोचन भए तापनि यो विश्वमा दास-मनोवृति अहिलेसम्म मोचन हुन सकेको छैन । जहिलेसम्म दास मनोवृत्ति मानिसहरुमा रहन्छ त्यसबेलासम्म दासप्रथालाई पूर्णतः मोचन भयो भन्न सकिंदैन ।'

प्रस्तुत ग्रन्थको तेस्रो पल्लव 'माँ' रहेको छ । माँ बारेमा लेखकले यस भागमा सरल र सुन्दर ढङ्गले गरेको विवेचन पनि उत्तिकै अनौठो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । आमाका बारेमा लेखिएको विश्वप्रसिद्ध कृति माक्सिम गोर्कीको हो । सो कृति राजनैतिक पृष्ठभूमिमा छ । तर यस भागको यो कृति भने 'माँ'कै स्तुत्यमा अर्पित छ, जुन भावनात्मक मात्र नभएर यथार्थपरक पनि छ । सत्य कुरा हो ! यस संसारमा आमाको कोखबाट आउनेबित्तिकै प्रत्येक सन्तानका मुखबाट स्वतः निस्कने पहिलो शब्द 'माँ' नै हो । लाग्छ, भाषा र लिपि/अक्षरको आविष्कारको आदि रूप 'माँ' नै थियो । यसैले आमाभन्दा ठूलो यो विश्वब्रम्हाण्डमा कोही छैन । आमाले देखाएपछि मात्र सन्तानले पितालाई देख्छ र चिन्छ । पिता, गुरू लगायत अरु पछिका पहिचान हुन् । यो विश्वब्रम्हाण्ड नै 'माँमयी' छ ।

पञ्चपल्लवको चतुर्थ पल्लवको रूपमा प्रस्तुत 'वेद-वेदाङ्ग के भन्छन्' पनि सप्रमाण उक्तिकै नौला विश्लेषणले पल्लवित रहेको छ । वैदिक संहिता (ऋग, यजु, साम, अथर्व)को समय अनुमानित ई.पू.१७००-११०० र यसका पूरक वा भनौं वेदाङ्गहरूको समय ई.पू.१०००-५०० मानिएको छ । वेद-वेदाङ्ग सनातन धर्म संस्कृतिको मूल मात्र नभएर ज्ञानविज्ञान, शिक्षा, साहित्य, कलाकौशल लगायत यावत पक्षहरूको पनि मूल रही आएको विदित हुन्छ । यहाँ लेखकले विवेचन गर्नुभए जस्तै निश्चय नै वेद-वेदाङ्गले उहिल्यै ज्ञान-विज्ञानको क्षेत्रमा जुन कुरा प्रकाशमा ल्याएको थियो त्यसको सामु आजको विज्ञानले शिर निहुराउनु पर्छ । पृथ्वीले सूर्यको प्रदक्षिणा गर्छ, चन्द्रमामा प्रकाश सूर्यबाट मिल्छ भन्ने कुरा हाम्रा पूर्वजहरूले उहिल्यै पत्ता लगाइसकेका थिए । त्यसैगरी, पुरीष्य अग्नि वा भूगर्भीय अग्नि, ओजोन तह, सौर उर्जा, मरूत, अणु परमाणुहरूको आकर्षण शक्ति, द्रव्य र उर्जाको रूपान्तरण, सूर्यका किरणहरूबाट विद्युत प्रवाह, सूर्यबाट पृथ्वीको उत्पत्ति, चिकित्सापद्धतिका अनेक पक्षहरु लगायत उर्जाका अनेक स्रोत बारेका कुरा वेद-वेदाङ्गमा छन् । त्यसैगरी वेद-वेदाङ्गका रचयिता पुरूष मनीषीहरूमात्र नभएर स्त्रीहरु पनि थिए । ज्ञानको क्षेत्रमा नारीहरु पनि कम थिएनन् भन्ने कुराको एउटा उत्कृष्ट उदाहरण यो पनि हो । यजुर्वेदले विश्वका समस्त मानवहरु बीचमा आपसी सद्भाव र निरोगको कामना गरी विश्वप्रेमको भावनामा जोड दिएको छ । वैदिक संस्कृतिले त्याग र दानलाई महत्त्व दिएको छ र, वाक्शक्ति/तत्त्वलाई राष्ट्रनिर्मात्री शक्तिको रूपमा मानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ; मदिरा, क्रोध र पासालाई पतनको कारक मानेको छ; श्रद्धालाई ब्रम्हप्राप्तिको मार्ग मानेको छ; सृष्टिको आरम्भ अण्डाबाट भएको कुरा उल्लेख छ; स्त्रीलाई गृहस्वामिनी, गृहपत्नी, साम्राज्ञी जस्ता संज्ञा दिँदै समाजमा उच्च सम्मान प्रदान गरिएको छ । घर त पत्नीको हो । पत्नीले घर स्वर्ग बन्छ । पत्नीलाई नमान्दा घर नरक बन्छ । यसरी वेद-वेदाङ्गका बारेमा आजसम्म पनि नआएका नूतन विश्लेषण उद्धरणहरूसहित यस भागमा लेखकले प्रकाशमा ल्याउनुभएको छ ।

पञ्चपल्लवको पाँचौं पल्लव 'उपहार' रहेको छ । यथार्थमा यो भाग लेखक स्वयंको जीवन-दर्शनको भाव दृष्टिगोचर हुन्छ । साहित्यिक रूपको यस भागमा 'मन लाग्छ', 'द्वि सत्य', 'माँ ! मेरी माँ !!', 'मैपलको पात', र 'माँ' गरी पाँच कविता प्रस्तुत गरिएका छन् । यी कविताहरूको भावनात्मक संसारबाट जोशीज्यूको मनलाई छामछुम गरी यथार्थ संसारमा आईपुग्दा त्यहाँ हामीलाई 'म' रूपि जोशी होइन 'हामी'रूपि विश्वका समस्त मानवधर्म मान्ने जोशी-मानवहरूको दर्शन मिल्छ । 'मन लाग्छ' ले यसै भन्छ । मेरो विचारमा मानव विचार, कल्पना र व्यवहारको सुसंस्कृत सुन्दर सृष्टि 'ईश्वर' हो । यसैले यो अमूर्त छ, समस्त जीवजगत ईश्वरमय छ । 'ईश्वर' यथार्थमा मानवीय प्रवृत्ति हो । त्यही प्रवृत्ति ध्वंशात्मक हुँदा दानव हुन्छ र, 'म' मात्र भइदिँदा पशु हुन्छ । देवता वा दानव वा पशु वा मानव हामी नै हौं । र, ती हामीभित्रै छन्, हाम्रै आसपासमा छन् । 'म', 'मेरो' नभएर 'हामी' र 'हाम्रो' भन्ने भावले हेर्‍यौं भने त्यहाँ हामी एउटै मात्र ईश्वरलाई पाउँछौं । हामी त्यही ईश्वरलाई अनेक नामले पुकार्छौं । हामीमाझ उनी हिन्दूहरूको संसारमा महादेव भइदिन्छन्, बौद्धहरूको संसारमा भगवान् बुद्ध, ईशाईहरूको संसारमा क्राइष्ट र मुसलमानहरूको संसारमा मोहम्मद ! 'म' होइन 'हामी' भएर सबैको कुशलमङ्गल होस् भनी जिउने प्रत्येक 'म' भाव मानव हो । लाग्छ यही सन्देश 'मन लाग्छ' ले दिन खोजेको छ जुन मानव धर्म हो ।

'द्वि सत्य'को दार्शनिक सार पनि सुन्दर र सत्य छ । किनकि यो शिवशक्तिमय छ । शिव र शक्ति दुई भएर पनि एकै हो र, एकैमा दुबैको दर्शन मिल्छ । स्त्री शक्ति हो, पुरूष शिव । शक्ति विनाको शिव 'शव'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यो संसार पनि त्यस्तै शिवशक्तिमय छ । सूर्यको शक्ति यसको राप हो । नदीको शक्ति यसको वेग हो । दुईको संयोगले एक हुन्छ, आत्मा र शरीरको अमूर्त-मिलनले एकाकार भएको जस्तो ! सत्यको यही संयोगको उपज यो चराचर जीवजगत हो । सृष्टि, स्थिति र संहारको यो अनवरत क्रम अनन्तकालदेखि चलिआएको छ । निरन्तर चलिरहेने क्रमका दृष्टिले पनि एउटा 'एक' ले अर्को 'एक'को अस्तित्व र महत्त्व बोध हुन्छ । जस्तै रातले दिनको अस्तित्व र महत्त्व बोध हुन्छ । अँध्यारोले उज्यालोको, आँसुले हाँसोको, जाडोले गर्मीको वा रापले शितलताको, अवरोहले आरोहको आदि आदि ! जस्तो शिवशक्ति उस्तै शक्तिस्वरूपिनी कदम र शिवस्वरूपि हरिराम जोशी ! जसको एकात्मक सत्यमा मलाई पचपन्नझ्याले दरबारको भित्तामा चित्रित विश्वश्रेणिको त्यो शिवशक्तिमय विश्वस्वरूपको भित्तेचित्रको पनि झल्झली संझना आउँछ जहाँ सहस्रबाहु राजा भूपतीन्द्र मल्लले आफ्नी रानी विश्वलक्ष्मीलाई अङ्गालोमा लिई एक भएर हाम्रो सामु साक्षात्कार प्रकट भएका छन् । दुईको अस्तित्वले आविर्भाव भएको विश्वब्रम्हाण्ड पनि त आखिर एकै हो । त्यो पनि त एक सत्य हो जहाँ सूर्यको एक अंश पृथ्वीको स्मरण हुन्छ । मलाई यस्तो पनि प्रतीत हुन्छ मानौं दुईको अस्तित्वले एक भएको एक ब्रम्ह वा एक विश्व पनि हाम्रो यो विश्व ब्रम्हाण्ड जस्तै हो जहाँ पनि एकमा दुई मूल अंशको चरित्राभास हुन्छ । त्यहाँ म यस ब्रम्ह वा विश्वको आविर्भावकालदेखि आजसम्म ती दुई मूलअंशबीच चलिआएको मिलन एकातिर देख्छु भने अर्कोतिर विछोड पनि देख्छु एकातिर महाभारत लगायत आजका विश्वयुद्धहरु देख्दैछु भने अर्कोतिर बुद्ध लगायतका ज्ञानीहरूले फैलाइरहेका शान्ति, अहिंशा र विश्वप्रेमका सन्देश सुवासहरु ! एकातिर माया छ अर्कोतिर घृणा ! एकातिर संघर्षले चलेको जीवन छ, अर्कोतिर समाप्तिलगत्तैको सुरूवात ! ब्रम्हसरी घुमिरहने जन्म, जीवन र मृत्युको चक्र जस्तो, एक अपरिहार्य सत्य !

नियतिले जन्म दिने आमा मात्र नभएर मातृभूमि समेत पनि छाडेर विदेशमा जानुपर्ने बाध्यता र विवशताको अनुभूति अति मार्मिक हुन्छ । विदेशमा बस्दा त आमा र मातृभूमिप्रतिको स्नेह-संझनाले बढी सताउँछ । विशेषगरी मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा युवा पुस्ताप्रति सहानुभूति छ जसले स्वदेशमा अध्ययन गरेर पनि योग्यता अनुसारको काम नपाएर विदेशतिर लाग्नुपरेको छ । यो उनीहरूको रहर नभएर बाध्यता नै हो । मैजिनीले युवा पुस्तालाई देशको शक्ति त्यसै भनेका होइनन् । त्यही युवा शक्तिले पनि इटलीको एकीकरण संभव भएको थियो । तर यो देश चलाउने रोगी, औंठेछाप वा कममात्र पढेका, इतिहास र संस्कृति नबुझेका बूढाहरूले. युवा पुस्तालाई विश्वास गरी नेतृत्व हस्तान्तरण गर्न जानेका छैनन् । रोगीहरु र बूढाहरूले त आराम र उपचार गर्नु पर्छ, देश हाँक्ने/चलाउने होइन, भताभुङ्ग हुन्छ । बरु आत्ना पाका अनुभवले युवालाई शक्ति/सत्ता दिएर दिशानिर्देश गर्नुपर्छ अनि देश चल्छ । त्यसो नहुँदा यो देशले विकासको गति लिनुको सट्टा आदिम युगतिर फर्किरहेको आभास हुन्छ । फुटेर होइन, मिलेर देश चलाउन सकेको भए, र, देशमा राजनैतिक स्थिरता, शान्ति र सुव्यवस्था कायम गरी सबैलाई काममा लगाएर अघि बढ्न सकेको भए हाम्रा युवा पुस्ता विदेश पलायन हुने दयनीय दिन आउने थिएन । आफ्नो परिवार मातृभूमिलाई छाडेर, गाउँबस्ती, टोल शहर, समाज इष्टमित्रलाई त्यागेर आँसु खसाल्दै, सुस्केरा हाल्दै परदेशमा जानुपर्ने थिएन । आत्मनिर्भर हुँदै समृद्ध हुँदै जानुको सट्टा परनिर्भरताको पराकाष्ठामा पुग्ने थिएन । अनि यसरी सबै कुराको बन्दोबस्त आफ्नै देशमा भइदिएको भए विदेशमा रहेको एक विवश सन्तानको मुखबाट 'माँ ! मेरी मा !!' भनेर मार्मिक चीत्कार गरिरहेको कुरा सुन्दै र पढ्दै यी पंक्तिहरु लेख्नुपर्ने पनि थिएन । लेखकले हिन्दीमा रचना गर्नुभएको 'माँ ! मेरी माँ !!' शीर्षकको कवितामा मलाई प्रकारान्तरमा यस्तै आभास भएको छ ।

क्यानडाको राष्ट्रिय झण्डामा मैपलको रूखको पात छ जसको तलतिर रहेको सेतो रङ्गले शान्ति र माथितिर रहेको हरियो रङ्ग विकासको प्रतीक रहेको छ । 'मैपलको पात' ले शान्ति र विकाशको सन्देश दिइरहेको छ । त्यो सबैका लागि प्रेरणाको स्रोत छ ।

राष्ट्रवाद राम्रो कुरा हो । त्यो भन्दा पनि उच्च कुरा विश्ववाद हो । समानता, स्वतन्त्रता र भाइचाराको भावले यो विश्व व्याप्त छ । लाग्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही विश्ववादी चिन्तन र दर्शन हो । त्यही चिन्तनले समग्र विश्व नै हाम्री आमा हुन् । अनि मानवतावादी भावसागरको गहिरो धारामा चुर्लुम्म डुबेका, 'माँ' का अति प्रिय एक पुत्र हरिराम जोशी अमेरिकाको न्यूयोर्कस्थित लिबर्टी टापूमा रहेको स्वतन्त्रताकी देवी (The Statue of Liberty) सामु पुगेर तिनलाई हेर्दा तिनमा पनि आफ्नी आमाको दिव्य स्वरूपको दर्शन गर्न पुग्छन् । यस्तो भाव अनुपम छ । ई.सं.१७८९ को फ्रान्सेली क्रान्तीलाई विश्वकै जननी क्रान्तिको रूपमा मान्न सकिन्छ । समानता, स्वतन्त्रता र भातृत्व यस सफल क्रान्तिका मूल वैशिष्ट्य हुन् जुन विश्वकै लागि अतुलनीय उपहारको रूपमा रही आएको छ । विश्व इतिहासका दृष्टिले अत्यन्त दूरगामि प्रभाव पार्ने यस क्रान्तिबाट प्रभावित भएर संसारका धेरै मुलुकहरूमा क्रान्तिको लहर आयो र उनीहरु स्वतन्त्र भए । नेपालमा वि.सं.२००७ साल र त्यसपछि आजसम्म भएका जति पनि क्रान्ति एवं आन्दोलनहरु छन्, ती सबै कुनै न कुनै रूपमा प्रत्यक्ष वा प्रकारान्तरमा फ्रान्सेली क्रान्तिबाट प्रभावित छन् । यस्तो जननी क्रान्ति पनि ई.सं.१७७६ को अमेरिकी स्वतन्त्रता संग्रामबाट अत्यन्त प्रभावित भएको थियो जसले बन्धनमा परेका विश्वका मानव जातिलाई स्वतन्त्रताको पहिलो आभास गराएको थियो । यसैले राजतन्त्रलाई फालेर गणतन्त्र ल्याई, आफूहरु पनि उस्तै स्वतन्त्र हुन सफल भएका फ्रान्सेली जनताहरु स्वतन्त्रता संग्राम गर्ने अमेरिकी जनताहरूप्रति कृतज्ञ त हुने नै भए । यसैले फ्रान्सेली जनताहरूले अमेरिकी स्वतन्त्रता संग्रामको शतवार्षिकीको अवसरमा उक्त ताम्रनिर्मित स्वतन्त्रताकी देवीको प्रतिमा अमेरिकी जनताहरूलाई उपहारको रूपमा प्रदान गरेका थिए । सो मूर्ति ई.सं. १८८५ मा सो टापूमा पुऱ्याई प्रतिष्ठा गरिएको थियो ।

र, अन्त्यमा, एक वर्ष क्यानडाको प्रवासमा बसेर, त्यति कम समयमा पनि पाँचवटा विविध विधाका स्तरीय ग्रन्थहरूको रचना गर्नु चानचुने कुरा होइन, आश्चर्यचकित पार्ने सत्कर्म हो । यस्तो विलक्षण कृति यति छोटो अवधिमा यस अघि नेपालका त के कुरा विश्वमै पनि कुनै लेखकले दिन सकेको छ जस्तो मलाई लाग्दैन । यसैले पनि पाँच ग्रन्थहरूको यो ग्रन्थमाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पञ्चपल्लव' त्यस दृष्टिले पहिलो र अतुल्य ग्रन्थ हो भनी मान्न सकिन्छ । यस्तो ग्रन्थ लेखेर अनुपम योगदान पुऱ्याउनु हुने हरिराम जोशीज्यूलाई बधाई छ । म उहाँको सुस्वास्थ्य र समृद्धिको पनि कामना गर्दै आउने दिनहरूमा यसलाई पनि उछिन्ने ग्रन्थहरू उहाँको कलमबाट प्रकाशवान् भइरहोस् भन्ने चाहन्छु । त्यसैगरी मेरा मित्र विनोदराज शर्माले यस्तो महत्त्वपूर्ण ग्रन्थ प्रकाशनमा ल्याएर अति पुण्यको काम गर्नु भएको छ । म उहाँलाई पनि धन्यवाद दिन चाहन्छु । विडम्बनाको कुरा छ ! ६ दशकभन्दा लामो समयदेखि इतिहास, संस्कृति र अन्य अनेक विधामा अमूल्य देन दिएर, खासगरी देशको मौलिक संस्कृतिलाई देशविदेशमा समेत फैलाएर ख्याति कमाउँदै आजसम्म पनि मातृभूमिको सेवा गर्दै आउनुभएका संस्कृति शिरोमणि हरिराम जोशी नेपाल राष्ट्रिका निधि हुन् । राष्ट्रलाई धेरै दिएका जोशीज्यूलाई राष्ट्रले भने दिन र कदर गर्न जानेको छैन । लाग्छ, यस राष्ट्रका देश चलाउनेहरूको ध्यान बोल्नेको पीठो बिक्नेहरूतिर मात्र गएको छ । नबोलेर सत्कर्म गरिरहने हरिराम जोशी लगायत उनी जस्ता थुप्रै राष्ट्र-रत्नहरूतिर राष्ट्रले विशेष ध्यान दिनु जरूरी देख्छु ।

– पुरुषोत्तमलोचन श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

ई.सं. २०११ जुलाई २८ देखि ई.सं. २०१२ जुलाई ४ सम्म म मेरी श्रीमती कदमकेशरी जोशीसँगै क्यानाडामा गएको थिएँ । त्यसबेला क्यानाडामा बसेका मेरा कान्छा छोरा श्री सुशीलराम जोशीले भगवान् बुद्धको बारे जुन भ्रम मंदारी रहेको छ त्यसको निराकरण गरी एउटा पुस्तक लेखी दिनुहुन अनुरोध गरे अनुसार मैले सर्वप्रथम 'बुद्धयुग' नामले एउटा सानो पुस्तक लेखेको थिएँ । तर त्यहाँ मैले सो पुस्तक लेखेर पनि प्रकाशित गर्न सकिन । त्यस पुस्तकमा मैले सिद्धार्थको जन्म लुम्बिनीमा भएको कुरोलाई स्पष्टतरस्पले देखाउनुको साथै यद्यपि गणराज्यको प्रारम्भ सैन्धव सभ्यतादेखि वैदिकयुगमैं भइसकेको पाइए पनि इतिहाससम्मत स्पले गणतन्त्र यथार्थतः बुद्धयुगमैं स्थापित भएको यथार्थतालाई खुलस्त पार्ने प्रयास गरेको छुँ ।

उपर्युक्त ग्रन्थ लेखिसकेको अनन्तर यो विश्वमा दासप्रथाको उत्पत्ति एवं मानवले मानवमाथि गर्दै आएका अत्याचारको पराकाष्ठाको चित्रणसाथ शोषित पीडित जनहरुद्वारा अत्याचारी शोषकहरु विरूद्ध प्राचीनतमयुगदेखि नै चालेका संघर्षहरुको इतिवृत्तलाई उजागर गर्दै अत्याचारको सामु झुक्नुको बदला शोषक अत्याचारीहरुको अत्याचारलाई चकनाचूर गर्नेतिर जनमानसलाई जागृत गराउने मनसायले 'दासप्रथा' शीर्षक राखी यो ग्रन्थको रचना गरेको थिएँ । हाम्रो नेपालमा पनि आभिलेखिक साक्ष्य अनुसार दासप्रथाको उद्भव उत्तरप्राचीनकालमैं भइसकेको थियो । यसको अनन्तर मध्यकालमा पश्चिम नेपालका राज्यहरुमा पनि दासप्रथा (कमारा-कमारी प्रथा) प्रचलित रहेको कुरा त्यहाँका अभिलेखहरुको अध्ययनबाट स्पष्टतः अवगत हुन्छ । श्रीशाके १४८९ को पश्चिम नेपालको एक अभिलेखमा 'कमारि नगर्नु ...' भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । मध्यकालीन नेपाल उपत्यकाका अभिलेखहरूबाट पनि त्यस समय यहाँ उपत्यकामा पनि दासप्रथाको अवशेष पाइन्छ । मध्यकालका ललितपुरका राजा श्री सिद्धिनरसिंह मल्लको कृष्णमन्दिरको अभिलेख यस कुराको साक्षी छ । वर्तमानकालमा पनि यो प्रथा विद्यमान थियो । पछि श्री ३ चन्द्रसम्शेरले मानवताको लागि अभिशाप रहेको यो प्रथालाई समाप्त पारी ठूलो उपकार गरेका थिए ।

स्त्रीको महत्ता आदिमयुगदेखि नै मानिँदै आएको छ । सैन्धव सभ्यतामा विभिन्न मृण्मूर्तिहरु पाइएका छन् जसलाई पुरातत्त्वविद्हरु मातृदेवीका मूर्तिहरु मान्छन् । मातृदेवीको पूजा प्राचीनयुगमा एजियन र सिन्धुप्रान्तको बीच सबै देशहरूमा प्रचलित थियो । प्रागैतिहासिकयुगमा मातृपूजाको प्रसार भूमध्यसागरदेखि भारतसम्म भएको थियो । पृथ्वीको पूजादेखि नै मातृपूजाको उत्पत्ति भएको छ । सैन्धव सभ्यतामा प्राप्त एक प्रकारको मुहरमा स्त्रीको पेटबाट एउटा बोट बिरूवा निस्किराखेको देखाइएको छ, जसबाट स्पष्टरूपले सृष्टिचक्रको प्रारूप स्त्रीबाटै भएको यथार्थता आदिमयुगदेखि नै यहाँ मान्य रहेको स्पष्टिन्छ । भगवान् विष्णुलाई स्त्रीत्त्वको प्रतीकको रूपमा लिइन्छ । यस यथार्थताको पत्तो सागरमा शेषसैय्यामाथि शयन गरिराखेका श्री विष्णुको नाभिबाट कमलको एक बोट निस्केर त्यसमाथि ब्रह्माको आविर्भाव भएको कुरा हाम्रो पुराण साहित्यले दर्शाएबाट पनि उपर्युक्त यथार्थताको पुष्टिमा सघाऊ मिल्छ । गुप्तयुगीन एक मूर्ति उत्तरप्रदेशमा पाइएको छ जसमा स्त्रीको पेटबाट निस्केको कमलको बिरूवा घाँटीबाट बाहिर निस्केको देखाइएको छ । यी विभिन्न आधारहरूबाट स्त्री नै यथार्थतः सर्जनशील भएको कुरा आदिमयुगदेखि नै मान्य हुँदै आएको स्पष्टिन्छ । यसै कारणले ऋग्वेदमा स्त्रीलाई ब्रह्मा भनी सम्बोधन गरिएको थियो । अनि स्त्री विश्व ब्रह्माण्ड भनौं सृष्टिका जनक हुनुको साथै आफूले जन्माएका सृष्टिलाई जिउनुको लागि आवश्यक सम्पूर्ण सामग्री सहित स्वतन्त्रता प्रदानगर्ने हुनुको अतिरिक्त समयको गतिलाई नियाल्दै अन्तमा सबैलाई आफूमैं समाहितगर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि रहेकी छिन् । यसरी साँचो अर्थमा भन्ने हो भने स्त्री नै सृष्टि, स्थिति एवं संहारकर्ता रही त्रिमूर्ति रहेको विदित हुन्छ ।

'गिल्गमिश' पछि विश्वका प्राचीनतम वृहत् ग्रन्थ आर्यहरूका वैदिक साहित्य रहेको छ । ज्ञान-विज्ञानका विविध विषयमाथि विस्तृतरूपले यसमा प्रकाश पारिएको छ । सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, विज्ञान, ज्योतिष, यज्ञ-याज्ञादि, दर्शन, ब्रह्माण्ड आदि विविध पक्षमा यसमा विशद प्रकाश पारिएका छन् । तिनीहरूको आधारमा आर्यसभ्यताको प्रसूत रहेको वैदिक साहित्यलाई साँचोमानेमा विश्वकोष (Encyclopaedia) मानिनु समीचीन नै लाग्दछ ।

ज्ञान-विज्ञानको क्षेत्रमा यो कृतिले जुन प्रकाश पारेको छ त्यसको सामु आजको विज्ञानले सिर निहुराउनु पर्दछ । पृथ्वीले सूर्यको प्रदक्षिणा गर्दछ भन्ने कुरा ऋक् एवं यजुर्वेदमा स्पष्टरूपले वर्णन गरिएका छन् । चन्द्रमामा प्रकाश सूर्यबाट मिल्ने कुराको ज्ञान हामीलाई वैदिक साहित्यबाटै मिलेको छ ।

विश्वका प्रथम आविष्कारक अथर्वा (अथर्वण) ऋषि रहेको छ । तिनले सर्वप्रथम तीन आविष्कारहरु गरे - १. अरणि नामक रूखका काठलाई रगडेर अग्नि उत्पन्न गरे । २. यिनले तलाउका जलको मन्थनद्वारा जलीय विद्युत (Hydel) को आविष्कार गरे । ३. यिनले भूगर्भीय अग्निको पत्ता लगाई उत्खनन्द्वारा त्यसलाई निकाले ।

यसरी यस ग्रन्थमा वैदिक साहित्यमा उल्लिखित ज्ञान-विज्ञानसित सम्बद्ध विविध विषयहरूमाथि प्रकाशपार्ने प्रयास गरिएको छ ।

उपर्युक्त चारओटा ग्रन्थहरूको अतिरिक्त मैले क्यानाडामा रही पाँचओटा कविताहरु लेखी त्यसलाई उपहार शिर्षक दिई प्रकाशित गरेको थिएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमाका पहिलो कवितामा मनुष्यको सबैभन्दा ठूलो धर्म नै मानवधर्म रहेको कुरामाथि जोड दिइएको छ भने दोस्रोमा पारमार्थिक रूपले परम सत्य एउटै रहे तापनि यथार्थतः व्यावहारिक सत्य रहेको दुईको अस्तित्त्वलाई नकार्न नसकिने कुरोमाथि प्रकाश पारिएको छ । तेस्रो हिन्दी भाषाको कवितामा प्रवासमा रहेका मानिसहरूको मनोव्यथालाई दर्शाउने जमर्को गरिएको छ । चौथो मैपलको पात कवितामा देशको विकास गर्ने हो भने आपसमा लडाईँ झगडालाई त्यागेर शान्ति स्थापितगर्नु जरूरी रहेको यथार्थतामाथि प्रकाश पारिएको छ । यस यथार्थताको सन्देश मैपलको रूखको पातले हामीलाई दिएको छ जस्तो हाम्रो राष्ट्रिय झण्डाले हामीलाई प्रदान गरेको छ । हाम्रो झण्डामा माथितिर शान्तिको प्रतीकस्वरूप चन्द्रमालाई राखिएको छ भने तलतिर क्रान्ति भनौं विकासको प्रतीकरूपमा सूर्यलाई राखिएको छ । ठीक त्यस्तै क्यानाडाको राष्ट्रिय झण्डामा मैपल रूखको पात राखिएको छ । उक्त पातमा तलतिर भनौं एकातिर शान्तिको प्रतीक सेतो रङ्ग छ भने माथितिर विकासको प्रतीक हरियो रङ्ग रहेको छ । यो पातले यही नै ठूलो शिक्षा हामीलाई प्रदान गरेको छ । अर्को कवितामा आमाको महत्ताको विशदरूपले वर्णन गरिएको छ । आमा नै साँचो अर्थमा प्राणीमात्रका सर्जक, पालक एवं अन्तमा आफूमैं समाहितगर्ने त्रिशक्ति भनौं त्रिदेवको रूपमा चित्रित गरिएको छ ।

अन्तमा उपर्युक्त विभिन्न विषयसित सम्बद्ध ५ (पाँच) कृतिहरू एकै स्थानमा राखी 'पञ्च पल्लव' नामले प्रस्तुत पुस्तक प्रकाशित गरेको छुँ । यस पुस्तकले पाठकवर्गलाई ज्ञान-विज्ञानका विविध विषयसित परिचय गराउँदै तिनीहरूमा जागृतिको छटा फिंजाउने जमर्को गरेको छुँ । यसमा मलाई कहाँसम्म सफलता मिल्नेछ त्यो पाठकवर्गमैं निहित कुरो हुँदा अहिलेलाई म यसबारे इदमित्थ केही भन्न सक्तिन ।

हरिराम जोशीख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पञ्चपल्लव' प्रकाशित गर्न पाउँदा

जनस्तरबाट 'संस्कृति शिरोमणि' उपाधि हासिल गर्नु भएका श्री हरिराम जोशीलिखित ग्रन्थ 'पञ्चपल्लव' प्रकाशित गर्न पाउँदा ज्यादै गौरव महशूस गरेको छु । वहाँ एक प्राज्ञ व्यक्ति मात्र नभइ एक पूर्ण रूपको संस्था नै हुनुहुन्छ । इतिहास, संस्कृति, पुरातत्व, भाषा, साहित्य, धर्म, कला, जीवनी, सम्मानपत्रलेखन आदि अनेकानेक विषयगत विधारूपी विभागहरु वहाँको संस्थामा निहित छन् । तसर्थ ती विषयहरूमा शोधखोज गर्दै, लेख्दै नयाँ नयाँ कुराहरु राष्ट्रलाई दिएर ठूलो गुण लगाउनु भएको कुरा आज कसैबाट लुकेको छैन ।

हिन्दू एवं बौद्ध धार्मिक कृत्य गर्दा र कलश स्थापन गरी गर्नु पर्ने पूजा, व्रत पर्व आदि अनुष्ठानहरूमा प्रयोग गर्ने पर्ने 'पञ्चपल्लव' का नाम हेमाद्रि-व्रतखण्डमा यसप्रकार उल्लेख गरिएको छ ।

" अश्वत्थोदुम्बर प्लक्ष चूतन्यग्रोध पल्लवाः ।
पंचपल्लव इत्युक्ताःसर्वकर्मसु शोभनाः ॥ "

जनजीवनमा 'बर, पिपल, आँप, पाखरी र दुम्बरी'लाई पंचपल्लव मानिए जस्तै श्री हरिराम जोशी वहाँकी श्रीमती कदमकुमारी जोशी ई.सं.२०११ जुलाइ २८ देखि २०१२ जुलाइ ४ सम्म 'क्यानडा' प्रवास कालमा त्यहाँको समाज, विचार, परम्परा, राष्ट्रियता एवं शिक्षा क्षेत्रबाट १बुद्धयुग २दासप्रथा ३ मां ४ वेद वेदाङ्ग के भन्छन् र ५ उपहार नामक ५ प्रकारका पातहरु टिपेर नेपाल ल्याइ एकाकार रूप दिइ पंचपल्लव निर्माण गर्नु भएको प्रयास स्तुत्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म एक इतिहास संस्कृतिका विद्यार्थी एवं राजोपाध्याय ब्राम्हणका लागि श्री हरिराम जोशी एक अबिभावक जस्तै वनेर सहयोग, हौसला, प्रेरणा प्रदान गर्दै आउनु भएका अथक योद्धाको ग्रन्थ प्रकाश गर्न दिनु भएकोमा वहाँ संस्कृति शिरोमणिलाई हार्दिक धन्यवाद र मेरा अन्तरंग मित्र प्रा.डा.पुरूषोत्तमलोचन श्रेष्ठलाई अभिमत लेखिदिनु भएकोमा हार्दिक धन्यवाद प्रदान गर्दछु । इतिहास, संस्कृति एवं पुरातत्वको क्षेत्रमा यो महत्वपूर्ण ग्रन्थ "पञ्चपल्लव" सुवासितभै पल्लबित हुंदै जानेछ भन्ने मलाइ विश्वास लागेको छ ।

विनोदराज शर्मा राजोपाध्याय

इपाछें, लास्कुढोका, भक्तपुर-१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धन्यवाद ज्ञापन

प्रस्तुत ग्रन्थ तयार गर्नुमा मलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण व्यक्तिहरूमा म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । तिनीहरूमध्ये प्रमुखरूपले सहयोग गर्नुहुने भक्तपुरका मेरा सहयोगी मित्र श्रीविनोदराज शर्मा राजोपाध्याय, डा. नयनाथ पौडेल, पद्मकन्या क्याम्पसका सह प्रा. डा. कल्पना श्रेष्ठ, सह प्रा. मञ्जु श्रेष्ठ, सह प्रा. शान्ति श्रेष्ठ (थापा), उप प्रा. सन्ध्या खनाल एवं मित्र श्री निरन राजवंशीज्यू रहेका छन् । ई. गृष्मा श्रेष्ठ एवं मेरो जेठो नाती ई. सुव्रतराम जोशीले पनि यस कार्यको सिलसिलामा अधिकतम योगदान पुऱ्याएका छन् । अर्को, प्रस्तुत ग्रन्थ लेख्नुमा मलाई अत्याधिक मात्रामा प्रेरणा प्रदान गर्ने मेरी श्रीमती कदमकेशरी जोशी पनि धन्यवादको पात्र भएको छ । यस ग्रन्थको लागि आफ्नो अमूल्य समय निकाली मन्तव्य लेखी दिनुहुने प्रा. डा. श्री पुरूषोत्तमलोचन श्रेष्ठज्यू प्रति पनि म आफ्नो कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्तमा प्रस्तुत पुस्तक कम्प्यूटर टाइप गरी सहयोग गर्नुहुने नेशनल कम्प्यूटर एवं टाइपिङ्ग कन्सर्न, बाघबजारका सञ्चालक तथा सगुन प्रिण्टिंग प्रेस, टेकु, काठमाडौंका सञ्चालक श्री मनोज राजवंशीज्यूलाई म हृदयैदेखि धन्यवाद दिन चाहन्छु । उहाँहरूको उत्साहजनक विशेष योगदान नरहेको भए यो कृति यत्ति छिटो प्रकाशमा आउने थिएन । अस्तु ।

हरिराम जोशी

माघ, २०७२ वि.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक परिचय

नाम : हरिराम जोशी

जन्म मिति : वि.सं. १९९२ चैत्र कृष्ण द्वितीया, सोमबार

माताका नाम : हेमकुमारी जोशी

पिताका नाम : भारथराम जोशी

जन्मस्थान : न्हागल (टंगल) टोल, ललितपुर, नेपाल

हालको ठेगाना : ५(ग) पोडिखेल, लंगखेल, ललितपुर, नेपाल

शिक्षा : एम. ए. (संस्कृति), ई. सन् १९६२

विवाह : वि. सं. २०१७/१/४ गते काठमाडौं थायमडु (स्थानमण्डप) का श्री मीरमान मास्केकी छोरी कदमकेसरी मास्केसित भएको ।

नोकरी : बि.सं २०२३ श्रावण २३ गते(ई. सन् १९६६ अगष्ट ७) को श्री ५ को सरकारको निर्णयानुसार नेपाल म्यूजियम (हाल राष्ट्रिय संग्रहालय) को कीपर (रा.प.तृ.) पदमा नियुक्ति । पछि वि.सं. २०५० फाल्गुन २८ गते शनिश्चरबार (ई. सन् १९९४ मार्च १२) का दिन रक्षा मन्त्रालयको उप-सचिव (रा.प.द्वि.) पदबाट सेवा अवधि पुगी सेवामुक्त भएको ।

मानार्थ सदस्य : नेपाल हेरिटेज सोसाईटी

पुरस्कार (Awards)

१) हिन्दु देवी देवता नामक कृतिको लागि **गुणराज पुरस्कार** [वि.सं. २०४१ (१९८४ ई.)]

२) श्री ५ को सरकारबाट **राष्ट्रिय प्रतिभा पुरस्कार** [वि.सं. २०५६ (१९९९ ई.)]

३) अभिनव संस्कृति कोष नामक कृतिको लागि **मदन पुरस्कार** [वि.सं. २०५९ (२००२ ई.)]

उपाधि: संस्कृति शिरोमणि, वि.सं. २०६२ पौष १६ शनिश्चरबार (२००५ ई. डिसेम्बर ३१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मानः विभिन्न संघ संस्थाहरुबाट अभिनन्दन एवं सम्मान प्राप्त- (**Felicitations**)

१. भक्तपुर स्टुडेण्ट्स् लाईब्रेरी, वि.सं. २०५७ माघ २४ शनिश्चरबार (ई.सन् २००१ जनवरी २७)

२. भक्तपुर विकास सहयोग संघ, वि.सं. २०५९ वैशाख ७ शनिश्चरबार (ई.सन् २००२ अप्रिल २०)

३. भक्तपुर सम्पदा समूह तथा भक्तपुर जेसीज, वि.सं. २०५९ आषाढ २७ बृहस्पतिबार (ई.सन् २००२ जुलाई ११)

४. नेपाल संस्कृति प्राध्यापक समाज, वि.सं. २०५९ श्रावण ९ बृहस्पतिबार (ई.सन् २००२ जुलाई २५)

५. गणेशमान सिंह अध्ययन प्रतिष्ठान, वि.सं. २०५९ आश्विन २५ शुक्रबार (ई.सन् २००२ अक्टोबर ११)

६. श्री महालक्ष्मी गुठी परिवार, वि.सं. २०५९ पौष ९ मंगलबार (ई.सन् २००२ डिसेमबर २४), ललितपुर

७. जोशी समाज, वि.सं. २०५९ पौष २० शनिश्चरबार (ई.सन् २००३ जनवरी ४), ललितपुर

८. कुमारी प्रकाशन, वि.सं. २०६० आषाढ १६ सोमबार (ई.सन् २००३ जून ३०)

९. योगी नरहरिनाथ ट्रस्ट हाम्रो नेपाल, वि.सं. २०६० फाल्गुण १५ शुक्रबार (ई.सन् २००४ फ्रेबुअरी २७)

१०. नेपाल भाषा साहित्य तमूज्या [ने.सं. ११२६ कौलाथ्व त्रयोदशी (ई.सन् २००६ अक्टोबर ५)]

११. कार्तिक २०६२ को स्वांतीचाड (यमपञ्चक) मा सम्पन्न समारोहमा विराटनगरवासी नेवारहरुद्वारा स्थापित 'भी पुच' समाजले हार्दिक स्वागत सत्कार साथ सम्मान गरेको ।

१२. अक्टोवर २९, २०११ को दिन क्यानाडाको टोरण्टो (Toronto) मा सम्पन्न 'म्हपूजा' (स्वाँतीचाड) समारोहमा आमन्त्रण गरी त्यहाँका नेवा गुठीले हार्दिक स्वागत एवं सम्मान गरेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. मे ६, २०१२ (वैशाख पुर्णिमा) का दिन क्यानाडाको टोरण्टो (Toronto) मा सम्पन्न बुद्धजयन्ती समारोहमा त्यहाँ उपस्थित विशाल जनसमूहले प्रमुख अतिथिको आसनमा बसाली हार्दिक स्वागत, सत्कार एवं सम्मान गरेको ।

१४. मे, २०१२ (१४ जेष्ठ २०६९) रविवारको दिन क्यानाडाको अटवा (Ottawa) मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अटवाले एक समारोह बीच सम्मानार्थ प्रशंसापत्र प्रदान गरेको ।

१५. श्रावण २६, २०६९ का दिन वि.सं. २०६९ सालको लागि नेपालको इतिहास संस्कृतिको विविध पक्षमा विशिष्ट शोधकार्य गरेवापत ज्ञानगुन साहित्य प्रतिष्ठानद्वारा नयराज पन्त शोध सम्मान प्रदान गरेको ।

प्रकाशित कृतिहरू :

१.	समाजको विकास (ई.सन् १९५३)	वि.सं. २०१०
२.	बहिनी पूजा २०६०	वि.सं. २०१५,
३.	तारी (खण्ड काव्य)	वि.सं. २०१६
४.	प्राचीन नेपाल	वि.सं. २०२२ (ने.सं. १०८६)
५.	श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको व्यक्तित्व	वि.सं. २०२३
६.	कदम (खण्ड काव्य)	वि.सं. २०२५
७.	नेपाली संस्कृति	वि.सं. २०२८
८.	हेमा ज्वाला	वि.सं. २०२८
९.	नेपालको प्राचीन अभिलेख	वि.सं. २०३०
१०.	उत्तरप्राचीनकालीन मुद्रा	वि.सं. २०३३
११.	हाम्रो संस्कृति २०४०	वि.सं. २०३७,
१२.	हिन्दु देवी देवता(गुणराज पुरस्कार प्राप्त)	वि.सं. २०४०
१३.	मध्यकालीन अभिलेख	वि.सं. २०३२,२०३७
१४.	Mediaeval Colophons	ई.सन् १९९१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. Pages of the Forgotten Past	ई.सन् १९९१,१९९८
१६. चण्डेश्वरी (स्मारिका) सम्पादित (बनेपा नगरपालिका)	वि.सं. २०५०
१७. बनेपा सातगाउँ (स्मारिका) सम्पादित (बनेपा नगरपालिका)	वि.सं. २०५३
१८. अभिनव संस्कृति कोष (मदन पुरस्कार प्राप्त)	वि.सं. २०५८
१९. नेपालका चाडपर्व	वि.सं. २०६०
२०. त्रिदेव स्वरूप ब्राह्मण कर्माचार्य जोशी	वि.सं. २०६१
२१. जोशी भोज (जोशी भोय्)	वि.सं. २०६१
२२. नामकरण विधि, सम्पादित	वि.सं. २०६४
२३. Glimpses of Ancient Polity	ई.सन् २००८
२४. लोक गणतन्त्र	
२५. उपहार	वि.सं. २०६६
२६. प्रदीपः अभिनव संस्कृति विश्वकोष	वि.सं. २०७०
२७. पञ्च पल्लव	वि.सं. २०७२
२८. प्राककालमा नवयौवनामा बहिनीलाई चिट्ठी	वि.सं. २०७२

संस्थापकः प्रातः स्मरणीय दिवंगत पिता श्री भारथराम जोशीको पावन स्मृतिमा ई.सन् १९८० मा जोशी रिसर्च इन्स्टिच्यूट स्थापना गरी ई.सन् १९८१ देखि उक्त इन्स्टिच्यूटको मुखपत्रको रूपमा अनुसन्धानमूलक त्रैमासिक जर्नल रोलम्ब प्रकाशित गरी सोको प्रधान सम्पादक भई अबिच्छिन्न रूपले काम गर्दै आइरहेको छु ।

अन्य प्रकाशोन्मुख कृतिहरू :

१. Hidden Realities (Buddhism)

२. हिन्दु प्रतिमालक्षण

३. कामना (कविता संग्रह)

४. ज्योत्स्ना (खण्डकाव्य)

५. उपनिषद्ज्योति

६. अभिनव देव, वेदाङ्ग एवं इतिहास पुराणादि कोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्रम संख्या		पृष्ठ
१.	बुद्धयुग	१-६२
२.	दासप्रथा	६३-१२८
३	माँ	१२९-१७४
४.	वेद वेदाङ्ग के भन्छन्	१७५-२१२
५.	उपहार	२१३-२२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१

बुद्धयुग

एक विहङ्गम दृष्टि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

छैठौं शताब्दी ई.पू. विश्व सभ्यताको इतिहासका एक महानतम युगको रूपमा लिइन्छ । साँच्चै भन्ने हो भने यो युगले विश्व विविध राष्ट्रमा विभक्त नभई एउटा सिङ्गो राज्य भनौं या राष्ट्रको रूपमा रहेको यथार्थतालाई दर्शाएको स्पष्टतः प्रतीत हुन्छ । तारको एक छेउमा करेण्ट प्रवाहित गर्दा सम्पूर्ण तारमा त्यसको करेण्ट प्रवाहित हुने जस्तै प्रस्तुत समय विश्वका विविध भागहरूमा एकै समय जस्तो विश्व मानवलाई सभ्यता र संस्कृतिको उन्नयनमा डोऱ्याउने महापुरूषहरूको उदय भएको थियो । यो समय ईरानमा जरथुष्ट्रको उदय भएको थियो भने चीनमा कन्फ्युसियस तथा लाओजेको । त्यस्तै ग्रीस (यूनान) मा पाइथागोरसको समय थियो भने नेपाल-भारतमा भगवान् बुद्ध र महावीर वर्द्धमानको अभ्युदयको युग थियो । यसरी विश्वका विविध मुलुकहरूमा एकै समयमा भने जस्तो विश्व सभ्यताका अहिलेसम्मन् उत्पन्न भएका जत्ति पनि महापुरूषहरु छन् तिनीहरूमध्ये शीर्षस्थ महापुरूषहरूको अभ्युदय यसै समय भएको देखिन्छ । यी आधारहरूको प्राप्ति भएबाट आज यो विश्व विभिन्न साना-साना इकाई भनौं या राष्ट्रहरु मिलेर बनेको नभई एउटै विशाल गोलालाई फुटालेर टुक्रा-टुक्रा पार्ने जिम्मेवार हामी नै हौं भने जस्तो लाग्दछ । यसैले यस्तो गैर जिम्मेवार कार्य गरी सभ्यताको नाममा मनुष्यले मनुष्यत्वको उज्ज्वल चरित्रमाथि धब्बा लगाउने कार्य गरेको महसूस हुन्छ । यथार्थ रूपले भन्ने हो भने यो विश्वमा मनुष्यले दुःखको एहसास गर्नुपरेकोको मूलभूत कारण यही नै हो ।

दुःखमय जीवनबाट मनुष्यलाई मुक्ति दिलाउने हेतु तत्कालीन महानात्माहरु धार्मिक सुधारको लागि विविध प्रकारका क्रान्तिकारी नाराहरूका साथ विश्व रंगमञ्चमा एक साथ भने जस्तो उभेका थिए । तिनीहरूमध्ये छैठौं शताब्दी ई.पू. मा लुम्बिनी ग्राममा जन्मेका आदित्यगोत्रका शाक्यवंशी सिद्धार्थ तत्समयका सुधारकहरूमध्ये प्रमुखतम रूपमा लिइएको छ । यिनले नै प्राचीनतम धार्मिक मान्यताहरूलाई आधार बनाई चतुआर्यसत्य एवं दुःख निवारणका अष्टाङ्गिक मार्गको प्रतिपादन गरी मनुष्यलाई दुःखको महाभुमरीबाट पार लगाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभियानको थालनी गरेका थिए । उनले प्राचीन मनीषिहरूको वैचारिक स्वतन्त्रताको शिक्षालाई आत्मसात् गरी सबैलाई विचारको स्वतन्त्रता अनुभूति गर्नमा जोड दिए । भगवान् बुद्धको शिक्षा थियो - "मैले जे जस्तो शिक्षा तपाईहरूलाई प्रदान गरें, त्यसलाई केही विचारै नगरी तपाईंहरूले तथागतले भनेको भनी त्यसै स्वीकार्नु पर्दैन । जस्तो सुनारले सुन किन्दा कसीमा घोटेर नजाँची सुन त्यसै किन्दैन, त्यस्तै यहाँहरूले पनि मैले जे जस्तो भनें त्यसलाई विचाररूपी कसीमा घोटीसकेपछि मात्र ठीक भए ग्रहण गर्ने गर्नुहोला, नत्र भने _ ।" उक्त प्रकारको वैचारिक स्वतन्त्रताको शिक्षाको कारण पनि भगवान् बुद्धको मध्यममार्ग एवं त्यसको प्रसूत स्वरूप रहेका चतुआर्यसत्य तथा आर्याष्टाङ्गिक मार्गले न केवल नेपाल-भारत बल्कि विश्वमैं सत्य र अहिंसामा आधारित धार्मिक स्वरूपलाई मानवमात्रले स्वीकार्न तम्सिरहेको प्रतीत हुन्छ । यस्तो स्थितिमा तिम्रो र मेरो भावनाबाट माथि उठेर मानव मात्रले यो सम्पूर्ण विश्व एउटै रहेको कुराको अनुभूति गर्ने हुन्छ ।

उपर्युक्त विविध कारणहरूबाट छैठौं शताब्दी ई.पू. मा नेपाल-भारतमा चलेको जुन धर्म सुधार आन्दोलन छ त्यसको दूरगामी प्रभावलाई अवलोकन गर्दा उक्त समयलाई बुद्ध युगको सँज्ञा प्रदान गरिनु ठीकै प्रतीत हुन्छ । अनि बुद्धकै उपर्युक्त शिक्षालाई आत्मसात् गरी उक्त युगको बारे थोरबहुत आफ्नो विचारलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छु । विद्वत्वर्गले यस पुस्तकमा उल्लिखित विचारहरूलाई राम्ररी अध्ययन गरी यो लेखकलाई सत्यान्वेषण गर्दै जाने कार्यमा अझ बढी प्रेरणा प्रदान गर्नुहुनेछ भन्ने ठानेको छु ।

अक्कोधेन जिने कोधं असाधुं साधुना जिने ।

जय होस् भगवान् बुद्धको शान्ति सन्देशको जय होस् !

जय होस् भगवान् बुद्धको जय होस् !

- हरिराम जोशी
अटवा, क्यानाडा
२० अगस्त, २०११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

		पृष्ठ
भाग १	- शाक्यकुलको उद्‌भव	७
भाग २	- लुम्बिनीमा सिद्धार्थको जन्म तथा गृहत्याग	१०
भाग ३	- गयामा सिद्धार्थको बुद्धत्व प्राप्ति	२१
भाग ४	- सारनाथमा बुद्धको पहिलो धर्मदेशना र बुद्धधर्मको व्यापक प्रचार प्रसार	२५
भाग ५	- बौद्ध संघ पद्धति	३१
भाग ६	- नारीप्रति भगवान् बुद्धको दृष्टिकोण	३८
भाग ७	- बुद्धयुगमा दासप्रथा	४५
भाग ८	- भगवान् बुद्ध र वैशाली गणराज्यको अन्त्य	५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धयुग - एक विहङ्गम दृष्टि

भाग - १

शाक्यकुलको उद्भव

शाक्यसिंह सिद्धार्थ गौतमका पूर्वजः क्षत्रिय कुलका भएको कुराको जानकारी बौद्ध साहित्यबाट हामीलाई मिल्छ । यस कुलको आदिव्यक्ति राजा ओक्काकलाई लिइन्छ । यी राजाका दुईवटी रानीहरु भएको देखिन्छ । तिनकी जेठी रानीबाट तिनका ओक्कामुख, करण्डु, हत्थिनिक र सिनिसूर चारजना छोराहरु तथा पाँचवटी छोरीहरु थिइन् । ती राजाले आफ्नी प्रिय पत्नी मनापा रानीका पुत्रलाई राज्य दिने मनसायले आफ्ना ठूला चारजना राजकुमारहरूलाई राज्यबाट निर्वासित गरेका थिए । ती निर्वासित कुमारहरु हिमालयको समीपस्थ सरोवरको किनारमा रहेको शाक वनमा रहन लागे । जाति बिग्रने डरले तिनीहरूले आफ्नै दिदीबहिनीहरूसित संवास गरे । पछि राजा ओक्काकले आफ्ना अमात्य एवं भारदारहरूसित उपर्युक्त चारजना राजकुमारहरूको हाल के छ भनी सोध्दा तिनीहरूले कुमारहरु हिमालयको समीप रहेको सरोवरको किनारस्थित महाशाकवनमा बसेको औ तिनीहरूले जाति बिग्रने डरले आफ्नै दिदीबहिनीहरूसित संवास गरेको कुरा बताए । अमात्यहरूबाट उपर्युक्त जानकारी लिइसकेपछि इक्ष्वाकु राजा ओक्काकले कुमारहरु शाक्य (=समर्थ) हुन्, महाशाक्य हुन् भनेर उद्गार व्यक्त गरे । त्यसबेलादेखि मात्र तिनीहरु शाक्यकै नामले प्रसिद्ध भए । यसरी शाक्यहरु दाजुभाइ दिदीबहिनीहरूबीचको आपसी संवासबाट भएको कुराको जानकारी मिल्छ ।

"पोटाणं खो पन ते, अम्बट्ठ, मातापेत्तिकं नामगोत्तं अनुस्सटतो अय्यपुत्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्या भवन्ति; दासीपुत्तो त्वमसि सक्यानं। सक्या खो पन, अम्बट्ठ, राजानं ओक्काकं पितामहं दहन्ति।

"भूतपुब्बं, अम्बट्ठ, राजा ओक्काको, या सा महेसी पिया मनापा तस्सा पुत्तस्स रज्जं पटिणामेतुकामो, जेट्ठ कुमारे रट्ठस्मा पब्बाजेसि - ओक्कामुखं, करकण्डं, हत्थिनिकं, सिनिसूरं ते रट्ठस्मा पब्बाजिता हिमवन्तपस्से पोक्खरणिया तीरे महासाकसण्डो तत्थ वासं कप्पेसुं। ते जातिसम्भेदभया सकाहि भगिनीहि सद्धिं संवासं कप्पेसुं। अथ खो, अम्बट्ठ, राजा ओक्काको अमच्चे पारिसज्जे आमन्तेसि - 'कहं नु खो, भो, एतरहि कुमारा सम्मन्ती' ति ?

"अत्थि, देव, हिमवन्तपस्से पोक्खरणिया तीरे महासाकसण्डो, तत्थेतरहि कुमारा सम्मन्ति। ते जातिसम्भेदभया सकाहि भगिनीहि सद्धिं संवासं कप्पेन्ती' ति।

"अथ खो, अम्बट्ठ, राजा ओक्काको उदानं उदानेसि - 'सक्या वत, भो, कुमारा ! परमसक्या वत, भो, कुमारा' ति ! तदग्गे खो पन, अम्बट्ठ, सक्या पञ्ञायन्ति, सो च नेसं पुब्बपुरिसो।[1]

- अम्बट्ठ सुत्त

दाज्यूभाई दिदीबहिनीहरूबीच आपसी संवास पहिले-पहिले समाजमा सामान्य रूपले प्रचलनमा रहेको कुरा बौद्ध साहित्यको अध्ययनबाट हामीलाई जानकारी मिल्छ। भगवान् श्रीरामले आफ्नी बहिनी सीतासित विवाह गरेको कुरा दशरथजातक नामक ग्रन्थमा वर्णित छ। उक्त जातक ग्रन्थ अनुसार भगवान् श्री राम एवं सीता दुवै महाराज दशरथका छोराछोरी हुन्[२]

1 हरिराम जोशी, अभिनव संस्कृति कोष, जोशी, सुशीलराम, जोशी, नवीन्द्रराज, २०५८ वि.सं., पृ. ५२९-५३०;

2 भगवतशरण उपाध्याय, प्राचीन भारतका इतिहास, ग्रन्थमाला कार्यालय, पटना, १९५७ ई., पृ. ६८-६९; Prof. E.B. Cowell, The Jataka, Vol. IV, Motilal Banarsidass Publishers, Delhi, 1990 A.D. PP.78-82

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र उक्त प्रकारको सम्बन्धलाई पछि गएर समाजले स्वीकार गर्न छोडेको अनन्तर बौद्ध ग्रन्थहरूमैं राजा ओक्काकका निर्वासित छोराछोरीहरु शाक वृक्षको जङ्गलमा रहेको कारण तिनीहरूलाई शाक्य भनिन लागेको कुरा वर्णन गरिएका छन् । बौद्ध ग्रन्थ ललितविस्तर एवं महाकवि अश्वघोष विरचित बुद्धचरित नामक ग्रन्थ उक्त कुरोको पुष्टिका लागि पठनीय छन् ।[३]

राजा ओक्काकका छोराहरूले कपिलमुनि, जो सांख्य दर्शनका प्रणेता थिए, को आश्रम समीपस्थ रही शासन गर्न लागेका थिए, जसको कारण उक्त राज्यको कपिलवस्तु नाम रहेको थियो जसलाई हिजोआज तौलिहवा भन्ने गरिएको छ । सम्भवतः कपिलवस्तु राज्यान्तर्गत अहिलेको तौलिहवा जिल्लामात्र नरही भारतका पिपरहवा आदि इलाकाहरु पनि समाविष्ट रहेका थिए । पिपरहवाको उत्खननमा प्राप्त कतिपय मुहरहरूमा कपिलवत्थु भिक्खु संघस[४] भनी उत्कीर्ण गरिएको पाइएबाट पनि उपर्युक्त कुरोको पुष्टिमा सहयोग पुऱ्याएका छन् । यहाँनिर यस यथार्थतालाई बिर्सनु छैन कि कपिलवस्तु गणराज्यका गणशासकका निवासस्थलको भग्नावशेष वर्तमान नेपाल राज्यान्तर्गत तौलीहवाको तिलौराकोटको उत्खननमा भेट्टिएको छ भने उपर्युक्त कपिलवत्थु भिक्खु संघस उत्कीर्ण मुहरहरु *(Seals)* पिपरहवाको उत्खननमा प्राप्त हुन आएबाट कपिलवस्तु बौद्ध विहार वर्तमान पिपरहवामा भएको चाल पाइन्छ ।

---

3 ललितविस्तर ; बुद्धचरित ;

"Bharata, the commentator of Amarkosa, says, "Saka is a kind of tree. A king of the Ikshaku dynasty is known as Shakya because he lives near that Saka tree." His posterity was known as Shakyas".

Bimala Charan Law, Ksatriya Clans in Buddhist India, Ajay Book Service, New Delhi 2005 A.D. P.193

4 Hari Ram Joshi, Pages of the Forgotten Past, Sushil Ram Joshi, 1998 A.D. P.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग-२

सिद्धार्थको जन्म तथा गृहत्याग

छैठौं शताब्दी ईशापूर्वको इतिहासको अध्ययनमा कपिलवस्तु एक गणराज्य रहेको थियो । राजा, महाराजाहरूको अन्याय, अत्याचारको विरूद्ध विद्रोह गरी जनताले पुनः विभिन्न राज्यहरूमा गणतन्त्र स्थापना गरेका थिए । प्राचीनतम पाली एवं जैन ग्रन्थहरूको अध्ययनबाट छैठौं शताब्दी ई.पू. तिर निम्नलिखित संघ अर्थात् गणराज्यहरु रहेको कुराको जानकारी मिल्छ ।

१. कपिलवस्तुका साकिय ।
२. अल्लकप्पका बुलि ।
३. केसपुत्तका कालाम ।
४. सुंसुमार गिरिका भग्ग ।
५. रामगामका कोलिय ।
६. पावाका मल्ल ।
७. कुसिनाराका मल्ल ।
८. पिप्फलिवनका मोरिय ।
९. मिथिलाका विदेह ।
१०. वैशालीका लिच्छवि ।
११. वैशालीका नाय (ज्ञातृक)[१]

तत्समय गणनायकलाई राजा भन्ने गरिन्थ्यो । राजा शब्दको व्युत्पत्तिपरक अर्थ जुन व्यक्तिप्रति जनता तुष्ट रहन्छ त्यो नै राजा हो भन्ने अर्थबोधक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'राजा प्रकृर्ति रञ्जनात् ।'[२]

- रघुवंशम्

प्रजालाई रञ्जन गर्नु, तिनलाई समृद्धिशाली तुल्याई प्रसन्न गर्नु नै राजाको प्रमुख कर्तव्य थियो । प्रजा रञ्जन गर्ने हुनाले नै शासकलाई राजा नाम दिइएको कुरा महाभारतमा वर्णित छ ।

"तेन धर्मोत्तरश्चार्य कृतो लोको महात्मना ।
रंजिताश्च प्रजाः सर्वास्तेन राजेति शब्द्यते ॥१२९॥"[३]

- महाभारत, शान्तिपर्व, अध्याय ५९

यसैले बौद्ध ग्रन्थहरूमा कपिलवस्तुका गणनायकलाई राजा भन्ने गरिएको ठीकै प्रतीत हुन्छ । अनि राजा चुनावद्वारा चुनिने भएकोले गणराज्यमा युवराजको पद नरहनु प्रकृतिजन्य छ । युवराजको पद हुनु वंशानुगत राजतन्त्रमा मात्र हुने हुन्छ ।

सिद्धार्थ गौतमको जन्मथलो लुम्बिनी रहेको छ । यो थलो कपिलवस्तु राज्यान्तर्गत रहेको कुरा बौद्ध ग्रन्थहरूको अध्ययनबाट स्पष्ट हुन्छ । यहाँ छैठौं शताब्दी ई.पू. मा सिद्धार्थ गौतम, जो पछि भगवान् बुद्ध नामले ख्यात भए, को जन्म साकिय कुलमा भएको थियो र यिनलाई आफ्ना घर छिमेकमा (बिरादरी) श्रेष्ठ भन्ने गरिएको छ । (जातिसेट्ठो)[४] नेपालका उच्च वर्गका नेवारहरूलाई श्रेष्ठ संज्ञा उपर्युक्त बौद्ध आख्यानबाटै लिइएको लाग्दछ । यिनको जन्म मायादेवीको कोखबाट भएको थियो, जो लुम्बिनीस्थित सम्भ्रान्त शाक्य कुलका शुद्धोदनकी पत्नी थिइन् । सिद्धार्थको जन्म लुम्बिनी ग्राममा भएको कुरा तृतीय शताब्दी ई.पू. मा लुम्बिनीको यात्रागर्ने सम्राट् अशोक मौर्यद्वारा प्रतिष्ठापित लुम्बिनी शिलास्तम्भको अध्ययनबाट स्पष्ट हुन्छ । शिलास्तम्भका पंक्ति निम्नलिखितानुसार छन् -

"देवानपियेन पियदसिन लाजिन वीसति वसाभिसितेन
अतन आगाच महीयिते हिद बुधे जाते सकयमुनी ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिलाविगडभीचा कालापित सिलाथभे च उसपापिते ।
हिद बुधे जाते ति लुंमिनिगामे उबलिके कटे अठभागिये च ॥[५]

- लुम्बिनी स्तम्भलेख

यद्यपि उपर्युक्त लुम्बिनी स्तम्भाभिलेखमा स्पष्टरूपले सिद्धार्थ गौतम, जो पछि भगवान् बुद्ध नामले ख्यात भए, को जन्म लुम्बिनी ग्राममा भएको कुरा वर्णित छ तथापि पछिका बौद्ध साहित्यमा भगवान् तथागतको जन्म लुम्बिनी वाटिकास्थित पिपल वृक्ष मुनि भएको कुरातिर जोड दिइएको छ । बौद्धग्रन्थ ललितविस्तर एवं अश्वघोष विरचित बुद्धचरितम्[६] तथा अन्य अनेकन् ग्रन्थहरु यस कुराको पुष्टिका साक्षी स्वरूप छन् । बौद्ध एवं बौद्ध विद्वान्हरूले भगवान् तथागतको अलौकिक शक्तिलाई प्रदर्शित गर्ने हेतु उपर्युक्त प्रकारको अनुश्रुतिहरूको कल्पना गरेको प्रतीत हुन्छ । यदि त्यस्तो नहुँदो हो त तेश्रो शताब्दी ई.पू. का मौर्य सम्राट् अशोक मौर्यले बौद्ध तीर्थस्थलहरूको यात्रा गर्ने क्रममा लुम्बिनीमा आई तथागतको जन्म लुम्बिनी वाटिकामा भएको भनी नभनी लुम्बिनी ग्राममा भएको भनेर कहिल्यै आफूले ठड्याउन लगाएको शिलास्तम्भमा कुँदन लगाउने थिएन । वर्तमान पश्चिम नेपालको तराई क्षेत्रमा उपर्युक्त स्तम्भको अतिरिक्त गोटिहवा एवं सगरहवामा पनि शिलास्तम्भहरु प्रतिष्ठापित गराएका थिए । तौलिहवास्थित निगाली सागरमा बुद्धभन्दा पहिलेका सप्तमानव बुद्धहरूमध्येका कोनाकमुनि बुद्धको स्तूपलाई परिवर्द्धित गरिएको कुरा सम्राट् अशोकको त्यस स्थानमा प्राप्त खण्डित शिलास्तम्भलेखले दर्शाएको छ । जसबाट बुद्धपूर्व अन्य बुद्धहरु भइसकेको कुराको पुष्ट आधार भेट्टिन्छ ।

"देवानंपियेन पियदसिन लाजिन चोदस-वसा (भिसितेन)
बुधस कोनाकमनस थुबे दुतियं वढिते (।)
(वीसति-व) साभिसितेन च अतन आगाच महीयिते
(सिला-थभे) (च) (उस) पापिते (॥)"[७]

- निगाली सागर स्तम्भलेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिलौराकोटको दुई माईल उत्तरमा अवस्थित सगरहवामा कौशल नरेश विरूढकद्वारा शाक्यहरूको आम विनाश गरिएको थियो ।

"The place where the Sakyas were massacred by Virudhaka has been identified with Sagarwa, which is situated two miles north of Tilaura-kot."[८]

कपिलवस्तु राज्यान्तर्गत रहेको लुम्बिनीको सीमाक्षेत्र अहिले जत्ति छ उपर्युक्त समय पनि त्यत्तिकै मात्र छ वा त्यसभन्दा बढी पनि छन् भन्ने कुरा अहिले चासोको विषय भएको छ । ऐतिहासिक स्रोत सामग्रीको आधारमा अहिलेको लुम्बिनीको सीमामै रहेको पडेरिया उपर्युक्त समय लुम्बिनी क्षेत्रभित्रै अवस्थित थियो ।[९] त्यस्तै लुम्बिनीको सीमास्थित भगवान्पुर पनि पहिले लुम्बिनी क्षेत्र अन्तर्गत रहेको अनुमान हुन्छ । यी विभिन्न आधारहरूबाट उपर्युक्त समयको लुम्बिनी क्षेत्र अहिलेको तुलनामा अत्यधिक मात्रामा फैलिएको देखिन्छ । तर, अहिलेसम्म जत्ति पनि पुरातात्विक आधारहरु भेट्टिएका छन् तिनीहरूको आधारमा सिद्धार्थ गौतमको जन्मथलो वर्तमान लुम्बिनीमैं भएको कुरा सुनिश्चित छ भन्दा कुनै अत्युक्ति हुँदैन । हुनत माथि उल्लिखित लुम्बिनी अभिलेखकै एक प्रतिकृति भारतको उडिसास्थित भुवनेश्वर निकट पत्ता लागेको कुरा १९३५ वि.एस. मा प्रकाशित भएको प्रवासि पत्रिकामा छापिएको थियो । तर, त्यो अभिलेख नक्कली भएको कुरा भारतका प्रख्यात अभिलेखविद् श्री डि.सि. सरकारले उल्लेख गरेको छ ।[१०] श्री सरकारज्यूको तर्कलाई त्यस स्थानमा भगवान् बुद्ध एवं उनीद्वारा प्रचारित बौद्धधर्मसित सम्बन्धित खास उल्लेखयोग्य कुनै कुरो नपाइएको र त्यसको विपरीत वर्तमान नेपालको पश्चिम तराईस्थित लुम्बिनीमा बौद्धधर्मसित सम्बन्धित अशोकस्तम्भको अतिरिक्त अनेकौं चैत्य, पोखरी, इनार तथा पुरातात्विक अन्य कतिपय वस्तुहरु प्राप्त भएबाट पनि पुष्टि गर्दछ । चीनी यात्री युआन च्वाङ्गले लुम्बिनीस्थित अशोकस्तम्भ बिजुली प्रहारले चर्केको कुरा उल्लेख गरेको[११] तथा सो स्तम्भ अहिले पनि चर्कीरहेकै देखिएबाट बुद्ध शाक्यमुनिको जन्मस्थल उत्कीर्ण गरी प्रियदर्शी सम्राट्द्वारा प्रतिष्ठापित अभिलेख यथार्थरूपले त्यही नै रहेको कुरा सिद्ध हुन्छ । भगवान् बुद्धको जन्मस्थान उल्लिखित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तम्भलेख वर्तमान लुम्बिनीग्राममा पछिमात्र सारेको नभएर शुरुदेखि नै त्यसै स्थानमा रहेको कुरालाई लुम्बिनीको सन्निकटमा रहेका निगाली सागरमा अशोकस्तम्भ प्राप्त हुनुको साथै भारतको बस्ती जिल्लास्थित पिप्रहवामा अभिलेख सहितको पिण्डपात्र राखिएको स्तूप एवं 'कपिलवस्तु भिक्षु संघस' उत्कीर्ण मुहरहरु पत्ता लाग्नुको अतिरिक्त विरूढकद्वारा शाक्यहरूको आमहत्या गरिएको स्थान तिलौराकोटदेखि दुई माइल उत्तरस्थित सगरहवा रहेबाट पनि अनुमानगर्ने अत्यधिक आधार भेट्टिन्छ । युआनच्वाङ्गले अशोक स्तम्भको सन्निकट अरु चारओटा स्तूपहरु भएको कुरा वर्णन गरेकोलाई त्यस स्थलको उत्खनन्ले प्रमाणित गरेबाट पनि उक्त तर्कलै पुष्टि हुन्छ ।[१२] लुम्बिनीको उत्खननमा प्राप्त ती चार स्तूपहरूका भग्नावशेषहरु अझै त्यहाँ देख्न सकिन्छ । यसरी वर्तमान नेपालको लुम्बिनीग्राममै भगवान् बुद्धको जन्म भएको कुरा सुनिश्चित छ ।

यद्यपि कपिलवस्तु गणराज्यमा कसैलाई पनि दुईओटी पत्नी राख्नु कानूनन निषेध थियो । तर, सिद्धार्थ गौतमका पिता शुद्धोदन शाक्यका कोलीय जातिकी दुई पत्नीहरु थिइन् । भनिन्छ तिनले शाक्य गणराज्यमा हमला गर्न आएका पाण्डव जनजातिहरूलाई हराई गणराज्यको रक्षा गरेका थिए । जसको कारण गणराज्यले तिनलाई एक पत्नीको अतिरिक्त दुई पत्नीहरु राख्ने अनुमति प्रदान गरेको थियो ।

"There was a law among the Shakyas that no man was permitted to marry more than one wife. But special privilege was given to Suddhodana as he conquered the hillmen of the Pandava tribe who were raiding the Shakya Country."[13]

उपर्युक्त वर्णनबाट यस ग्रथार्थतालाई स्पष्ट बल मिल्छ कि उनी (शुद्धोदन) शाक्य गणराज्य भनौं कपिलवस्तु गणराज्यका सेनानायकहरूमध्ये एक थिए, जसको कारण बोधिज्ञान प्राप्तिपछि जसै सिद्धार्थ गौतमको ख्याति यथेष्ट मात्रामा विश्वमा फैलिन लागेको थियो, बौद्धहरूले यिनलाई नै कपिलवस्तु गणराज्यका राजाको रूपमा उल्लेख गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"Gotama's father is not spoken of as a king until we come to later documents, whereas his first cousin, Bhaddiya, is addressed by the title of Raja."[९४]

"Once Bhaddiya, a cousin of the Buddha took the title of Raja and Suddhodana was styled a Raja, although he was a simple citizen, Suddhodana the Shakiyan".[९५]

भगवान् बुद्धको कीर्तिलाई सुनेर अनेकौं शाक्य युवकहरु भिक्षु हुन लागेका थिए । त्यसबेला कपिलवस्तुको राज्यासनमा भगवान् बुद्धका काका भद्दिय अवस्थित थिए ।[९६] प्राचीनतम आख्यानहरूमा बुद्धका पितालाई राजाको रूपमा कतै वर्णन गरिएको छैन, बल्कि भद्दियलाई राजा भनी सम्बोधन गरिएको छ ।[९७] पञ्च निकायमध्येको अंगुत्तरनिकायको पहिलो निपातमा यो बुद्ध वचन पाइन्छ कि, 'उच्च कुलमा जन्म लिएका मेरा भिक्षु श्रामकहरूमध्येका कालिगोथाका पुत्र भद्दिय श्रेष्ठ छ ।[९८] यसरी पनि उपर्युक्त यथार्थताको पुष्टितिरै इङ्गित हुन्छ । यसरी भगवान् बुद्धका पिता शुद्धोदन कहिल्यै राजा भएनन् भन्ने कुराको निर्क्यौल निकाल्नमा सहयोग पुऱ्याएको छ ।

'जो हो, हमें यह कहना पडता है कि शुद्धोदन कभी शाक्योंका राजा नहीं हुआ ।[९९] फेरि, सुत्तनिपात ग्रन्थमा मगधराज विम्बिसारलाई आफूले गृहस्थ धर्मलाई त्याग गरी सन्यास किन ग्रहण गरेको भन्ने कुरा वर्णन गर्ने क्रममा सिद्धार्थ गौतम (भगवान् बुद्ध) ले आफूलाई आदित्य गोत्रका शाक्यकुलमा उत्पन्न भई कामोपभोगको इच्छा त्याग गरी परिब्राजक भएको कुरा बोलेका थिए, जसबाट पनि उनी राजखान्दानसित सम्बन्धित नभएको स्पष्टतः लाग्दछ ।

"उजुं जनपदो राजा हिमवन्तस्स पस्सतो ।
धनविरियेन सम्पन्नो कोसलेसु निकेतिनो ॥
आदिच्चा नाम गोत्तेन साकिया नाम जातिया ।
तम्हा कुला पब्बजितो' म्हि (राज) न कामे अभिपत्थयं ॥"[१००]

- सुत्तनिपात, पब्बज्जासुत्त (३, १), गाथा १८-१९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को, कोलीहरूसित युद्ध गर्ने कि नगर्ने भन्नेबारे संघमा सभा हुँदा सिद्धार्थले कोलीहरूसित युद्ध गर्दा शाक्यहरूको हित नहुने तर्क प्रस्तुत गरी उक्त प्रस्तावको विरोध गरेका थिए । उक्त सभामा सिद्धार्थको पक्ष अल्पमतमा थियो । यसर्थ कोलीहरूसित युद्ध नै गर्ने बहुमतको निर्णयलाई नमाने बापत निम्नलिखित तीन प्रकारका दण्डमध्ये एकको सामना तिनले गर्नुपर्दथ्यो, तीन दण्डहरू हुन् - १) सेनामा भर्ना भई युद्धमा भाग लिनु, २) फाँसीमा लट्कनु या देश निकाला गरिने दण्डलाई स्वीकार गर्नु, ३) आफ्ना परिवारजनहरूको सामाजिक बहिष्कार औ तिनका खेतहरूको जफतको लागि राजी हुनु ।[२१] सिद्धार्थका पिता शुद्धोदन यदि तत्समय कपिलवस्तुका राजा रहेको भए उपर्युक्त प्रकारको दण्डबाट त्यस समय सिद्धार्थ दण्डित हुनु सम्भव थिएन । दण्डित नै गरिए तापनि त्यसबारे देशका शासकलाई अवश्य पनि जानकारी हुने थियो । तर, सेनापतिले सिद्धार्थलाई आफ्ना माता-पिता औ पत्नीको आज्ञा नलिई कसरी तिमी परिव्राजक बन्न सकिन्छ भनेर प्रश्न गर्दा सिद्धार्थले चाहे अनुमति मिलोस् वा नमिलोस्, म तुरून्त देशत्याग गरिदिन्छु भनी जबाफ दिएका थिए । यी वर्णनहरूबाट शुद्धोदन तत्समय कपिलवस्तुका राजा थिएनन् भन्ने स्पष्टतः प्रतीत हुन्छ ।

यद्यपि कपिलवस्तु शाक्य गणराज्य थियो । तिनीहरू भगवान् शिवलाई, जो गणतन्त्रका आदि प्रवर्तक हुनुको साथै प्रथम गणाध्यक्ष थिए, आफ्ना आराध्यदेव मान्दथे । लुम्बिनीमा सिद्धार्थको जन्मपछि तिनलाई सर्वप्रथम ईश्वरदेव भनौं भगवान् शिवको दर्शन गराउन लगेको कुरा बौद्ध साहित्यमा वर्णन गरिएको छ भने नेपाल उपत्यकामा व्यापकरूपले फैलिएको आख्यान अनुसार स्वयम् भगवान् बुद्धले गणनायक भगवान् पशुपति सदाशिवलाई आफ्नो मुकुट पहिराएका थिए । प्रत्येक वर्ष मुखोष्टमीको दिन भगवान् पशुपतिनाथको शिरमा बुद्धको मुकुट पहिराउने चलन अद्यापि प्रचलित रहेको पाइएबाट उपर्युक्त कुरोको पुष्टिमा बलियो सघाऊ मिल्छ ।

कपिलवस्तुको आम्रकुञ्जमा शाक्यहरूको एक प्राविधिक कलेज स्थापित थियो । बुद्धघोषले शिल्पकला सम्बन्धी शिक्षा दिने एक भव्य भवनको बारे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरेको छ । कपिलवस्तुमा धनुर्विद्या सिकाउने एक पाठशाला पनि थियो जहाँ शाक्यहरूलाई धनुर्विद्या सिकाइन्थ्यो ।[२२] सिद्धार्थ गौतम एवं तिनकी सानी आमा प्रजापति गौतमीका छोरा देवदत्तले उक्त पाठशालामै धनुर्विद्याको ज्ञान हासिल गरेको प्रतीत हुन्छ । धनुर्विद्या ज्ञानको सिलसिलामा देवदत्तले एउटा हाँसलाई वाणले हानेपछि उक्त हाँस पीडाले छट्पटाइरहेको बेला सिद्धार्थले त्यस हाँसलाई दगुरेर गई समातेर उपचार गर्न लाग्दा देवदत्तले आफूले हानेको हाँस आफूलाई फर्काईदेऊ भनी मागेका थिए । त्यसबेला सिद्धार्थ र देवदत्तको बीच उक्त हाँसको विषयलाई लिई झगडा भएको थियो । देवदत्तले आफ्नो शिकारको हकदार आफू रहेको दावी गरे भने सिद्धार्थले मार्नेको भन्दा बचाउनेको अधिकार बलवती हुन्छ भन्दै उक्त हाँस देवदत्तको हातमा सुम्पन साफ इन्कार गरे । यसरी यी दुई दाजुभाइ बीच शुरु भएको अनवन गहिरिँदै गएर अन्तमा भगवान् बुद्ध (सिद्धार्थ गौतम) द्वारा सुधार गरिएको बौद्धधर्ममा फूटको बीजारोपण हुन गएको थियो ।

पाद टिप्पणी

१. हरिराम जोशी, लोक गणतन्त्र, एस.के. चौधरी र पि.एम. श्रेष्ठ, २०६६ वि.सं., पृ.२२-२३; मुकर्जी, डा. राधाकुमुद, हिन्दू सभ्यता, दिल्ली, राजकमल प्रकाशन, १९७५ ई., पृ. २०६

२. कालिदास ग्रन्थावली, चौखम्बा, वाराणसी, सुरभारती प्रकाशन, १९९६ ई., पृ.३१

३. महाभारत (पञ्चम खण्ड) शान्तिपर्व, गीताप्रेस (गोरखपुर), २०४५ वि.सं., पृ.४५७७

४. मुकर्जी, डा. राधाकुमुद, उपर्युक्त, पृ. २०६

५. *D.C. Sircar, Select Inscriptions, Vol.1, University of Calcutta, 1965 A.C., P.67*

६. ललितविस्तर; बुद्धचरितम्

७. *D.C. Sircar, op.cit., P.68*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. J.H. Dave, Immortal India, Vol.2, Bharatiya Vidya Bhavan, Bombay, 1959 A.C., P.196

९. नेपालको लुम्बिनीसित जोडिएको भारतको पडेरिया ग्राम उपर्युक्त समय लुम्बिनी क्षेत्रभित्रै अवस्थित थियो । यसै कारणले पनि विंसेन्ट आर्थर स्मिथले आफ्नो ग्रन्थमा लुम्बिनी स्तम्भलेखलाई रूम्मिन्देई या पडेरिया अभिलेख भनी उल्लेख गरेको लाग्दछ ।

"The Rummindei, or Paderia, Inscription, which is in absolutely perfect preservation, has the great merit of determining, beyond the possibility of doubt, the exact position of the famous Lumbini Garden, where, according to the legend, Gautama Buddha first saw the light."

- V.A. Smith, The Early History of India, Oxford At The Clarendon Press, 1904 A.D., P.148

"Prof. Pischel has published a revised, and possibly final translation of the Rummindei (Padariya) inscription in Sitzungsb.d.Kon. preuss, Akad.d. Wissenschaften, 1903."

– V.A. Smith, ibid, P.153

१०. D.C. Sircar, op.cit, P.67

११. *"In the 7th century A.D., the Chinese Pilgrim Hiuen Tsang, described this pillar as having been struck by lightning. This pillar which was found here was split in the middle and this condition agreed with the description as given by Hiuen-Tsang."*

J.H. Dave, Immortal India, Vol.2, P.196;

"He further says that the pillar was originally surmounted with a horse capital, which was afterwards sundered from it by the machinations of a wicked dragon. This exactly agrees with the facts observed by me, the capital is wanting and a small portion of the upper part of the pillar immediately below it, which actually seems to have been split off by a stroke of lightning, which the Buddhists ascribe to the anger of the Nagas, called "dragons" by the Chinese."

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

P.C. *Mukerjea, A Report on0 a tour of exploration of the Antiquities in the Terai, Nepal. The Region of Kapilavastu, during February and March 1899;*

"लुम्बिनीस्थित इस स्तम्भकी उँचाई अभी भूमितलसे १३.५ फुट है और घेरा सवासात फूट । ऐसा अनुमान है कि इस स्तम्भका लगभग दस फुटका भाग भूमितलके नीचे गडा है । स्तम्भके फटनेका निशान ऊपरसे नीचेकी ओर स्पष्ट दीखता है । सम्भव है कि उल्कापातके चलते इसकी यह दुर्गती हुई हो । चीनी यात्री ह्वेन सांगके अनुसार तत्कालीन नागों के उपद्रव से इसकी यह स्थिति हुई ।"

हरिनन्दन ठाकुर, नेपाल, देश और संस्कृति, बिहार राष्ट्रभाषा परिषद्, १९६९ ई., पृ. १३६-१३७

१२. *P.C. Mukerjea, op.cit; D.C. Sircar, op.cit., P.81; D.C. Sircar, Op.cit. p.68; J.H. Dave, op.cit.,P.196; Hari Ram Joshi, Pages of the Forgotten Past, Sushil Ram Joshi, 1998, A.C. P.24*

१३. *Rockhill, Life of the Buddha, P.15; B.C. Law, Ksatriya Clans in Buddhist India, 2005 A.C. PP. 190-191*

१४. *T.W. Rhys Davids, The History and Literature of Buddhism, Varanasi, Bharatiya Publishing House, 1975 A.C., P.59*

१५. *Rhys Davids, Buddhist India, P.19*

१६. कोसम्बी, धर्मानन्द, भगवान् बुद्ध जीवन और दर्शन, इलाहाबाद, लोक भारती प्रकाशन, १९८७ ई, पृ. ९४; सत्यकेतु विद्याल□ार, प्राचीन भारत, मसूरी, श्रीसरस्वती सदन, १९८१ ई, पृ. १७८

१७. *"Gautama's father is not spoken of as a king until we come to later documents, whereas his first cousin, Bhaddiya, is addressed by the title of Raja."*

Davids, T.W. Rhys, The History and Literature of Buddhism, P.59;

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Mahapadana Sutta, and Buddha Vamsa (both included in the canon)

१८. कोसम्बी, धर्मानन्द, उपर्युक्त, पृ. ९४

१९. कोसम्बी, धर्मानन्द, उपर्युक्त, पृ.९४

२०. सुत्तनिपात, दिल्ली, मोतिलाल बनारसीदास पब्लिशर्स, प्रा.लि., १९९५ ई., पृ.१०४

२१. आंबेडकर, डा. भीमराव रामजी, भगवान् बुद्ध और उनका धर्म (अनुवादक-भदन्त आनन्द कौशल्यायन), मुम्बै, सिद्धार्थ प्रकाशन, १९८६ ई, पृ.२५-२७; आनन्द श्री कृष्ण, भगवान् बुद्ध धम्म सार व धम्म चर्या, मुम्बै, समृद्ध भारत प्रकाशन, २००५ ई.,पृ.९१,

२२. *B.C. Law, op.cit., P.191*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भाग ३

गयामा सिद्धार्थको बुद्धत्व प्राप्ति

सानै उमेरदेखि सिद्धार्थ गौतम करुणाको मूर्ति हुनुहुन्थ्यो । प्राणी मात्रको दुःखमा उनी द्रवीभूत हुन्थे । बौद्ध आख्यान अनुसार जीवनको तीन दशक हुँदा सिद्धार्थ गौतममा यो जीवनदेखि विरक्ति भई सांसारिक जीवनलाई त्याग गरी मानव मात्रको कल्याण कामनार्थ मनुष्यलाई दुःखबाट पार लाउने ज्ञानको खोजीमा आत्तुर रहेका थिए । तिनले जीवनमा मनुष्यका प्रमुख चार रूप देखेका थिए । -१. वृद्ध मनुष्य २. रोगी ३. मृत व्यक्ति ४. योगी । यी दृश्यहरूको अवलोकनको अनन्तर यिनमा वैराग्यको भावना प्रवलरूपमा जागृत भएको थियो । यसै समय जसै सिद्धार्थले पत्नी यशोधराको पुत्र जन्मको समाचार धाईको मुखबाट सुनेथ्यो, तिनको मुखबाट अनायास राहुल (विघ्न) भन्ने शब्द उच्चारित भयो । धाईले सिद्धार्थको मुखबाट राहुल भन्ने शब्द सुनेपछि सिद्धार्थले छोराको नाम राहुल राखेको भन्ने सोचेका थिए; यसरी पछि सिद्धार्थको पुत्ररत्नको नाम नै राहुल भन्ने रह्यो । यी हुन् सिद्धार्थको गृहत्याग बारे बौद्धाख्यान ।[१] तर यथार्थतः सिद्धार्थ उपर्युक्त कारणले गृहत्याग गरी श्रमण भएर गएको नभई माथि वर्णित भए अनुसार कोलीहरूसित रोहिणी नदीको पानीको विवादलाई लिई भएको शाक्यहरूको सभामा उनी अल्पमतमा परी हारेपछि सभाको निर्णयानुसार निर्वासनमा जानुपरेको थियो । यसबारे माथि राम्ररी उल्लेख भइसकेको हुँदा यहाँ पुनः त्यसलाई दोहोऱ्याई रहन परोईन ।

सिद्धार्थ गौतमले गृहत्याग गरिसकेको अनन्तर संन्यास ग्रहण गरी भारतका विभिन्न स्थानहरूमा परिभ्रमण गर्दै हिँडेका थिए । त्यस समय तिनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतका अनेकन स्थानहरूमा पुगी त्यहाँका विशिष्ट परिव्राजकहरूसित भेटेर तिनीहरूबाट दुःख मोचनको यथार्थ ज्ञान प्राप्त गर्ने सत्प्रयास गरेका थिए । तर, तिनीहरु कसैबाट पनि दुःखको मूलोच्छेद गर्ने उपाय तिनले प्राप्त गर्न सकेन । यसै क्रममा सिद्धार्थ गौतम मगध राज्यमा भिक्षाटन गर्दै हिँडिरहेको बेला मगधराज विम्बिसारले तेजवन्त त्यस भिक्षुकलाई बोलाई तिनको परिचय सोध्दा सिद्धार्थ गौतमले आफ्नो परिचय यसरी दिएका थिए । बौद्धग्रन्थ सुत्तनिपात, पब्बज्जासुत्त (३, १), गाथा १८-१९ मा वर्णित भए अनुसार सिद्धार्थले मगधराज विम्बिसारलाई आफूले गृहस्थ धर्मलाई त्याग गरी संन्यास धर्म ग्रहण गरेको कुराको वर्णन गर्ने क्रममा आफूलाई कोशल राष्ट्रको अधीनस्थ एक प्रदेशका आदित्य गोत्रका शाक्य कुलमा उत्पन्न भई कामोपभोगको इच्छा त्याग गरी परिव्राजक भएको कुरा बोलेका थिए ।[२] प्रस्तुत उल्लेखबाट सिद्धार्थ गौतम स्पष्टतरस्पले आदित्य गोत्रका भएको कुरा स्पष्टिन्छ । सिद्धार्थको नाम पछाडि जोडेको गौतम शब्द पछि ब्राह्मणबादको प्रभुत्व समाजमा अत्यधिक मात्रामा बढ्न गएको कारण सिद्धार्थको नाममा पछाडि गौतम शब्द जोड्न लागेको प्रतीत हुन्छ । यो संसारमा जत्ति पनि मानिसहरु छन् तिनीहरु सबै ब्राह्मणबाटै उद्भूत भएका हुन् भनी दर्शाउने मनशाय यसमा रहेको स्पष्टिन्छ ।

सिद्धार्थले मानव मात्रको कल्यणार्थ दुःख मोचनको उपाय पत्ता लगाउने पावन उद्देश्य लिई अति कष्टकर तपस्या गर्न लागेका थिए । कठोरतम तपस्याको कारण तिनको जीवन अत्यन्त शोचनीय बन्न पुगेको थियो । यस्तैमा यिनको पाउमा परेको घाउ पाकेर त्यसमा कीराहरु परेका थिए । त्यसबेला जङ्गली कुखुराहरु आई त्यस घाउमा परेका कीराहरु सबै खाई सिद्धार्थको घाउ निको पार्नमा सघाउ पुऱ्याएका थिए । यसै कारण बौद्धहरु कुखुरालाई मार्न नहुने प्राणीको रूपमा लिन्छन् ।

कठोर तपस्या गरी आफ्नो शरीरलाई जर्जर तुल्याई राखेको समय सिद्धार्थले त्यसबेला जङ्गलमा घाँस काट्न आएका वनवालाहरूको एक बथान गीत गाउँदै घाँस काट्न लागेका थिए । तिनीहरूको गीतको बोलको आशय यस्तो थियो - वीणाको तारलाई ज्यादा नतन्काऊ, त्यो चुँड्छ, त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीणाको तारलाई ज्यादा खुकुलो नगर, त्यो बज्दैन ।[३] वनवालाहरूको उपर्युक्त गीतको बोलले तपमा रत सिद्धार्थले कठोर तपस्या एवं अत्यधिक भोगविलासयुक्त जीवन दुवै हानिकारक रहेको यथार्थतालाई अंगीकृत गर्दै जीवनको सफलता मध्यममार्गको अवलम्बनमै हुने कुराको प्रतिपादन गरेका थिए । यसरी सिद्धार्थको मध्यममार्गको प्रतिपादनमा वनबालाहरूको भूमिका महत्वपूर्ण भएको कुरा निर्णीत भएको लाग्दछ ।

सिद्धार्थले कठोर तपस्याको मार्गलाई त्यागेर मध्यममार्गको अवलम्बन गरेपछि सिद्धार्थका सँगी पाँचजना सन्यासीहरु तिनलाई सन्यास जीवनबाट भ्रष्ट भएको भन्दै तिनको सँग छाडी काशीतिर लागेका थिए । तर, सिद्धार्थले उक्त मध्यममार्गलाई नै सबैभन्दा उत्तम मार्गको रूपमा ग्रहण गरे । सिद्धार्थका अनुसार कुनै पनि वस्तुका दुवै अन्त उन्मार्गतिर लैजाने हुन्छन् । अर्थात् कुनै पनि वस्तुमा अत्यधिक तल्लीनता अथवा त्यसबाट अत्यधिक वैराग्य दुवै अनुचित छन् । यसै तथ्यलाई हृदयङ्गम गरी भगवान् बुद्धले धर्मोपदेशको दौरान यस कुराको स्पष्ट उल्लेख गरेका थिए कि दुई अन्तिम कोटिहरु छन् या दुई अतिहरु छन् तिनीहरूलाई त्यागेर मध्यममार्ग (मज्झिम पटिपदा) को अनुसरण गर्नुपर्दछ किनभने सत्य त दुवै अन्तहरूको बीचमै रहन्छ । यस शोभन सत्यलाई अधिक महत्व दिएकै कारण बुद्धको मार्ग मध्यममार्ग भनौं बीचको बाटो भनिएको छ । भगवान् बुद्धद्वारा प्रतिपादित दुई अतिहरु यी हुन् -

१. कामभोगमा लिप्त रहनु

२. तपस्याद्वारा शरीरलाई कष्ट दिनु

"द्वे भिक्खवे अन्ता पब्बज्जितेन न सेवितब्बा । कतमे द्वे ? यो चायं कामेसु कामसुखल्लिकानुयोगो हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो । यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो । एते खो भिक्खवे उभो अन्ते अनुपगम्म मज्झिमा पटिपदा तथागतेन अभिसंबुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय अभिञ्ञाय सम्बोधाय निब्बाणं संवत्तति ।"[४]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना पाँचजना संगी सन्यासीहरूले छोडेर गएपछि सिद्धार्थ गयामा पीपलको रूखमुनि ध्यानमा रहन लागे । त्यस समय पीपल वृक्षदेवतालाई खीर चढाउन सुजाता आइन् र पीपल वृक्ष देवतालाई खीर चढाइन् । सिद्धार्थले उक्त खीरलाई लिई भोजन गरे ।[५] सुजाताले चढाएको खीर भोजन गरिसकेपछि सिद्धार्थ जसै ध्यानस्थ भएथे, तिनले आफूलाई बोधिज्ञान प्राप्त भएको महसूस गर्दै बुद्धत्व प्राप्त गरेको घोषणा गरे । यसरी साँच्चै भन्ने हो भने भगवान् बुद्धको बुद्धत्व प्राप्तिमा नारीको अहं भूमिका रहेको स्पष्ट हुन्छ । भगवान् बुद्धको मध्यम मार्गको प्रतिपादनमा वनबालाहरूको महत्वको योगदान रहेको थियो भने बुद्धत्व प्राप्तिमा सुजाताको । यसरी बौद्धधर्मको उन्नयनमा नारीको उच्चतम योगदान सदा स्मरणीय रहनेछ ।

पादटिप्पणी

१. *Thomas, E.J. : Buddhist Scriptures, Varanasi, Pilgrims Publishing, 2004 A.D. P.P. 29-31*

२. सुत्तनिपात, दिल्ली, मोतीलाल बनारसीदास पब्लिशर्स, प्रा.लि, १९९५ ई., पृ. १०४

३. उपाध्याय, भगवतशरण : प्राचीन भारतका इतिहास, ग्रन्थमाला कार्यालय, १९५७ ई.

४. जोशी, हरिरामः अभिनव संस्कृति कोष, ईं सुशीलराम जोशी र नवीन्द्रराज जोशी, वि.सं. २०५८, पृ. ५११

५. उपाध्याय, भगवतशरण : उपर्युक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग-४

सारनाथमा बुद्धको पहिलो धर्मदेशना र बुद्धधर्मको व्यापक प्रचार प्रसार

गयामा बोधिवृक्षमुनि ध्यानस्थ रहेको समय सिद्धार्थले आफूलाई बोधिज्ञान प्राप्त भएको अनुभूति गरेको अनन्तर बुद्धत्व प्राप्तिको घोषणा गरेका थिए । तिनले सर्वप्रथम दुईजना महाजनहरु यथा तपुस्स एवं भल्लिकलाई आफ्नो नयाँ सिद्धान्तमा ल्याई साधारण शिष्य *(lay disciples)* तुल्याएका थिए ।

"His first conversions were two merchants, Tapussa and Bhallika, who became lay disciples."[1]

बुद्धत्व प्राप्तिपछि भगवान् बुद्ध सर्वप्रथम आफूलाई भ्रष्ट भएको भन्दै आफूसित छुट्टिएर गएका पाँचजना सन्यासी सहधर्मीहरूलाई धर्मदेशना गर्ने पावन उद्देश्य लिई काशी सारनाथ तिर प्रस्थान गरे । सारनाथमा उपर्युक्त पाँच सन्यासीहरु, जसले सिद्धार्थलाई भ्रष्ट भएको भन्दै छोडेर हिँडेका थिए, ले बुद्धत्वको ज्ञानले तेजवन्त रहेका बुद्धलाई टाढैबाट देखेर तिनलाई कुनै किसिमको स्वागत सत्कार नगर्ने अठोट गरेका थिए । तर, तेजवन्त बुद्ध सामुन्ने पर्न मात्र के थियो तिनीहरु भगवान्लाई शिर झुकाई नतमस्तक भए ।[२] त्यसको अनन्तर भगवान् बुद्धले बोधगयामा प्राप्त गरेको जुन बोधिज्ञान थियो त्यसको पहिलो धर्मदेशना उपर्युक्त पाँचजना श्रमणहरु सम्मुख गरे । त्यसबेला भगवान् बुद्धले चतुआर्यसत्यको स्पष्टतरस्पले खुलासा गरे । जीवनमा दुःखको अपरिहार्यताबाट बुद्धको धर्मको प्रारम्भ भएको थियो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन आर्यसत्य थियो । बुद्धले दुःखलाई आर्यसत्यको अन्तर्गत राखेका थिए, जसमा दुःख, समुदय, निरोध तथा निरोधगामी प्रतिपद सम्मिलित थियो । यी चार विभागहरूमा बुद्धदेशनाका चिन्तनको दिग्दर्शन हुन्छ, जुन चतुआर्यसत्यको रूपमा सन्निहित छ । चतुआर्यसत्य यी हुन् -

१. दुःख २. समुदय ३. निरोध ४. मार्ग

"योचबुद्धञ्च धम्मञ्च सङ्घञ्च सरणं गतो ।
चत्तारि अरियसच्चानि सम्मप्पञ्ञाय पस्सति ॥१२॥
दुक्खं दुक्खसमुप्पादं दुक्खस्स च अतिक्कमं ।
अरियञ्च 'ट्ठङ्गिकं मग्गं दुक्खूपसमगामिनं ॥१३॥
एतं खो सरणं खेमं एतं सरणमुत्तमं ।
एतं सरणमागम्म सब्बदुक्खा पमुच्चति ॥१४॥"[3]

- धम्मपदं, बुद्धवग्गो

"दुःखं समुदयो निरोधो मार्गश्चेति ॥"[4]

- नागार्जुनपाद विरचितोऽयं धर्मसंग्रहः

भगवान् बुद्धले दुःख निरोधका प्रमुखतम आठ उपाय भनौं मार्गहरूको प्रतिपादन गरेका थिए, जुन आर्याष्टाङ्गिक मार्ग नामले विख्यात छ । विभिन्न नदीहरु अविरल रूपले समुद्रतिर अभिगामिनी भए जस्तै आर्यअष्टाङ्गिक मार्गको राम्रो अभ्यास गर्दै गएमा त्यो निर्वाणतिर अभिमुख हुने हुन्छ । निर्वाण पद प्राप्ति खालि यसैबाट मात्र सम्भव हुने हुँदा प्रत्येक साधकको लागि अष्टाङ्गिक मार्गको अनुवर्तन गर्नु आवश्यक मानिन्छ । आर्य अष्टाङ्गिक मार्ग यी हुन् -

१. सम्यग् दृष्टि	२. सम्यक् संकल्प	३. सम्यग्वाक्
४. सम्यक् कर्मांत	५. सम्यगाजीव	६. सम्यग् व्यायाम
७. सम्यक्स्मृति	८. सम्यक्समाधि	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्याष्टांगिकमार्गः।।

"सम्यग्दृष्टिः सम्यक्संकल्पः सम्यग्वाक् सम्यक्कर्मान्तः
सम्यगाजीवः सम्यग्व्यायामः सम्यक्स्मृतिः सम्यक्समाधिश्चेति ॥"[९]

- नागार्जुनपादविरचितोऽयं धर्मसंग्रहः

"तपोभोगौ परित्यज्य मध्यमार्गोऽवलम्बितः ।
मया दुःखमधः कृत्य सुखस्यापि पदो हि यः ॥४०॥
सम्यग्दृष्टिश्चविर्यस्य मार्गस्यास्ति प्रकाशकः ।
सम्यक्संकल्परूपस्य रथस्य सुपथो ह्ययम् ॥४१॥
नानोपदेशसभ्यायां सम्यग्वाण्यां विसम्यते ।
सम्यक्कर्मान्तनिष्कूटे विहारी विमलाशयः ॥४२॥
सम्यगाजीविका त्वस्य भोजनं चाप्यनामयम् ।
सम्यग्व्यायामभृत्योऽसौ चक्रवर्ती च सर्वगः ॥४३॥
सम्यक्स्मृतिपुटे रम्ये शाश्वच्छान्तिं निगच्छति ।
सम्यक्समाधिशय्यायां शेतेऽसौ सुसमाहितः ॥४४॥
आष्टाङ्गिकस्त्रिलोकेषु मध्यमार्गस्तु विश्रुतः ।
जन्ममृत्युजराव्याधिदुःखाद्येन विमुच्यते ॥४५॥"[१०]

- अश्वघोषविरचित बुद्धचरितम्, पञ्चदशःसर्गः

सारनाथमा उपर्युक्त पाँचजना श्रमणहरूलाई भिक्षु तुल्याएको अनन्तर भगवान् बुद्धले विभिन्न राज्य एवं स्थानहरूमा गई आफ्नो धर्म प्रवचनद्वारा मन्त्रमुग्ध पार्नुको साथै अनेकौं व्यक्तिहरूलाई आफ्नो बौद्ध संघमा सम्मिलित गर्दै बौद्धधर्मको दिग्विजय यात्रा गन लागेका थिए । तिनले सामान्य जनमानसलाई आफ्नो धर्ममा आकर्षित गर्ने हेतु प्राचीन वैदिकयुगदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलनमा आएको विद्वज्जनको भाषाको स्थमा मान्य संस्कृत भाषाको बदला तत्समय सर्वसाधारण जनमानसमैं व्यापक स्थले बोलिने प्राकृत (पाली) भाषाको प्रयोग गरे ; फलतः जनताको एक ठूलो समूह बुद्धद्वारा प्रचारित धर्ममा आकृष्ट भएका थिए । अर्को, बौद्धधर्मको अत्यधिक मात्रामा फलीभूत हुनामा भगवान् बुद्धकै समयदेखि यसलाई एक प्रकारले भन्ने हो भने राजकीय संरक्षण प्राप्त भएकोलाई महत्वपूर्ण कारक तत्त्वको स्थमा लिन सकिन्छ । तत्कालीन भारतका महानतम सम्राट् मगधराज विम्विसारले भगवान् बुद्धलाई वेलवन दान गरेका थिए ।[७] बौद्धधर्मको इतिहासमा बौद्धसंघलाई प्रदान गरिएको यो नै पहिलो सम्यक् दानको स्थमा लिइन्छ । यो दान गर्दा सम्राट् विम्विसारले भगवान् बुद्धको पाउमा शिर नमन गरी ग्राम दान गरेका थिए । तर, पछि गएर बौद्धहरुले सम्यक्दान गर्दा राजा, महाराजाहरुबाट नभई राजा, महाराजाहरुलाई बोधिसत्वको स्थमा मानेर सम्यक् दान दिने गर्न लागेको देखिन्छ । नेपालमा अनुमानतः छः, सातसय वर्ष अघिदेखि चल्दै आएको सम्यक् दानको अवसरमा राजा, महाराजाहरुबाट बौद्धसंघलाई होइन, राजालाई बुद्ध भनौं या बोधिसत्वको स्थमा मानेर तिनलाई सम्यक् दान प्रदान गर्ने गर्न लागेका थिए । नेपालमा वर्तमानकालसम्म पनि सम्यक् दानको अवसरमा बौद्धहरु राजालाई बुद्ध भनौं या बोधिसत्वको स्थमा तिनको पूजाआजा गर्नुको साथै दानादि कार्य गर्दथे । राजाबाट संघलाई धन दिइन्छ, न कि संघबाट राजालाई । मगध सम्राट् विम्विसारले इतिहासमा पहिलो पटक बौद्धसंघलाई सम्यक्दान गरेका थिए, जुन माथि वर्णित भइसकेको छ । बौद्धहरुका उक्त प्रकारका क्रियाकलापले बौद्धधर्मको व्यापक प्रचार प्रसारमा महत्वको योगदान पुऱ्याएको लाग्दछ ।

मगध सम्राट् विम्विसारको अतिरिक्त कोशल नरेश प्रसेनजित् भगवान् बुद्ध एवं बौद्धधर्मप्रति अत्यधिक मात्रामा अनुराग राख्ने भएका थिए । उनी भगवान् बुद्धप्रति यत्तिसम्मन् भक्ति राख्थे कि उनी भगवान् बुद्धको शाक्यकुलकी एक कुमारीसित विवाह सूत्रमा आबद्ध भई भगवान् सित नजीकको नाता सम्बन्ध स्थापित गर्न लालायित थिए । बौद्ध साहित्यमा वर्णित वर्णन अनुसार कोशल महाजनपदका राजा प्रसेनजित्ले शाक्यजातिसित विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध स्थापित गर्ने इच्छाले एक राजदूत कपिलवस्तु पठाए । त्यस समय संथागारमा शाक्यगणको अधिवेशन भइरहेको थियो । उक्त सभामा राजा प्रसेनजित्को सन्देश प्रस्तुत गरियो । सन्देश यस प्रकार थियो - "म यहाँको परिवारका साथ सम्बन्ध कायम गर्न चाहन्छु, यसर्थ यहाँको एक कुमारीसित म विवाह सम्बन्धमा आवद्ध हुन चाहन्छु ।"[८] यसबाट बुद्ध एवं बुद्धधर्मप्रति राजा प्रसेनजित्को अगाध आस्था एवं श्रद्धा रहेको कुराको जानकारी मिल्छ । यस्तै अनाथपिण्डक नामक एक महाजनले जेट नामको एक राजकुमारको एक ठूलो वन प्रदेश नै असंख्य धनराशि खर्च गरी किनेर भगवान्को बौद्धसंघलाई दान दिएका थिए । उक्त वन प्रदेश जेटवन नामले विख्यात छ । जहाँ जेटवन विहार स्थापना गरिएको थियो ।[९] यसरी राजा, महाराजाहरु एवं ठूलाबडा सुसम्पन्न व्यक्तिहरुको सहयोग एवं धनराशिको मद्दत प्राप्त भई यो धर्म द्रुततर गतिले उन्नतिको चरमचुलीमा पुग्न गयो । फेरि, भगवान् बुद्धले आफूले चलाएको धर्ममा ठूला-साना, धनी-गरीब एवं उच्च तथा नीच कुलको कुनै भेदभाव राखेको थिएन जसले गर्दा पनि यो धर्म अत्यधिक मात्रामा लोकप्रिय हुन गयो ।

यद्यपि भगवान् बुद्धले आफ्नो बौद्धसंघमा ठूला-साना, धनी-गरीब एवं ऊँच तथा नीचको कुनै भेदभाव राखेको थिएन । तर, सामाजिक जीवनमा उनी क्षत्रिय जातिलाई अरु सबै जातिभन्दा उच्च मान्दथे भन्ने कुरा बौद्ध साहित्यको अध्ययनबाट हामीलाई विदित हुन्छ ।

पादटिप्पणी

१. *Kerr, Gorden: Leaders who changed the world, Futura, 2009 A.D., P.20*

२. *Thomas, E.J. : Buddhist Scriptures, Varanasi, Pilgrims Publishing, 2004 A.D., P.41*

३. जोशी, हरिराम : अभिनव संस्कृति कोष, सुशीलराम जोशी र नवीन्द्रराज जोशी, वि.सं. २०५८, पृ. ५२१

४. जोशी, हरिराम : उपर्युक्त, पृ. ५२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. जोशी, हरिराम : उपर्युक्त, पृ. ५४३

६. जोशी, हरिराम : उपर्युक्त, पृ. ५४३

७. विनय पिटक १.३९;

"At this, Seniya Bimbisara embraced the doctrine and discipline of the Buddha and celebrated his conversion by treating the Buddha and his band of disciples to meals, which he himself served at the palace, and then by announcing his donation of the park called Veluvana to the Buddha and the Sangha."

The Age of Imperial Unity, Bombay, Bharatiya Vidya Bhavan, 1953 A.D., PP. 21-22; जोशी, हरिराम : लोक गणतन्त्र, पृ. ७७, ११६-११७

८. जोशी, हरिराम : लोक गणतन्त्र, पृ. ६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - ५

बौद्ध संघ पद्धति

भगवान् बुद्धले आफ्नो धार्मिक संघको निर्माण गर्दा आफ्नो समयका प्रचलित राजनीतिक संघहरूको अनुसरण गरेका थिए । यसमा कुनै शंका छैन कि भगवान् बुद्धको जन्म नै कपिलवस्तु गणराज्यान्तर्गत लुम्बिनी ग्राममा भएको थियो । बुद्धले आफ्नो धार्मिक संघमा विशेष परिस्थिति एवं आवश्यकताहरूको अनुसार अनेकौं नयाँ नियमहरूको पनि प्रतिपादन गरेको हुनु सम्भव छ । तर, बौद्धसंघका स्वरूप, कार्यविधि आदिमा तत्कालीन गणराज्यहरूसित अत्यधिक सादृश्य हुनु स्वाभाविक छ । तत्कालीन राजनीतिक गणसंघहरूका बारे थाहा पाउने सामाग्रीहरु ज्यादै स्वल्प मात्र छन्, तर, बौद्ध साहित्यमा भिक्षु संघका कार्यविधि बारेका वर्णन ज्यादै विस्तारपूर्वक गरिएको छ । जसको आधारमा छैठौं शताब्दी ई.पू. का गणराज्यहरूका कार्यविधिहरूको बारे अध्ययन गर्न हामीलाई सुगम भएको छ ।

पाली ग्रन्थहरूमा बौद्ध संघहरूको कार्य प्रणालीको सम्बन्धमा रोचक सामग्री पाइन्छ जसबाट ज्ञात हुन्छ कि तिनीहरु सच्चा जनतन्त्रीय सिद्धान्तहरूका साना-साना कुराहरूको पनि कडाईका साथ पालन गर्दथे । सार्वजनिक अधिवेशन या सभाहरूमा पारस्परिक वादविवादहरूद्वारा कार्यको निर्णय गरी तदनुसार शासन सञ्चालन गर्नु नै लोकगणतन्त्रको प्रमुखतम सारको रूपमा लिइन्छ ।

अधिवेशन संथागार या उद्यान (आराम) मा हुन्थ्यो । बौद्धग्रन्थ चुल्लबग्ग १२।२।७ अनुसार आसनपञ्ञापकसंज्ञक विशेष अधिकारीले, जो दश वर्षका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभवी भिक्षु हुन्थे, जेष्ठानुपूर्वी क्रमअनुसार आसन लगाउँदथे । बस्नको लागि चटाई या साधा किनारा नभएको आसन हुन्थ्यो ।

'अदसक्कम् निट्ठितदत्तम्'[२]

- चुल्लवग्ग १२।१।१

अधिवेशनको लागि उपस्थितिको कमसेकम संख्याको पनि विचार गरिन्थ्यो । भगवान् बुद्धले उपसम्पदाको अवसरमा केवल २ (दुई) या ३ (तीन) भिक्षुहरूको संघलाई अनियमित भनेका थिए । यस कार्यको लागि तिनले कमसेकम १० (दश) भिक्षुहरूको गणपूर्तिको विधान गरेका थिए (महावग्ग १।३१।२) । सीमान्त प्रदेशहरूमा, जहाँ भिक्षु संख्या कम भई कमसेकम १० (दश) भिक्षुहरूको संघ जम्मा गर्नमा गाह्रो र कष्टकर हुन्थ्यो (महावग्ग ५।१३।४), बुद्धले प्रधानलाई लिएर भिक्षुहरूको संख्या घटाएर कमसेकम ५ (पाँच) गरेका थिए (महावग्ग ५।१३।११) । वस्तुतः ग्रन्थहरूमा भिन्न-भिन्न कार्यहरूको लागि संघका नियतोपस्थितिका संख्या पनि अलग-अलग भनिएका छन् । महावग्ग ११।४।१ मा ५ (पाँच) प्रकारका संघ वर्णित छन् जसमा नियतोपस्थिति या पूरक संख्या ४ (चतुर्वर्ग), ५ (पाँच), १० (दश), २० (बीस) र २० (बीस) भन्दा बढीको हुन्थ्यो । ४ (चार) भिक्षुहरूको संघ सबैभन्दा सानो थियो, तर यस्ता संघले सीमान्त प्रदेशहरूलाई छोडेर अन्यत्र उपसम्पदा आदि महत्वपूर्ण काय गर्न सक्दैनथे ।[२]

संघको अध्यक्षलाई विनयधर भनिन्थ्यो । पूरक संख्यामा तिनको गणना हुँदैनथ्यो (महावग्ग ५।१३।१२) । भिक्खुनी, सिक्खमाना, सामणेर, अरु धर्मका प्रतिनिधि या अरु जनपदहरूका व्यक्ति या जसका विरूद्ध संघले कार्यवाही गरेका छन्, संघपूरक संख्यामा गनिँदैनथ्यो (महावग्ग ९।४।२)।[३]

संघ पूर्तिको संख्याको अभावमा संघवग्ग या व्यग्र भनिन्थ्यो । असम्पूर्ण भिक्षुसंघको निर्णय वग्गकम्म अनियमित भएकोले त्यसलाई लागु गरिँदैनथ्यो । "अकम्मं न च करणीयं" - महावग्ग ९।३।२ । अनुपस्थित सदस्यहरूको अनुमतिले पनि त्यसलाई नियमित पार्न सकिँदैनथ्यो (चुल्लवग्ग ११।१।१०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य सदस्यहरूको पूरा बैठकलाई सम्मुखा भन्ने गरिएको थियो । अवैध निर्णयलाई संघको दोस्रो बैठक किच्चाधिकरणको रूपमा अर्थात् नियमित बैठकमा कार्यवाहीको संपुष्टिको समय विरूद्ध घोषित गर्न सकिन्थ्यो (चुल्लवग्ग ४।१४।२) । यसको विषयमा यसरी भनिएको छ, जसलाई संघले गर्नुपर्दछ (=कर्तव्यता) । जुन करणीय छ (=करणीयता), यस्तो विषय जसको लागि नियमानुसार आज्ञा लिनु उचित छ (अवलोकन कर्म), प्रस्ताव (ज्ञाप्तिकर्म) १ (एक) या ३ (तीन) पटक जसको संघको सामु आवृत्ति होस्, यी सबै वैध कार्य पद्धतिका अंग हुन् । समंतपसादिका टीकामा बुद्धघोषले अवलोकन कर्मको व्याख्या यसरी गरेको छ - सीमत्थकं (सीमास्थकं) संघ सोधेत्वा छन्दारहानं छन्दं आहरित्वा समग्गास अनुमतिया तिक्खतुं (=त्रिकृत्वः), सावेत्वा कातब्बकम्म (प्राची पू.मा. २०, ३७ मा उद्धृत) । यस अवतरणमा संघका वैध अधिवेशनका सबै शर्तहरु यसरी दिइएका छन्, (१) संघपूरक संख्यामा उपस्थित (समग्गस), (२) केवल यस्ता सदस्यहरूद्वारा त्यसको संगठन जो सभामा उपस्थित हुनाका अधिकारी छन्, (३) उपस्थित या अनुपस्थित सबै अधिकारी सदस्यहरूका छन्द या मतको संग्रह (४) विचार्य विषयकोलागि संघको अनुमति, (५) ३ (तीन) पटक विचार्य विषय या ज्ञप्तिको घोषणा ।

संघ अधिवेशनमा गणपूर्तिको लागि अरु संघका सदस्य विशेषरूपले यस कार्यको लागि खटाइएका व्यक्तिहरूद्वारा बोलाएर ल्याइन्थ्यो । गणपूर्ति गराउने व्यक्तिलाई गणपूरक भनिन्थ्यो (महावग्ग ३।६।६) ।[४]

अधिवेशनको लागि संघले उपयुक्त नियम बनाउँदथ्यो । बैठकमा प्रस्तावको बिना कुनै विषय ल्याउन सकिँदैनथ्यो । प्रस्ताव (ज्ञप्ति)लाई औपचारिक रूपमा प्रस्तुत गर्नु आवश्यक थियो । त्यसको अनन्तर त्यसको नियमित आवृत्ति हुन्थ्यो । यसरी संघको सामुन्ने वादविवाद उक्त प्रस्तावसम्म मात्र सीमित रहन्थ्यो । यताउताका असम्बद्ध कुराहरूको लागि कुनै मौका थिएन । मतभेद नभएको प्रस्ताव खालि एक पटक पढिन्थ्यो; अन्यथा भएमा ३ (तीन) पटक पढ्नु आवश्यक थियो (चुल्लवग्ग ४।१४।२।११) । प्रस्ताव प्रस्तुत हुँदा कुनै सदस्यको मौन रहनु तिनको सहमति सम्झिन्थ्यो । 'मौनं सम्मति लक्षणम् ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षमा रहेका सदस्यलाई मौन रहनुको लागि भनिन्थ्यो र जो विरुद्ध छ तिनले आफ्नो मत व्यक्त गर्दथे (महावग्ग १।२८।५) । संघद्वारा स्वीकृत प्रस्तावलाई संघकर्म भनिन्थ्यो । संघका यस प्रकारका स्वीकृत प्रस्तावको मूल शब्दावलीका पारिभाषिक नाम कर्मवाचा थियो (महावग्ग ९।३।१) ।[५]

प्रस्तावहरूलाई सदस्यहरु मौन भावले नै सदा ग्रहण गर्दैनथे, प्रायः त्यसबाट वादविवाद पनि उठ्ने गर्थ्यो । सदस्यहरूमा मण्डन, कलह र विवाद उठ् दथ्यो । कतिपयले अर्थहीन भाषणहरु दिन्थे र एउटा कुराको पनि अभिप्राय स्पष्ट हुँदैनथ्यो (चुल्लवग्ग ४।८।९ ; १४।१९ ; १२।२।७) ।

बैठकहरूमा जसरी पनि सबै निश्चयहरूको बारेमा सदस्यहरूको एकमत गराउने नै प्राचीन लोकगणतन्त्रको उद्देश्य रहेको थियो । यसको लागि सबै किसिमका सम्भव उपायहरूको खोजी गरिन्थ्यो । कहिलेकाहीं कुनै स्थान विशेषका संघले कुनै प्रश्नलाई आपसमा निर्णय गर्न नसकेको खण्डमा तिनले अर्को स्थान विशेष भनौं आवासका कुनै ठूलो संघसित त्यस प्रश्नको निर्णयार्थ प्रार्थना गर्दथ्यो । पछि आउने भिक्षुहरु विवादग्रस्त विषयको निश्चयको लागि संघलाई समयको अवधि पनि बताउँदथे (चुल्लवग्ग ४।१४।१८।६) । चुल्लवग्गमा वर्णित प्रस्तुत उल्लेखले यस यथार्थतालाई स्पष्टरूपले इङ्गित गरेको छ कि तत्समय मुलुकमा संघीय परिपाटी कायम थियो ।

चुल्लवग्ग ४।१४।१६ अनुसार निर्णीत भइसकेको सिद्धान्तलाई पुनः संघको सामु ल्याउनु पर्दैन । जसले कुनै निर्णीत प्रश्नमाथि पुनः शिकायत गर्दछ, अथवा जुन कुरोको लागि आफूले सहमति दिइसकेको छ त्यसमाथि फेरि शिकायत गरेमा त्यस्ता व्यक्तिको लागि दण्ड विधानको व्यवस्था गरिएको छ । यसले संघको निर्णय भनौं व्यवस्थापिका सभाको निर्णय अन्तिम मानिने परम्परा तिर स्पष्टरूपले इङ्गित गरेको छ । औ त्यसको विरोध गर्नु आपराधिक कार्य मानिन्थ्यो ।

माथि वर्णित भइसकेको छ कि संघको सामु प्रस्तुत प्रस्तावहरूमाथि संघका सदस्यहरूको एकमत गराउने प्रयास गरिन्थ्यो । तर, एकमत गराउने प्रयास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असफल भएमा संघले बहुमतको आधारमा त्यसको टुङ्गो लगाउने गर्दथ्यो । यसलाई 'येभुय्यस्सिकेन' पद्धतिको संज्ञा दिइएको छ (अर्थात् बहुमतको अनुसार कार्य गर्ने - 'यद् भूयसिका क्रिया'-चुल्लवग्ग ४।८।९)[७] बहुमतलाई अङ्गीकृत गर्ने सिद्धान्तको प्रचार अद्यापि यहाँ प्रचलित नै छ । कोसलराज विडूडमको लागि नगरद्वार खोलेर तिनको अधीनता स्वीकार गर्ने या नगर्ने भन्ने जस्तो जीवनमरणको प्रश्नमाथि शाक्य संघको सभाले बहुमतको आधारमा तय गर्नुपरेको कुरा यहाँ स्मरणीय छ । यसबाट सूचित हुन्छ कि लोकगणतन्त्रका यी मूलभूत कुरो राजनीतिक र धार्मिक दुवै प्रकारका संस्थाहरूको लागि लागू थियो ।

पक्षपात, दोष, मोह एवं भयरहित व्यक्तिलाई संघको विशेष प्रस्तावद्वारा मतदान अधिकारी या शलाका ग्राहक बनाइन्थ्यो । मतको लागि साभिप्राय शब्द थियो - छन्द जसको अर्थ हो स्वतन्त्रता (महावग्ग २।२३; ३।५; ९।३।५; चुल्लवग्ग ४-१४ आदि) । भगवान् बुद्धले भिक्षुकजीवन ग्रहण गर्नको लागि घरबाट कण्ठक नामक जुन घोडामा बसी स्वतन्त्र भई निस्केका थिए त्यसबेला तिनका साथमा छन्दक नामका घोडसवार थिए । अनि सोही छन्द शब्द नै मतको लागि साभिप्राय शब्दको रूपमा लिएर छन्द शब्द प्रयोगमा ल्याइएको ठीक प्रतीत हुन्छ । मतदान शलाका ग्रहणबाट हुन्थ्यो । काष्ठ-निर्मित शलाकाहरु सदस्यहरूमा बाँडिन्थ्यो । प्रत्येक सदस्यलाई तिनको मत अनुरूपका शलाका छान्न लगाइन्थ्यो र त्यो अरूलाई नदेखाऊ भनी निर्देश दिइन्थ्यो । शलाका जम्मा गर्ने अधिकारीलाई शलाका ग्राहापक भनिन्थ्यो । तिनको शलाका जम्मागर्ने विधि अनेकौं थिए : (१) गोप्य ढङ्गले (गुह्यक), (२) काननिर गई बिस्तारै भनेर (स्वकर्णजल्पकं), (३) खुला रूपले (विवृतकं) र (४) सबैको अगाडि (विश्वस्त) । स्वकर्णजल्पक विधिमा शलाका ग्राहापकले मतदाताको काननिर मुख लगेर कुन रंगको के अर्थ थियो औ कुनचाहिँ शलाका तिनले लिनुपर्छ भन्ने कुरा बताउँदथे । बुद्धघोषको अनुसार शलाका ग्राहापक स्वर्णजल्पकं विधिको प्रयोगद्वारा कुनै राम्रो प्रस्तावको लागि तिनको मनलाई प्रभावित गर्दथे । यदि मतदान धर्म विरूद्ध भएमा तिनले त्यसलाई रद्द पनि गर्न सक्तथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि वर्णित भइसकेको छ कि प्रस्तावमा एकमत हुनै नसकेको खण्डमा मात्र अर्थात् बहुमत केवल अन्तिम अवस्थामा नै लिइन्थ्यो । ग्रन्थहरूमा भनिएको छ कि बिल्कुल तुच्छ कुरोहरूमा मतदान गराइनु पर्दैन, या जहाँ विवादग्रस्त विषय सदस्यहरूलाई स्पष्ट नभएमा पनि, या मतदानले संघ टुट्ने या धर्मको नाश हुने आशंका भएमा पनि मतदान गराइनु पर्दैन । यसबाट यो स्पष्ट हुन्छ कि मतदान अधिकारी या शलाका ग्राहापकलाई पर्याप्त अधिकार प्राप्त थियो, जसबाट उनी कुनै कुरामा मतदानको निर्णयलाई स्थगित तथा त्यसको निग्रह पनि गर्न सक्तथे । कुनै कुरामा अधर्मसित मत दिएमा, या सदस्यहरूमा असमान व्यवहार भएमा, या वर्गमा विभक्त भएमा या मतदाताको सम्मतिको विपरीत मतदान भएमा त्यस्तो मतदान अवैध हुने हुन्थ्यो ।[८]

यथोचित रूपले संगठित सभाका वैध अधिनियमहरूका अर्थहरूबारे ग्रन्थहरूमा प्रकाश पारिएका छन् । समग्गकम्म या वैध निर्णयहरूका शर्तहरू यी थिए -

१. सभामा मतदानका अधिकारी व्यक्तिमात्र उपस्थित हुन्थे (कर्म्मापन्ना),

२. एक या तीनपटक दोहोऱ्याएर प्रस्तावलाई सभामा राख्ने (स्थापन),

३. मतदान अधिकारीले सबैका मतहरू ग्रहण गर्नु (छन्दारहानं छन्दो आहटो होति),

४. सभामा उपस्थित सदस्यहरूसित विरोध नहुनु (सम्मुखीभूता न पठिक्कोसंति),

५. आवश्यकतानुसार एक या तीन आवृत्तिद्वारा प्रस्तावलाई पारित घोषित गर्नु (एकया कम्मवाचया तोहि कम्मवाचहि कम्मं करोति)[९]

- महावग्ग ९।३।९

सभाका लेखक या पुस्तपाल

दीघ निकायको महागोविन्द सुत्तंतका वाक्यबाट ज्ञात हुन्छ कि संघका कार्यवाही लेख्नको लागि लेखक पनि हुन्थ्यो । त्रयस्त्रिंश देवताहरूको सुधम्मा सभामा भनिएका वचनहरू र कार्यवाहीलाई लेख्नको लागि ४ (चार) जना अधिकारीहरू नियुक्त गरिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनमत

समग्र संघको मतदानका विधि पनि वैध उपाय थियो । जातक ग्रन्थमा वर्णित भए अनुसार राजाको चुनाव समस्त नगरका मतले सम्पन्न हुन्थ्यो । नागरिकहरु एकमत भई आफ्ना निर्णयहरु दिन्थे (एकच्छन्दाः भूत्व) ।

पादटिप्पणी

१. मुकर्जी, राधाकुमुद; हिन्दू सभ्यता, पृ.२१८; जोशी, हरिरामः लोक गणतन्त्र, पृ. ५३

२. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२१८; जोशी, हरिरामः उपर्युक्त, पृ. ५४

३. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२१९; जोशी, हरिरामः उपर्युक्त, पृ. ५४

४. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२१९; जोशी, हरिरामः उपर्युक्त, पृ. ५५

५. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२१९-२२० जोशी, हरिरामः उपर्युक्त, पृ. ५५

६. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२२१; जोशी, हरिरामः उपर्युक्त, पृ. ५६

७. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२२२; जोशी, हरिरामः उपर्युक्त, पृ. ५७

८. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२२३; जोशी, हरिरामः उपर्युक्त, पृ. ५८

९. मुकर्जी, राधाकुमुद ; उपर्युक्त, पृ.२२४; जोशी, हरिरामः उपर्युक्त, पृ. ५९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग - ६

नारीप्रति भगवान् बुद्धको दृष्टिकोण

भगवान् बुद्धको बोधिज्ञान प्राप्तिमा नारीको महत्वपूर्ण भूमिका रहेको कुरा माथि वर्णित भइसकेको छ । तर, नारीवर्ग प्रति भगवान्को दृष्टिकोण त्यत्ति सन्तोषप्रद भए जस्तो लाग्दैन । स्त्रीहरूप्रति निम्नलिखित ३ (तीन) प्रश्न एवं उत्तरको अध्ययनमा भगवान् बुद्धको नकारात्मक दृष्टिकोण स्पष्टरूपले झल्किन्छ । भिक्षुहरूले भगवान् बुद्ध तथागतसंग गरेका प्रश्नोत्तर यी हुन् -

१. भन्ते ! स्त्रीहरूसित हामीले कस्तो व्यवहार गर्ने ?

आनन्द ! तिनीहरूलाई हेर्दै नहेर्नू ।

२. भगवन् ! स्त्रीहरूलाई देखेमा कस्तो व्यवहार गर्ने ?

आनन्द ! तिनीहरूसित कुरा नगर्नू ।

३. भन्ते ! कुरा भएमा कसरी व्यवहार गर्ने ?

आनन्द ! होश राखी कुरा गर्नुपर्दछ ।

१३३. " 'कथं मयं भन्ते ! मातुगामे पटिपज्जामा' ति ?'

'अदस्सनं आनन्दा' ति ।'

'दस्सने भगवा ! सति कथं पटिपज्जितब्बन्ति ?'

'अनालापो आनन्दा' ति ।'

'आलपन्तेन पन भन्ते ! कथं पटिपज्जितब्बन्ति ?!

'सति आनन्द ! उपट्ठापेतब्बाति ।'"[१]

- महापरिनिब्बानसुत्त, मातुगामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैठौं शताब्दी ई.पू. मा समाजमा नारीको अवस्थाबारे बौद्ध ग्रन्थहरूबाटै हामीलाई जानकारी प्राप्त हुन आएको छ । तत्समय स्त्रीहरूलाई पुरूषहरूको समान स्तरमा राखिएको थिएन । बौद्ध ग्रन्थहरूको अध्ययनले हामीलाई यस यथार्थतातिर सोच्न बाध्य तुल्याएको छ । बौद्ध ग्रन्थ चुल्लवग्ग एवं पञ्चनिकाय मध्येको अङ्गुत्तरनिकाय ग्रन्थ अनुसार भगवान् बुद्ध स्त्रीहरूलाई पुरूषहरूको समान स्तरमा राख्न अनिच्छुक थिए । चुल्लवग्ग अनुसार भगवान् बुद्ध कपिलवस्तुको निग्रोधाराममा बसिरहेको समय तथागतलाई दूध ख्वाई हुर्काएकी मौसी महाप्रजापति गौतमीले भगवान्को सम्मुख गई स्त्रीहरूलाई पनि तिनको सम्प्रदायमा प्रव्रज्या ग्रहण गर्ने आज्ञा मागेकी थिइन् । तर, भगवान्ले तिनको प्रार्थनालाई तीनपटकसम्म अस्वीकार गरी त्यहाँबाट उनी वैशाली प्रस्थान गरे । भगवान्को यस प्रकारको कार्यलाई महाप्रजापति गौतमीले स्त्रीजातिप्रति गरिएको अपमान सम्झेर पुरूष जातिकै सरह स्त्रीजातिले पनि पाउनुपर्ने अधिकार प्राप्तिको लागि भगवान्को कुनै परवाह नगरी उनी शिरमुण्डन गर्नुको साथै अनेकौं शाक्य स्त्रीहरूलाई साथ लिई सत्याग्रही बनेर भगवान्को पछि-पछि वैशाली गइन् । यसरी महाप्रजापति गौतमीले इतिहासमा सर्वप्रथम भने जस्तो पुरूष जातिको सरह अधिकार स्त्रीहरूलाई पनि हुनुपर्ने नारासाथ अहिंसात्मक रूपले विरोध प्रदर्शन गरेको देखिन्छ । पछि जसै महाप्रजापति गौतमीको नेतृत्वमा शाक्य स्त्रीहरु आफ्नो अडानमा अडिग भइरहे, भिक्षु आनन्दले मध्यस्थको भूमिका खेलेर भगवान् बुद्धद्वारा स्त्रीहरूलाई पनि प्रव्रज्या ग्रहण गर्ने अधिकार दिलाए ।[२] तर, भगवान्ले स्त्रीहरूलाई प्रव्रज्या ग्रहण गर्नको लागि आठओटा उत्तरदायित्वपूर्ण नियमहरु (अष्ट गुरुधर्म) लाई स्वीकार्नुपर्ने अनिवार्य गरे ।

अष्ट गुरुधम्म यी हुन् –

१. भिक्षुणी संघमा चाहेजत्तिसुकै वर्ष रहेको होस् तापनि तिनीले साना ठूला सबै भिक्षुहरूलाई प्रणाम गर्नुपर्दछ ।

२. भिक्षुहरु नभएको गाउँमा भिक्षुणीहरु रहनु हुँदैन ।

३. प्रत्येक पाक्षिकमा उपोसथ कुन दिन पर्दछ र धर्पोपदेश श्रवणको लागि कहिले आउने भन्ने यी दुई कुरो भिक्षुणीहरूले भिक्षुसंघसित सोध्नु जरूरी छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. चातुर्मास्य पछि भिक्षुणीलाई भिक्षुसंघ र भिक्षुणीसंघको प्रवारणा (स्वदोष बताउनुको लागि सबैसित प्रार्थना गर्नु) गर्नुपर्दछ ।

५. जुन भिक्षुणीसित संघादिशेष आपत्ति भएका छन् ती दुई संघहरूमा १५ दिनको मानत्त (संघको सन्तोषका लागि विहार भन्दा बाहिर रात व्यतीत गर्नु) लिनुपर्दछ ।

६. जसले दुई वर्षसम्म अध्ययन गरेका छन् यस्ती श्रामणेरीलाई दुवै संघले उपसम्पदा दिउन् ।

७. कस्तै कारण परे पनि भिक्षुणीले भिक्षुलाई गाली दिनुहुँदैन ।

८. भिक्षुले भिक्षुणीलाई उपदेश दिनुपर्दछ ।[३]

- चुल्लवग्ग

उपर्युक्त गुरुधर्मनियम अनुसार स्त्री भिक्षुणीहरु कहिल्यै पनि पुरुष भिक्षुहरूभन्दा श्रेष्ठतर मानिँदैनथ्यो, भन्नुको तात्पर्य कुनै पनि भिक्षुणीले साना ठूला जो कोही पनि भिक्षुहरूलाई प्रणाम गर्नु अनिवार्य थियो र तिनीहरूको निर्देशनलाई शिरोधार्य गर्नुपर्दथ्यो । यी आधारबाट तत्समय स्त्रीहरूलाई पुरूष समान अधिकार प्राप्त थिएन भन्ने कुरो छर्लङ्गिन्छ ।

छैठौं शताब्दी ई.पू. ताका स्त्रीहरूको दशा त्यत्ति साह्रो राम्रो थिएन । तिनीहरूलाई बौद्धहरु हीनत्वको सूचक मान्दथे । शिक्षा समुच्चयमा स्त्रीहरूलाई पुरूष बन्नुको लागि शुभाशंसा गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिइएको छ । त्यसमा वर्णित वर्णन अनुसार पुरूष भएरै मात्र तिनीहरु शूरवीर तथा पण्डित हुन सक्थे । बोधिको लागि आचरण गर्न सक्थे तथा छःपारमिताहरूको अभ्यास गर्न सक्थे । शिक्षा समुच्चयका पंक्ति यी हुन् -

"सर्वा स्त्रिया नित्य नटा भवन्तु
शूराश्च वीटा विदुषः पण्डिताश्च ।
ते सर्वि बोधाय चरन्तु नित्यं
चरन्तु ते पारमिताशु षट्सु ॥"[४]

- शिक्षा समुच्चय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषत्व ग्रहण नगरेसम्मन् स्त्रीहरु निर्वाण प्राप्त गर्न सक्तैनन् भन्ने तत्समयको मान्यता थियो । यही नै कारण छ उपर्युक्त शिक्षा समुच्चयमा 'सर्वा स्त्रिया नित्य नरा भवन्तु' भनी सबै स्त्रीहरु पुरूष बनून् भनी कामना गरिएको थियो । स्वयं भगवान् बुद्धकी आमा मायादेवी त्रयस्त्रिंश भुवनमा पुरुषत्व ग्रहण गरिसकेको अनन्तर मात्र देवता भएको कुरा वर्णित छ ।

"Hardy gives a long account of Buddha's visit to the Trayastrimsas which he calls Tawutisa, and speaks of his mother (Matru) in it, who had now become a deva by the changing of her sex."[५]

– James Legge

सद्धर्मपुण्डरीकमा वर्णित आख्यानमा सागर नागराजकी पुत्रीमा अविवर्त्ती एवं अप्रमेय प्रज्ञा उत्पन्न भएर पनि स्त्री भएको हुँदा तिनले सम्यक् सम्बुद्धत्व प्राप्त गर्न असम्भव हुने कुराको उल्लेख छ । सोही ग्रन्थ अनुसार स्त्री जातिले निम्नलिखित पाँच स्थानहरु कहिल्यै प्राप्त गर्न सक्दैनन् । ती स्थानहरु हुन् -

१. ब्रह्मस्थान २. शक्रस्थान ३. महाराजस्थान

४. चक्रवर्तीस्थान ५. अवैवर्त्तिक बोधिसत्वस्थान

उपर्युक्त नागराजकी पुत्रीको पनि स्त्रीन्द्रिय लुप्त भई पुरुषेन्द्रिय प्रकट भइसकेपछि मात्र बोधिसत्वको रूपमा तिनी प्रकट भएको कुरा त्यस ग्रन्थमा वर्णित छ ।

"अथ खलु तस्यां वेलायामायुष्मान्
शारिपुत्रस्तां सागरनागराजदुहितरमेतदवोचत् ।
केवलं कुलपुत्रि बोधाय
चित्तमुत्पन्नमविवर्त्याप्रमेयप्रज्ञा चासि
सम्यक्संबुद्धत्वं तु दुर्लभम् । अस्ति कुलपुत्रि
स्त्री न च वीर्यं संजयत्यनेकानि च

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पशतान्यनेकानि च कल्पसहस्राणि पुण्यानि
कृत्वेति षट्पारमिताः परिपूरयति न चाद्यापि
बुद्धत्वं प्राप्नोति । किं कारणम् । पञ्च
स्थानानि स्त्र्यद्यापि न प्राप्नोति । कतमानि
पञ्च । प्रथमं ब्रह्मस्थानं द्वितीयं शक्रस्थानं
तृतीयं महाराजस्थानं चतुर्थं चक्रवर्त्तिस्थानं
पञ्चममैवर्तिकबोधिसत्वस्थानम् ।"
"अथ तस्यां वेलायां
सागरनागराजदुहिता सर्वलोकप्रत्यक्षं स्थविरस्य
च शारिपुत्रस्य प्रत्यक्षं तत् स्त्रीन्द्रियमन्तर्हितं
पुरुषेन्द्रियं च प्रादुर्भूतं बोधिसत्वभूतं चात्मानं
संदर्शयति ।"[६]

- सद्धर्मपुण्डरीक

यसै तथ्यको परिप्रेक्ष्यमा अनुमानित छैठौं शताब्दी ई. को चावहिलको अभिलेखमा कल्याणकारक दानधर्मद्वारा स्त्रीभावबाट छुटाएर पुरुषत्वमा प्राप्त भएको कुरा वर्णित पंक्तिलाई लिन सकिन्छ ।

"विचित्रं देयधर्म्ममे कारयित्वेह यच्छुभम्
स्त्रीभावं हि विहाय्याहं पुरुषत्वमवाप्य च ।"[७]

- चावहिलको अभिलेख

उपर्युक्त यथार्थताको पुष्टि चीनी यात्री फाहियानको यात्रा वृत्तान्तबाट पनि भएको लाग्दछ । त्यस वृत्तान्तमा वर्णन गरिए अनुसार त्रयस्त्रिंश भुवनबाट पृथ्वीमा अवतरण गरेका भगवान् तथागतको दर्शन स्त्री भएको कारण सर्वप्रथम गर्न नसकिने भएकोले बिलौना गर्न लागेकी उत्पल नामकी भिक्षुणीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोदशालाई बुझेर तथागतले तिनलाई चक्रवर्ती सम्राट्को स्मपा परिणत गरी तिनलाई नै सर्वप्रथम भगवान्को दर्शन गर्ने सुअवसर प्रदान गरेका थिए ।

"Then the Bhikshuni Utpala thought in her heart, 'Today the Kings, with their ministers and people, will all be meeting (and welcoming) Buddha. I am (but) a woman; how shall I succeed in being the first to see him ? Buddha immediately, by his spirit -like power, changed her into the appearance of a holy Chakravartti King, and she was the foremost of all in doing reverence to him".[८]

- James Legge

यस वृत्तान्तबाट पनि उपर्युक्त तथ्यको पुष्टिमा सघाउ पुऱ्याएको छ ।

पादटिप्पणी

१. हरिराम जोशी : अभिनव संस्कृति कोष, सुशीलराम जोशी, नवीन्द्रराज जोशी, वि.सं. २०५८, पृ.५१९

२. कोसम्बी, धर्मानन्द : भगवान् बुद्ध जीवन और दर्शन, इलाहाबाद, लोक भारती प्रकाशन, १९८७ ई,पृ. १५३;

B.C. Law: Ksatriya Clans in Buddhist India, Delhi, A Sagar Book House, 2005 A.C. P.195

३. कोसम्बी, धर्मानन्द : भगवान् बुद्ध जीवन और दर्शन, पृ. १५३

४. जोशी, हरिराम : लोक गणतन्त्र, वि.सं. २०६६, पृ. ६६

५. *Legge, James: A Record of Buddhistic Kingdoms Being an Account by the Chinese Monk Fa-Hien, New Delhi and Madras, Asian Educational Services, 1993 A.D., P.48, F.N. 2*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. सद्धर्मपुण्डरीक, पटना, विहार राष्ट्रभाषा परिषद्, २०२३ वि.सं., पृ. २६८-२६९

७. जोशी, हरिराम, नेपालको प्राचीन अभिलेख, ने.रा.प्र.प्र., वि.सं. २०३०

८. *Legge, James: op.cit., P.49*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- ७

बुद्धयुगमा दासप्रथा

बौद्ध साहित्यको अध्ययनबाट दासप्रथा-सम्बन्धी अत्यधिक जानकारी मिल्छ । बौद्ध विवरणहरु अनुसार पूर्ण कश्यप र अजितकेसकंवली आफ्ना पूर्वजन्ममा दास थिए । पालि-पिटक तथा समकालीन संस्कृत साहित्यको अनुशीलनबाट तत्युगीन समाजमा दासहरूको क्रय विक्रय तथा दानबारे अत्यधिक जानकारी मिल्छ । नन्द जातकमा एक सद्धिविहारिक (बौद्ध विहारका अन्तेवासी) को तुलना शतमुद्राक्रीत दाससित गरिएको छ ।[१] सत्तुभस्त जातकको अनुसार एकजना ब्राह्मणले भिक्षा मागेर सातसय कार्षापण उपार्जन गरेपछि ती कार्षापणले दास दासीहरु किन्ने विचार मनमा लिएका थिए ।[२]

दास दासीहरूको क्रय विक्रयको समान दान पनि समाजमा अति प्राचीनकालदेखि प्रचलित रहेको थियो । पालि-पिटकमा पनि दास-दासी दानका अनेकौं उदाहरणहरु पाइन्छन् । जुण्ह जातकको अनुसार एक राजाबाट कुनै एक ब्राह्मणलाई अरु सामग्रीहरूको साथ एक सय (१००) दासीहरूको दान प्राप्त भयो ।[३] कौटलीय अर्थशास्त्र, मनुस्मृति तथा नारदस्मृति आदि ग्रन्थहरूमा अनेक प्रकारका दासहरूको बारे वर्णन पाइन्छ । कौटिल्य अनुसार ५ (पाँच) प्रकारका दासहरु छन्, तिनीहरु हुन् -

१. ध्वजाहृत (युद्धबन्दी)

२. आत्मविक्रयी (आफूलाई बेच्ने)

३. उदरदास (या गर्भदास, जो दासद्वारा दासीबाट जन्मेको होस्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. आहितिक (ऋणको कारण दास बनेका)

५. दण्ड प्राणित (राजदण्डको कारण)

"आत्मविक्रयिणः प्रजामार्या विद्यात् ॥२०॥
तेनोद्दष्टदासाहितकौ व्याख्यातौ ॥२३॥
दण्डप्रणीतः कर्मणा दण्डमुपनयेत् ॥२५॥
आर्यप्राणो ध्वजाहृतः कर्मकालानुरूपेण
मूल्यार्धेन वा विमुच्येत ॥२६॥"[४]

- कौटलीय अर्थशास्त्र ३ अधि.१३ अध्याय ६५ प्रकरण

मनुले ७ (सात) प्रकारका दासहरूको बारे उल्लेख गरेको छ, यथा-

१. युद्धबन्दी
२. भोजनको लागि दास बनेका
३. दासीपुत्र
४. किनेर ल्याएको
५. माता या पिताद्वारा प्रदत्त
६. वसीयतमा प्राप्त
७. राजदण्ड भुक्तानको लागि भएका

"ध्वजाहृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ॥
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनयः ॥४१५॥"[५]

- मनुस्मृति ८।४१५

तर, नारदले दासहरु १५ (पन्ध्र) प्रकारको भएको कुरा वर्णन गरेको छ, तिनीहरु हुन् -

१. घरमा उत्पन्न
२. किनेर ल्याएको
३. दान वा कुनै अन्य प्रकारबाट प्राप्त
४. वसीयतमा प्राप्त
५. अकालमा रक्षित
६. कुनै अन्य स्वामीद्वारा प्रतिश्रुत
७. अत्यधिक ऋणबाट थिचेका
८. युद्धबन्दी
९. बाजीमा विजित
१०. 'म तपाईंको हुँ' भनी दासत्व ग्रहण गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. सन्यासबाट च्युत १२. सीमित अवधिको लागि दास बन्ने
१३. भोजनको लागि दास बनेका १४. दासीको प्रेमले आकृष्ट दास (बडवाहृत) र
१५. आफैलाई बेच्ने

"गृहे जातस्तथा क्रीतो लब्धो दायादुपागतः ।
अनाकालभृतो लोके आहितः स्वामिना च यः ॥२६॥
मोक्षितो महतश्चर्णात्प्राप्तो युद्धात्पणे जितः ।
तवाहमित्युपगतः प्रव्रज्यावसितः कृतः ॥२७॥
भक्तदासश्च विज्ञेयस्तथैव बडवाहृतः ।
विक्रेता चात्मनः शास्त्रे दासाः पञ्चदश स्मृताः ॥२८॥"[६]

- नारदस्मृति - ५ विवादपद

उपर्युक्त ग्रन्थहरूमा जस्तै पालि-पिटक ग्रन्थमा पनि अनेक प्रकारका दासहरूको वर्णन पाइन्छ । पालि-त्रिपिटकमा आठ प्रकारका दासहरूको उल्लेख भएको कुरा वर्णित छ ।[७] विनय पिटक अनुसार दासहरु ३ (तीन) प्रकारका छन्, तिनीहरु हुन् -

१. घरका दासीबाट उत्पन्न पुत्र
२. पैतृक सम्पत्तिको रूपमा उत्तराधिकारमा प्राप्त
३. दान या किनेर प्राप्त हुन आएका [८]

विदुर पण्डित जातकमा ४ (चार) प्रकारका दासहरूको उल्लेख पाइन्छ, तिनीहरु हुन्-

१. दासी पुत्र
२. भोजन आदिको लागि स्वेच्छाले दासकर्म स्वीकार गर्ने (विदुर पण्डित जातकमा भोजनको लागि दास हुन चाहने दासलाई दास कम्मकार भनिएको छ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepa

CC-0. In Public Domain. Digitization by eGangotri

३. जो अरूलाई मालिक नै मान्छन् ।

४. जो बिक्री गरिएको छ ।[९]

उपर्युक्त विवरणहरूको अतिरिक्त अरु जातक ग्रन्थहरूबाट अन्य प्रकारका दासहरूको पनि जानकारी मिल्छ, तिनीहरु हुन् -

१. युद्धमा बन्दी बनाइएका
(वक ब्रह्मजातक, अरण्यजातक)

२. भयले दासत्व स्वीकार गर्ने
(विदुर पण्डितजातक)

३. ऋण नतिरे वापत दास बनेका
(वेस्सन्तर जातक)

४. अपराध गर्दा दण्ड स्वरूप दास बनाइएका

५. जुवामा हार्दा शर्त अनुसारको पैसा बुझाउन नसक्दा निश्चित अवधिसम्मको लागि बनेका दास (मज्झिम निकाय)

६. मृत्युदण्डबाट बच्नको लागि अनेकौं आपराधिक कर्म गर्नेहरु दास बन्थे ।[१०]

दासहरूका सुख दुःखका विधाता त तिनका स्वामीहरु नै थिए । पालि-पिटकमा वर्णित वर्णन अनुसार कुनै दासस्वामी आफ्ना दासहरूका त्रुटिहरूको लागि तिनीहरूलाई दण्डित गर्दथे र कुनै-कुनै तिनीहरूप्रति दयाभाव देखाउँदथे । क्रूर स्वभावका दासस्वामीहरु आफ्ना दासहरूलाई औधी दण्ड दिन्थे । अरु कहाँ काम गर्न पठाएकी दासीले एकपटक दुर्भाग्यले केही कमाएर ल्याउन नसकेको कारण तिनीलाई घरबाट बाहिर ल्याई दासस्वामी र स्वामिनीले पिट्न सम्मन पिटेका थिए ।[११] अङ्गुत्तरनिकाय ग्रन्थमा माथि वर्णन गरिए अनुसार क्रूर दास मालिकका दासहरु सदा भयभीत भई अश्रुपूर्ण नेत्र लिई काम गरिरहेका हुन्छन्, कतिपय त रोई रोई काममा जोतिइरहेका हुन्छन् ।[१२] तक्क जातकमा वाराणसीकी एक श्रेष्ठी कन्याको वर्णन पाइन्छ, जो अत्यन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रूर थिइन् र अकारण आफ्ना दास तथा कर्मकरहरूलाई मारपिट गर्दथिन् ।[१३] वेस्सन्तर जातकमा एक क्रूर ब्राह्मणद्वारा दास-दासीलाई यातना दिइएको मार्मिक वर्णन गरिएको छ ।[१४]

दास-दासीहरूका भाग्य विधाता यथार्थतः तिनीहरूका स्वामीहरु नै थिए । साँच्चै भन्ने हो भने तिनीहरूको निगाहामैं तिनीहरु बाँच्न बाध्य थिए । तिनीहरूलाई प्रव्रजित भई बाँच्ने अधिकारसम्म पनि थिएन । बौद्ध ग्रन्थ महावग्ग १।३।४।८ मा ऋणी, दास एवं राजसैनिकहरूलाई स्पष्टरूपले प्रव्रज्या दिनु हुँदैन भनी वर्णन गरिएको छ । भगवान् बुद्धको यस कथनबाट तथागत तत्समय समाजमा प्रचलित कुनै पनि परम्परामा कुनै प्रकारको आँच आउने कार्य गर्न चाहनु हुन्नथ्यो भन्ने कुरातिर संकेत मिल्छ । राहुल सांकृत्यायन लेख्छन् - जसै महाजनहरूको विरोध हुने खतरा देखियो बुद्धले ऋणीलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे । त्यस्तै आफ्नो स्वार्थमा आँच आउने देखेपछि जसै दासस्वामीहरूले हल्ला बोलेथे, बुद्धले दासलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे । जसै राजसैनिकहरु युद्धमा जानुको बदला भिक्षु बन्न लागेथे, मगध सम्राट् विम्बिसारले भगवान् बुद्धलाई यसबारे शिकायत गरेको अनन्तर बुद्धले राजसैनिकहरूलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे ।[१५]

पादटिप्पणी

१. मदनमोहन सिंह : बुद्धकालीन समाज और धर्म, पटना-३, विहार हिंदी ग्रन्थ अकादमी, १९७२ ई., पृ.३१

२. उपर्युक्त, पृ.३१

३. उपर्युक्त, पृ.३२

४. कौटलीय अर्थशास्त्र, लाहोर, संस्कृत पुस्तकालय, १९२५ ई., पृ.६७

५. मनुस्मृति, पृ.२८८

६. धर्मशास्त्र संग्रह, बम्व्ये ४, खेमराज श्रीकृष्णदास प्रकाशन, १९९५ ई, पृ.७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. मदनमोहन सिंह : उपर्युक्त, पृ.३२

८. हरिराम जोशी : लोक गणतन्त्र, एस.के. चौधरी र पि.एम. श्रेष्ठ, वि.सं. २०६६, पृ.७५

९. हरिराम जोशी : उपर्युक्त, पृ. ७५-७६

१०. हरिराम जोशी : उपर्युक्त, पृ. ७६

११. मदनमोहन सिंह : उपर्युक्त, पृ.३४

१२. मदनमोहन सिंह : उपर्युक्त, पृ.३४

१३. मदनमोहन सिंह : उपर्युक्त, पृ.३४

१४. मदनमोहन सिंह : उपर्युक्त, पृ.३४

१५. राहुल सांस्कृत्यायनः बौद्ध दर्शन, इलाहाबाद, किताब महल, १९७७ ई., पृ.५७-५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- ८

भगवान् बुद्ध र वैशाली गणराज्यको अन्त्य

गणराज्यमा आपसी फूट विनाशको मूल कारण भएको कुराको उदाहरण हामी महाभारतमा पाउँछौं । महाभारत युद्धको समाप्तिपछि यादव गणमा आपसी मतभेदको अभिवृद्धि भएको कारण तिनीहरूमा परस्पर संघर्ष हुन लागेको थियो । यी संघर्षहरूको कारण यादवहरूको शक्ति ज्यादै क्षीण भएको र गणप्रमुख रहेका श्रीकृष्णको अन्तिम जीवन निराशामा व्यतीत भएको थियो । मगध सम्राट् जरासन्धको हत्या गराई यादव गणमुखिया श्रीकृष्ण पाण्डवहरूको उत्कर्षमा सहायक भएका थिए । तर, आफ्नै यादव शक्ति र एकतालाई कायम राख्नमा तिनलाई सफलता प्राप्त हुन सकेको थिएन ।[१]

छैठौं शताब्दी ई.पू. का वैशालीका प्रख्यात लिच्छवि गणराज्यको पतन पनि आपसी फूटबाटै भएको थियो । यस कुराको पुष्टि बौद्ध साहित्यबाट हामीलाई मिल्छ । वज्जिहरूको गणराज्य रहेको वैशालीमा विजय प्राप्त गर्नको लागि मगध सम्राट् अजातशत्रुले आफ्ना महामन्त्री वस्सकारलाई वज्जिहरु माथि कसरी विजय पाउन सकिन्छ सो को जानकारी लिन राजगृहस्थित गृध्रकूट पर्वतमा विहार गरिरहेका भगवान् गौतम बुद्धकहाँ पठाएका थिए । भगवान् बुद्ध यद्यपि वज्जिहरूको वैशाली गणराज्यका ज्यादै प्रशंसक थिए, तिनले महामन्त्री वस्सकारलाई वज्जिहरूको विनाश कुन बेला हुन्छ भन्ने गूढ रहस्यका कुरा खुलस्तसँग भनी दिए । भगवान्बाट गूढ रहस्यका कुराको जानकारी प्राप्त गरिसकेको अनन्तर वस्सकार मगधमा फर्केका थिए । उक्त गूढ रहस्य थाहा पाइसकेका वस्सकारले पछि गएर वज्जिहरूबीच आपसी फाटो ल्याई तिनीहरु माथि विजय प्राप्त गरी वैशाली गणराज्यको अस्तित्वलाई सदाको लागि समाप्त पारे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् बुद्धले मगध सम्राट् अजातशत्रुका महामन्त्री वस्सकारलाई बताएका गूढ रहस्य नै वज्जि भनौं या लिच्छविहरूको शक्तिका मूल कारण थिए । यथार्थरूपले भन्ने हो भने तिनीहरु नै लिच्छवि गणतन्त्रलाई दिशानिर्देश गर्ने मूलभूत सिद्धान्त थिए । बौद्ध साहित्यमा तिनीहरूलाई सप्त अपरिहाणि धम्म अर्थात् राष्ट्रिय अभ्युदयका सात नियम मानिन्छ ।[२] यी सप्त अपरिहाणीय धम्म भगवान् बुद्ध तथागतको सम्मतिमा यस प्रकार थियो ।

१. 'आनन्द ! के तिमीले सुनेका छौ, वज्जि बराबर बैठक गर्दछन् । सन्निपात बहुल छन् ?'

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरूको बृद्धि नै सम्झनु, हानि होइन ।

२. 'के आनन्द ! तिमीले सुनेका छौ । वज्जि एकसाथ नै बैठक गर्दछन्, एकसाथ नै उठ्छन्,

एकसाथ नै वज्जिहरूका कर्तव्य कर्म गर्दछन् ?'

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म) आनन्द ! वज्जिहरूको बृद्धि नै सम्झनु, हानि होइन ।

३. 'के आनन्द ! तिमीले सुनेका छौ, वज्जि अप्रज्ञप्त (=अवैधानिक)लाई प्रज्ञप्त (=विहित) गर्दैनन्, प्रज्ञप्त (=विहित) को उच्छेद गर्दैनन् । जस्तो पुराना वज्जिधर्म (=नियम) प्रज्ञप्त छन्, (तिनीहरूलाई) ग्रहण गरिरहन्छन् ?'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरुको बृद्धि नै सम्झनु, हानि होइन ।

४. के आनन्द ! के तिमीले सुनेका छौ वज्जिहरुका जो वृद्ध वज्जिहरु छन् तिनीहरुको (तिनीहरु) सत्कार गर्दछन्, गौरव गर्दछन्, मान्छन्, पूजा गर्दछन् र तिनका (कुरा) सुन्नयोग्य मान्छन् ?'

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरुको बृद्धि नै सम्झनु, हानि होइन ।

५. 'के आनन्द ! के तिमीले सुनेका छौ जो ती कुल-स्त्रीहरु छन्, कुल कुमारीहरु छन्, तिनीहरुलाई (वज्जिहरु) जबरदस्ती समातेर (आफ्ना घरमा) राख्दैनन् ?

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरुको बृद्धि नै सम्झनू, हानि होइन ।

६. के आनन्द ! तिमीले सुनेका छौ-(नगरका) भित्र या बाहिरका वज्जिहरुका चैत्य (=देवस्थान=चौरा) छन्, तिनका वज्जिहरु सत्कार गर्दछन्, पूजा गर्दछन्, तिनको लागि पहिले गरिएका दानलाई, पहिले गरिएका धर्मानुसार वेलि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(=वृत्ति) लाई लोप गर्दैनन् ?'

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरुको बृद्धि नै सम्झनू, हानि होइन ।

७. 'के आनन्द ! तिमीले सुनेका छौ - वज्जिहरु अर्हतहरु (=ज्ञानप्राप्त व्यक्तिहरु = पूजनीय व्यक्तिहरु) को राम्रोसँग धार्मिक (=धर्मानुसार) रक्षा, आवरण गुप्ति गर्दछन्, जसबाट कि नयाँ अर्हत्हरु राज्यमा आउने हुन्छन् औ आइरहेका अर्हत्हरुले राज्यमा सुखपूर्वक विहार गर्ने हुन्छन् ।

भन्ते ! मैले सुनेको छु वज्जि बराबर बैठक गर्दछन् र सन्निपात बहुल छन् ।

आनन्द ! जहिलेसम्म वज्जिहरु बराबर बैठक गर्दै रहन्छन्, सन्निपात बहुल रहन्छन्, (त्यसबेला सम्म)

आनन्द ! वज्जिहरुको बृद्धि नै सम्झनू, हानि होइन ।

१. 'किन्ति ते आनन्द ! सुतं, वज्जी अभिण्हं
सन्निपाता सन्निपातबहुला 'ति ?'
'सुतं मे तं भन्ते ! वज्जी अभिण्हं सन्निपाता
सन्निपातबहुला'ति ।'
'यावकीवञ्च आनन्द ! वज्जी अभिण्हं
सन्निपाता सन्निपातबहुला भविस्सन्ति,
वुद्धियेव आनन्द ! वज्जीनं पाटिकङ्खा नो
परिहानि ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. 'किन्ति ते आनन्द ! सुतं, वज्जी समग्गा सन्निपतन्ति, समग्गा वुट्ठहन्ति, समग्गा वज्जीकरणीयानि करोन्ती ति ।'
सुतं मे तं भन्ते ! वज्जी समग्गा । सन्निपतन्ति, समग्गा, वुट्ठहन्ति, समग्गा वज्जीकरणीयानि करोन्ती'ति ।[१]
'यावकीवञ्च आनन्द ! वज्जी समग्गा सन्निपतिस्सन्ति, समग्गा वुट्ठहिस्सन्ति, समग्गा वज्जीकरणीयानि करिस्सन्ति वृद्धियेव आनन्द ! वज्जीनं पाटिकङ्खा,नो पटिहानि ।"

३. "किन्ति ते आनन्द ! सुतं, वज्जी अपञ्ञत्तँ न पञ्ञपेन्ति, पञ्ञतं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्ती'ति ?'
सुतं मे तं भन्ते ! वज्जी अपञ्ञत्तँ न पञ्ञपेन्ति, पञ्ञत्तं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्ती'ति ।'
'यावकीवञ्च आनन्द! वज्जी अपञ्ञतं न पञ्ञपेस्सन्ति, पञ्ञत्तं न समुच्छिन्दिस्सन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तिस्सन्ति, वृद्धियेव आनन्द ! वज्जीनं पाटिकङ्खा, नो पटिहानि ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. "किन्ति ते आनन्द ! सुतं वज्जी ये ते
वज्जीनं वज्जिमहल्लका, ते सक्कटोन्ति
गरुकटोन्ति मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं
मञ्ञन्ती'ति ?'
सुतं मे तं भन्ते ! वज्जी ये ते वज्जीनं
वज्जिमहल्लका, ते सक्कटोन्ति गरुकटोन्ति
मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं
मञ्ञन्ती'ति ।'
'यावकीवञ्च आनन्द! वज्जी ये ते वज्जीनं
वज्जिमहल्लका, ते सक्कटिस्सन्ति,
गरुकटिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति
तेसञ्च सोतब्बं मञ्ञिस्सन्ति, वुद्धियेव
आनन्द ! वज्जीनं पाटिकङ्खा नो
परिहानि ।'

५. "किन्ति ते आनन्द ! सुतं, वज्जी या ता
कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स
पसय्ह वासेन्ती'ति ?'
'सुतं मे तं भन्ते ! वज्जी या ता कुलित्थियो
कुलकुमारियो ता न ओक्कस्स पसय्ह
वासेन्ती'ति ।'
'यावकीवञ्च आनन्द! वज्जी या ता
कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स
पसय्ह वासेस्सन्ति, वुद्धियेव आनन्द !
वज्जीनं पाटिकङ्खा नो परिहानि ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. "किन्ति ते आनन्द ! सुतं, वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च, तानि सक्करोन्ति गरुकरोन्ति मानेन्ति, पूजेन्ति, तेसञ्च दिन्नपुब्बं धम्मिकं बलिं नो पटिहापेन्ती'ति ?'

'सुतं मे तं भन्ते ! वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च, तानि सक्करोन्ति गरुकरोन्ति मानेन्ति, पूजेन्ति, तेसञ्च दिन्नपुब्बं धम्मिकं बलिं नो पटिहापेन्ती'ति ।'

यावकीवञ्च आनन्द ! वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च, तानि सक्करिस्सन्ति गरुकरिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति, तेसञ्च दिन्नपुब्बं कतपुब्बं धम्मिकं बलिं नो पटिहापेस्सन्ति, वुद्धियेव आनन्द ! वज्जीनं पाटिकङ्खा नो परिहानि ।'

७. "किन्ति ते आनन्द ! सुतं, वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता, किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासुं विहरेय्युन्ति ?'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'सुतं मे तं भन्ते ! वज्जीनं अरहन्तेसु
धम्मिकारक्खावरणगुत्ति सुसंविहिता, किन्ति
अनागता च अरहन्तो विजितं आगच्छेय्युं,
आगता च अरहन्तो विजिते फासुं
विहरेय्युन्ति ।'
'यावकीवञ्च आनन्द ! वज्जीनं अरहन्तेसु
धम्मिकारक्खावरणगुत्ति सुसंविहिता
भविस्सति, किन्ति अनागता च अरहन्तो
विजितं आगच्छेय्युं, आगता च अरहन्तो
विजिते फासु विहरेय्युन्ति, वुद्धियेव
आनन्द ! वज्जीनं पाटिकङ्खा नो परिहानी'ति।'[3]

- महापरिनिब्बानसुत्तं

गणतन्त्रलाई दिशानिर्देश गर्ने उपर्युक्त सिद्धान्तहरु साँचो अर्थमा भन्ने हो भने राष्ट्रिय अभ्युदयका लागि नभई नहुने शर्तहरु हुन् । यिनै सिद्धान्तहरूको कारण आदिमकालदेखि अहिलेसम्म पनि कुनै न कुनै रूपमा गणतन्त्रको गणपताका यो विश्वमा फहराई नै रहेको छ । उपर्युक्त राष्ट्रिय अभ्युदयका सात नियमहरु जुन भगवान् बुद्धले आफ्ना प्रिय शिष्य आनन्दलाई सम्बोधन गर्दै वस्सकारलाई भनेका थिए, लाई पछि वस्सकार गइसकेपछि भगवान् तथागत बुद्धले केही आवश्यक परिवर्तन गरी सोही कुरा भिक्षुहरूको सम्मुख दोहोऱ्याई जुन बेलासम्म भिक्षुहरूले उक्त सात अपरिहानीय धम्मको पालना गर्दै रहन्छन्, त्यसबेलासम्म बौद्ध संघको उन्नति हुने कुरा बोलेका थिए । यसरी यसमा कुनै शंका छैन कि वज्जिहरु उक्त सात कुराहरूको पालना गर्दथे । सम्भवतः यी नै कारणहरूले गर्दा भगवान् तथागत बुद्ध वज्जि भनौं या लिच्छविहरूको अत्यधिक मात्रामा प्रशंसा गर्दथे । तर, भगवान् तथागत बुद्धको वस्सकार सामु उपर्युक्त कुरोको उद्घोषण नै वैशाली गणराज्यको अन्तमा गई विनाशको प्रमुख कारण हुन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपिलवस्तुका शाक्यहरु ज्यादै हठी स्वभावका थिए । तिनीहरु कस्तै व्यक्तिहरूलाई पनि आदरभाव राख्दैनथे । सिद्धार्थलाई समेत तिनीहरूले पहिले त आदर राखेको थिएन, किनभने तिनीहरु सिद्धार्थलाई आफूहरु भन्दा धेरै कम उमेरका सम्झन्थे । तर धेरै पछि गएर मात्र सिद्धार्थको चमत्कारिक कार्यहरूको कारण तिनलाई आदर गर्न लागेका थिए ।[४]

अर्को, कपिलवस्तुका शाक्यहरु जातीय शुद्धता कायम राख्नुपर्दछ भन्ने सिद्धान्तका पक्षपाती थिए । यसैले तिनीहरु आफ्ना जातिभन्दा बाहिरका व्यक्तिहरूसँग विवाह सम्बन्ध स्थापित गर्नु अनुचित सम्झन्थे । तिनीहरूलाई आफ्ना जाति र वंशको यत्तिको अभिमान थियो कि आफ्ना जातिभन्दा बाहिरका औ विदेशका ठूला शक्तिशाली राजाहरूका साथ पनि विवाह सम्बन्ध कायम गर्न तिनीहरु आफ्नो लागि अपमान भएको महसूस गर्दथे । बौद्ध साहित्यमा वर्णन गरिए अनुसार कोशल महाजनपदका राजा प्रसेनजित् को शाक्य जातिसित विवाह सम्बन्ध स्थापित गर्ने इच्छाले एक राजदूत कपिलवस्तु पठाए । त्यस समय शाक्य गणको अधिवेशन संथागारमा भइरहेको थियो । उक्त सभामा राजा प्रसेनजित्को सन्देश प्रस्तुत गरियो । सन्देश यस प्रकार थियो -"म यहाँको परिवारका साथ सम्बन्ध कायम गर्न चाहन्छु, यसर्थ यहाँको एक कुमारीको साथ म विवाह सम्बन्धमा आवद्ध हुन इच्छुक छु ।" राजा प्रसेनजित्को यो सन्देश सुनेर शाक्यहरु ज्यादै चिन्तित भए । तिनीहरूले विचार गरे - ज्यादै शक्तिशाली राजा प्रसेनजित्को आग्रहलाई इन्कार गरिएमा एकातिर देशको लागि अनिष्ट हुने धेरै सम्भावना रहेको छ भने अर्कोतिर यदि विवाहको प्रस्ताव स्वीकार गरिएमा हामीहरूको कुल मर्यादा नै समाप्त हुने हुन्छ । यस प्रकारको द्विविधाको अवस्था सिर्जित भइरहेको समय महानाम नामका शाक्यले एउटा उपाय निकाले । तिनले भने -"यसबारे खास चिन्ता लिनु पर्दैन । मेरो एक कन्या छ, तिनको नाम वासवखत्तिया हो । देख्नमा ज्यादै सुन्दर देखिने उनी दासी पुत्री हुन् । १६ (सोह्र) वर्ष आयुकी उनी पिताको तर्फबाट शाक्य कुलकी पनि हुन् । राजा प्रसेनजित्सित विवाहसूत्रमा बाँध्न हामी तिनीलाई नै पठाइदिन्छौं ।"[५] यस कथनबाट स्पष्ट हुन्छ कि शाक्यहरु आफ्ना कन्याहरूको विवाह आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिबाहिरकासित गर्न उचित सम्झँदैनथे । अर्को, कपिलवस्तुका शाक्यहरूको उपर्युक्त प्रकारको व्यवहारको कारण आफ्नो राजकुलको अत्यन्त अपमान भएको महसूस गरी पछि कोशल नरेश विरूढकले आफ्ना मन्त्री अम्बरीशको कूटनीतिको सहारा लिई एक विशाल सेनाका साथ कपिलवस्तुमा आक्रमण गरी त्यहाँ शाक्य वंशको आमहत्या गर्नुको साथै तत्समयका एक विख्यात गणराज्य भनौं कपिलवस्तुको शाक्य गणराज्यको अस्तित्व सदाको लागि समाप्त पारे ।[६] यसरी गणनायक भगवान् श्रीकृष्णले आफ्नै सामु आफ्नो कुलको साथै वृष्णिगणराज्यको विनष्ट भएको हेर्नु परे अनुरूप भगवान् बुद्धले पनि आफ्नो जीवनकालमैं सम्पूर्ण शाक्यहरूको साथै कपिलवस्तु शाक्य गणराज्यको अस्तित्व नै सदासदाको लागि समाप्त भएको हेर्नुपऱ्यो ।

पादटिप्पणी

१. हरिराम जोशी : लोक गणतन्त्र, वि.सं. २०६६, पृ. ४५

२. हरिराम जोशी, उपर्युक्त, पृ.४५

३. पाण्डेय, डा. बज्रमोहन 'नलिन' : सुत्तसंगहो, मोतीलाल बनारसीदास, पृ.१००-१०३

४. *Bimala Charan Law: Ksatriya Clans in Buddhist India, Ajay Book Service, New Delhi, 2005, A.D., P.190*

५. *Bimala Charan Law: ibid, PP. 200-201;*
हरिराम जोशी : उपर्युक्त पृ. ६२-६३

६. *Bimala Charan Law: ibid, PP. 201-202;*
हरिराम जोशी : उपर्युक्त पृ. ६३-६४

सहायकग्रन्थसूचि

१. सुत्तनिपात, दिल्ली, मोतिलाल बनारसीदास पब्लिशर्स प्रा.लि., १९९५ ई.

२. विनय-पिटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सुद्धर्मपुण्डरीक

४. सृत्तसंगहो

५. ललितविस्तर

६. महाभारत, गीताप्रेस, गोरखपुर, वि.सं. २०४५

७. मनुस्मृति

८. धर्मशास्त्र संग्रह, बम्व्य ४, खेमराज श्रीकृष्णदास प्रकाशन, १९९५ ई.

९. छकौटलीय अर्थशास्त्र, लाहोर, संस्कृत पुस्तकालय, १९२५ ई.

१०. कालिदास ग्रन्थावली, चौखम्बा, वाराणसी, सुरभारती प्रकाशन, १९९६ ई.

११. सांकृत्यायन, राहुल : बौद्ध दर्शन, इलाहाबाद, किताबमहल, १९७७ ई.

१२. कोसम्बी, धर्मानन्द : भगवान् बुद्ध जीवन और दर्शन, इलाहाबाद, लोकभारती प्रकाशन, १९८७ ई.

१३. सिंह, मदनमोहन : बुद्धकालीन समाज और धर्म, पटना-३, बिहार हिन्दी ग्रन्थ अकादमी, १९७२ ई.

१४. आंबेडकर, भीमराव रामजी : भगवान् बुद्ध और उनका धर्म (अनुवादक, भदन्त आनन्द कौशल्यायन) मुम्बै, सिद्धार्थ प्रकाशन, १९८६ ई.

१५. आनन्द, श्रीकृष्ण : भगवान् बुद्ध धम्मसार व धम्मचर्या, मुम्बै, समृद्ध भारत प्रकाशन, २००५ ई.

१६. जोशी, हरिराम : अभिनव संस्कृति कोष, जोशी, सुशीलराम र जोशी, नवीन्द्रराज, वि.सं. २०५८

१७. जोशी, हरिराम : नेपालको प्राचीन अभिलेख, ने.रा.प्र.प्र., वि.सं. २०३०

१८. जोशी, हरिराम : लोक गणतन्त्र, एस.के. चौधरी र पि.एम. श्रेष्ठ, वि.सं. २०६६

१९. उपाध्याय, भगवतशरण : प्राचीन भारतका इतिहास, पटना, ग्रन्थमाला कार्यालय, १९५६ ई.

२०. मुकर्जी, राधाकुमुदः हिन्दू सभ्यता, दिल्ली, राजकमल प्रकाशन, १९७५ई.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१. ठाकुर, हरिनन्दन : नेपाल देश और संस्कृति, पटना, बिहार राष्ट्रभाषा परिषद्, १९६९ ई.

२२. विद्यालङ्कार, सत्यकेतु : प्राचीन भारत, श्रीसरस्वती सदन, मसूरी, १९८१ ई.

२३. *Mukerjea, P.C., A Report on a tour of Exploration of the Antiquities in the Terai, Nepal. The Region of Kapilavastu, during February and March 1899*

२४. *Law, Bimala Charan: Ksatriya clans in Buddhist India, New Delhi, Ajay Book Service, 2005 A.C*

२५. *Cowell, E.B., The Jataka, Vol. IV, Delhi, Motilal Banarasidas Publishers, 1990 A.C.*

२६. *Sircar D.C.: Select Inscriptions, Vol. I, University of Calcutta, 1965 A.C.*

२७. *Dave, J.H.: Immortal India, Vol.2, Bombay, Bharatiya Vidya Bhavan, 1959 A.C.*

२८. *The Age of Imperial Unity, ibid, 1953 A.C.*

२९. *Thomas, E.J. : Buddhist Scriptures, Varanasi, Pilgrims Publishing, 2004 A.C.*

३०. *Kerr, Gordon: Leaders who changed the world, Futura, 2009 A.C.*

३१. *Legge, James: A Record of Buddhistic Kingdoms Being An Account by the Chinese Monk Fa-Hien, New Delhi and Madras, Asian Educational Services, 1993 A.D.*

३२. *Rockhill: Life of the Buddha*

३३. *Davids, T.W. Rhys: The History and Literature of Buddhism, Varanasi, Bharatiya Publishing House, 1975 A.D.*

३४. *Davids, Rhys: Buddhist India*

३५. *Joshi, Hari Ram: Pages of The Forgotten Past, Sushil Ram Joshi, 1998 A.D.*

३६. *Smith, Vincent Arthur: Early History of India, From 600 B.C. To The Muhammadan Conquest, Including The Invasion of Alexander The Great, Oxford At the Clarendon Press, 1904 A.C.*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२

दास प्रथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

"तिम्रो ठ मेरो भन्ने होइन
हाम्रो भन्ने भावनामैं जिउन मन लाग्छ ।"

आदिमयुगमा उपर्युक्त भावना नै समाजमा विद्यमान रहेको देखिन्छ । जसको कारण हाम्रा तत्त्वदर्शी मनीषिहरूले सृष्टिको आरम्भिक कालमा 'तिमी भन्नु नै हामी हौं औ हामी भन्नु नै तिमी हौं' भन्ने भावना समाजमा विद्यमान रहेको यथार्थताको घोषणा गरेका थिए । तर, पछि गएर समाजमा 'तिमी तिमी नै औ हामी हामी' नै भन्ने भावना कसरी प्रचारित भयो भन्ने कुरामा तिनीहरु अचम्मित भएका थिए ।

"यूयं वयं वयं यूयमित्यासिन्मतिष्टावयो
किं जातमधुना येन यूयं यूयं वयं वयम् ।"

साँच्चै भन्ने हो भने उपर्युक्त प्रकारले 'तिमी तिमी नै औ हामी हामी नै' भन्ने भावनाको आरम्भसँगै मानव समाजमा दुःखको आरम्भ भएको थियो । किनकि यस्तो हुनाको मूलभूत कारण समाजमा निजी सम्पत्तिको आरम्भ भई हुने र नहुने, धनी र गरीब भनौं सम्पन्न र विपन्न व्यक्तिहरु देखिनु नै रहेका छन् । अनि यस्तो स्थितिमा सम्पन्नले विपन्न, हुनेले नहुने माथि शोषण एवं अत्याचार गरिनु प्रकृतिजन्य नै लाग्दछ । भोकले छट्पटिएर आफ्नो र परिवारको गुजाराको लागि हुनेसँग नहुनेले केही माग्नु अपरिहार्य हुने हुन्छ । जुन एक प्रकारले भन्ने हो भने दासत्वको पहिलो निशानी हो । यसरी यो विश्वमा दासप्रथाको प्रारम्भ भएको थियो ।

दासप्रथाको आरम्भ सँगै विश्वमा मानवको मानवमाथिको अत्याचारको पराकाष्ठा पुगेको देखिन लागेको थियो । दासहरूलाई ठूला-ठूला महल, ठूला-ठूला पिरामिड, नहर, विशाल परखाल, विशालतम चट्टानहरूको ओसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पसार आदि-आदि असाध्य कार्यहरु गर्ने जस्ता काममा पशुवत् यातना दिई गराउँदथे । तिनीहरूलाई ठूला-ठूला सिक्रीले बाँधेर राख्नुको साथै फलामका पिंजडामा राखेर पनि यातना दिइन्थ्यो । यसरी यो विश्वमा निजी सम्पत्तिको प्रारम्भसँगै दासप्रथाको पनि उदय भई मानवको मानवमाथि शोषण भनौं या अत्याचारको पराकाष्ठा पुगेको थियो ।

दासहरूसँग आफ्नो भन्ने केही थिएन, जसको कारण यिनीहरूलाई नै साँचो मानेमा सर्वहारा भन्न मन लाग्छ । अनि ती दासहरूले समय-समय मौका मिल्नेबित्तिकै धनीमानी शोषकवर्ग याने ठूला-ठूला सामन्त एवं दास मालिकहरु विरूद्ध विद्रोह गर्ने जस्ता कार्य आदिमयुगदेखि नै गर्न लागेका थिए । ती क्रान्तिहरूमा तिनीहरु कतिपय समय सफल पनि भए । तर, ती क्रान्तिहरु क्रान्तिकारीहरु बीच एकताको कमी तथा नेतृत्वदायी शक्तिहरूको अभावको कारण अन्तमा गएर विफलतामा परिणत हुन्थे । तैपनि ती विफलताहरूको कुनै परवाह नगरी तिनीहरु सदा मौकाको ताकमा रहन्थे औ दास मालिकहरूको विरूद्ध विद्रोह गर्नुको साथै दासस्वामी एवं तिनका परिवारजनहरूको वध पनि गर्दथे । यस्तै विद्रोहहरूमध्ये रोमन सभ्यतामा स्पार्टाकसको नेतृत्वमा भएको सर्वहारा दासहरूको क्रान्ति सर्वोत्कृष्ट मानिन्छ । यो क्रान्तिले रोमन साम्राज्यको जगलाई हल्लाइदिएका थिए । दास सर्वहारा वर्गको प्रस्तुत क्रान्तिका नायक स्पार्टाकसलाई २० (बीस) औं शताब्दी ई. को प्रारम्भिक ताकाका रूसी सर्वहारा क्रान्तिका नायक ब्लादीमिर इल्यीच लेनिनले दासहरूको विद्रोह र स्पार्टाकसलाई ज्यादै सराहना गरेका थिए । लेनीनले भनेका थिए, - "स्पार्टाकस दासहरूका महानतम विद्रोहहरूका एक महानतम नेताहरु मध्येका थिए ।" विश्व कम्युनिष्ट सिद्धान्तका प्रवर्तक कार्ल मार्क्सले उहाँको ज्यादै मनपरेको ऐतिहासिक व्यक्तित्वको रूपमा स्पार्टाकस भएको कुरा उल्लेखेको छ र ई. सन् १९१९ का रोजालक्जेम्बर्गद्वारा नेतृत्व गरिएका जर्मन क्रान्तिकारीहरूले आफूहरूलाई स्पार्टाकसवन्द भन्ने गरेका छन् ।

"Karl Marx described Spartacus as his favourite historical figure, and the German revolutionaries led by Rosa Luxemburg in 1919 called themselves the Spartakusbund."

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

यद्यपि स्पार्टाकसद्वारा नेतृत्व गरिएको उपर्युक्त क्रान्ति अन्ततः विफल भए तापनि त्यस क्रान्तिले दास सर्वहाराहरूको मनोदशामा ठूलो क्रान्तिको भावना जगाई दियो - उज्ज्वल भविष्यको कामनामा । दासहरूले समय-समयमा दासस्वामीहरूको विरूद्ध विद्रोह गर्दै आफ्नो विजय चाहनालाई जीवन्तता दिँदै आइरहेका थिए । पछि १९ औं शताब्दी ई. को उत्तरार्द्धतिर तत्कालीन अमेरीकि राष्ट्रपति अब्राहम लिन्कोलनले दासप्रथालाई समाप्त गरी मानव जातिको ठूलो उपकार गरेका थिए । लिन्कोलन बारे कार्ल मार्क्स लेख्दछन् - 'Lincoln is a sui genesis (unique) figure in the annals of history.' नेपालमा पनि वि.सं. १९८१ मा दासप्रथालाई समाप्त गरिएको थियो ।

यद्यपि दासप्रथा मोचन भए तापनि यो विश्वमा दास-मनोवृत्ति अहिलेसम्म मोचन हुन सकेको छैन । जहिलेसम्म दास मनोवृत्ति मानिसहरूमा रहन्छ त्यसबेलासम्म दासप्रथालाई पूर्णतः मोचन भयो भन्न सकिँदैन । दासप्रथाका पृष्ठपोषक व्यक्तित्वहरूले यो विश्वमा आठ प्रकारका व्यक्तिहरु सदाकाल कायम रहने कुरा उल्लेखित अष्ट चिरञ्जीवीहरूका नामहरु प्रस्तुत गरेका छन्, तिनीहरूमध्ये दास मनोवृत्तिका प्रतीक स्वरूप रहेका हनूमान्का नाम पनि त्यसमा सम्मिलित गरिएको छ । यसरी दास-प्रथाबाट यो विश्व कहिल्यै मुक्त नहुने दर्शाई दासप्रथालाई जीवन्तता प्रदान गर्ने प्रयास भएको लाग्दछ । तर, यहाँ यस यथार्थतालाई बिर्सनु छैन कि कस्तै रोगको पनि निदान गर्न सकिने हुँदा दास-प्रथालाई मात्र निर्मूल गर्न सकिँदैन भन्ने होइन । यदि यस विश्वबाट भूमिको एक टुक्रालाई लिएर यो मेरो भन्ने एवं नीजि सम्पत्ति राख्ने व्यवस्थालाई समाप्त पारी तिनीहरूलाई राष्ट्रिय सम्पत्तिको रूपमा परिणत गरिएमा न केवल दासप्रथा बल्कि सम्पूर्ण दुःखकै निदान हुने निश्चित प्रायः लाग्दछ । इत्यलम् ।

ई.सं. २०११-१०-१३-५

हरिराम जोशी
१८४ दहेलिया एवेन्यू
अटवा, अन्टारियो, क्यानाडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दासप्रथा

आदिमयुगमा यो विश्वमा मानिसहरूबीच एक आपसमा ज्यादै घनिष्ठतम सम्बन्ध रहेको थियो । तिनीहरु एक दोस्रोलाई अरु होइन आफू नै सम्झन्थे । तिनीहरु तिम्रो र मेरो भन्ने होइन हाम्रो भन्ने भावना हृदयमा लिन्थे । यही न कारण छ हाम्रा प्राचीन मनीषिहरु जसै यस विश्वमा मानवहरूबीच हाम्रो भन्ने भावनाको विपरीत तिम्रो र मेरो भन्ने भावनाको व्यापक प्रचार प्रसार भएथ्यो, ज्यादै आश्चर्यान्वित भएका थिए । पहिले-पहिले तिमी नै हामी हौं औ हामी नै तिमी हौ भन्ने भावना प्रचलित थियो, तर, आज कसरी यो विश्वमा तिमी तिमी नै तथा हामी हामी नै भन्ने भावना प्रचारित भयो ।

"यूयं वयं वयं यूयमित्यासिन्मतिष्टावयो
किं जातमधुना येन यूयं यूयं वयं वयम् ।"

यसरी विश्वसभ्यताको आदिमयुगमा यद्यपि यहाँ मानव मात्रमा समताको स्थिति थियो, तर, पछि गएर उक्त समताको स्थिति समाप्त भई मानव एक दोस्रोलाई आफू नै सम्झनुको बदला अरु भन्ने गर्न लागेका थिए; परिणामतः मानव समाजमा निजी सम्पत्तिको विकास भई ठूला र साना, धनी र गरीबको स्पष्टतररूपले विभेद देखिनलागेको थियो । ठूलाले सानालाई औ धनीले गरीबमाथि शोषण एवं अत्याचार औधी मात्रामा गरिन लागेको थियो । दासप्रथाको अभ्युदयलाई यसै तथ्यको परिप्रेक्ष्यमा लिन सकिन्छ । यसरी मानवको मानवमाथिको अत्याचारको चरम सीमा स्पष्टतररूपले दृष्टिगत भयो । धनपति कुवेरलाई नरवाहनको संज्ञा प्रदान गरिएको छ, जुन उपर्युक्त कुरोको पुष्टिका लागि सहाय्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"अवनिमेकरथेन वरूथिना
जितवतः किल तस्य धनुर्भृतः ।
विजयदुन्दुभितां ययुरर्णवाः
घनरवा नरवाहनसम्पदः ॥१९॥"

- रघुवंशम्, नवमः सर्गः

ऋग्वैदिक एक ऋचामा धनाधिपतिलाई देवसख भनिनु औ धनाधिपति कुवेरको प्रारम्भिक आकृति ज्यादै सुन्दरतम् भएको वर्णित भएबाट प्रथमतः धनाधिपतिलाई ज्यादै मान्यता मिलेको अनुमान हुन्छ । तर, पछि जसै धनवान्हरूको निर्धनहरूमाथि अत्याचार अत्यधिक मात्रामा बढ्न लागेको थियो, समाजमा धनवान्हरु प्रतिको दृष्टिकोणमा स्पष्टतर रूपले परिवर्तन देखिन लागेको थियो । समाजमा धनवान्हरूलाई कुबेरको संज्ञा प्रदान गरिन लाग्यो । वायुपुराणमा धनाधिपति कुबेरलाई कुत्सित शरीर भएको भनी वर्णन गरिएकोलाई यहाँ यसै परिप्रेक्ष्यमा लिन सकिन्छ । कुबेर शब्दको व्युत्पत्तिपरक अर्थ पनि कुत्सित या धनले युक्त भन्ने हो । यसरी धन र कुरूपताको संयोग दर्शाइएको छ । धन साँच्चै भन्ने हो भने मानसिक कुरूपताकै परिचायक छ । यही न कारण छ कुबेरको प्रतिमाशास्त्रीय लक्षण अनुसार तीनखुट्टे, एक चक्षु हुनुको साथै आठ दाँतमात्र भएको देखिन्छ । जसले धनाधिपतिको कुत्सित आकृतिलाई दर्शाएको स्पष्ट छ । अर्को शब्दमा भन्ने हो भने नीजि धनसम्पत्तिको आर्जनले मानव समाजमा धनवान्हरूको अत्याचार निर्धनहरूमाथि औधी मात्रामा बढ्न लागेको थियो; फलतः समाजमा निर्धनहरूको स्थिति झन्-झन् खस्किँदै गएर तिनीहरु मानव भए तापनि पशु समान भएर माथि वर्णन गरिए अनुरूप धनपतिको वाहन भई जीवनयापन गर्न विवश भएका थिए । दासप्रथाको अभ्युदयलाई यसै यथार्थताको परिप्रेक्ष्यमा स्पष्टतररूपले आंकलन गर्नु युक्तियुक्त नै लाग्दछ ।

दासप्रथाको प्रादुर्भाव यो विश्वका प्राचीनतम सबैजसो सभ्यताहरूमा सँगसँगै जसो भएको देखिन्छ । विश्वका प्राचीनतम सभ्यताहरु यथा नीलघाँटीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभ्यता, दजला र फरात भनौ टाईग्रिस एवं युफ्रेटस नदीको सभ्यता, सिन्धु घाँटी सभ्यता, ह्वाङ्हो सभ्यता तथा ग्रीस र रोमन सभ्यताहरूको अवलोकनमा उपर्युक्त कुरोको यथार्थता स्पष्टिन्छ । सर्वप्रथम हामी यहाँ नीलघाँटी सभ्यता भनौं मिश्री सभ्यतामा दास-दासीहरूको स्थितिबारे प्रकाशपार्ने प्रयास गर्नेछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीलघाँटीको सभ्यता

विश्वका प्राचीनतम सभ्यताहरु प्रायशः ठूला-ठूला नदी, सागर आदि जलाशयहरु भएका स्थानहरूमै विकसित भएको हामी पाउँछौं । उदाहरणार्थ इजिप्ट भनौं या मिश्रको सभ्यता नील नदीको तटमा सर्वप्रथम फैलिएको थियो, जसको कारण उक्त सभ्यता नीलघाँटीको सभ्यता नामले विख्यात रहेको छ ; त्यस्तै मेसोपोटामियाको सभ्यता दजला र फरात नदीको तटमा फैलिएको थियो । चीनको सभ्यता ह्वाङ् हो नदीको तटमा फैलिएको थियो भने भारतको प्राचीनतम सभ्यता सिन्धु नदीको तटमा फैलिएको थियो । अर्को, ग्रीस र रोमका सभ्यताहरु भूमध्यसागरका तटहरूमा विकसित भएका थिए । विश्वका आदिममानव रामापिथेकसका अस्थिपञ्जर नेपालको तराई स्थित बुटवलको टिनाऊ नदीमा भेट्टिएको पनि यहाँ स्मरणयोग्य छ । नेपाल उपत्यकाका धोबीखोला (हिजाखुसी) को सिरानमा औ भक्तपुर एवं बनेपाका केही स्थानहरूमा पाषाणयुगका मानव निर्मित शिलानिर्मित औजारहरु पाइएका छन्, जसबाट उपर्युक्त स्थलहरु आदिम मानवका बासस्थलहरु रहेको स्पष्टरूपले प्रतीत हुन्छ ।

उपर्युक्त विभिन्न नदीघाँटी सभ्यताहरूमध्येका एक प्राचीनतम सभ्यताको रूपमा मान्य नीलघाँटी सभ्यता रहेको छ, जसलाई मिश्री सभ्यता पनि भन्ने गरिन्छ । यस सभ्यताका मानिसहरु प्रारम्भमा लडाईंमा समातिएका कैदीहरु भनौं व्यक्तिहरूलाई मृत व्यक्ति (Dead People) भन्ने गर्दथे । तर, पछि जसै त्यहाँको समाज सम्पन्न र विपन्नावस्थाका समूहमा विभक्त भएथ्यो, सम्पन्न समृद्धिशाली व्यक्तिहरूले उपर्युक्त युद्धमा समातिएका व्यक्तिहरूलाई मार्नुको बदला तिनीहरूलाई दासको रूपमा अन्य विभिन्न आफ्ना कामधन्दामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउन लागेका थिए । तिनीहरूलाई यसरी मृत व्यक्तिको बदला जीवित मृत व्यक्ति (Living Dead people) को संज्ञा दिइन लागेको थियो ।

उपर्युक्त दासहरूका आफ्नो भन्ने केही हुँदैनथ्यो । साँचो मानेमा यिनीहरु नै यो विश्वको आदिमयुगका सर्वहारा वर्ग थिए । तिनीहरु बिहानदेखि बेलुकासम्मन् सिंचाईकोलागि इनारबाट पानी तान्ने एक प्रकारको यन्त्र, जसलाई ढेंकी भन्ने गरिन्थ्यो, द्वारा पानी तानेर खेतमा सिंचाई गर्दथे । तिनीहरु नहर, बाँध बनाउनुको साथै ठूला-ठूला भवन, इमारतहरूको लागि ढुङ्गाहरु फुटाल्ने कार्य पनि गर्दथे । माथि वर्णित भइसकेको छ कि दासहरूको आफ्नो भन्ने केही हुँदैनथ्यो । तिनीहरु आफ्ना मालिकका सम्पत्ति हुन्थे र तिनीहरूले आफ्नो बाहुवलले जे जत्ति कमाइ गर्दथे तिनीहरु सबै तिनीहरूका आफ्ना नभई तिनीहरूका मालिकका हुन्थे । तिनीहरु तिनीहरूको आवश्यकतानुरूप नभई तिनीहरूका मालिकको इच्छानुरूप भोजन प्राप्त गर्दथे । दासस्वामीहरु आफ्ना दासहरूलाई दण्ड दिने क्रममा मार्न पनि सक्तथे । मिश्रमा सिंचाईको काम मुख्यतः दासहरूले नै गर्दथे । यी कामको प्रबन्ध र पानीका बाँडफाँड दासका मालिक एवं सम्भ्रान्त व्यक्तिहरु गर्दथे । किसानहरु दासहरूसित मिलेर सरकंडा (सरपत जातिको एक वनस्पति) एवं झाडीहरु काट्नुको साथै नहर एवं बाँधहरूको निर्माण पनि गर्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्री समाज

मिश्री समाज गूढतः दुई वर्गमा विभक्त थिए, तिनीहरु हुन् - शोषक र शोषित । शोषक वर्गमा राजा-महाराजा, दास मालिक एवं सम्भ्रान्त व्यक्तिहरुलाई लिइएका छन् । तिनीहरु खूद आफूहरु कुनै काम नगरी शोषितहरु तथा किसान एवं दासहरुको कमाईको उपभोग गर्दथे । दास मालिकहरु भूमि, दास, पशुहरुका बथान, कामकाजका ज्यावलहरु (औजार), एवं सुन आदि सम्पत्तिका मालिक थिए, जबकि तिनीहरु आफू कुनै काम गर्दैनथे र दास एवं किसानहरुको मेहनतमैं जीवित रहन्थे ।

दोस्रो, किसानहरुका सम्पत्तिको रुपमा नाममात्रका जमीन, कामकाजका ज्यावलहरु (औजारहरु) र केही पशुहरु मात्र थिए । तिनीहरु आफ्नो मेहनतको फलका एक ठूलो भाग सम्भ्रान्त वर्गलाई बुझाउँदथे ।

तेस्रो, दासहरुको आफ्नो भन्ने सम्पत्ति केही थिएन । माथि वर्णित भए अनुसार तिनीहरु साँचो अर्थमा भन्ने हो भने सर्वहारा वर्ग थिए । तिनीहरु खूद नै दासस्वामीहरुका सम्पत्ति रहेका थिए । तिनीहरुका मेहनतका सम्पूर्ण फलको उपभोग गर्ने अधिकार दास मालिकहरुमा निहित थियो ।

माथि वर्णित भए अनुसार शोषक र शोषित वर्गको उत्पत्तिसँगै तिनीहरुको बीच वर्गसंघर्षको पनि प्रारम्भ हुन लागेको थियो । शोषकवर्गद्वारा भूमिमा आफूहरुको एकलौटी अधिकार स्थापित गरेको गरीब शोषित किसानवर्ग रूचाउँदैनथे, यसैले तिनीहरु शोषक सम्पन्न वर्गको विरोध गर्दथे, त्यस्तै दासहरु आफ्नो गुमेको स्वतन्त्रतालाई पुनः प्राप्त गर्न लालायित रही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दासस्वामीहरूको आज्ञाको उल्लङ्घन गर्न लागेका थिए । यस स्थितिमा सम्पन्न शोषकवर्गले दास एवं किसानहरूको विद्रोह दबाउने मनसायले कबीला (एउटै वर्गका मानिसहरूको वर्ग समूह) नायकको मदद लिन लागे । कबीलाका नायक सम्पत्तिवान् रही पुलीस एवै सैनिकशक्तिले युक्त थिए । तिनले अनि शोषक सम्भ्रान्त वर्गको हित रक्षार्थ गरीब निरीह कृषक एवं दासहरूको निर्ममतापूर्वक दमन गरेका थिए । यसरी कबीलाका नायकहरूको शक्ति यथेष्ट मात्रामा बढ्न गई तिनीहरु वंशानुगत राजाको रूपमा मानिन लागेका थिए । यसरी पनि विश्वमा वंशानुगत राजतन्त्रको अभ्युदय भएको देखिन्छ । अनि राजशक्तिको सहायताले शोषकहरु गरीब निरीह जनतामाथि, दासस्वामीहरु दासहरूमाथि आफ्नो प्रभुत्व दृढतररूपले कायम गर्न लागेका थिए । यसरी राजतन्त्रात्मक राज्यशक्ति आदिमयुगदेखि नै शोषित पीडितहरूको हित कार्यमा कार्य गर्नुको बदला मुख्यतः शोषकहरूकै हित गर्ने कार्यमा लागेको देखिन्छ ।

मिश्रमा फिराउनहरूको राजत्त्वकालमा मिश्रको एकीकरण हुन लागेको थियो । मिश्री सेनाहरूले अन्य मुलुकहरूमा आक्रमण गरी ठूलो विनाशलीला एवं लूटपाट गर्नुको साथै ती देशहरूमाथि विजय प्राप्त गरी मिश्रको एकीकरण गरेका थिए । ती युद्धहरूमा मिश्री सेनाले ठूलो परिमाणमा मानिसहरूलाई बन्दी बनाएका थिए । माथि वर्णित भए अनुसार ती युद्धबन्दीहरु मिश्रमा जीवित मृत व्यक्तिहरु (Living dead Persons) भन्नुको तात्पर्य तिनीहरु सबै दास तुल्याइएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिरामिडहरूको निर्माण

माथि वर्णित भए अनुसार आदिमयुगीन मिश्रमा दासहरूलाई नृशंसतापूर्वक यातना दिइन्थ्यो । ठूला-ठूला नहर, वास्तु एवं पिरामिडहरूको निर्माण गर्ने कार्यमा तत्समय दासहरूलाई अकथनीय रूपले नृशंसतापूर्वक यातना दिँदै तिनीहरूद्वारा गराइएको थियो । प्राचीन ग्रीक इतिहासकार हेरोडोटसको अनुसार प्राचीन मिश्री शासक फिराउनका प्रहरीहरु सम्पूर्ण मिश्रबाट किसान एवं दासहरूलाई पिरामिडहरूको निर्माणको लागि भेंडा बथान ल्याएसरी धपाउँदै ल्याउँदथे । पिरामिड निर्माणमा एकसाथ एकलाख व्यक्तिहरु काममा लगाइएका थिए । सरकारका मानिसहरु डंडाले पिट्दै ती दास एवं कृषकहरूलाई काममा लगाउँदथे । ढुङ्गा खानीबाट पिरामिड निर्माणस्थलसम्म जाने सडकको निर्माण कार्य झण्डै ३० (तीस) वर्ष सम्मन् चलेको थियो । अत्यधिक मात्रामा कडा मेहनत र यातनाको कारण हजारौं हजारको संख्यामा दास एवं कृषकहरु अकालमै मृत्युको वरण गर्न पुगेका थिए ।

सबैभन्दा विशाल पिरामिडको निर्माण २६०० ईशापूर्वमा भएको थियो । यसलाई खुफूको पिरामिड अर्थात् फिराउन खुफूको समाधि भनिन्छ । यसको उचाई १५० (एकसय पचास) मिटर छ भने यसको एक चक्कर लगाउँदा एक किलोमिटर हिँड्नुपर्दछ । उक्त पिरामिडमा लगभग २३ (तेईस) लाख शिलाखण्डहरु प्रयोग गरिएका छन्, जसमध्ये सबैभन्दा सानोको वजन नै २$^{१/२}$ (साढे दुई टन) को रहेको छ । एउटा कम चौडाइको ढोका भएर पिरामिड भित्रको एक सानो कोठामा फिराउनको शव राखिएको थियो ।

उपर्युक्त पिरामिडहरूलाई प्राचीनकालका मिश्री शासकहरूको समाधिको रूपमा लिइएका छन् । पिरामिडहरु तत्समयका मिश्री शासकहरूका मृतदेहलाई समाधिस्थ गरिएको स्थलमाथि बनाइएका थिए । यसरी यथार्थरूपले भन्ने हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने पिरामिडहरु ठूला-ठूला शासकहरूको मृतदेह भनौं या उनीसित सम्बन्धित वस्तुहरु गाडेका स्थलमाथि निर्मित विशालतम वास्तुको रूपमा लिइएका छन् । बेबिलोनका निपुर स्थानमा एक विशाल समाधिस्थल प्राप्त भएको छ, जसमा अनेकौं भस्मघट (अवशेषपात्र = Urn) हरु गाडिएको पाइएका छन् । कतिपय भस्मघट ई.पू. ३००० (तीन हजार) वर्ष अघिका भएको कुराको अनुमान गरिएका छन् । महापरिनिब्बानसुत्त, थूपारहामा वर्णन गरिएको छ कि भगवान् तथागतको अनुसार स्तूप निर्माणगर्न योग्य चारओटा छन्, तिनीहरु हुन् -

१. तथागत अर्हत् सम्यक् सम्बुद्ध स्तूप बनाउनु योग्य छन् ।
२. प्रत्येक सम्बुद्ध स्तूप निर्माण गर्नु योग्य छन् ।
३. तथागतका श्रावक (=शिष्य) स्तूप बनाउन योग्य छन् ।
४. चक्रवर्ती राजा स्तूप बनाउन योग्य छन् ।

उपर्युक्त वर्णनबाट स्पष्ट हुन्छ कि स्तूप निर्माण गर्न योग्य चारओटा स्तूपहरु मध्ये चक्रवर्ती राजाहरूको समाधिमाथि पनि स्तूपहरु निर्माण गरिन्थ्यो । यसरी बुद्धयुगभन्दा पहिलेदेखि नै स्तूपहरु निर्माण गर्ने परम्परा प्रचलित थियो भन्ने स्पष्ट हुन्छ । प्राचीन वैदिक एवं अन्य विभिन्न साहित्यिक कृतिहरूको अनुशीलनबाट वैदिककालदेखि नै मनुष्यको शवलाई गाडेर त्यसमाथि इमारत ठड्याउने परम्परा विद्यमान रहेको कुरा विदित हुन्छ । यजुर्वेदमा वर्णन गरिएको छ कि समाधिलाई परिधिद्वारा घेरेर राखिन्थ्यो, जसबाट कि त्यस घेराबाट शवका पवित्र भूमिलाई संसारका अपवित्र वातावरणबाट मुक्त राख्न सकियोस् । कालान्तरमा परिधिलाई वेदिकाको संज्ञा दिइयो । आश्वलायन गृह्यसूत्र ४।५ मा अस्थि कुंभ (Urn) मा शवका जलेको अस्थि या खरानीलाई राखेर पृथ्वीमा गाडी त्यसमाथि अग्ला इमारत निर्माण गर्ने कुरा वर्णित छ । यी विवरणहरूको प्राप्तिले मिश्रको प्राचीनतम सभ्यतामा मानिसको समाधिस्थलमा जुन विशालतम स्तूपको रूपमा वास्तुको निर्माण गर्ने परम्परा चलेको थियो त्यसको प्रचार प्रसार अन्य विभिन्न सभ्यताहरूमा पनि भएको थियो । बुद्धयुग एवं त्यसको अनन्तर भारत एवं नेपालका विशालतम स्तूप एवं चैत्यहरूको निर्माण भएकोलाई उपर्युक्त यथार्थताको परिप्रेक्ष्यमैं लिन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

माथि वर्णित पिरामिडहरूदेखि केही टाढा पूराका पूरा चट्टानलाई टाँसेर बनाइएका विराट् नारसिंही मूर्तिहरु, जसलाई स्फिंक्स भन्ने गरिएका छन्, ठड्याइएका थिए । स्फिंक्स फिराउनको प्रतीक मानिन्छ । तर, मलाई लाग्दछ यी स्फिंक्स मृत्युलोकका अधिपति मृत्युदेवका प्रतीक हुन् । खुफूको पिरामिड निकटस्थ स्फिंक्सको ऊँचाई २० (बीस) मिटर भन्दा बढी छ । मानिसहरु उक्त भयानक मूर्तिदेखि यत्ति भयत्रस्त हुन्थे कि तिनको नाम नै 'आतङ्कका पिता' रहन गयो । प्राचीन युगका मिश्री शासकहरु यथा फिराउनहरूका असीम एवं निरङ्कुश सत्ताका मूक साक्षीको रूपमा निर्मित उपर्युक्त पिरामिड एवं स्फिंक्स आदिहरु रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दास सहित शोषितहरूको विद्रोह

किसान, मजदूर एवं दासहरु फिराउन, सम्भ्रान्त एवं दास मालिकहरूको अत्याचारलाई सदाकाल सहेर बस्न कसरी सक्थे । तिनीहरूले उपर्युक्त शासक एवं दासमालिकहरूको अत्याचारको विरूद्ध सशक्त विद्रोह गरेका थिए जसमा सर्वप्रथमतः तिनीहरूले महानतम सफलताको आस्वाद लिए । यस घटनाबारे एक प्राचीन मिश्री दस्तावेजले पुष्टि गरेको छ ।

"मानिसहरूले ईश्वरद्वारा स्थापित फिराऊनको सत्ताको विरूद्ध विद्रोह गरेका छन् । राजधानी हेर्दाहेर्दै धूलोमा मिलेको छ । निमुखा गरीब शोषितहरूले सम्राट्लाई समातेका छन् ।

ठूला अधिकारीहरु ज्यान बचाएर भागिरहेका छन् । अरु अधिकारीहरु मारिएका छन् । कर उठाउने बारेका कागजातहरु नष्ट गरिएका छन् ।

गरीबहरु ठूला-ठूला महलहरूमा पसिरहेका छन् ।

मिहीन र असल राम्रा-राम्रा लुगा लगाएका मानिसहरूलाई डंडाले पिटिरहेका छन् । ठाटबाट भई हिंड्ने व्यक्तिहरु झुत्रा झात्रा लुगा लगाई हिंडिरहेका छन् । कंगाल व्यक्तिहरु सम्पन्न भएका छन् ।

जोसित एक जोडा वैल तक थिएन, उनी अहिले पूराका पूरा बोका, भेंडा आदि वस्तु भाउको बथानका मालिक भएका छन् । जो खानलाई अरूसित अन्न मागेर हिंड्दथे, उनीहरु खूद अन्न प्रदान गर्ने भएका छन् । दासहरु खूद दास मालिक भएका छन् ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

उपर्युक्त दस्तावेजको अध्ययनबाट लगभग १७५० ई.पू. को ताका मिश्रमा घटित सामन्त एवं दासस्वामीको आडमा स्थापित मिश्री शासकहरूको विरूद्ध भएको दास लगायत सम्पूर्णजसो निरीह गरीब जनमानसको विद्रोह विश्व इतिहासको महानतम घटना रही यद्यपि उक्त विद्रोह अन्ततोगत्वा विफल भए तापनि भविष्यमा त्यसले सम्पूर्ण विश्वका शोषित पीडित सर्वहारावर्गलाई अत्याचारी निरङ्कुश शासक, धनीमानी सामन्त एवं पूँजीपतिवर्गको विरूद्ध सशक्त आन्दोलन गरी सुखद भविष्यको निर्माण हुने कुरोमा विश्वस्त तुल्याएका थिए ।

दुई हजार सहस्राब्दी ईशापूर्वमा मिश्रको अर्थ व्यवस्थाको विकास अत्यधिक मात्रामा भएको थियो । यसको साथसाथै मिश्री शासक फिराउनहरूले आफ्ना सैनिक शक्तिलाई मजबूत तुल्याउनुको अतिरिक्त विदेशी भूमि दखल गर्ने मनसायले एक विशाल सेनाको साथ विजय अभियान चालेका थिए । दीर्घकाल सम्मको युद्धपछि मिश्रीहरु भूमध्यसागर (Mediterranean Sea) को पूर्वी तटस्थित फिलिस्तीन र सीरियामाथि कब्जा गर्न सफल भए । मिश्री साम्राज्यको सीमा उत्तरमा फरात (Euphrates) नदीसम्म पुगे । दक्षिणमा फिराउनहरूले सुन खानीको लागि प्रसिद्ध नूबियालाई पनि जिते । फिराउनहरूले विजित प्रदेशहरूलाई निर्ममतापूर्वक लुट्नुको साथै असंख्य मात्रामा युद्धबन्दीहरूलाई दास तुल्याएका थिए । यसरी मिश्रमा दासहरूको संख्या प्रचुर मात्रामा बढ्न गएको थियो । अर्कोतिर, मिश्रमा असंख्य मात्रामा कर्जदार कृषक एवं शिल्पीहरु पनि आफूले लिएका कर्जा चुकाउन नसकेका कारण तिनीहरूका बच्चा या तिनीहरु स्वयं नै विक्री भई दास हुन बाध्य भएका थिए । ती दासहरूलाई माथि वर्णन गरिए अनुसार शिला एवं धातुखानी, महल तथा नहर निर्माण औ दास मालिकहरूका खेत खलिहानमा काम गर्न लगाईन्थ्यो ।

साम्राज्य विजय अभियानमा फिराउनहरूको अत्यधिक समय जसै व्यतित हुँदै गएको थियो, मिश्रको आर्थिक स्थिति झन-झन् कमजोर हुँदै गयो । किसानहरूको चरम गरीबी तथा दास एवं विजित जातिहरूका विद्रोहका कारण मिश्री साम्राज्यको शक्तिलाई तहसनहस तुल्याएका थिए । फिराउनहरूले पहिले आफूले जितेका इलाकाहरु सबै एक-एक भई स्वतन्त्र हुन लागेका थिए । बाह्य मुलुकहरूको आक्रमणको सामना गर्नसम्म पनि तिनीहरूको सामर्थ्य रहेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्रमा देवभृत्य प्रथा

मिश्रवासीहरु देवता एवं पारलौकिक जीवनमा अत्यधिक मात्रामा विश्वास गर्दथे । तिनीहरु मन्दिरलाई देवताहरुका वासस्थलको रुपमा मान्थे र देवताहरुको अनुग्रह प्राप्तिको लागि तिनीहरु मन्दिरमा प्रतिस्थापित देवताहरुको पूजा गर्दथे । दासमालिकहरु देव मन्दिरहरुमा सुन, पशु एवं दास आदि चढाउँदथे । त्यहाँका शासकहरु अत्यधिक उब्जाउ जमीनहरु देवमन्दिरहरुको लागि चढाउँदथे । यसरी प्राचीनकालमा मिश्रका देवमन्दिरहरुमा असंख्य सम्पत्ति जम्मा हुनुको साथै दास-दासीहरु पनि अत्यधिक मात्रामा रहेका थिए । त्यहाँको एक मन्दिरमा लगभग ८० (अस्सी) हजार दास-दासीहरु भएको कुरा वर्णित छ ।

त्यहाँका देवमन्दिरहरुका सम्पूर्णजसो कार्य सञ्चालन त्यहाँका पूजारीहरुको मार्फत गरिन्थ्यो । मन्दिरका सम्पूर्ण सम्पत्तिका मालिक पूजारीहरु नै हुन्थे । ती पूजारीहरु साँचो अर्थमा भन्ने हो भने सबैभन्दा ठूला दासस्वामी हुनुको साथै भूमिपति रहेका थिए । विश्वका सबैभन्दा प्राचीनतम सभ्यताको रुपमा मान्य प्रस्तुत नीली सभ्यतामा प्रचलित परम्परा विश्वका अन्य सभ्यताहरुमा पनि फैलिएको थियो । हाम्रै नेपाल एवं भारतका सुप्रसिद्ध देवमन्दिरहरुमा आफ्नै असंख्य उब्जाउ भूमिहरुको साथै अपार धनराशि एवं दास-दासीहरु भएको कुरा उपलब्ध अनेकौं इतिहासका स्रोत सामग्रीहरुबाट विदित भएका छन् । भारतको काठियावाडस्थित प्रसिद्ध सोमनाथ मन्दिरको विध्वंश विदेशी आक्रान्ताहरुद्वारा त्यहाँ निहित अपार धनराशिको प्राप्तिको लागि नै गरिएको थियो । हाम्रै नेपालका सुप्रसिद्ध पशुपति मन्दिर, स्वयम्भू चैत्य एवं ललितपुर पिन्थवहारस्थित ठूलो चैत्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

विध्वंश गरी विदेशी आक्रान्ताहरूले १३ (तेह्रौं) औं शताब्दी ई. मा जुन लूटमार मच्चाएका थिए त्यसलाई उपर्युक्त यथार्थताकै परिप्रेक्ष्यमा लिन सकिन्छ । फेरि, प्राचीनकालको मिश्रमा जस्तै नेपाल एवं भारतका देव मन्दिरहरूमा दास-दासीहरूको प्राचुर्य थियो । सातौं शताब्दी ई. को अनन्तलिङ्गेश्वरको अभिलेख एवं पशुपतिमा प्राप्त आभिलेखिक साक्ष्यहरूले ती मन्दिरहरूमा दास-दासीहरूको बाहुल्य रहेको यकीनन् थाहा हुन्छ । सूदुर पश्चिममा अद्यापि प्रचलनमा रहेको देवकी प्रथालाई यसै सन्दर्भमा लिन सकिन्छ । भारतमा पनि खिष्टाब्दपूर्वदेखि नै मन्दिरहरूमा दास-दासीहरूको प्राचुर्य रहेको विदित हुन्छ । दक्षिण भारत एवं मध्यप्रदेशका अभिलेखहरु यस कुराका साक्ष्य स्वरूप छन् । अर्को कल्हणकृत राजतरङ्गिणीमा वर्णित भए अनुसार काश्मीरका देवप्रासादहरूमा देवदासीहरूको उपस्थिति रही त्यहाँ पहिलेदेखि नै देवदासी प्रथा विद्यमान रहेको कुराको यकीनन जानकारी मिल्छ । मिश्रमा फिराउनहरु देवताको रूपमा मानिएका थिए । सामान्य जनमानसको अतिरिक्त ठूला-ठूला सामन्त, दासमालिक एवं सम्भ्रान्त व्यक्तिहरु पनि फिराउनलाई दण्डवत गर्दथे । यसरी मिश्रमा धर्मले फिराउनहरूको सत्ता एवं दासस्वामीहरूको प्रभुत्वको अभिवृद्धिमा ज्यादै महत्वको भूमिका खेलेका थिए ।

उपर्युक्त विभिन्न आधारहरूबाट विश्वका विभिन्न भागमा फैलिएका कतिपय धार्मिक कृत्य एवं दास-दासीहरूको प्राचीनतम स्रोत नीली सभ्यता नै रहेको देखिन्छ । यस यथार्थतालाई अन्य सभ्यताहरूको अध्ययनबाट हामीलाई स्पष्टतरूपले विदित हुन्छ ।

पुरातनकालमैं मिश्रमा लेखनकला, शिक्षा एवं विज्ञानको क्षेत्रमा अत्यधिक मात्रामा विकास भएको थियो । तर, त्यस समय शिक्षा प्राप्तिको सुविधा खासगरी धनीमानी सम्पन्न व्यक्ति एवं दासस्वामीहरूमैं सीमित थियो र निर्धन भनौं विपन्न अवस्थाका व्यक्ति एवं दास-दासीहरूलाई आवश्यक शिक्षा सुविधाबाट वञ्चित गरिएका थिए । तत्कालीन मिश्रवासीहरूमा पौराणिक कथाहरूको साथै उपदेशहरु पनि अत्यधिक मात्रामा प्रचलित थियो, जसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धन सामान्य निरीह जनताहरूलाई फिराउन र सम्भ्रान्त वर्गहरूलाई आफूभन्दा उच्च मानेर तिनको सामु शिर निहुराउनुपर्ने अत्यावश्यकताहरु वर्णन गरिएका, यथा -"अधिकारीहरूको सामु शिर झुकाउनु पर्दछ", "जन्मजात मानिसले अधिकारीहरूको आज्ञाको पालना गर्नु अनिवार्य छ", आदि ।

यद्यपि गरीब सामान्य जन आफ्ना गीत एवं कहावतहरूलाई लेखबद्ध गर्न सक्तैनथे । तर, जत्ति पनि तिनीहरूका गीत, कहावतहरु पाइएका छन् तिनीहरूमा सामान्य निरीह जनताहरूका हृदयविदारक स्वरहरु गुञ्जिएको पाइएका छन् । अमीर व्यक्तिहरूका समाधिहरूका भित्ताहरु अनेकौं रंगीन चित्रहरूले सजिएका हुन्छन् । ती चित्रहरूमा अन्य विविध प्रकारका चित्रहरूको क्रममा दासहरूले खेतमा फसल काटिरहेका दृश्यहरु पनि रहेका छन् । दासहरूको मृत्यु हुँदा जमीनमा निर्मित एउटै खाडलमा एकसाथ अनेकौं दास-दासीहरूलाई पुर्ने गरिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दजला र फरात नदीको सभ्यता

दजला र फरात भनौं टाईग्रिस एवं यूफ्रेटस नदी तटमा आदिमयुगमा मेसोपोटामियाको सभ्यता विकसित भएको थियो । उपर्युक्त नदीहरूको मध्य तथा तल्लो भागमा रहेका प्रदेशलाई प्राचीन यूनानीहरु मेसोपोटामिया अर्थात् नदीहरूको बीचको प्रदेश भन्ने गर्दथे, जस्तो नदीले घेरिएको प्रदेश भएको कारण नेपाल उपत्यकास्थित तीन प्रमुख राज्यहरु मध्येको एक भक्तपुरको प्राचीन नाम खोपृङ रहेको थियो ।

मेसोपोटामियाको भूमि ज्यादै उर्वर थियो । खेतहरूमा खासगरी गहुँ र जौको खेती हुन्थ्यो । अर्को, त्यहाँ खजूरका बोटहरु पनि यथेष्टमात्रामा रहेका थिए । मेसोपोटामियावासीहरु खजूरका बोटहरूलाई "जीवन वृक्ष" भन्ने गर्दथे । खजूरका फलहरूबाट आटा र गुड (शख्खर) तयार गरिन्थ्यो । खजूरको पेडका गुठलिहरु इन्धनको काममा प्रयोग हुन्थ्यो । पेडको बोक्राका रेशाहरूबाट डोरी बाँटिन्थ्यो र पातहरूबाट टोकरीहरु बुनिन्थ्यो । चरागाहहरूमा घुँघरिएका ऊन भएका भेंडाहरु र गाईहरु चर्दथे ।

यहाँको जमीन ज्यादै उर्वर भएको कारण यहाँ रोपेको अनाजको एकदानाबाट १०० (सय) दाना फल्दथ्यो । अर्को, मेसोपोटामियाबासीहरु खजूरका बोटहरूलाई जीवनवृक्षको संज्ञा दिन्थे । खजूरको एउटा बोटबाट वर्षमा ५० (पचास) किलोग्राम सम्म खजूर फल्दथ्यो । आफ्नो आवश्यकताभन्दा बढी अनाज एवं फलको उत्पादनले गर्दा समाजमा मुठ्ठीभर व्यक्तिहरूद्धारा बहुसंख्यक जनमानसमाथि अत्यधिक शोषण एवं अत्याचार गरिन लागेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुठ्ठीभर संभ्रान्त व्यक्ति एवं पुरोहितहरूले भूमिका ठूला-ठूला हिस्सा माथि कब्जा गरी ती भूमिमा काम गर्न दासहरु पालेका थिए । लडाईमा समातिएका युद्धबन्दीहरूलाई दास-दासी तुल्याइएका थिए । दास-दासीहरूलाई मन्दिर एवं संभ्रान्त व्यक्तिहरूका खेत, बगैंचा, कर्मशाला आदिमा काम गराइन्थ्यो । मन्दिरहरूमा दास-दासीहरूको उपस्थितिले आदिमयुगीन मिश्री सभ्यताको अनुरूप देवस्थलहरूमा देवदास एवं देवदासी प्रथा आदिमयुगदेखि नै प्रचलनमा रहेको यथार्थतातिर स्पष्टतः इङ्गित हुन्छ । फेरि, मेसोपोटामियाको तत्युगीन सभ्यतामा दासहरूलाई "आँखा माथि नउठाउने" भन्ने गरिन्थ्यो, किनभने तिनीहरूको लागि आफ्ना मालिकको मुख हेर्नु वर्जित थियो । नेपालमा गणतन्त्र स्थापना हुनुभन्दा पहिलेसम्म नारायणहिटी राजप्रासादमा प्रवेश गर्दा मानिसहरूले शिर उठाई हिँड्ननहुने परम्परा विद्यमान रहेको कुरा यहाँ स्मरणयोग्य छ ।

धनवान्हरु अत्यधिक धनवान् औ गरीबहरु अत्यन्त गरीब हुने हुनाले तिनीहरु बढी भन्दा बढी मात्रामा धनवान्हरूका ऋणी हुन बाध्य थिए । तिनीहरूले जत्तिसुकै काम गरे तापनि साहुकारहरूको ऋण चुकाउन नसक्ने भएर तिनीहरु साहुकारहरूका दास-दासी हुन बाध्य हुन्थे ।

चौथो शताब्दी ईशापूर्वको अन्तमा मेसोपोटामियामा वर्गहरूको उदयको साथ-साथ राज्यहरूको स्थापना पनि प्रारम्भ भएको थियो । मेसोपोटामियाका प्रत्येकजसो नगर एक पृथक् राज्य थियो, जस्तो मध्ययुगीन नेपाल उपत्यका अलग-अलग नगर राज्यहरूमा विभक्त थियो । तत्समय न केवल नेपाल उपत्यका बल्कि सम्पूर्ण नेपाल नै भने जस्तो साना-साना नगर एवं ग्रामीण राज्यहरूमा विभक्त थिए । मेसोपोटामियाका उपर्युक्त नगर राज्यहरूमा गरीब एवं दासहरूको क्रूरतम दमन गरिन्थ्यो ।

मेसोपोटामियाका सबैभन्दा ठूलो व्यापारिक नगर एवं एक शक्तिशाली साम्राज्यको राजधानी बेबिलोन थियो । आफ्ना अपार सम्पदाको बलमा हम्मुरावीले एक विशाल सेना तयार गर्नुको साथै बल प्रयोग तथा चातुर्यतापूर्वक सम्पूर्ण मेसोपोटामियाका नगर राज्यहरूलाई जितेर एक शक्तिशाली साम्राज्य स्थापित गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हम्मुरावीको विधिसंहिता

१८ औं शताब्दी ईशापूर्वको बेबीलोनका सम्राट् हम्मुरावीले सम्भवतः विश्व इतिहासमा सर्वप्रथम सामान्य निरीह गरीब जनतामाथि आफ्नो निरङ्कुश प्रभुत्वलाई विधिसम्मत तुल्याउने हेतु एक विधिसंहिता लागु गरेका थिए । उक्त विधिसंहिता साढे दुई मीटर अग्लो कालो शिलामा कुँदिएको थियो । पुरातत्वविद्हरूले २० औं शताब्दी ई. को प्रारम्भमा उक्त अभिलेखयुक्त कालो शिलास्तम्भ पत्ता लगाएका थिए । त्यस शिलास्तम्भको सबैभन्दा माथि स्वयं सम्राट् हम्मुरावीले भगवान् सूर्यबाट विधि प्राप्त गरिरहेको र त्यसको तलतिर उक्त विधिसंहिता कुँदिएका थिए । आफ्नो निरङ्कुश प्रभुत्वलाई विधिसम्मत तुल्याउने हेतु आफूद्वारा लागू गरिएका कानून देवप्रदत्त रहेको उल्लेख गरी धर्मभिरू निःमुखा जनतालाई अकथनीय शोषण गर्न लागेका थिए । सेमिटिक भाषाको उपर्युक्त विधिसंहिताबाट अन्य कुराहरूको अतिरिक्त तत्युगीन दासहरूको स्थितिबारे हामीलाई जानकारी मिल्छ । त्यस समय दास मालिकहरु बेबीलोनी राज्यशक्तिको सहायताले गरीब एवं दासहरु माथि आफ्नो प्रभुत्व कायम राख्दथे ।

उपर्युक्त विधिसंहितामा वर्णित वर्णन अनुसार जसले दास या दासीलाई चोर्दछ, त्यसलाई प्राणदण्ड दिइनेछ ; भागेका दासलाई शरण दिने व्यक्ति पनि प्राणदण्डको भागी हुनेछ ; जसले दासको चिन्ह मेट्दछ, तिनका औंलाहरु काटिनेछन् ; जसले अर्काको दासलाई मार्दछ, त्यसको बदलामा तिनले दास नै दिनुपर्दछ ; जसले अर्काको बैललाई मार्दछ, तिनले बदलामा बैल नै भर्ना दिनु आवश्यक छ ; जो ऋणी छन्, तिनकी पत्नी, पुत्र अथवा पुत्रीलाई तीन वर्षसम्म दास-दासी भएर रहनु अनिवार्य मानिन्छ । यसरी उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कानून संग्रहबाट तत्कालीन समाजमा दासहरूको अवस्थाको स्पष्टतरूपले जानकारी मिल्छ । उपर्युक्त प्रस्तर खण्डमा उत्कीर्ण विधिसंहिताका केही अंश, जुन अंग्रेजीमा अनुदित छ, निम्नलिखितानुसार छन् -

"I, Hammurabi, the chief appointed by the gods, foremost among Kings, conqueror of the Euphrates hamlets, have put truth and justice into the country's mouth and granted prosperity to the people.

"Henceforward:

"If a man steals the property of a temple or the king, he must be killed; and he who receives the stolen property must be killed.

"If a man steals a slave or a woman slave, he must be killed.

"If a man harbours a runaway slave, he must be killed.

"If a man cuts off a slave's brand, his fingers must be cut off.

"If a man causes the death of another man's slave, he must replace the slave with another slave.

"If a man causes the death of another man's ox, he must replace the ox with another ox.

"If a man incurs a debt, his wife, son or daughter must remain slaves for three years.

"If a man slaps the face of an equal, he must pay a fine.

"If a man slaps the face of a superior (a nobleman or priest), he must receive 60 (sixty) lashes of a ox-hide whip."

The code ended in these words: "I, King Hammurabi, the just to whom the Sun god gave the laws. My words are superb, my works are unequalled."

उपर्युक्त शिलास्तम्भमा भगवान् सूर्यदेवबाट राजा हम्मुराबीले दुनियाँमाथि शासन गर्ने विधिसंहिता प्राप्त गरिरहेको देखाई स्पष्टरूपले शोषित पीडित निरीह जनतामाथि निरङ्कुश शासन गर्ने अधिकार स्वयम् भगवान् सूर्यदेवबाट राजालाई कानूनन प्रदत्त थियो भन्ने दर्शाएको स्पष्ट हुन्छ । यसरी उपर्युक्त स्तम्भलेखलाई विश्वको प्राचीनतम विधिसंहिताको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

लिइएर विश्वइतिहासमा राजाको दैविक स्वरूपलाई दर्शाउनुको साथै राजाको निरङ्कुश शासनलाई वैधानिकता प्रदानगर्ने शासकको महत्वाकांक्षाको पहिलो दस्तावेजको रूपमा लिइएको स्पष्ट छ । यस प्रकार राजा एवं समाजका ठूला ठालूहरूले धर्मभिरू सामान्य निरीह जनतामाथि देवप्रदत्त विधि भनौं धर्मको नाममा अकथनीय दुःख एवं यातना दिन लागेका थिए ।

अर्को, सेमेटिक भाषामा लेखिएको उक्त २$^{१/२}$ (साढे दुई मिटर) अग्लो प्रस्तर खण्डमा तत्युगीन दासहरूको बारे पनि हामीलाई अत्यधिक जानकारी मिलेको कुरा माथि वर्णित भइसकेको छ । यसरी प्रस्तुत स्तम्भलेखको प्राप्तिले बेबिलोनियन सभ्यतामा दास-दासी प्रथाको अधिकतम प्रचार रहेको यथार्थतालाई स्पष्ट पार्दै त्यस समय दास-दासीहरूको समाजमा दयनीय स्थिति रहेको दर्शाएको छ । राज्यशक्तिको आडमा दासस्वामीहरु आफ्ना दास-दासीहरूमाथि निरङ्कुश तवरले औधी यातना दिन्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो सहस्राब्दी ईशापूर्वको पश्चिम एशिया

पहिलो सहस्राब्दी ईशापूर्वको पश्चिम एशियामा कृषि र शिल्पको विकास अत्यधिक मात्रामा हुन लागेपछि दासहरूको माँग र संख्या पनि ज्यादै बढेको थियो; फलतः पश्चिम एशियामा दासप्रथाको विकास द्रुतगतिले हुन लागेको थियो । पहिलो सहस्राब्दी ईशापूर्वको आरम्भताका भूमध्यसागरको पूर्वी तटमा अनेकौं नगरहरु निर्माण हुन लागेका थिए, तिनीहरूमध्ये सागरतट्स्थित फिनिसियन (पणिनामक जाति) हरूको एक नगर ज्यादै समृद्ध थियो । यिनीहरु उच्च कोटीका पोत (डुङ्गा) निर्माता हुनुको साथै चतुर नाविक पनि थिए । तिनीहरूका डुङ्गाहरु आसपासका सागरहरूमा मात्र नभई अटलाण्टिक महासागरसम्मन् यात्रा गर्दथे । भूमध्यसागरका सबैजसो नगरहरूमा फिनिसियाईहरूको व्यापार अत्यधिक मात्रामा फैलिएको थियो । तिनीहरु समुद्रमा अरूका डुङ्गाहरूमा हमला गरी त्यसमा सवार जत्ति पनि मानिसहरु छन् तिनीहरु सबैलाई समातेर दास बनाई बेचबिखन गर्दथे । यसरी भूमध्य सागरीय क्षेत्रमा दासप्रथाको राम्रो विकास हुनुमा फिनिसियनहरूको सागर व्यापारले महत्वको भूमिका खेलेको स्पष्ट छ ।

सातौं, आठौं शताब्दी ईशापूर्वमा पश्चिम एशियाका सबैभन्दा शक्तिशाली राज्य असीरिया थियो । त्यसको अनन्तर बेबीलोनको वर्चस्व रह्यो । छैठौ शताब्दी ईशापूर्वतक पश्चिम एशियामा एक नयाँ शक्तिको उदय भयो, तिनीहरु हुन्-पारसिक यानी प्राचीन ईरानवासीहरु । तिनीहरूका सम्राट् कुरूश (साइरस) ले एक-एक गरी देशहरु जित्दै जाने क्रममा बेबीलोन पनि जितेका थिए । बेबीलोनका पुरोहितहरूले गद्दारी गरी आक्रमणकारी साइरसका सेनाको लागि नगरद्वार खोलिदिएका थिए, जस्तो नेपाल उपत्यकास्थित भक्तपुर राज्यको राजप्रासादको द्वार आक्रामकको लागि गद्दारी गरी खोली दिएको कारण नेपाल उपत्यकाका अन्तिम शक्तिशाली राज्य आक्रामक शासकको अधीनस्थ हुन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह्वाङ्हो घाँटीको सभ्यता

(चीनमा दासप्रथा)

चीनका दुई प्रमुख नदीहरु यथा याङ्त्सी क्याङ्ग तथा ह्वाङ्हो मध्ये ह्वाङ् हो नदी तटमा गरिएका उत्खनन्हरूमा पुरातत्ववेत्ताहरूले दुई सहस्राब्दी ईशापूर्वका अनेकौं चिहानहरु भेट्टाएका छन् । ती चिहानहरूमा मृतक व्यक्तिका साथ विभिन्न वस्तुहरूको अतिरिक्त दासहरु एवं अन्य सैकडौं मानिसहरूलाई गाडिएका थिए । विभिन्न वस्तु एवं दास-दासीसँगै अन्य अनेकौं मानिसहरूलाई उपर्युक्त मृतक व्यक्तिको आत्माको सेवा तथा रक्षाको लागि तिनका शव (लास) सँगै गाड्ने गरिएका थिए । ती व्यक्तिहरूलाई गाड्नुपूर्व तिनीहरूका शिर काट्दथे या तिनीहरूका हात, खुट्टा बाँधेर जिउँदै गाड्ने गरिन्थ्यो । उपर्युक्त उत्खनन्हरूमा पुरातत्ववेत्ताहरूलाई प्राप्त हुन आएको त्यस युगको एउटा हाडको टुक्रामा लेखेको छ :

'दासहरूलाई पृथ्वीमा वर्षा होस् भन्ने कामनाले जिउँदै आगोमा जलाइन्थ्यो ।'

सुख्खा र बाढीको भयले मानिसहरु वायु, वर्षा र नदीहरूलाई देवता मानेर तिनीहरूलाई सन्तुष्ट पार्नको लागि दासहरूलाई बलि चढाइन्थ्यो । दासहरूलाई जिउँदै जलाइन्थ्यो या नदीमा फ्याँकिन्थ्यो । भौतिक र लिखित स्रोत सामग्रीहरूबाट जानिन आएको छ कि दोस्रो सहस्राब्दी ईशापूर्वतक ह्वाङ्हो घाँटीमा दासप्रथाको उदय र चीनको प्रथम दासप्रथात्मक राज्यको स्थापना भइसकेको थियो । सुखा र बाढी आउने डरले दासहरूलाई बलि चढाइने परम्पराको उल्लेखले प्राचीनकालदेखि नै यहाँ दैवी उत्पातको समनार्थ एवं ठूला-ठूला निर्माण कार्य सम्पन्न भएको अनन्तर नरबलि दिने प्रथाको ऐतिह्यबारे जानकारी मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम सहस्राब्दी ईशापूर्वमा चीनको अर्थ व्यवस्था मजबूत हुनुको साथै चीनम. अनेकौं नगर राज्यहरूको उदय भएको थियो । ती राज्यहरूको बीच आपसम. लडाईँ झगडा भइरहन्थ्यो । अन्तमा गएर चीन राज्यका शासकले अरु सबै राज्यहरूलाई जितेर सम्पूर्ण चीनमा आफ्नो प्रभुत्व स्थापित गरे । तिनले २२१ ईशापूर्वमा 'चिन शिह ह्वाङती', जसको अर्थ हुन्छ 'प्रथम चीन सम्राट्' को उपाधि धारण गरे । यस कुरोको प्राप्तिले वर्तमान चीनको प्राचीन नाम चीन नभएको यथार्थताको पुष्टि भएको स्पष्टतः लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीनको विशाल परखाल

उपर्युक्त समय उत्तरतिरबाट चीनमा हूणहरूको आक्रमण बराबर भइरहन्थ्यो । ती आक्रमणहरूलाई रोक्नको लागि 'चिन शिह ह्वाङ्ती' ले उत्तरमा एक विशाल परखालको निर्माणको आज्ञा दिए । उक्त परखाल निर्माण गर्ने कार्यमा अनगिनत गरीब निर्धन किसान, कैदीहरु, सिपाहीं र असंख्य मात्रामा दासहरूको प्रयोग गरिएका थिए । ४००० (चार हजार) मीटर लामो यो परखाल माथि एक साथ पाँचजना घोडसवार दगुर्न सक्तथे । परखालको बीच बीचमा बुर्जाहरु पनि बनाइएका थिए । यसलाई चीनको विशाल परखालको संज्ञा प्रदान गरिएको छ । साँच्चै भन्ने हो भने यो विश्वको यो नै एक परखाल छ जसलाई ब्रह्माण्डका अरु ग्रह तथा चन्द्रमाबाट पनि देखिएको छ । यस्तो विशाल परखालको निर्माण गरी निर्धन किसान एवं दासहरूले मानव सभ्यतामा अतुलनीय योगदान पुऱ्याएका छन् । यसैले यद्यपि यिनीहरु निर्धन किसान एवं दास रहेका छन्, तर साँचो अर्थमा भन्ने हो भने यिनीहरु नै यो ब्रह्माण्डलाई एकापसमा चिनाउने सबैभन्दा वन्दनीय छन् ।

विशाल परखालको निर्माण गरी चीन आफ्नो मुलुकलाई बाह्य आक्रमणकारीबाट सुरक्षित तुल्याउनुको साथै साम्राज्यको अभिवृद्धिमा पनि प्रयत्नशील रहे । उत्तरका हूणहरूसित लामो समयसम्म घमासान युद्ध गरी तिनीहरूमाथि विजय प्राप्त गर्नुको अतिरिक्त ठूलो संख्यामा हूणहरूलाई युद्धबन्दी गरी दास तुल्याएका थिए । यसको अनन्तर तिनीहरूले आफ्नो विजय यात्रालाई बढाउँदै लगेर चीनको राज्यसीमा मध्येशियासम्मन् पुऱ्याए । तिनीहरूले यो मार्गमा अनेकौं दुर्ग (किल्ला)हरु बनाउनुको साथै रेगिस्तानमा ठूला-ठूला कुँवाहरु निर्माण गरे । पूर्वदेखि पश्चिमसम्म सम्पूर्ण एशियाको आरपार हुने यस मार्गलाई 'रेशम महापथ' को संज्ञा दिइएको छ । किनभने यसै मार्ग भई चीनको रेशम व्यापार बाह्य संसारसित हुन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीनी सम्राट् एवं दासस्वामीहरूको विरुद्ध दास एवं किसानहरूको विद्रोह

चीनमा हान सम्राट्हरूको समय किसान तथा दासहरूको अवस्था अत्यन्त दयनीय हुन लागेको थियो । दासस्वामी एवं सामन्तहरूबाट तिनीहरू निर्ममरूपले उत्पीडित थिए । तत्कालीन एक लेखकको अनुसार किसानहरू सुंगुर र कुकुरको जस्तो खाना खाएर जीविका गर्दथे । कपडाको नाममा तिनीहरू फूस, पुआल र पात लगाउँदथे ।

चीनमा तत्समय दासहरूको संख्या अत्यधिक मात्रामा बढेको थियो । ७० (सत्तरी) हजार दासहरू सम्राट्को सम्पत्ति रूपमा रहेका थिए । कबीलाहरूको विरुद्ध भएको लडाईमा लगभग २००००० (दुई लाख) कबीलाहरू बन्दी बनाइएका थिए । तिनीहरू सबै दास तुल्याइए । कर्ज या लगान नबुझाउनेहरूलाई पनि दास तुल्याइएका थिए । अकालको समय खान नपाएर मानिसहरू खूद आफै दास बन्न विवश थिए । अकालको कारण बच्चाहरूलाई ख्याउन, लाउन दिन नसकेको कारण मानिसहरू आफ्ना बच्चाहरू बेच्दथे । सामान्य भन्दा सामान्य अपराधहरूमा पनि मानिसहरूलाई दास तुल्याइन्थ्यो । दास मालिकहरू सरकारको जेलमा रहेका कैदीहरू पनि दास बनाउनको लागि खरिद गर्दथे । तत्समय चीनका सडकहरूमा जनावरहरूको सरह सिक्रीले बाँधेका गरीब निर्धन दासहरू, जसले झुत्रा झात्रा लुगाहरू लगाएका थिए, को बथान देख्न सकिन्थ्यो । कहिले-कहिले हिंस्रक जनावरहरूको सरह फलामको पिंजडामा दासहरूलाई राखिन्थ्यो । तिनीहरूको शिर घोप्टो पारेका हुन्थे र तिनीहरूको पहिचानको रूपमा अनुहारमा दाग लगाइन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

दोस्रो शताब्दी ईशापूर्वमा दास मालिकहरूको ऐश्वर्यशाली जीवन बारे एक प्राचीन चीनी लेखकको लेखनी यस्तो छ - 'दास मालिकहरूसित हजारौंको संख्यामा दासहरु हुन्थे । तिनीहरूका मूल्यवान् वस्तुहरु राख्नको लागि तिनीहरूका ठूला-ठूला महलहरु पनि अपर्याप्त थिए । तिनीहरूसित घोडा, भेंडा, बाख्रा र सुंगुरहरु पनि यत्ति छन् कि तिनीहरूको लागि पहाड एवं घाँटीहरु पनि कम पर्दथ्यो । तिनीहरूकहाँ नाचगान गर्नेहरूको जलसा जहिले पनि भइरहेको हुन्छ । तिनीहरूका घरमा रक्सी पानीसरी बहेको हुन्छ र मासुहरु सडिराखेका हुन्छन् ।'

दास एवं किसानहरु दासस्वामीहरूलाई बेईमान र हरामखोर मूसा भन्दथे । किसान एवं दासहरु मिलेर हतियार लिई दासस्वामीहरु र सरकारी अधिकारीहरूमाथि हमला गर्दथे र आफूहरु कमजोर हुँदा भागेर पहाड एवं जङ्गलभित्र पस्दथे । 'दासहरूले खानीका प्रबन्धकलाई मार्नुको साथै हतियारहरु कब्जा गरे ।' 'अधिकारीहरूमाथि हमला गरी दासहरूले तिनीहरूलाई अपहरण गर्नुको साथै गोदामहरु लुटे', 'तिनीहरूले अधिकारीहरूलाई मारेर तिनीहरूका हतियारहरु लुटे' आदि जस्ता कुराहरु चीनी ग्रन्थहरूमा वर्णित छन् । प्राचीन चीनको इतिहासमा एउटा सबैभन्दा ठूलो विद्रोह पहिलो शताब्दी ई. को प्रारम्भ ताका भएको थियो, जसलाई लाल आँखीभुईंवालाहरु (The Red Eyebrows) को विद्रोह भनिन्छ । 'फानचुन' नामक एक योद्धाले आफ्ना विशाल समर्थकहरूको साथ लिई सम्राट्को विरूद्ध विद्रोह गरे । सम्राट्ले आफ्ना नौजना व्यक्तिलाई सेनानायक पदमा नियुक्त गरी तिनीहरूलाई ब्याघ्रको संज्ञा दिए । तर, फानचुनका विद्रोहीहरूले उक्त नौजना व्याघ्रहरूमध्ये ६ जना व्याघ्रहरूलाई हराई भगाई दिए । बाँकी तीनजना व्याघ्रले बाँकी सैनिकहरूलाई जम्मा गरी राजधानीको रक्षा गर्न लागे । सम्राट्ले जेलबाट कैदीहरूलाई छोडेर तिनीहरु सबैलाई हतियारद्वारा लैस गरी विद्रोहीहरूको विरूद्ध लड्न जाने आज्ञा दिए । तर, विद्रोहीहरु राजधानीतिर अगाडि बढ्दै राजधानी भित्र प्रवेश गरे । नगरमा सर्वत्र आगो बलिरहेको थियो । सम्राट् भागेर झीलको मध्यस्थित एक टापूको महलमा लुक्न गए । विद्रोही जनताले त्यस टापूमा पनि हमला गर्नुको साथै सम्राट्का अंगरक्षक सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सैनिक जवानहरूलाई मार्नुको साथै सम्राट्लाई पनि समातेर शिरोच्छेदन गरे । सम्भवतः निरीह जनताले क्रान्तिगरी निरङ्कुश सम्राट्को शिरोच्छेदन गरेको ऐतिहासिक कालको विश्व इतिहासको यो नै पहिलो घटना हो कि भन्ने अनुमान हुन्छ । १६ औं शताब्दी ई. मा फ्रान्सेली जनताले क्रान्ति गरी लुई सोलहवाँ एवं रानी मेरी एण्टोनियटलाई गिलेटीनमा चढाएको कुरा यहाँ स्मरणीय छ । यसरी चीनमा त्यहाँका किसान एवं दास सर्वहाराहरूले दास मालिक, सामन्त एवं सम्राट्को विरूद्ध आन्दोलन गरी आन्दोलनलाई सफलताको चुलीमा पुऱ्याएका थिए । तर ती निरीह जनतामा राजनैतिक सुझबुझको कमीको कारण तिनीहरूले निरङ्कुश शासकको समाप्त गरे पनि व्यक्तिलाई अत्यधिक महत्व दिई दासस्वामीहरूले नयाँ सम्राट्लाई गद्दीनशीन गराएकोमा कुनै विरोध गरेनन् । तिनीहरूको मान्यता थियो नयाँ सम्राट् न्यायी भएमा विरोध गर्नु आवश्यक हुँदैन । फलतः तिनीहरूको सफलताको चुलीमा पुगिसकेको क्रान्ति असफलतामा परिणत हुन गएको थियो । क्रान्ति व्यक्तिको विरूद्ध होइन, व्यवस्थाको विरूद्ध हो । यस यथार्थतालाई नबुझेरै उक्त क्रान्ति पूर्ण सफल हुन सकेन । यस यथार्थतालाई बुझेर नेपालका निरीह जनताले राजतन्त्रको विरूद्ध क्रान्ति गरी आज हाम्रो नेपालमा ल्याएको जुन प्रजाराज्य भनौं गणतन्त्र छ, त्यसलाई जोगाउने नै हो भने उपर्युक्त चीनको क्रान्तिबाट शिक्षा लिई प्राप्त गणतन्त्रलाई पूर्णता दिने कार्यमा अगाडि लम्कनु अत्यावश्यक छ ।

पहिलो शताब्दी ई.को आरम्भमा रातो आँखी भुई भएकाहरूको विद्रोहको अनन्तर भनौं उक्त विद्रोहको एकसय पचास (१५०) वर्षपछि तीनजना चान भाइहरूको आह्वानमा दोस्रो शताब्दी ई. को अन्ततिर चीनी गरीब शोषित जनताहरूले सम्राट्को राजसत्तालाई उखालेर जनहितकारी भनौं जनताको सरकार खडागर्ने लक्ष्य लिई क्रान्तिको लागि तयारी गर्न लागेका थिए । तर, ई.सं. १८४ मा कुनै एक व्यक्तिले गद्दारी गरी षड्यन्त्रको सम्पूर्ण खैखबर सम्राट्कहाँ पुऱ्याइदिए, जस्तो वि.सं. १९९७ मा नेपालमा राणा शासनको विरूद्ध गठित प्रजापरिषद्को भेद एकजना व्यक्तिले राणा शासककहाँ पुऱ्याई दिएको कारण उक्त आन्दोलन असफल भएको थियो । चान भाईहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

नेतृत्वमा हुन गइरहेको क्रान्तिको अग्रिम सूचना पाएपछि निरङ्कुश शासक वर्ग, सामन्त एवं दासस्वामीहरूले क्रान्तिलाई दबाउने क्रममा चान भाईहरूका १००० भन्दा बढी समर्थकहरूलाई समातेर मारिदिए । चान भाईहरूले पनि तुरून्त विद्रोह प्रारम्भ गरे । सम्पूर्ण चीनमा विद्रोहको आगो दन्कन लाग्यो । तिनीहरूले नगरहरु कब्जा गर्नुको साथै धनीमानीहरूका सम्पत्ति छिन्नुको अतिरिक्त कैदीहरु तथा दासहरूलाई मुक्त गरे । विद्रोहीहरु आफ्ना टाउकामा पहेंलो पट्टी बाँध्दथे, जसको कारण उक्त विद्रोहलाई पहेंलो पट्टी बाँधेकाहरु (Yellow Turbons) को क्रान्ति भन्ने गरिन्छ । सम्राट् एवं दासस्वामीहरु सबै भयभीत भएका थिए । तिनीहरूले जनक्रान्तिलाई दबाउनको लागि आफ्नो सैन्य शक्तिलाई अत्यधिक मात्रामा वृद्धि गर्न लागे । दासस्वामीहरु स्वयम्ले नै सैनिकहरूको नेतृत्व गर्न लागे । यसरी सम्पूर्ण चीनमा भने जस्तो शोषक र शोषित निरीह जनताहरूको बीच भयङ्कर युद्ध भयो । विद्रोहीहरूले ठूलो बहादुरीसाथ लडेर शोषकहरूको सेनालाई आच्छु आच्छु खेलाएका थिए । तर, तिनीहरूमा एकताको अभाव थियो । सम्राट्का सेनाले विद्रोहीहरूको शिविरमा हमला गरी तिनीहरूलाई तित्तर वित्तर पार्दै पछाडि हट्न बाध्य पारे । पछि हट्ने क्रममा झण्डै (५०) पचास हजार विद्रोही फौज नदीमा डुबेरै मरे र अरु १००००० (एक लाख) फौज अर्को एक लडाईमा मारिए । मारिएकाहरूका टाउकोको थुप्रो लाग्यो । चान भाईहरु लडाईमा मारी सकेका थिए । विद्रोहीहरूका समर्थकहरु सबैलाई प्राणदण्ड दिए । यहाँसम्मकि बच्चाहरु एवं स्त्रीहरूलाई पनि बाँकी राखेनन् । जनताको विद्रोहलाई पूर्णतया दमन गर्न सम्राट्को नेतृत्वमा दासस्वामीहरूलाई २० वर्ष लागेको थियो । तत्समय यद्यपि निरीह जनताको क्रान्ति असफल भएतापनि उक्त क्रान्तिको कारण हान सम्राट्को शक्ति पनि कमजोर भएको थियो, जसको कारण हान सम्राट् पनि पछि गएर मारिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्धुघाँटी सभ्यता

विश्व सभ्यताका प्राचीनतम ग्रन्थको रूपमा मान्य ऋग्वेदका 'दस्यु' शब्द आर्येतर याने आर्यहरूका शत्रुहरूका लागि प्रयुक्त छ । पश्चिम एशियाका फोयनीशियनहरू, जसलाई पणि पनि भन्ने गरिन्छ, तत्युगीन सिन्धुघाँटीमा पनि फैलिएका थिए, लाई आर्यहरू शत्रुको रूपमा लिएर दस्यु याने दासको रूपमा लिन्थे । ऋग्वेदमा आर्यहरूका दूतिका शरमा र पणिहरूबीचको संवाद सूक्त ज्यादै प्रसिद्ध छ । त्यसको अनन्तर नै आर्यहरूले पणिहरूबाट सम्पूर्ण गाईहरूलाई पुनः फर्काउन समर्थ भएका थिए । जसै आर्य भिन्न जातिहरू युद्धमा पराजित भई बंदी भए, तिनीहरू दासको रूपमा परिणत गरिए । ऋग्वैदिक मन्त्रहरूमा दासत्वका झलकहरू पाइएका छन् । ऋग्वेदको एक ठाउँमा वर्णन छ : 'तपाईले मलाई उपहारमा एकसय गधा, एकसय ऊनयुक्त भेंडा र एकसय दास दिनुभयो ।'

"शतं मे गर्दभानां शतमूर्णावतीनाम्
शतं दासाँ अति सर्जः ॥३॥"

- ऋग्वेद ८।५६।३

यस प्रकारका अनेकौं उदाहरणहरू ऋग्वेदमा वर्णित छन् ।

"यो मे हिरण्यसन्दृशो दश राज्ञो अमंहत ।
अधस्पदा इच्चैद्यस्य कृष्टयश्चर्म्मम्ना अभितो जनाः ॥३८॥"

- ऋग्वेद ८।५।३८

"अदान्मे पौरुकुत्स्यः पंचाशतं त्रसदस्युर्वधूनाम् ।
मंहिष्ठो अर्य्यः सत्पतिः ॥३७॥"

- ऋग्वेद ८।१९।३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

आर्य-इतर जातिहरु आफ्ना सभ्यता एवं संस्कृतिमा गर्व गर्दथे । तिनीहरूको दृष्टिमा आर्य-सभ्यता निन्दनीय एवं दोषपूर्ण थियो । यसर्थ वैदिक आर्य तथा तिनका यी पडोसी जातिहरु बीच निरन्तर संघर्ष भइरहन्थ्यो । वेदमा अनेक यस्ता मन्त्रहरु छन् जसमा यी जातिहरूलाई दूर राख्न र तिनको नाश हेतु प्रार्थनाहरु गरिएका छन् । यिनीहरु मध्ये केही यस प्रकार छन् - हे वरूण देव ! हाम्रा शत्रुहरूको नाश गर्नुहोस् । हे इन्द्र देव ! राक्षसहरूको समूल नाश गरी हाम्रो रक्षा गर्नुहोस् ; ब्रह्मद्वेषीहरूको नाश हेति अस्त्रद्वारा गर्नुहोस् । ब्रह्मद्वेषी अपव्रत धारणगर्ने मानिसहरूको नाश गर्नुहोस् । हे अग्नि देव ! दान नगर्ने तथा देवताहरूको उपासना नगर्ने हाम्रा शत्रुहरूसित युद्ध गरी तिनीहरूलाई टाढा-टाढा सम्मन् खेदेर पठाउनुहोस् । यस्तै प्रकारले पणि जातिको विषयमा यजुर्वेदमा उल्लेख छ - आर्य देवताहरूका द्वेषी पणिहरु दुःख दिनेहरु हुन् । तिनीहरु यहाँबाट टाढा भागेर जाऊन् । आर्यव्रतदेखि भिन्न आचरणगर्ने एवं आर्यहरूसित द्वेषगर्ने हुर जातिका मानिसहरूलाई टाढा राख्नुहोस् । अथर्ववेदमा पणि जातिको नाश हेतु प्रार्थना गरिएको छ ।

उपर्युक्त उद्धरणहरूबाट सिद्ध हुन्छ कि वैदिक आर्य र तिनका पडोसी अनार्य जातिहरूमा परस्पर संघर्ष भइरहन्थ्यो । यी संघर्षहरूमा विजेता पराजित जातिका मानिसहरूलाई दास पनि बनाउँदथे । यसर्थ यस प्रकारका दासताबाट मुक्त रहनुको लागि वैदिक साहित्यमा यत्रतत्र प्रार्थनाहरु गरिएका छन् । यी प्रार्थनाहरु यस प्रकार गरिएका छन् - 'जो हामीलाई दास बनाउन चाहन्छ या बनाउँदछ त्यस नीचलाई नरकबास गराउनुहोस् ।'

तैत्तिरीय संहितामा वर्णित वर्णन अनुसार दासीहरु आफ्ना शिरमा जलपूर्ण घडा राख्छिन् र मधुको गाना गाउँदै तथा भूमिलाई आफ्ना खुट्टाले आहत गराउँदै मार्जालीयको चारैतिर नाच्छिन् । तराईका स्त्रीहरु शिरमा घडा राखी नाच्ने, गाउने परम्परा वैदिकयुगदेखिको भएको यथार्थताको पुष्टि यसबाट हुन्छ ।

"अधिकुम्भान् अधिनिधाय दास्यो
मार्जालीयं पटिनृत्यन्ति पद्धो
निध्रतीटिदं मधु गायन्त्यो मधुवै
देवानां पटम् अन्नाद्यम् ।

- तैत्तिरीय संहिता ७.५.१०-११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतरेय ब्राह्मण ३९।८ मा वर्णित भए अनुसार एकजना राजाले राज्याभिषेक गराउने पुरोहितलाई १०००० (दश हजार) दासीहरु तथा १०००० (दश हजार) हात्तीहरु दानमा दिएका थिए । कठोपनिषद्मा स्वर्गकी अप्सराहरुद्वारा आफूलाई सेवा गर्न लगाउने कुरा वर्णित छ ।

"ये ये कामा दुर्लभा मर्त्यलोके
सर्वान्कामाँश्छन्दतः प्रार्थयस्व ॥
इमा रामाः सरथाः सतूर्या
न हीदृशा लम्भनीया मनुष्यैः ॥
आभिर्मत्प्रत्ताभिः परिचारयस्व
नचिकेतो मरणं मानुप्राक्षीः ॥२५॥"

- कठोपनिषद् १।१।२५

ऋषि याज्ञवल्क्यसित ब्रह्मविद्याको ज्ञान सिकिसकेपछि विदेहराज जनकले ऋषि याज्ञवल्क्यलाई विदेहको साथै स्वयं आफूलाई ऋषिको दास हुने हेतु प्रदान गरेको कुरा वृहदारण्यकोपनिषद्मा वर्णन गरिएको छ ।

"सोऽहं भगवते विदेहान् ददामि
मां चापि सह दास्यायेति ॥२३॥"

- वृहदारण्यकोपनिषद् ४।४।२३

विदेहको साथै स्वयं आफूलाई ऋषिको दास हुने कुरा राजा जनकले बोलेको कुरा उपर्युक्त उपनिषदिक् पंक्तिबाट स्पष्ट रुपले थाहा हुन आएको छ । जसबाट देश जनताको हो र देशको सार्वभौम सत्ता जनतामा निहित रहन्छ भन्ने जुन शाश्वत सत्य छ त्यसको विपरीत वैदिकयुगदेखि नै राजाहरु देशको सार्वभौमसत्ता जनताको होइन राजाको हो भन्ने सिद्धान्तका पक्षपाती रही देशको भविष्यमाथि खेलवाड गर्दथे भन्ने कुराको जानकारी हामीलाई मिल्छ । राजतन्त्रमा राजाहरु निरङ्कुश हुने कुराको यो एक ज्वलन्त उदाहरण रहेको छ । यसरी अनि राजतन्त्र निरङ्कुशताको परिचायक हो भन्दा कुनै अत्युक्ति नहोला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

महर्षि उद्दालक आरूणि पञ्चाल नरेश प्रवाहण जैवलि कहाँ 'पञ्चाग्नि विद्या' को ज्ञान आर्जनगर्ने उद्देश्यले जाँदा पञ्चाल नरेशले ऋषिलाई 'यहाँले मनुष्य सम्बन्धी कुनै पनि वर मागनु होला, तर 'देववर' चाहिँ नमाग्नुहोला भनी भनेका थिए । नरेशको उपर्युक्त कथनमा महर्षिले आफूसित सुवर्ण, गौ, अश्व, दासी, परिवार औ परिधान सबै भएको कुरा व्यक्त गरे ।

"स होवाच दैवेषु वै गौतम तद्वृष्टेषु मानुषाणां वृङ्ष्व ॥६॥
स होवाच विज्ञायते हास्ति हिरण्यस्यापात्तं गो अश्वानां
दासीनां प्रवाटाणां परिधानस्य मा नो भवान्बहोरनन्तस्या-
पर्यन्तस्याभ्यवदान्योभूदिति स वै गौतम तीर्थेनेच्छासा
इत्युपैम्यहं भवन्तमिति वाचा ह स्मैव पूर्वं उपयन्ति
स होपायनक्रीत्योवास ॥७॥"

- बृहदारण्यकोपनिषद् ६।२।६-७

महर्षि उद्दालक आरूणि पञ्चाग्नि विद्याको ज्ञान आर्जन गर्ने उद्देश्यले पञ्चाल नरेश प्रवहण जैवलिकहाँ गएको कुरा उपर्युक्त पंक्तिमा उल्लेख भएको पाइएबाट ज्ञानको स्रोत ब्राह्मण मात्र हो र अरु होइन भन्ने कुरोको स्पष्टतः खण्डन भएको ठीक प्रतीत हुन्छ । ज्ञान भन्ने कुरो जो कोहीबाट ब्राह्मण सहित जो कोहीले पनि प्राप्त गर्न सकिन्छ भन्ने कुरोको यो एक ज्वलन्त उदाहरण भएको छ । क्षत्रिय शासक प्रवहण जैवलिकहाँ महर्षि उद्दालक आरूणि 'पञ्चाग्नि विद्या' सम्बन्धि ज्ञानको भीख माग्न पुगेका थिए ।

छान्दोग्योपनिषद्मा वर्णित वर्णन अनुसार संसारका मानिसहरु गाई, घोडा, हात्ती एवं सुन, पत्नी एवं दासी, खेत एवं घरकै महिमा गाउँछन् ।

"गोअश्वमिह महिमेत्याचक्षते हस्तिहिरण्यं दासभार्यं
क्षेत्राण्यायतानीति नाहमेवं ब्रवीमि ब्रवीमीति
होवाचान्यो ह्यन्यस्मिन्प्रतिष्ठित इति ॥२॥"

- छान्दोग्योपनिषद् ७।२४।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त विभिन्न यथार्थताहरूको प्राप्तिबाट यस कुराको जानकारी हामीलाई मिल्छ कि वैदिकयुगमा पुरूष एवं नारीहरूको दान दिइने परम्परा प्रचलित थियो र भेट स्वरूप दिइएका व्यक्ति दास मानिन्थ्यो ।

दासप्रथा भनौं या दासत्वको भावना मानिसमा आदिमयुगदेखि रहँदै आएर अनन्तकालसम्म यथावत्रूपले रहने भन्दै दासप्रथाका हिमायतीहरु जोड दिँदै आइरहेका छन् । तिनीहरु धर्मभिरू रहेका दीनदुःखी निरीह जनताहरूलाई उपर्युक्त कुरोमा आश्वस्त पार्ने क्रममा दास्यभावको प्रतीक रहेका हनूमान सहीत अष्ट चिरंजीवीहरूको सदाकाल स्मरण गरेमा फलदायी हुने कुरोमा जोड दिन्छन् । तिनीहरूको अनुसार निम्नलिखित ८ (आठ) प्रकारका मानिसहरु यस संसारमा सदा रहन्छन् ।

१. अश्वत्थामा - कोरा पशुवल या शारीरिक बलको उदाहरण
२. बलि - दानशील व्यक्ति, जो सत्यको निर्वाहको लागि आफ्नो जीवन समर्पण गर्दछ ।
३. व्यास - ज्ञानशील व्यक्ति
४. हनूमान् - दास्यभावको सर्वोत्कृष्ट उदाहरण
५. विभीषण - घरको भेद बाहिर प्रकट गर्ने स्वभावको द्योतक
६. कृपाचार्य - यस्तो विद्वान् व्यक्तिको उदाहरण जसले ज्यादै पढेको छ, तर गुण केही छैन ।
७. परशुराम - क्षात्र तेजको उदाहरण
८. मार्कण्डेय - देवताको सामु लम्पसार गर्ने (आपत्को समय प्रतिशोधको हिम्मत नगर्ने)

"अश्वत्थामा बलिर्व्यासो हनूमांश्च विभीषणः ।
कृपः परशुरामश्च सप्तैते चिरजीविनः ॥
सप्तैतान् यः स्मरेन्नित्यं मार्कण्डेयमथाष्टमम् ।
जीवेद्वर्षशतं साग्रं सर्वव्याधिविवर्जितः ॥"

- नित्याचार पद्धति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

फेरि, दासस्वामीहरु भनौं धनीमानी ठूला ठालूहरूको विरूद्ध विद्रोहको आगो नसल्काऊन् भन्ने उद्देश्यले हाम्रा प्राचीन धर्माचार्यहरूले दास-दासीहरु भनौं कमारा-कमारीहरूलाई भोको राखेर दास मालिक एवं तिनका परिवारजनहरूले पहिले खान नहुने कुरामा जोड दिएका छन् । यसरी दास-दासीहरूलाई तिनीहरु आ-आफ्ना यथास्थानमैं सन्तुष्ट भै राखुन् भन्ने मनसाय धर्मशास्त्रकारहरूले लिएको स्पष्ट हुन्छ ।

गृह्यसूत्रहरूमा मान्यवरहरु भनौं अतिथिहरूको चरण धुनुको लागि दासहरूलाई लगाइन्थ्यो । आपस्तम्ब धर्मसूत्र २।४।९।११ मा अचानक कुनै अतिथि आएमा आफू, स्त्री या पुत्रलाई भोको राखेर भए पनि उक्त अतिथिको सेवा सुश्रूषा गर्ने दासलाई भोको नराखी ख्वाउनुपर्ने आश्यकतामा जोड दिइएको छ । महाभारतमा दास-दासीहरूको दानका बारे प्रभूत चर्चा गरिएको पाइन्छ । राजा युधिष्ठिरको राज्याभिषेक यज्ञको अवसरमा परम्परानुसार पुरोहितहरु (ब्राह्मणहरु) लाई दासीहरु पनि प्रदान गरिएका थिए । महाभारत सभापर्व ५२।४५, वनपर्व २३३।४३ तथा विराटपर्व १८।२१ मा ८८००० स्नातकहरूमा प्रत्येक स्नातकको लागि ३० दास दासीहरूको दानको चर्चा गरिएका छन् ।

"अष्टाशीतिसहस्राणि स्नातका गृहमेधिनः
त्रिंशद्दासीक एकैको यान् बिभर्ति युधिष्ठिरः ॥४३॥"

- महाभारत वनपर्व, अध्याय २३३।४३;
विराट्पर्व, अध्याय १८।२१

वैन्यले महर्षि अत्रिलाई एक सहस्र सुन्दर दासीहरु प्रदान गरेको कुरा महाभारतमा वर्णित छ ।

"तस्मात् तेऽहं प्रदास्यामि विविधं वसु भूरि च ।
दासी सहस्रं श्यामानां सुवस्त्राणामलंकृतम् ॥३४॥"

- महाभारत वनपर्व, अध्याय १८५

राजा पौरवले आफ्ना प्रत्येक यज्ञमा अनेकौं कन्या, दास-दासी एवं अन्य रथ, हात्ती, घर, खेत, सुवर्ण आदि दान दिने गरेको कुरा महाभारत द्रोणपर्वमा वर्णित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"यज्ञे यज्ञे यथाकालं दक्षिणाः सोऽत्यकालयत् ।
द्विपा दशसहस्राख्याः प्रमदाः काञ्चनप्रभाः ॥५॥
सध्वजाः सपताकाश्च तथा हेममयास्तथा ।
यः सहस्रं सहस्राणि कन्या हेमविभूषिताः ॥६॥
धुर्युजाश्चवगजारूढाः सगृहक्षेत्रगोशताः ।
शतं शतसहस्राणि स्वर्णमालिमहात्मनाम् ॥७॥
गवां सहस्रानुचटान् दक्षिणामत्यकालयत् ।
हेमशृङ्ग्यो रौप्यखुराः सवत्साः कांस्यदोहनाः ॥८॥
दासीदासशतोष्ट्राश्च प्रादाद्राजाविकं बहु ।
रत्नानां विविधानां च विविधांश्चान्नपर्वतान् ॥९॥"

- महाभारत, द्रोणपर्व, अध्याय ५७

मनुले शारीरिक दण्डको व्यवस्थामा दास एवं पुत्रलाई एउटै श्रेणीमा राखेको छ ।

"भार्या पुत्रश्च दासश्च प्रेष्यो भ्राता च सोदरः ॥
प्राप्तापराधास्ताड्याः स्यू रज्ज्वा वेणुदलेन वा ॥२९९॥
पृष्ठतस्तु शरीरस्य नोत्तमाङ्गे कथंचन ॥
अतोऽन्यथा तु प्रहरन्प्राप्तः स्याच्चौरकिल्बिषम् ॥३००॥"

- मनुस्मृति, अध्याय ८

दासस्वामीहरूको विरूद्ध दासहरूले कुनै प्रकारको विद्रोहको आगो नसल्काऊन् भन्ने मनसाय मनुले पनि लिएको तिनको मनुस्मृतिको उपर्युक्त पंक्तिको अध्ययनमा स्पष्टरूपले देखिन्छ । मनुले दास-दासीहरूलाई सन्तुष्ट पार्ने उद्देश्यले शारीरिक दण्डको कुरोमा दास एवं पुत्र, पत्नी, भाई आदि सबैलाई समान कोटीमा राखेको छ ।

चौथो शताब्दी ई.पू. का यूनानी राजदूत मेगास्थनीजले तत्समय भारतमा दासहरु नरहेको यथार्थतातिर स्पष्टरूपले औंल्याएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"Megasthenes, as quoted by Arrian (Indika, Ch.10), boldly affirmed it to be a great thing in India that all the Indians were free, and that no Indian slave existed."

– V.A. Smith, The early history of India, Oxford At The Clarendon Press, 1904, P.93, fn. No.1

तर, मेगास्थानीजका उपर्युक्त अभिव्यक्तिलाई अन्य सामग्रीहरूले पुष्टि गरेका छैनन् । निम्न पंक्ति यस कुराको पुष्टिका लागि सहाय्य छ ।

"Strabo, XV, 34, 54. Strabo, who writes on the authority of Onesikritos, points out that other authors do not seem to be justified in asserting that slavery was unknown everywhere in India."

In reality, praedial and domestic slavery of a mild form seems to have been an institution in most parts of India from very remote times."

- V.A. Smith, The early history of India, P.93, fn. No.1

सम्राट् अशोक मौर्यका एक शिलालेखमा दास एवं नौकरहरूको स्पष्टरूपले चर्चा गरिएको छ ।

"अयं तु महाफले मंगले य धंममंगले (।) ततेत
दासभतकम्हि सम्यप्रतिपती गुरूनं अपचिति साधु
पाणेसु सयमो साधु बम्हणसमणानं साधु दानं एतं च
अञ च एतारिसं धंममंगलं नाम (।)"

- अशोकका नवौं शिलालेख (गिरनार संस्करण)

अर्थात् - यस धर्मको मंगलाचारमा दास र सेवकहरूको प्रति उचित व्यवहार, गुरूहरूको आदर, प्राणीहरूको अहिंसा, श्रमण एवं ब्राह्मणहरूलाई दान र यस्तै प्रकारका अरु (सत्कार्य) गर्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धयुगमा दासप्रथा

दासप्रथा अति प्राचीनकालदेखि नै नेपाल, भारतमा प्रचलित रहेको थियो । सिन्धु घाँटीस्थित हडप्पायुगीन समाजमा पनि दासहरूको अस्तित्व विद्यमान रहेको कुरा पुरातत्वविज्ञहरु स्वीकार्दछन् । वैदिक संहिताहरु, उपनिषद्, रामायण, महाभारत, कौटलीय अर्थशास्त्र, तथा सूत्र-स्मृति आदि ग्रन्थहरूले दास-दासीहरूको बारे प्रकाश पारेका छन् । बौद्ध पाली साहित्यमा दासहरूको जीवनसित सम्बद्ध सामग्रीहरूको प्राचुर्य रहेको छ ।

पाली-पिटक तथा अन्य समकालीन संस्कृत साहित्यहरूमा दासहरूको क्रय विक्रय तथा दानहरूको बारे यथेष्ट मात्रामा वर्णनहरु पाइन्छन् । नन्दजातकमा एक सद्धिविहारिक (बौद्ध विहारका अन्तेवासी) को तुलना शतमुद्राक्रीत दाससित गरिएको छ । सत्तुभस्त जातकको अनुसार एकजना ब्राह्मणले भिक्षाद्वारा उपार्जित सातसय कार्षापणले दास-दासीहरु किन्न सकिने कुरा व्यक्त गरेका थिए । तर, जातकको उक्त उल्लेखले एकजना दास-दासीको मूल्य तत्समय कत्ति थियो भन्ने कुरा निर्णित हुँदैन ।

दास-दासीहरूको क्रय विक्रयको साथै समाजमा तिनीहरूको दान गर्ने परम्परा पनि प्राचीनयुगमै प्रचलित थियो । वैदिकयुगमा राजाहरु आफ्ना पुरोहितहरूलाई यज्ञयागादि एवं राज्याभिषेक समारोहहरूको समय ठूलो संख्यामा दास-दासीहरु प्रदान गर्दथे । महाभारत युगमा पाण्डवराज युधिष्ठिरले राजसूय यज्ञमा नियुक्त ८८००० (अठासी हजार) ब्राह्मण स्नातकहरूलाई प्रत्येकलाई ३०-३० जनाको हिसाबले दान दिएका थिए । पाली-पिटकमा पनि दास-दासीहरु दानका अनेकौं उदाहरणहरु पाइन्छन् । यस प्रथाको प्रचलनको कारण नै भगवान् बुद्धले भिक्षुहरूको लागि दानमा दास अथवा दासी स्वीकार गर्न निषेध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

गरे । जुण्ह जातकको अनुसार एक राजाबाट एकजना ब्राह्मणलाई अन्य सामग्रीहरूको साथै १०० (एक सय) दासीहरूको दान प्राप्त भयो । क्षत्रप उषवदातको नासिक अभिलेखमा क्षत्रप नरेश नहपानद्वारा ब्राह्मणहरूलाई दानमा कन्या प्रदान गरेको कुराको उल्लेख पाइन्छ ।

पाली-पिटक, कौटलीय अर्थशास्त्र तथा मनुस्मृतिमा अनेक प्रकारका दासहरूको वर्णन पाइन्छ, यसबाट हाम्रो समाजमा यो प्रथाको उद्‌भव तथा विकासका कारणहरूको अनुमान लगाउन सकिन्छ । पाली त्रिपिटकमा आठ प्रकारका दासहरूको उल्लेख गरिएको छ; र तिनको संख्या कौटलीय अर्थशास्त्रमा ५ (पाँच) र मनुस्मृतिमा ७ (सात) दिइएका छन् । त्यस्तै नारदस्मृतिमा दासहरूको संख्या १५ (पन्ध्र) दिइएको छ । दासहरूको यस वर्गीकरणको आधारमा दासप्रथाका मूलकारण युद्ध, धनाभाव, दुर्भिक्ष तथा ऋणग्रस्तता नै रहेका छन् । विनय-पिटक अनुसार दासहरु ३ (तीन) प्रकारका छन्, तिनीहरु हुन् -

१. घरका दासीबाट उत्पन्न पुत्र
२. पैतृक सम्पत्तिको रूपमा उत्तराधिकारमा प्राप्त
३. दान या किनेर प्राप्त हुन आएका

विदुर पण्डित जातकमा ४ (चार) प्रकारका दासहरूको उल्लेख पाइन्छ, तिनीहरु हुन् -

१. दासीपुत्र
२. भोजन आदिको लागि स्वेच्छाले दासत्व स्वीकारगर्ने
३. जो अरूलाई स्वामी नै भन्छन् ।
४. जो विक्री गरिएको छ ।

जातक ग्रन्थहरूको अध्ययनबाट सामाजिक पतनको एक यस्तो दर्दनाक चित्र अगाडि आउँछ जसमा कयौं हट्ठा-कट्ठा किसानहरु भूस्वामीहरूको खेतमा भाडामा खट्नको लागि भूमिहीन कृषि-मजदूरहरूको दलमा मिसिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्छन् । जैन एवं बौद्ध दुवै खेतीगर्ने किसानहरूलाई अधम एवं हिंसामय कामगर्ने सम्झन्थे । तिनीहरूको तराजूमा मजदूर एवं दासहरूको हैसियत बराबर थियो ।

दास, मजदूर एवं कृषक जैन ग्रन्थहरूमा निम्न स्तरका मानिएका छन् र तिनीहरूलाई दीक्षाको अधिकारबाट वञ्चित राखिएको छ । जातक-III.४९ मा वर्णित भए अनुसार दानमा प्राप्त दास एवं सेवकहरूबाट दानग्राही आफ्नो तर्फबाट भिक्षा माग्न लगाउँदथे । ब्राह्मण एवं जैन मन्दिरहरूमा दासीहरु र नर्तकीहरु देखिन्छन् । कार्ले र नासिक गुफाहरूबाट प्राप्त उत्कीर्ण-लेखहरु, कनिष्क र हुविष्ककको समयका अभिलेखहरु तथा साँची अभिलेखहरूबाट गरीबीको बारेमा जुन मठीय दृष्टिकोण प्रकट हुन्छ, त्यो ज्यादै दुःखद् छ । उच्च वर्गका मानिसहरूले सम्पूर्ण राष्ट्रिय सम्पत्ति र राजनैतिक शक्तिलाई आफ्ना मुट्ठीमा पारे, जबकि दास र मजदूर उचित हिस्साबाट पनि वञ्चित रहे ।

जातक ग्रन्थहरु (III.१३.१४) मा वर्णित भए अनुसार प्राचीनकालमा अनेकपटक शूद्र र वैश्य, सम्पूर्ण जनता राजाको विरूद्ध उठेका थिए । शूद्र र वैश्यहरूले राजा एवं तिनका मन्त्रीलाई पीट्दै पीट्दै प्राणतक लिए । जातक ग्रन्थमैं जनताले एक अत्याचारी राजालाई लट्ठी तथा ढुङ्गाले हान्दै पिटेको कुरा वर्णन गरिएको छ । यहाँनिर नेपाल काठमाण्डूका मध्ययुगीन राजा सदाशिव मल्ललाई ढुङ्गाले हान्दै लट्ठीले पिटेर राज्यबाट धपाएको कुरा स्मरण हुन्छ । अयोध्यापति श्रीरामले शूद्र वर्णका एक दासलाई मारेका थिए । संगम साहित्यमा वर्णित भए अनुसार राजा तथा तिनका भेंडा चराउने दासहरूको बीच लगभग १९० ई.पू. मा लडाईं भई राजा मारिएका थिए । जातकहरूमा यो विवरण पाइन्छ कि दास र मजदूरहरूलाई ज्यादै नै सताइन्थ्यो । तिनीहरूलाई मारी पनि दिन्थे । असह्य कष्ट र भयानक मारबाट तिनीहरूका जीवन यत्ति दीन भइसकेको थियो कि तिनीहरूको उद्धार सम्भव थिएन । दासहरूप्रति बर्बरतापूर्ण, असभ्य र क्रूर व्यवहार यत्ति ज्यादै हुन्थ्यो कि स्वयं भगवान् बुद्धले आफ्ना अनुयायीहरूलाई तिनीहरूलाई त्यस्तरी दुःख दिनु उचित भएन भनी भन्नु विवश हुनु पऱ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

उपर्युक्त विवरणहरूको अतिरिक्त अरु जातक ग्रन्थहरूबाट अन्य प्रकारका दासहरूको पनि जानकारी मिल्छ, तिनीहरु हुन् -

१. युद्धबन्दी (बक ब्रह्म जातक, अरण्य जातक)

२. भयवश दासत्व स्वीकार गर्ने (विदुर पण्डित जातक)

३. ऋण नतिरे वापत दास बनेका (वेस्सन्तर जातक)

४. अपराध गर्दा दण्ड स्वरूप दास बनाइएका

५. जुवामा हार्दा शर्त अनुसारको पैसा बुझाउन नसक्दा निश्चित अवधि सम्मको लागि बनेका दास (मज्झिम निकाय)

६. मृत्यू दण्डबाट बच्नको लागि अनेकौं अपराधी दास बन्थे ।

बौद्धग्रन्थ महावग्ग १।३।४।८ मा स्पष्टरूपले वर्णन गरिएको छ कि ऋणी, दास एवं राजसैनिकहरूलाई प्रव्रज्या दिनु हुँदैन । भगवान् बुद्धको यस कथनबाट तथागत तत्समय समाजमा प्रचलित कुनै पनि परम्परामा कुनै आँच आउने कार्य गर्न चाहनु हुन्थ्यो भन्ने कुरातिर संकेत मिल्छ । राहुल सांकृत्यायन लेख्छन् - 'जसै महाजनहरूको विरोध हुने खतरा देखियो बुद्धले ऋणीलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे ।' 'आफ्नो स्वार्थमा आँच आउने देखेपछि जसै दासस्वामीहरूले हल्ला बोलेथे, बुद्धले दासलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे ।' 'जसै राजसैनिकहरु युद्धमा जानुको बदला भिक्षु बन्न लागेथे मगध सम्राट् बिम्बिसारले भगवान् बुद्धलाई यसबारे शिकायत गरेको अनन्तर बुद्धले राजसैनिकहरूलाई प्रव्रज्या नदिनू भनी घोषणा गरे ।' प्रो. राधाकृष्ण चौधरी लेख्छन् : 'श्रमणहरूको अवनतिको बीज तिनीहरूद्वारा स्वीकृत राज्याश्रयमा थियो । संघ राजमहलतिर ताक्ने भयो र श्रमणहरूमा विलासिता बढ्दै गयो । बौद्ध साधुहरूको चरित्र सन्देहास्पद हुन लागेका थियो ।' नेपालमा वर्तमानकालसम्म पनि सम्यक्दानको अवसरमा बौद्धहरु राजालाई बुद्ध भनौं या बोधिसत्वको रूपमा तिनको पूजाआजा गर्नुको साथै दानादि कार्य गर्दथे । राजाबाट संघलाई दान दिइन्छ, न कि संघबाट राजालाई । मगध सम्राट् बिम्बिसारले इतिहासमा पहिलो पटक बौद्ध संघलाई सम्यक् दान गरेका थिए । उपर्युक्त यथार्थता यहाँनिर विचारणीय रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटिल्य विरचित अर्थशास्त्रमा दासहरूको महत्वपूर्ण व्यवस्थाहरूको विषयमा वर्णन गरिएको छ । कौटिल्य अनुसार आर्यभिन्न जाति भनौं म्लेच्छहरु आफ्ना सन्तानलाई बेच्न या बन्धक राख्न सक्तछन्, तर आर्य कुनै हालतमा दास हुँदैन ।

"म्लेच्छानामदोषः प्रजां विक्रेतुमाधातुं वा ॥६॥
न त्वेवार्यस्य दासभावः ॥७॥"

- कौटलीय अर्थशास्त्र, ३ अधि. १३ अध्याय ६५ प्रकरण

कौटिल्यले कयौं प्रकारका दासहरूको वर्णन गरेका छन्, यथा - ध्वजा हृत (युद्धबन्दी), आत्मविक्रयी (आफूलाई बेच्ने), उदरदास (या गर्भदास, जो दासद्वारा दासीबाट जन्मेको होस्), आहितिक (ऋणको कारण बनेका), दण्डप्राणित (राजदण्डको कारण) ।

"आत्मविक्रयिणः प्रजामार्यां विद्यात् ॥२०॥
तेनोदरदासाहितकौ व्याख्यातौ ॥२३॥
दण्डप्रणीतः कर्मणा दण्डमुपनयेत् ॥२५॥
आर्यप्राणो ध्वजाहृतः कर्मकालानुरूपेण
मूल्यार्धेन वा विमुच्येत ॥२६॥"

- कौटलीय अर्थशास्त्र, ३ अधि.११ अध्याय ६५ प्रकरण

मनुले सात प्रकारका दासहरूको वर्णन गरेका छन्, यथा - १. युद्धबन्दी २. भोजनको लागि बनेका ३. दासीपुत्र ४. किनेर ल्याएको ५. माता या पिताद्वारा प्रदत्त ६. वसीयतमा प्राप्त ७. राजदण्ड भुक्तानको लागि भएका

"ध्वजाद्भृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ।।
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनयः ।।४१५।।"

- मनुस्मृति ८।४१५

नारद एवं कात्यायनले दासत्वको विषयमा विस्तारपूर्वक वर्णन गरेका छन् । नारदले शुश्रूषक (जो अरूको सेवा गर्दछ) लाई पाँच वर्गमा बाँडेका छन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. वैदिक छात्र २. अन्तेवासी ३. अधिकर्मकृत ४. भृतक एवं ५, दास । तिनीहरूमध्ये पहिला चारलाई कर्मकर भनिन्थ्यो र तिनीहरु सबैलाई पवित्र कामहरु गर्नको लागि बोलाइन्थ्यो । तर, अन्तिम दासले चाहिँ सबै प्रकारका कार्य गर्नुपर्दथ्यो ।

"शुश्रूषकः पञ्चविधः शास्त्रे दृष्टो मनीषिभिः ।
चतुर्विधः कर्मकरस्तेषां दासास्त्रिपञ्चकाः ॥२॥
शिष्यान्तेवासिभृतकाश्चतुर्थस्त्वधिकर्मकृत ।
एते कर्मकरा ज्ञेया दासास्तु गृहजादयः ॥३॥
कर्मापि द्विविधं ज्ञेयं शुभं चाशुभमेव च ।
अशुभं दासकर्मोक्तं शुभं कर्म कृतं स्मृतम् ॥५॥
गृहद्वाराशुचिस्थानस्थ्यावस्करशोधनम् ।
गुह्याङ्गस्पर्शनोच्छिष्टविण्मूत्रग्रहणोज्झनम् ॥६॥
दृष्टतः स्वामिनश्चाज्ञोरूपस्थानमथोऽन्ततः ।
अशुभं कर्म विज्ञेयं शुभमन्यदतः परम् ॥७॥"

- नारदस्मृति - विवादपद

नारदले दासहरु १५ (पन्ध्र) प्रकारको भएको कुरा वर्णन गरेका छन् । तिनीहरु निम्नलिखितानुसार हुन् । १. घरमा जन्मेको २. किनेर ल्याएको ३. दान या कुनै अन्य प्रकारबाट प्राप्त ४. वसीयतमा प्राप्त, ५. अकालमा रक्षित, ६. कुनै अन्य स्वामीद्वारा प्रतिश्रुत, ७. अत्यधिक ऋणबाट थिचेका, ८. युद्धबन्दी, ९. बाजीमा बिजित, १०. 'म तपाईको हुँ' भनी दासत्व ग्रहण गर्ने, ११, संन्यासबाट च्युत, १२. सीमित अवधिको लागि दास बन्ने, १३. भोजनको लागि दास बनेका, १४. दासीको प्रेमले आकृष्ट दास (बडवाहृत), एवं १५, आफैलाई बेच्ने ।

"गृहजातस्तथा क्रीतो लब्धो दायादुपागतः ।
अनाकालभृतो लोके आहितः स्वामिना च यः ॥२४॥
मोक्षितो महतश्चर्णात्प्राप्तो युद्धात्पणेतः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तवाहमित्युपगतः प्रव्रज्यावसितः कृतः ॥२५॥
भक्तदासश्च विज्ञेयस्तथैव वडवाहृतः ।
विक्रेता चात्मनः शास्त्रे दासाः पञ्चदश स्मृताः ॥२६॥"

- नारदस्मृति - ५ विवादपद

नारद एवं याज्ञवल्क्यले दासहरूको बारे यस्तो विधान वर्णन गरेका छन् कि यदि कुनै एक दासले आफ्ना स्वामीको प्राण रक्षा गरेमा उनी दासत्वबाट मुक्त हुने हुन्छ । नारदले त यहाँसम्मन् उल्लेख गरेका छन् कि उनी पुत्रसमान अंशको भागीदार हुनेछन् ।

"यश्चैषां स्वामिनं यश्चै कश्चिन्मोक्षयेत्प्राणसंशयात् ।
दासत्वात्स विमुच्येत पुत्रभागे लभेत च ॥२८॥"

- नारदस्मृति - ५ विवादपद

"बलाद्दासीकृतश्चौरैर्विक्रीतश्चापि मुच्यते ।
स्वामिप्राणप्रदो भक्तत्यागात्तन्निष्क्रयादपि ॥१८२॥"

- याज्ञवल्क्यस्मृति, २ अध्याय

याज्ञवल्क्यस्मृति २।१८७, नारदस्मृति (वृहद्विष्णुस्मृति) अनुसार संन्यास पतीत व्यक्ति जन्मपर्यन्त राजाको दास हुने हुन्छ ।

"राज्ञामेव तु दासः स्यात्प्रव्रज्यावसितो नटः ।
न तस्य विप्रमोक्षोऽस्ति न विशुद्धिःकथञ्चन ॥३३॥"

- नादरस्मृति - ५ विवादपद

"प्रव्रज्यावसितो राज्ञो दास आमरणान्तिकम् ।
वर्णानामानुलोम्येन दास्यं न प्रतिलोमतः ॥१८७॥"

- याज्ञवल्क्यस्मृति, २ अध्याय

"व्यक्तप्रव्रज्यो राज्ञो दास्यं कुर्यात् ॥१५१॥

- वृहद्विष्णुस्मृति - ५ अध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्य तथा नारदले वर्णको अनुसार नै दास हुने कुरा उल्लेख गरेका छन्, यथा ब्राह्मणको अतिरिक्त ३ (तीनै) वर्ण ब्राह्मणका, वैश्य या शूद्र क्षत्रियका दास हुने हुन्छन्, तर क्षत्रिय कुनै वैश्य या शूद्रका या वैश्य शूद्रका दास हुँदैनन् । कात्यायनको अनुसार ब्राह्मण अन्य कुनै ब्राह्मणका पनि दास हुँदैन, तर उनी दास नै हुन चाहेमा उनी चरित्रवान् र वैदिक ब्राह्मणका नै, त्यो पनि खालि पवित्र कार्य गर्नको लागि हुन सक्तछ । कात्यायनले यो पनि लेखेका छन् कि संन्यासच्युत ब्राह्मणलाई देश निकाला गर्नुपर्दछ, तर संन्यासभ्रष्ट क्षत्रिय एवं वैश्य राजा भनौं सरकारको दास हुने हुन्छ । दक्षस्मृति ७।३४ मा यो पनि लेखेको छ कि सन्यासच्युत ब्राह्मणको शिरमा कुकुरको पैतालाका चिन्ह अंकित गरिनुपर्दछ ।

"पाटिव्रज्यं गृहीत्वा च यो धर्मे नावतिष्ठते ।
श्वपदेनाङ्कयित्वा तं राजा क्षीघ्रं प्रवासयेत् ॥३४॥"

- दक्षस्मृति, अध्याय ७

कौटिल्य (३।१३) एवं कात्यायन (७२३) को अनुसार यदि दास मालिकले दासीसित सम्भोग गरी सन्तानोत्पत्ति भएमा दासी एवं पुत्र दुवै दासत्वबाट मुक्त हुने हुन्छन् ।

"स्वामिनोऽस्यां दास्यां जातं समातृकमदासं
विद्यात् ॥३३॥"

- कौटिल्य अर्थशास्त्र, ३ अधि. १३ अध्याय

व्यवहारमयूखमा वर्णन गरिएको छ कि यदि गोद लिएका व्यक्तिहरुका चूडाकरण एवं उपनयन संस्कार गोद लिने व्यक्तिका गोत्रानुसार गरिएमा तिनीहरु गोद लिने व्यक्तिका पुत्र भनौं या सन्तान मानिन्छन्, अन्यथा तिनीहरु गोद लिनेका दास हुन्छन् ।

उत्तरप्राचीनकालीन समाज संगठनबारे यहाँनिर केही प्रकाश पार्नु प्रासङ्गिक हुन आउँछ । तत्कालीन समाज संगठन सामन्ती व्यवस्थामा आधारित हुँदा समाजमा सामन्तहरुको प्रतिष्ठा अत्यधिक मात्रामा हुनु स्वाभाविक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । तिनीहरु कुनै एक इलाकाका सामान्य भूमिपति मात्र थिएनन्, बल्कि साँचो मानेमा तिनीहरु त्यस क्षेत्रका शासक नै थिए । राज्यमा दैनन्दिन शासनको जुन स्वरूप देख्न सकिन्छ त्यस्तै किसिमको शासन तिनीहरु आफ्नो क्षेत्रमा चलाउँदथे । तत्कालीन राजाज्ञा उत्कीर्ण अभिलेखहरूमा ग्राम वा तलवासीहरूलाई तिनीहरूले भूपतिहरूकै आदेशलाई शिरोधार्य गर्ने गर्नु औ तिनीहरूका इलाकामा सरकारी कुनै अधिकरण तथा चाट भट समेतले पनि प्रवेश नपाउने कुरा वर्णित भएको पाइएबाट उपर्युक्त तर्कको पुष्टि हुन्छ । यसरी यी सामन्तहरूको असीम शक्तिको कारण यिनीहरु समाजमा ज्यादै प्रतिष्ठित भएका थिए । यिनीहरु महाराज, महाराजाधिराज जस्ता विरूदबाट पनि विभूषित थिए । भट्टारक महाराज श्री वसन्तदेवका अभिलेखमा वर्णित श्रीक्रमलील 'महाराज' विरूदधारी थिए भने महासामन्त श्री अंशुवर्मा 'महाराजाधिराज' विरूदधारी । सामान्य जनताहरु अनि यिनीहरूको कृपादृष्टिको लागि सदा लालायित रहन्थे । उत्तरप्राचीनकालीन कतिपय अभिलेखहरूमा शासकहरूको कुनै उल्लेखै नगरी खाली ती सामन्त शासकहरूकै नाम उत्कीर्ण गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ ।

उपर्युक्त समयका धार्मिक संगठन तथा पाञ्चालीहरूमा पनि उक्त प्रकारका सामन्ती स्वरूप स्पष्टतः देख्न सकिन्छ । सामन्तहरूकै अनुरूप उपर्युक्त संगठन एवं पाञ्चालीहरूले पनि ग्राम अर्थात् आफ्ना अधिनमा रहेका इलाकाहरूको शासन गर्ने गरेका थिए । तिनीहरूलाई राजाज्ञाद्वारा उक्त अधिकार प्राप्त भएको कुरा तत्कालीन अभिलेखहरूको अध्ययनबाट विदित हुन्छ । पञ्चखत गर्ने अपराधीहरूका घर, खेत आदि सम्पत्तिको अतिरिक्त परिवार समेत उपर्युक्त संगठनहरूको अधीनस्थ हुने कुरा उत्तरप्राचीनकालीन एक अभिलेखमा उत्कीर्ण गरिएको छ । अपराधीका जहान परिवारहरु धार्मिक संगठनको अधिनस्थ हुने कुराको उल्लेखले तत्समय दासप्रथाको अस्तित्व रहेको यथार्थतालाई स्पष्ट गरेको छ । दासका मालिकहरु भनौं सामन्तहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

दासहरूलाई कुनै पनि किसिमको काम गराउँदथे । दासहरु नाइँ नास्ति गर्न पाउँदैनथे । हलोको गोरूलाई असाध्य यातना दिँदा दिँदै पनि त्यसलाई ख्वाई पिलाई राखेर तिनको मृत्युमा शोक मनाए जस्तै दास मालिकहरु आफ्ना दासहरूलाई ख्वाई पिलाई राख्थे । तिनीहरु नमरून् भन्ने नै मालिकहरु चाहन्थे । यस्तो थियो दासका मालिकहरूको दासहरु प्रतिको कृपादृष्टि । छैठौं शताब्दी ई. को चावहिलको एक अभिलेखमा दासहरु प्रति सामन्त अर्थात् दासका मालिकहरूको दृष्टिकोणको झझल्को मिल्छ ।

"दुर्ब्भिटैटिन्द्रियैः कृत्स्ना वाह्यते यैटियम्प्रजा
दासवत्तानि सन्धार्य्य कृपयापटिपीड्यता (:)
दानशील .....
सम्प्राप्यानुत्तटं ज्ञानं प्रजा दुःखात्प्रमोचिता
प्रमोच्य सर्व्वदुःखेभ्यो योसौ शान्तम्पदङ्गतः"

- चावहिलको अभिलेख

अर्को, उत्तरप्राचीनकालीन संवत् ८०(?) को अनन्तलिङ्गेश्वरको अभिलेख पनि यहाँ स्मरणयोग्य छ । त्यस अभिलेखमा दास, दासीहरूको उल्लेख हुनुको साथै दासहरु खालि मनुष्यकै दासको रूपमा नरही देवभृत्य नामले देवप्रासादका दासको रूपमा पनि त्यस समय लिइने कुरा वर्णन गरिएको छ । यी दास-दासीहरूको बारे विभिन्न श्रुति, स्मृति, जातक आदि अनेकौं ग्रन्थहरूमा विशदरूपले वर्णन गरिएका छन् जसबारे माथि थोरबहुत प्रकाश पारिसकेको छ । ती ग्रन्थहरूका अनुसार दासहरु अनेकौं प्रकारका छन् । ती दासहरु अलग कमाइद्वारा रूपैयाँ बचाएर स्वयम् आफूलाई मालिकसँग किनेर स्वतन्त्र हुन सक्थे । नारदस्मृतिका अनुसार जब कुनै दास स्वतन्त्रता प्राप्त गर्दथे त उनी आफ्नो काँधमाथि घडा राखेर खडा हुन्थे । तिनका स्वामी त्यस घडालाई दासको काँधबाट झिकेर फुटाई दिन्थे र फेरि तिनका शिरमा जल छड्कि दिन्थे । त्यस जलमा फूल र चना राखेको हुन्थ्यो । यसरी स्वतन्त्र भएका दासको अभिषेचन गरी तिनका भूतपूर्व स्वामी तीनबार घोषणा गर्दथे कि अब उनी स्वतन्त्र छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दासप्रथाको अन्तर्गत देवभृत्य भनौं देवदास एवं देवदासीको परम्परा पनि उत्पन्न भएको थियो । उपर्युक्त अनन्तलिङ्गेश्वरको अभिलेखमा देवभृत्य एवं देवदासीहरूको उल्लेख आएकोलाई यहाँ उदाहरण स्वरूप लिइन्छ । तिनीहरू मन्दिरहरूका सेवासित सम्बद्ध थिए । देवमन्दिरको लागि नियुक्त सुन्दरीहरूलाई देवदासी भन्ने गरिन्थ्यो । देवमन्दिरमा नृत्य, गान तथा संगीतको चित्ताकर्षक कार्यक्रम प्रस्तुत गर्नु यिनीहरूको मुख्य कार्य थियो । ग्रीक इतिहासकारहरूले देवदासीहरूको बारे उल्लेख गरेका छन् । कालिदासकृत मेघदूत तथा अनेक पुराणहरूमा देवदासीबारे उल्लेखहरू छन् (मेघदूत १.३५) । पुराणहरूले निर्देश गरेका छन् कि मन्दिर सेवाको लागि अनेक सुन्दरीहरूलाई किनेर प्रदान गर्नुपर्दछ ।

"क्रीता देवाय दातव्या धीटेणाक्लिष्टकर्मणा ।
कल्पकालं भवेत्स्वर्गो नृपौ वाप्तौ महाधनौ ॥"

- पद्मपुराण ५२।९७

यो पनि वर्णन गरिएको छ कि सूर्यलोकको प्राप्तिको लागि सूर्यमन्दिरलाई वेश्याकदंब अर्पित गर्नुपर्दछ ।

"वेश्याकदंबकं यस्तु दद्यात्सूर्याय भक्तितः ।
स गच्छेत्परमं स्थानं यत्र तिष्ठति भानुमान् ॥"

- भविष्यपुराण १.९३.६७

कहिले कहिले निःसन्तान व्यक्ति आ-आफ्ना पहिलो सन्तान मन्दिरलाई दान गर्दथे, जसको कारण यो प्रथा अरू विकसित भयो । युआनच्वाङ्गले आफ्नो यात्राको समय मुल्तानको सूर्य मन्दिरमा नृत्यगानमा व्यस्त अनेकौं देवदासीहरू देखेका थिए (वाटर्स २.३५४) अलबरूनी सहित अनेक अरब लेखकहरूले देवदासीहरूको बारे लेखेका छन् (ग्यारहवीं शदीका भारत, पृ. १५९-१६१) । भारतमा दासप्रथा प्रचलन बारेको संवत् १२८८ (१२३१ ई.) को दासी-विक्रय पत्र प्राप्त भएको छ । उक्त पत्रको अध्ययनबाट तत्समय गुजरातमा नर-नारी पशुहरू समान बेचिन्थे भन्ने कुराको जानकारी मिल्छ । उक्त पत्र तल प्रस्तुत गरिएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दासी विक्रय पत्र

"संवत् १२८८ वैशाख शुदी १५ गुरावदद्य इह श्रीमदणहिल्लपत्तने समस्तराजावली समलंकृतपटमेश्वटपटमभट्टारक ..... श्रीमद् भीमदेवकल्याण विजयराज्ये दासी विक्रयपत्रमभिलिख्यते, यथा "ठाणाश्रीप्रतापसिंहेनानीता गौरवर्ण षोडशवार्षिकी पनुती नाम्नी दासी शिरसि तृणं दत्वा पंचमुखनगटविदित चतुष्पथे ठहाप्य विक्रीता। व्यवहारक आसधटेण दासीकर्मकरणाय ठाणाश्रीप्रतापसिंहस्य ५०४ चतुरधिकपंचशतानि द्रम्मान् दत्वा पनुती नाम दासी समस्तनगराधिवासिचातुर्वर्ण्यलोकानां विदितमूल्येन गृहीता।

"अतः परं अनया दास्या व्यवहारकगृहे खण्डन-पेषण-गृहलिंपन-संमार्जनन्यनानयन- पानीयोद्वहनादिकं मूत्रपुरीषोत्सर्गादिकं महिषी-गौ-अजादोहनादिकं दधिविलोडनं तथा क्षेत्रे-खलके तक्रानयनं चाटिआनयनादिकं निन्दनकर्तनादिकं क्षेत्रकर्म अन्यदपि गृहकर्म सर्वं अकुटिलबुद्धया करणीयम्। इत्थं प्रवर्तमानाया दास्या व्यवहारकेन देशकालानुरूपं विभवानु मानेन भोजनाच्छादनादिकं सर्वं अप्रार्थितं दातव्यम्। तथा अस्या दास्या व्यवहारकगृहे कर्म कुर्वत्याः तस्या पिता, भ्राता, भर्ता वा धनिकत्वं विधाय कर्मविधातं कारयति, तदा व्यवहारकेण बन्धनताडनादिघातैर्निर्दयं ताडयित्वा पुनरपि समग्रपत्रलिखितदासीकर्मणि नियोजनीया (अथ केशेष्वाकृष्य पादप्रहारैर्यष्टिप्रहारैश्च व्यापाद्यमाना म्रियते ततः स्वामी निर्दोषः। चातुर्वर्ण्यलोकैः सर्वेरवधारणीयं, यत् सा स्वकर्मवशाद दैवहता मृता। स्वामिनः पुत्रपौत्रकलत्रादिपरिवारसहितस्य गंगास्नानम्। अथ कूपतडागविषभक्षणादिना म्रियते, ततोपि पंचमुखनगरविदितं अस्तु 'स्वामी निर्दोष एवं, एषा कृतपूर्वकर्मविपाकेन देवहता मृता।' प्रभोः सपरिवारस्य गंगास्नानमेव ॥) अस्योपरिलिखितविधेः पालनाय रक्षपालाः तथा नगराधिवासिनः साक्षिणश्च। इहार्थे ठाणाप्रतापसिंहस्य तथा रक्षपालानां चतुर्णा च यथानाम्नां स्वहस्तेन प्रदत्तमतानि। लिखितमिदं पत्रं उभयाभ्यर्थितेन पाटधीजयताकेन।"

– बाट राहुल सांकृत्यायनः रामराज्य और मार्क्सवाद, पीपुल्स पब्लिशिंग हाउस प्रा.लि., नई दिल्ली, १९८१ ई.पृ. ३९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम्बुजमा दासप्रथा

काम्बुज अभिलेखहरूबाट ज्ञात हुन्छ कि त्यस देशमा दासप्रथा पनि प्रचलित थियो । ती दासहरूमध्ये केही दत्तक थिए, केही पैतृक थिए र केही जितेका देशहरूबाट बन्दीको रूपमा बनाइएका थिए । लोनवेक स्तम्भ अभिलेखको अनुसार राजाको आदेशमा ४०० दासहरु मध्येबाट केवल २०० दासहरूलाई ल्याइयो जसमध्ये ५ नृत्यमा र ५ गायनमा प्रवीण थिए । चम्पा अभिलेखबाट ज्ञात हुन्छ कि बर्मा र थाई देशका दासहरूलाई चम्पाका देवालयहरूमा अर्पित गरियो । सूर्यवर्मन द्वितीयले अंगकोरवाट निर्माण हेतु दासहरूलाई लगाएका थिए । हेमशृङ्गगिरि र जयेन्द्रगिरिका किल्ला बनाइएपछि त्यसमा भूमि र दास दान दिइएका थिए । दास-भूमि र अन्य सम्पत्ति दानस्वरूप सूर्यपर्वतका देवालयहरूलाई अर्पित गरिएको कुरा अन्य अभिलेखहरूमा वर्णित छ ।

अनेकौं स्थानहरूमा दासहरूको दानको वर्णन अभिलेखहरूमा पाइन्छ । ख्मेरको एक अभिलेखमा यो अंकित छ कि ४० दासहरु र सम्पत्ति देव-त्रिभुवन एकनाथलाई अर्पित गरिनुको साथै उपजलाई विभिन्न मुख्य दासहरूमा बाँडिएका थिए । आचार्य त्रिभुवनाचार्य तथा तिनका परिवारका सदस्यले शक ९०२ मा देवत्रिलोक विजयीश्वरलाई केही दासहरु अर्पित गरेको कुरा फनोम वन्ते नन अभिलेख, जुन ख्मेर भाषामा छ, मा वर्णित छ । अर्को एक ख्मेर अभिलेखमा फनोम प्राह विहारमा गम्भीरेश्वरको मन्दिरलाई दास समर्पण गरेको कुराको उल्लेख छ । राजाको दासहरूमाथि पूर्ण अधिकार थियो र दासहरूको दानलाई राजाको अनुमति-प्राप्तिको अनन्तर वैधानिक मानिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

काम्बुजमा निम्नांकित तीन (३) प्रकारका दासहरु हुन्थे -

१. पुत्रवत् अंगिकार दास

२. पैतृक दास

३. युद्धबन्दी

यिनीहरुको अतिरिक्त निम्नलिखित दासहरुको पनि उल्लेख हामीलाई प्राप्त हुन आएका छन्, तिनीहरु हुन् :

१. जन्मजात या दास पिताबाट जन्म लिएर

२. ऋण तथा दण्ड भुगतान नगरेको कारण

३. युद्धबन्दी

४. निर्धन

५. स्वेच्छाले बनेका दास

काम्बुजमा दासहरुको निमित्त अत्यन्त कठोर नियमहरु बनाइएका थिए । पुरुष र स्त्री दुवै दास हुन्थे र तिनीहरु दुवैमा विवाह हुन सकिन्थ्यो । एक दास कन्या अनेक दास पुरूष सित विवाह गर्न सक्तथिन् । ईशानवर्मनको वात सबब अभिलेखमा ४२ दासहरु र तिनका ९ पत्नीहरु भएको कुराको उल्लेख छ । जयवर्मन चतुर्थको कोननन मन्दिरको अभिलेखमा दास सम्बन्धि यस वृत्तान्तको वर्णन छ । यसै अभिलेखमा १०० जना दास एवं दासीहरु देव चम्पेश्वरलाई अर्पित गरेको कुराको उल्लेख छ । प्रे मे न अभिलेखमा ई दासीहरुका बच्चाहरुका सम्बन्धमा विस्तृत वर्णन गरिएको छ । प्रायः दासीहरु आफ्ना बच्चाहरुका साथ विक्री गरिन्थ्यो । दास आफ्ना स्वामीका सम्पत्ति सम्झिन्थ्यो । साथै बैल, भैंसी, धानका खेत, रसोई, बागवानी आदि पनि सम्पत्ति थिए । दास पालतू भृत्य सरी खरिद गरिन्थ्यो । सभ्य भनौं सम्पन्न व्यक्तिहरुकहाँ दासहरु १०० जना भन्दा कम हुँदैनथ्यो । जयवर्मन प्रथमको अभिलेखबाट यो ज्ञात हुन्छ कि मृत्युदण्डका दोषी रहेका लिंगपर्वतका मानिसहरुलाई केवल बन्दी बनाएर दण्डबाट मुक्त गरिन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीनी स्रोतहरूको अनुसार मजदूरहरु सदैव स्वामीको रक्षार्थ युद्ध गर्नलाई तयार रहन्थे । मैकडोनल्डले ठीकै भनेको छ कि सभ्य र धनी खेर समाज मजदूरहरूको श्रममैं आधारित छ । चाऊ ता कुआंले दासहरूको स्थितिको विस्तृत वर्णन यसरी गरेको छ - निर्धन व्यक्तिहरु कहाँ दासहरु थिएन । दासहरु आफ्ना मालिकलाई माता पिता भनि पुकार्दथे । यदि अन्य पुरूषबाट दासीको बच्चा जन्मेमा त्यसमा दासस्वामीलाई बच्चाको पिताबाट कुनै कठिनाई हुँदैनथ्यो । तर, बच्चालाई दास समान नै व्यवहार गरिन्थ्यो । भाग्न कोशिश गरेका दासहरूलाई समातेपछि तिनीहरूका नाक, कान काटिन्थ्यो । कहिले-कहिले दासहरु आफ्ना चरित्र एवं स्वामिभक्तिको कारण आफ्ना स्वामीलाई प्रसन्न गरी ठूला पदहरूमा पनि पुग्दथे । नाधा नामका एक भृत्य सेनाका प्रमुख पदाधिकारी बनेका थिए । राजा जयवर्मन प्रथमका भृत्य आफ्ना स्वामीको अनुशंसा (सिफारिस) मा राजकीय सभाको सभापति पदमा आसीन भए र दासका साथै अनेक सामानहरूद्धारा सम्मानित गरिएका थिए ।

दासहरूको स्थिति राम्रो थिएन । तिनीहरु जानवरहरूको समान जीवन-यापन गर्दथे । समाजका निम्न श्रेणीमा तिनको गणना थियो । सामाजिक व्यवस्थामा राजा सबैभन्दा माथि र दास सबैभन्दा तल थियो । संग्रामको विजय तिनका प्राणका आहुतिद्वारा हुन्थ्यो । गृह-निर्माण एवं कीर्तिस्तम्भ समाधिहरूको निर्माण यी दासहरूका श्रमद्वारा हुन्थ्यो तथा राजकीय महल एवं धनीमानी व्यक्तिहरूका गृहका विलासी जीवनमा तिनीहरूको सेवा सहायक थियो । यी निर्धनहरूको स्थिति अनेक पीढिसम्म यथावत् रहन्थ्यो । यिनीहरूको स्थितिमा कुनै किसिमको सुधार सम्भव थिएन । कहिले-कहिले तिनीहरूले विद्रोह गरेमा त्यसलाई जन-विप्लव भन्ने गरिन्थ्यो । अन्ततोगत्वा जब शत्रु मुलुकले देशमा आक्रमण गर्दा यस प्रकारका आबादी भनौं दासहरूले तिनीहरूको स्वागत गरे र परिणामतः शासनको अन्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रीस (यूनान) मा दासप्रथा

ग्रीक सभ्यता एवं संस्कृतिको विकासमा दासहरूको योगदान महत्वपूर्ण रहेको छ । साँच्चै भन्ने हो भने ग्रीसको समुन्नतिमा तिनीहरूको अतुलनीय भूमिका रहेकोलाई नकार्न सकिँदैन । सातौं-आठौं शताब्दी ई.पू. मा ग्रीसमा शिल्प कलाको विकास हुन लागेको थियो । शिल्पकारहरूले दासहरूलाई पालेर तिनीहरूबाट काम लिने गरेका थिए । त्यस्तै अन्य ठूला-ठूला महान् व्यक्तिहरू, दार्शनिकहरू, विचारकहरू, लेखकहरू आदि सबैजसो कहाँ दास-दासीहरू रहेका थिए । यसैले तिनीहरू आ-आफ्ना काममा स्वतन्त्रतापूर्वक लगनशील भएर लागिपर्न सफल भए; फलतः तत्समय ग्रीसको सर्वतोमुखी विकास सम्भव भई ग्रीसको इतिहासको स्वर्णयुग स्थापित भयो ।

तत्समय कृषकहरूको आर्थिक स्थिति झन-झन दयनीय हुँदै गएर तिनीहरूले ठूला-ठूला सामन्त, साहुकारहरूसित ऋण लिन बाध्य भएका थिए । किसानहरूले निश्चित अवधि भित्र ऋण चुक्ता गर्न नसकेको खण्डमा न केवल तिनले खेतलाई गुमाउनु पर्दथ्यो, बल्कि प्रायः आफ्ना र आफ्ना परिवारको स्वतन्त्र जीवनलाई गुमाई कर्जदारको दास भनौं गुलाम बन्न जान विवश हुन्थ्यो । सातौं शताब्दी ईशापूर्वको अन्तसम्ममा ग्रीसको अधिकांश कृषियोग्य भूमिमा सम्भ्रान्त वर्गको कब्जा भइसकेको थियो । यसरी त्यस समय दासहरूको संख्या वृद्धि अत्यधिक मात्रामा भएको थियो । तत्कालीन सम्भ्रान्त वर्गका पृष्ठपोषक (समर्थक) एक कविले भनेका थिए कि "जनताको छातीमा दृढताका साथ पाऊ राखी छाड्नुपर्दछ र तिनलाई काँसको बरछाले कुटिराख्नु जरूरी छ । किनकि मालिकका दृढ अंकुशलाई तिनीहरू कहिल्यै स्वीकार गर्दैनन् ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भ्रान्त जनहरूको निरङ्कुश प्रभुत्वले सामान्य जनमानसमा व्यापक असन्तोषको जन्म दिएका थिए । सामान्य निरीह जनता शासनमा भाग लिने अधिकारको चाहना राख्तथे । यसको अतिरिक्त गरीबहरु ऋण मोचन गर्ने, अभिजात वर्गहरूका जमीन छिन्ने र तिनीहरु सबै निरीह गरीब जनताहरूमा बाँड्ने माँग गरिरहेका थिए । छैठौं शताब्दी ईशापूर्वको आरम्भमा यूनानी जनतामा विद्रोहाग्नि फैलिन शुरू भयो । तत्कालीन ग्रीक विद्वान् एरिस्टोटल लेख्तछन् कि सामान्य जनता अभिजात वर्गको विरूद्ध विद्रोह गर्न लागेका थिए । सामान्य जनता र अभिजात वर्गको बीच भय□र टक्कर शुरू भयो । उक्त विद्रोह साम्य गर्न ५९४ ईशापूर्वमा एथेन्सका शासक (आर्कोन) सोलोनले अभिजात वर्ग र गरीबहरूबीच सम्झौता गराउने प्रयास गरेका थिए । सोलन एक अभिजात तर गरीब परिवारमा जन्मेका थिए । साहसी योद्धा, कवि र वक्ताको रूपमा तिनले यथेष्ट मात्रामा ख्यातिप्राप्त गरिसकेका थिए । एथेन्सको शासन प्रणाली र जनताको अवस्थामा तिनले काफी सुधार गरे ।

सोलनले किसानहरूका सम्पूर्ण ऋण माफ गरिदिए । ऋण नचुकाएबापत दास बन्न बाध्य भएका सम्पूर्ण ग्रीक नागरिकहरु दासताबाट मुक्त भई स्वतन्त्र भए । स्वतन्त्र एथेनियनहरूलाई भविष्यमा दास बनाउन नपाइने भयो । सोलनले आफ्नो एक कवितामा लेखेका छन् "मैले आफ्ना दुःख संतप्त माँ धरतीलाई तिनीको दयनीय हालतबाट मुक्ति दिलाएको छु, दासताबाट छुट् कारा दिलाएको छु, अर्काको मुलुकमा दास जस्तै गरी बेचेका अत्यधिक एथेनियनहरूलाई मातृभूमि सुन्दर नगरी एथेन्स फर्काएको छु र खूद एथेन्समै पनि स्वामीहरूको सामु थरथर काँप्ने दासहरूलाई स्वतन्त्र गराएको छु ।"

सोलनका सुधारहरूले अरु देशहरूबाट ल्याएका दासहरूको हालतमा कुनै परिवर्तन गरेन । तिनीहरु पहिले जस्तै नै कष्टकर जीवन व्यतीत गर्दथे । दासहरूको संख्या बढ्दै गयो ।

सोलनका सुधारहरूले अभिजात वर्गको शक्तिलाई क्षीण गरी सामान्य जनतालाई एथेन्सको शासनमा भाग लिने अवसर प्रदान गरे । तर, सोलनका सुधारहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

पछि पनि अभिजात र सामान्य गरीब जनताहरु बीच वैमनस्य समाप्त भएन । अभिजात वर्ग आफ्नो गुमेको सत्ता पुनः फर्काउन चाहन्थे र सामान्य जनता आफ्ना नयाँ प्राप्त अधिकारहरूलाई कायम राख्न र बढाउनको लागि प्रयत्नशील थिए । तर, दासहरूलाई छोड्न सम्भ्रान्त र गैर सम्भ्रान्त दुवै नै वर्गका दासस्वामीहरूमध्ये कोही पनि चाहँदैनथे । यसको विपरीत तिनीहरु आफ्ना दासहरूको संख्यालाई अझ वृद्धि गर्न चाहन्थे । यसरी ती दुवै वर्ग दासहरु माथि आफ्नो सत्ताको समर्थन गर्ने एथेनियन राज्यलाई निरन्तर सुदृढ गर्न खोज्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं-छैठौं शताब्दी ई.पू. मा स्पार्टाको दासप्रथात्मक राज्य

पेलोपोनेससको दक्षिण पूर्वस्थित लकोनिया प्रदेशलाई जितेर डोरियनहरूले त्यहाँ एक नगर निर्माण गरे जसको नाम स्पार्टा (Sparta) राखियो । तिनीहरूलाई अब लकोनियन भन्नुको बदला स्पार्टाबासी भन्ने भयो । धेरै समयसम्म लडेर स्पार्टावासीहरूले मेसेनियामाथि पनि कब्जा गरी त्यहाँका अधिकांश जनतालाई दास तुल्याए । स्पार्टाबासीहरु आफ्ना दासहरूलाई हेलट या हीलोटीज भन्दथे जसको अर्थ थियो - बन्दी बनाइएका ।

स्पार्टाबासी सबैका आ-आफ्ना भूमि थिए । ती भूमिमा खेती गर्न स्पार्टावासीहरु हेलट दासहरूलाई लगाउँदथे । दासहरूले आफूले पैदा गरेका पैदावारको आधा भाग आफ्ना मालिकहरूलाई बुझाउनुपर्दथ्यो । ती दासहरु आफ्ना स्वामीहरूलाई ज्यादै घृणा गर्दथे र समय-समयमा दास मालिकहरूको विरूद्ध विद्रोह पनि गर्दथे । यद्यपि दासस्वामी र दासहरूको बीच संघर्ष नील घाँटी, दजला फराट आदि सभ्यताहरूमा पनि भएको पाइएका छन् । तर ती संघर्षहरु दुई जातिका दास र मालिकको बीच मात्र नभई विभिन्न जातिका दास मालिक एवं विविध जातिका दासहरूको बीच भएका थिए । उक्त संघर्षहरूको विपरीत उपर्युक्त संघर्ष विजेता स्पार्टाबासी र विजित मेसेनियन दासहरूको बीच भएको कारण कतिपय इतिहासविद्हरु उक्त संघर्षलाई वर्ग संघर्षको संज्ञा दिन पनि रूचाउँदथे ।

स्पार्टावासी र हेलटहरूको बीच सबैभन्दा ठूलो संघर्ष सातौं शताब्दी ईशापूर्वमा मेसेनियामा भएको थियो । धेरै वर्षसम्म तिनीहरूको बीच लडाईं जारी रह्यो । अन्तमा विजय स्पार्टावासीहरूकै भयो । तर, केही विद्रोही दासहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

दुर्गम पहाडी चोटीमा गई लुकेर स्पार्टावासीहरुको विरूद्ध युद्ध जारी राखे । युद्ध हुँदा हुँदा दुवै थरी थकित भइसकेको हुनाले पछि सुलह भई यो युद्ध समाप्त भयो । सुलह अनुसार ती मेसेनियनहरु आफ्नो मातृभूमिलाई छोडेर अन्तै जानुपर्ने भयो, तर तिनीहरु स्पार्टाबासीहरुको दास भएर बस्नु परेनन् ।

पाँचौं शताब्दी ईशापूर्वमा ग्रीसमा दासहरुको संख्या अत्यधिक मात्रामा बढेको थियो । दासहरु अधिकांशतः यहुदीहरु नै हुन्थे । विजित मुलुकमा समातिएका स्त्री एवं बच्चाहरु पनि दासहरु नै हुन्थे । समुद्री डाकुहरु पनि तटवर्ती बस्तीहरुस्थित व्यापारिक जहाजहरुमा हमला गरी मानिसहरुलाई समातेर दास बनाई बेच्तथे । भूमध्यसागर एवं काला सागरका तटवर्ती देशहरुबाट ग्रीसमा दासहरु ल्याइन्थ्यो । दासीका बच्चा दास नै हुन्थ्यो र आ□नी माँका स्वामीकै सम्पत्ति मानिन्थ्यो ।

ग्रीस (यूनान) मा दासहरु अधिकांशतः विदेशीहरु नै थिए । ज्यादै थोरै मात्र दास-दासीहरु यूनानी थिए । कतिपय यूनानी नगर राज्यहरुमा ऋण नचुकाएका कारण दास बनाउने रिवाज पहिले जस्तै कायम थियो, यद्यपि सोलोनद्वारा प्रचारित कानूनले उक्त प्रथा पहिले नै खारेज भइसकेको थियो ।

ग्रीसमा तत्समय सधैंजसो दास-दासीहरुको बजार लाग्दथ्यो । लोग्नेमान्छे, स्वास्नीमान्छे मात्र नभई बच्चाहरु सम्म पनि विक्रीमा राखिन्थ्यो । दास-दासीहरुलाई जीवित वस्तु मानिन्थ्यो । अनि ग्राहकहरु ती जीवित वस्तुहरु खरिद गर्दा तिनीहरुलाई विभिन्न प्रकारले राम्ररी जाँच गरेर मात्र खरिद गर्दथे ।

ग्रीसमा ढुङ्गा एवं धातु खानी धेरै भएका स्थानहरुमा दासहरु अत्यधिक मात्रामा थिए । सबैभन्दा गाह्रा-गाह्रा कामहरु दासहरुद्वारा गराइन्थ्यो । गरीब यूनानीहरु पनि खानीहरुमा काम गर्दैनथे । ठूला-ठूला व्यापारिक जहाजहरुका गाह्रा कामहरु सबैजसो दासहरुले नै गर्नुपर्दथ्यो ।

पाँचौ शताब्दी ईशापूर्वमा धनीमानी ग्रीकहरुले ठूला-ठूला शिल्पशालाहरु खोलेका थिए । तिनीहरुमध्ये कुनै-कुनैमा आठ-आठ, नौ-नौ दर्जन दासहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम गर्दथे । मामुली भए पनि सबैभन्दा गाह्रा कामहरु तिनीहरूलाई नै सुम्पिन्थ्यो । कृषि क्षेत्रको अनुपातमा शिल्प उद्योगहरूमा दासहरूको संख्या अधिक थियो । कृषकहरु खेत खनजोत गर्ने काम खूद नै गर्दथे । तर, दासहरु ठूला-ठूला भूसम्पत्तिवान्हरु कहाँ मात्र नभई अरु सम्पन्न कृषकहरूको पास पनि हुन्थे । घरेलु नौकर सामान्यतः दासहरु नै हुन्थे । सामान्य नागरिकको घरमा ३-४ र धनीमानी व्यक्तिहरूका घरमा ४०-५० दास-दासीहरु साधारणतः हुन्थे ।

हप्काइ दप्काइ गरेर मात्र दासहरूबाट काम लिन सकिन्थ्यो । दासहरु आफूले रगत पसीना गरी जे जत्ति उत्पादन गर्दथे तिनीहरु सबैका हकदार तिनीहरूका स्वामीहरु हुन्थे । यही न कारण छ तिनीहरु स्वेच्छाले तुरून्तै काम गर्दैनथे । 'ओडिसी' मा एक ठाउँमा भनेको छ - 'दास लापरवाह हुन्छ ; मालिकले यदि कठोरतापूर्वक भन्नुको तात्पर्य जबर्दस्ती गरी तिनलाई काम नगराएमा तिनबाट काम हुनु गाह्रो हुने हुन्छ ।' कुनै एक निरीक्षकको निगरानीमा दासलाई काम गराउनु पर्दछ । तिनले काम गर्नमा आलस्य गरेको खण्डमा निरीक्षकले तिनमाथि कोर्रा लगाउनु जरूरी छ । एकजना तत्कालीन लेखकले दासमालिकले आफ्ना दासलाई दिएको यातनाको जुन वर्णन गरेको छ त्यो पढ्दा मानिसको हृदय नै फुट्ला जस्तो हुने हुन्छ ।

दासहरु पनि आफ्ना मालिकलाई नोक्सान पुऱ्याउनुमा कुनै कसर बाँकी राख्दैनथे । मौका पारेर तिनीहरु भाग्ने कोशिश गर्दथे, यद्यपि तिनीहरूलाई राम्ररी थाहा थियो कि समातिएमा तिनीहरूलाई असह्य यातना दिइनेछ । तिनीहरु मौका पारेर आफ्ना मालिकलाई पनि मार्दथे । तिनीहरु आफ्ना स्वामीको विरूद्ध विद्रोह गर्दथे । पाँचौ शताब्दी ई.पू. मा स्पार्टामा भयङ्कर भुईचालो जाँदा जुन ठूलो नोक्सान भएको थियो त्यसैलाई मौका पारेर हेलट (दास)हरूले स्पार्टावासीहरूको विरूद्ध ठूलो संघर्ष गरेका थिए । यद्यपि उक्त संघर्षमा स्पार्टावासीहरूको विजय भयो, तर हेलटहरूको एक समूहले स्वतन्त्रता प्राप्त गरी स्पार्टाबाट अन्य स्थानमा गए । यसबारे माथि वर्णित भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

पेरिक्लीजको नेतृत्वमा ग्रीसको एथेन्समा जुन शासनतन्त्र स्थापित भएको थियो त्यसलाई एथेनी जनतन्त्रको संज्ञा दिइएको थियो, जसको मतलब थियो सामान्य जनको शासन । सामान्य जन राज्यमा आफ्नो सत्तालाई दासप्रथात्मक व्यवस्था र मित्र देशहरु माथि एथेन्सको प्रभुत्वलाई सुदृढ तुल्याउन प्रयोग गर्दथे । यसमा दासस्वामीहरूको साथ-साथ स्वतन्त्र व्यक्तिहरूको पनि रूचि थियो ।

एथेन्सको साथै अन्य यूनानी नगरराज्यहरूमा पनि दासहरूमाथि स्वतन्त्र मानिसहरूको शासनको प्रतीक स्वरूप जनतन्त्रात्मक शासन प्रणाली अपनाइएको थियो । पाँचौ शताब्दी ईशापूर्वमा जनतन्त्रात्मक शासनप्रणाली चरमोत्कर्षमा छँदासम्म पनि एट्टिकामा वास्तविक सत्ता अल्पसंख्यक मानिसहरूकै हातमा थियो । एथेन्सको पूर्ण अधिकार सम्पन्न नागरिक खाली यस्ता पुरूषहरूलाई मानिन्थ्यो, जसका माता र पिता दुवै नै एथेनी मूल निवासी हुनु आवश्यक थियो । बाहिरबाट आई एट्टिकामा बसोबास गरेकाहरु र तिनका सन्तानहरूलाई एथेनी नागरिक अधिकार प्राप्त थिएन । एट्टिकामा रहनुको लागि तिनीहरूले विशेष कर तिर्नुपर्दथ्यो । जालझेल गरी आफूलाई एथेनी नागरिक भन्नेहरूलाई दास तुल्याइन्थ्यो ।

एथेनी स्त्रीहरूलाई घरबाट निस्कन पनि कमै दिइन्थ्यो र तिनीहरु जनसभाहरूमा भाग लिनबाट पनि वञ्चित थिए । 'आदर्श गृहिणी र आदर्श पत्नी' भइरहनु नै तिनीहरूका खास कर्तव्य मानिन्थ्यो । दासहरूको स्थिति समाजमा ज्यादै दयनीय थियो र तिनीहरु जनावरहरु भन्दा पनि गएगुज्रेका अवस्थामा रहनु विवश थिए । शिक्षा प्राप्तगर्ने अधिकार पनि तिनीहरूलाई थिएन । एथेन्सको नागरिकता सबैलाई उपलब्ध थिएन । तर प्राचीन विश्वमा एथेन्समा जत्ति अत्यधिक मानिसहरु राज्य सञ्चालन र सामाजिक जीवनमा भाग लिने अधिकारबाट वञ्चित थिए । सबैभन्दा कठिन र भारी कामहरूको बोझ दासहरूको जिम्मा छोडेर स्वतन्त्र एथेनी पुरूषहरु नगरका सार्वजनिक स्थानहरूमा अत्यधिक समय व्यतीत गर्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोममा दासप्रथा

रोमको इतिहासमा पेट्रीशियन र प्लेबियनहरूको बीच अधिकार प्राप्तिको लागि संघर्षहरु समय समयमा हुँदै गरेका थिए । कहिलेकाहीं यिनीहरूको बीच सशस्त्र संघर्षको पनि नौबत आउँदथ्यो । प्लेबियनहरूलाई पेट्रीशियनहरु एकपछि अर्को गरी अनेकन सुविधा भनौं अधिकारहरु प्रदान गर्न मजबूर भएका थिए । पेट्रीशियनहरु जस्तै प्लेबियनहरूलाई पनि रोमको नागरिक हुने अधिकार प्राप्त भयो । रोमका नागरिकहरूलाई अब ऋण नचुकाए वापत दास बनाउने प्रथामाथि बन्देज लगाइयो । सम्पन्न रोमनहरूको भूमिमा कम्मी मजदूर या अन्य देशहरूबाट ल्याइएका दासहरु काम गर्दथे ।

रोमका प्रत्येकजसो पदहरूमा सर्वाधिक सम्पन्न पेट्रीशियन र प्लेबियन परिवारका सदस्यहरु नै निर्वाचित हुन्थे । रोमका सिनेट पनि तिनीहरूबाटै बनाइएको हुन्थ्यो । भूस्वामीहरूको साथै दासस्वामीहरु नै रोमका नगरको शासन गर्दथे । रोमका अन्य नागरिकहरूको लागि कंसुल (Consul) या सिनेट (Senate) को सदस्य हुनु असम्भवप्रायः भएका थिए ।

फिनिशियनहरूले अफ्रिकाको उत्तरी तटपरस्थित कार्थेज नगरको स्थापना गरेका थिए । सामुद्रिक मार्गबाट हुने व्यापारको यो एक ज्यादै महत्वपूर्ण केन्द्र थियो । यहाँको बन्दरगाहमा जहाजहरूमा मालहरु लादेर ल्याई उतार्दथ्यो । जहाजका नाविक र बन्दरगाहका खलासीहरु प्रायसः दासहरु हुन्थे । कार्थेजको आसपासका सम्पूर्ण उपजाउ भूमि दास मालिकहरूको सम्पत्ति थियो । तिनका खेत र अंगुर बगानहरूमा दासहरु काम गर्दथे । दासहरु काम छोडेर भागेर जालान् भनेर एउटै फलामका सिक्रीले अनेकौं दासहरूलाई बाँधिराखेको हुन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ दासप्रथा

कार्थेजलाई जितेर त्यहाँ आफ्नो आधिपत्य स्थापित गर्न रोमले कार्थेजसित तीनपटकसम्म युद्ध गर्नु परेको थियो । अन्तमा रोमनहरूले कार्थेजलाई जितेर तिनलाई रोमको आधिपत्य स्वीकार्न बाध्य तुल्याए । तत्समय रोमनहरूको अत्याचार यहाँसम्म भएको थियो कि तिनीहरूले कार्थेजका नगरमा एउटा घर पनि साबूत रहन दिएनन् । मकदूनियाको पतनपछि यूनानीहरूले आफ्नो स्वतन्त्रता पुनः प्राप्त गर्ने प्रयास गरे, तर रोमनहरूले तिनीहरूको प्रतिरोधलाई न केवल दबाएनन् बल्कि ई.पू. १४६ मा यूनानमैं हमला गरी आफ्नो आधिपत्य स्थापित गरे । रोमनहरूले यहाँसम्म अत्याचार गरेका थिए कि यूनानीहरूको संस्कृतिको केन्द्र रहेको कोरिन्थ नगरलाई ध्वस्त पारी त्यहाँका सम्पूर्ण जनतालाई दास तुल्याए । रोमनहरूद्वारा विजित मुलुकहरु ज्यादै नराम्रोसित लुटिएका थिए । त्यहाँका बन्दीहरु दास बनाई बेचेर पठाइन्थ्यो । व्यापारीहरु यी दासहरूलाई किनेर अत्यधिक मूल्यमा बेच्ने गर्दथे । रोमनहरूले एक ठूलो युद्धपछि एकलाख पचास हजार (१५००००) मानिसहरूलाई दास तुल्याई बेचेका थिए ।

रोमद्वारा विजित देशहरूलाई प्रोविन्सिया यानी प्रान्त भन्ने गरिन्थ्यो । प्रान्तका निवासीहरूलाई अत्यधिक कर लगाइएको थियो । कर नतिर्नेहरूलाई सपरिवार दास बनाइन्थ्यो । रोमनहरूद्वारा विजित एशिया कोचकका एक सानो राज्यका राजाको भनाई थियो कि तिनको राज्यमा सम्पूर्ण वयस्क पुरूषहरूलाई दास बनाई बेचिदिएका थिए ।

रोमले विजित मुलुकहरूमा अत्यन्त लूटमार गर्नुको साथै मानिसहरूलाई समातेर दास बनाएका थिए; फलस्वरूप रोममा दासहरूको संख्या अभूतपूर्व रूपले वृद्धि भयो । यसको अतिरिक्त जलदस्युहरु पनि मानिसहरूलाई दास बनाई बेच्तथे । प्राचीन पूर्वी देश एवं ग्रीसको तुलनामा इटालीमा कृषिको क्षेत्रमा अत्यधिक मात्रामा दासहरु काम गर्दथे । जहाजहरूमा पनि दासहरूको अत्यधिक मात्रामा प्रयोग गरिएको थियो । दासहरूलाई ठूला-ठूला महल तथा सडकहरु निर्माणमा लगाइन्थ्यो । जहाज निर्माणशाला तथा शिल्पशालाहरूमा सयौं दासहरु काम गर्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोमका दासमालिकहरूको अनुसार ज्यावल तीन (३) किसिमका हुन्छन्- 'लाटा', जस्तै ठेला, हल आदि; 'कराउने', जस्तै बैल; र 'बोल्ने' जस्तै दास । दासहरूमाथि दास मालिकहरु कुनै किसिमको दया देखाउँदैनथे । तिनीहरूलाई नमरूञ्जेलसम्मन् जोत्दथे । फसल काट्ने याममा तिनीहरूलाई दिनको १८-१८ घण्टासम्मन् काम गर्न लगाइन्थ्यो । आटा पिंस्ने दासको घाँटीमा काठको एक ठूलो चक्का राखिन्थ्यो । काठको चक्का घाँटीमा झुण्ड्याउनुको खास मनसाय तिनले हात मुखसम्मन् पुऱ्याई आटा खान नसकुन् भन्ने हो । दासस्वामी दासलाई वर्षमा एउटा लुगा लगाउन दिन्थ्यो जुन वर्षभरीमा धुजा-धुजा भइसक्थ्यो । फेरि, धुजा-धुजा भएको कपडाको हक पनि त्यस दासलाई हुँदैनथ्यो । केही सालको कष्टकर जीवनयापनपछि ती कमजोर, असमर्थ दासहरूलाई दासस्वामीहरूले कुनै उजाड टापूमा लगेर छोड्दथे, जहाँ तिनीहरु भूख, प्यासले त्यहीं नै मर्दथे । यसरी दासस्वामीहरूले दासहरूलाई जीवनपर्यन्त अकथनीय एवं निर्ममतापूर्वक यातना दिई तिनीहरूको इहलीला समाप्त गर्दथे ।

दासस्वामीहरूले दासहरूलाई उपर्युक्त वर्णित भए अनुसार जुन प्रकारले यातना र कष्टकर जीवन बिताउन बाध्य तुल्याएका थिए त्यसले गर्दा दासहरु समय-समयमा मौका मिल्नासाथ दास मालिकहरूको विरूद्ध संघर्ष गर्न कहिल्यै पछि हटेनन् । तिनीहरु आदिमयुगदेखि नै दासस्वामीहरूको विरूद्ध युद्ध गर्दै आइरहेका थिए । यस्तै युद्धको क्रममा रोमन सभ्यताको समय रोममा भएका ठूला-ठूला ऐय्याशी एवं दासस्वामीहरूको विरूद्ध दासहरूले गरेको युद्ध सबैभन्दा भयावह एवं महत्वपूर्ण रहेको थियो । यस युद्धले रोमन साम्राज्यको जगलाई हल्लाइदिएका थिए । यस युद्धका नायक थिए स्पार्टाकस (Spartacus) जसलाई बीस (२०) औं शताब्दी ई. को प्रारम्भिक ताकाका रूसी सर्वहारा क्रान्तिका नायक व्लादिमिर इलीच लेनीन (Vladimir Ilych Lenin) ले उपर्युक्त दासहरूको विद्रोह र स्पार्टाकसलाई ज्यादै सराहना गरेका थिए । विश्व कम्युनिष्ट सिद्धान्तका प्रवर्तक कार्ल मार्क्स (Karl Marx) ले उहाँको ज्यादै मनपरेको ऐतिहासिक व्यक्तित्वको रूपमा स्पार्टाकस भएको कुरा उल्लेख गरेको छ । ई.सन् १९१९ मा रोजा लक्जेम्बर्गद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेतृत्व गरिएका जर्मन क्रान्तिकारीहरूले आफूहरूलाई स्पार्टाकस बन्द भन्ने गरेका छन् ।

खिष्टाब्द पूर्वको विश्वमा दासता जीवनमा एक निश्चित र स्वीकृत तत्व थियो । यसमा कुनै नैतिक प्रश्न नै उठ्दैनथ्यो । खिष्टाब्दपछि पनि ईशाई राष्ट्रहरूले धेरै समय सम्मन् दासताको समर्थन, व्यवहार र व्यापार गरे । विशेषगरी इङ्गलैण्ड र अमेरिकाले अत्यन्त घृणित रूपमा दासताको व्यापार गरे, जसको कल्पना पनि कुनै प्राचीन देशले गरेको थिएन । तिनीहरूले अफ्रिकामा चोर्ने, बहकाउने र अपहरणगर्ने जत्था पठाई त्यहाँका आदिवाशीहरूलाई जम्मा गर्दै तिनीहरूलाई पशुसरह जहाजहरूमा कोचेर अत्यन्त अस्वास्थ्यकर स्थितिमा अमेरिका लैजान्थे । तिनीहरूमध्ये अधिकांश बाटोमैं मर्दथे । बाँकी बचेकाहरूलाई पशुसरह बेचबिखन गरिन्थ्यो । खेत, खदानहरूमा तिनीहरूबाट अमानुषिक कार्यहरु गराइन्थ्यो । यसरी कतिपय प्रमुख ईशाई राष्ट्रहरूले दासहरूमाथि अत्यधिक मात्रामा अत्याचार गरेका थिए । पछि १९ औं शताब्दी ई. को उत्तरार्द्धतिर तत्कालीन अमेरीकी राष्ट्रपति अब्राहम लिंकनले दासप्रथालाई समाप्त पारी मानव जातिको ठूलो उपकार गरेका थिए । लिन्कोलन (Abraham Lincoln) बारे कार्ल मार्क्स लेख्छ :-

"Lincoln is a Unique figure in the annals of history".

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३

माँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

विश्वमा सबैभन्दा ठूलो को छ ? भन्दा हाम्रो मुखबाट अनायास 'माँ', 'आमा' भन्ने शब्द नै निस्कन्छ । यिनीभन्दा ठूलो यो संसारमा कोही छैन । माता, पिता, आचार्य एवं अतिथि यी चार देवताहरूमध्ये सबैभन्दा पहिलो देवता माँ (माता) लाई नै लिइएको छ । उपनिषद्मा कुलपतिले आफ्ना शिक्षार्थीहरूलाई दीक्षान्त भाषणगर्ने क्रममा उपर्युक्त चारलाई नै देवताको रूपमा मान्नुपर्ने आवश्यकतामाथि जोड दिएका थिए । 'मातृदेवो भवः', 'पितृदेवो भवः', 'आचार्यदेवो भवः', एवं 'अतिथिदेवो भवः' यी चारलाई नै देवताको रूपमा उल्लेखगर्ने सिलसिलामा 'माता=माँ' लाई सबैभन्दा पहिलो स्थानमा प्रतिष्ठित गरेका थिए । हुन पनि यी चारै देवताहरूमध्ये माँ भनौं माताको स्थान सर्वोपरि हुनु स्वाभाविक पनि हो । माँ साँचो अर्थमा भन्ने हो भने प्राणी मात्रका जन्मदाता हुन्, विद्यादाता हुन्, पालनकर्ता हुन्, निःस्वार्थ भावले आफ्ना सन्ततिको समुन्नतिमैं आफूलाई सदा समर्पित गर्ने एक मात्र देवी भनौं देवता हुन् । मातृ शब्दको अर्थलाई केलाउँदा यस शब्दले ढालने भनौं आकृति बनाउने अर्थलाई बुझाउँदछ । माताले आफ्नो गर्भस्थ अलिक वीर्यबाट विभिन्न आकृतिमा प्राणीलाई ढालेर सृष्टि गर्ने गर्दछिन् । फेरि, 'स्त्री' शब्दको अर्थ केलाउँदा पनि यो शब्दले (जातिको) विस्तारगर्ने अर्थात् फैलाउने भन्ने अर्थलाई बुझाउँदछ । यसैले विश्व ब्रह्माण्डको सृष्टिको कारक हुँदा स्त्री माँ भनौं माताको रूपमा आदर र श्रद्धाकी पात्र छिन् । यसैले यिनीलाई ब्रह्माको संज्ञा दिइएको छ । 'स्त्री हि ब्रह्मा बभूविथ ।' - ऋग्वेद ८.३३.१९ । अर्को, केन उपनिषद्मा उमा हैमवतीले देवराज इन्द्रलाई ब्रह्मज्ञान उपलब्ध गराएका थिए । यसले पनि साँचो मानेमा माताको महिमाको चरमोत्कर्षतालाई प्रष्ट्याउँछ ।

अर्को, यो भूमि भनौं पृथ्वी हाम्री माँ हुन् । किनभने हामी यसमैं जन्म्यौं, हुर्क्यौं र मर्छौं पनि । यसैले हामी प्राणीमात्रलाई जन्म दिने यी माँ भनौं आमा धन्य हुन् । यस्ती माँ प्रति श्रद्धाले हामी आफ्नो शिर निहुँराउँदछौं । यस सन्दर्भमा अथर्ववेदको पृथ्वीसूक्त भनौं या भूमिसूक्त अत्यन्त महत्वपूर्ण छ । विश्वका कुनै पनि धर्म ग्रन्थमा मातृभूमिको यति सशक्त वर्णन प्राप्त हुन सकेको छैन । यस सूक्तका ६३ (त्रिसठ्ठी) मन्त्रहरूमा पृथ्वीलाई माताको रूपमा प्रस्तुत गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । पृथ्वीलाई रत्नहरूका खानी, पालक, रक्षक एवं समग्र ऐश्वर्य प्रदान गर्ने भनिएको छ । त्यसमा देशवासीहरूको लागि निर्देश छ कि तिनीहरु देश रक्षार्थ बलिदान हुनको लागि सदा उद्यत रहुन् । पृथ्वी भाषाभेद, धर्मभेद, विचारभेद भएता पनि मानवमात्रलाई एक परिवारको समान पाल्दछिन् । पृथ्वीका आधारभूत तत्व हुन् - सत्य, ऋत, दीक्षा (अनुशासन), तप (तपोमय जीवन), ब्रह्म (ज्ञानोन्नति) तथा यज्ञ (आत्मसमर्पण एवं स्वार्थत्याग) ।

(क) माता भूमिः पुत्रो अहं पृथिव्याः । - अथर्ववेद १२.१.१२

(ख) वयं तुभ्यं बलिहृतः स्याम । - अथर्ववेद १२.१.६२

(ग) जनं बिभ्रती बहुधा विवाचसं
नानाधर्माणं पृथिवी यथौकसम् । - अथर्ववेद १२.१.४५

(घ) सत्यं बृहद् ऋतमुग्रं दीक्षा तपो
ब्रह्म यज्ञः पृथिवीं धारयन्ति ॥ - अथर्ववेद १२.१.१

अथर्ववेदको महत्वको विषयमा प्रो. मैकडानलको कथन छ कि सभ्यताको इतिवृत्तको अध्ययनको लागि ऋग्वेद हेरी अथर्ववेदमा उपलभ्यमान सामग्री बढी रोचक एवं महत्वपूर्ण छन् ।

उपर्युक्त विभिन्न आधारहरूबाट यस यथार्थतालाई स्पष्ट बल मिल्छ कि यो ब्रह्माण्डमा माँ नै सर्वोपरि छ औ तिनको स्थान ग्रहण गर्ने सामर्थ्य कसैमा छैन । यही न कारण छ सभ्यताको प्रारम्भमा यो विश्वमा सर्वप्रथम मातृसत्ता नै स्थापित भएको थियो । तर, समयको अन्तरालमा जसै मातृसत्ताको अवसान भई यो विश्वमा पितृसत्ता हावी हुन लागेको थियो, मातृ भनौं स्त्रीहरूको दशा झन्-झन् अधोन्मुख हुन लागेको थियो । पुरूषले स्त्रीलाई जत्तिसुकै हेलाँ गरे तापनि स्त्रीको सहारा विना पुरूष मृतवत् नै हुने हुन्छ । ऋग्वेदकै एक ऋचा यहाँ प्रस्तुत गरिन्छ जसमा माता सरस्वतीसित सम्पन्नताकोलागि याचना गरिएको छ ।

'अम्बितमे नदीतमे देवीतमे सरस्वति ।
अप्रशस्ता इव स्मसि प्रशस्तिम् अम्ब नस्कृधि ॥'

- ऋग्वेद २.४१.१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर, अर्कोतिर समाजमा पितृसत्ताको दबदबा अत्यधिक मात्रामा बढ्न लागेको थियो । राजा, महाराजाहरु चक्रवर्ती सम्राट् हुने ख्वाबमा अश्वमेध यज्ञहरु गर्न लागेका थिए । त्यस यज्ञमा याज्ञिक घोडाद्वारा राजमहिषी भनौं महारानीलाई सम्भोग गराइन्थ्यो, जुन एक प्रकारले भन्ने हो भने पुरूषद्वारा नारीमाथि गरिएको अत्याचारको पराकाष्ठा थियो ।

"Even in the Rig Veda there are hints that the ritual may have included the mimed copulation of the queen with the stallion; one obscene Vedic poem (10-86) may be a satire on the horse sacrifice, with a sexually challenged male monkey playing the role of a mock stallion."

– Wendy Doniger, The Hindus, Penguin Books, 2009 A.D. P.154

अश्वमेध यज्ञको घोडाद्वारा राजमहिषीलाई सम्भोग गराइनाले उद्वेलित हुनुको साथै आक्रोशित भई चार्वाकले वेदलाई ढोङ्गीहरुको ग्रन्थ भन्नुको साथै ब्राह्मणहरुको पनि खिल्ली उडाएका थिए । चार्वाक कट्टर भौतिकवादी हुनाका एक प्रमुख कारण यो पनि रहेको छ । अर्को, पितृसत्ताका यी राजा, महाराजाहरुको महत्वाकांक्षाको कारण समाजमा नारीले अपमानित जीवन झेल्नुपरेको थियो । राजा ययातकी छोरी भएर पनि माधवीलाई पुरूषको भोग्य वस्तुको रूपमा लिएर विभिन्न राजाहरूलाई किरायामा दिएका थिए । धर्मराजको रूपमा ख्यात महाराज युधिष्ठिरले आफ्नी पत्नीलाई अरूले नङ् ग्याउन लाग्दा पनि लाज पचाएर बसेको कुराको साक्षी महाभारत नै छ । यसैले यस्ता राजा, महाराजाहरुको कुकृत्यलाई समाप्त पारी सम्पूर्ण विश्वमा लोकमान्य गणतन्त्रको झण्डा फहराउन सकेमा यो पृथ्वी धन्य हुने थियो । अनि आमा पृथ्वीको आशीर्वाद नै हाम्रो लागि वरदान हुने कुरामा कुनै शंका छैन ।

– हरिराम जोशी
अटवा, अण्टारियो
क्यानाडा
२९ नवम्बर २०११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माँ

माँ भनौं या माताको महत्व अतीव मात्रामा रहेको छ । ब्रह्माण्डको उत्पत्तिका कारक भनौं या ब्रह्माण्डको प्रथम सृष्टि माँ नै मानिन्छ । यसैले ब्रह्माण्डकै सृष्टि कारक भएको हुनाले माँ भनौं स्त्रीलाई ब्रह्माको संज्ञा प्रदत्त छ । यो विश्वकै प्राचीनतम ग्रन्थ मध्येको रूपमा मान्य ऋक् संहिता ८.३३.१९ मा स्पष्ट रूपले स्त्रीको गौरव वर्णन गर्दै तिनीलाई ब्रह्मा भनिएको छ ।

'स्त्री हि ब्रह्मा बभूविथ ।'

- ऋग्वेद ८.३३.१९

उक्त ऋचाको अभिप्राय यो हो कि उनी ज्ञानमा उत्कृष्ट हुन्छिन् । उनी बच्चाहरूको शिक्षाको अतिरिक्त यज्ञमा पनि ब्रह्माको स्थान ग्रहण गर्न सक्दछिन् औ विभिन्न संस्कारहरु गराउन सक्तछिन् । बच्चाहरूको प्रथम गुरू माँ रहेको यथार्थता यहाँ स्मरणयोग्य छ । बच्चाहरूले सिक्ने पहिलो भाषा नै माँ भनौं माताको रहेको कारण मातृभाषा भन्ने गरिएको छ, न कि पितृभाषा ।

अर्को, माँ (माता) सृष्टिकारक भएको कारण ब्रह्मालाई त्रिदेव अर्थात् अ.उ.म. (ॐ) अक्षर मध्येको सृष्टिकारक मकार अक्षरको रूपमा लिएर स्त्री तत्वको प्राधान्यलाई दर्शाएको स्पष्ट छ ।

"अकारो विष्णुरुद्दिष्ट उकारस्तु महेश्वरः ।
मकारस्तु स्मृतो ब्रह्मा प्रणवस्तु त्रयात्मकः ॥"

परम ज्ञानको प्रतीक रूपमा रहेको ब्रह्मज्ञानलाई वैदिक मनीषिहरु स्वयं आफूलाई ब्रह्मकै अङ्गभूत भएको स्वीकारी मातृकुल परम्परासित आफूहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३ माँ

रहेको यथार्थतातिर स्पष्ट रूपले इङ्गित गरेको हामी पाउँछौं । चतु महावाक्यमध्येको 'अहं ब्रह्मास्मि' यहाँ उदाहरणको रूपमा लिइन्छ । फेरि, स्त्री शब्दको अर्थ केलाउँदा पनि यो शब्दले (जातिको) विस्तार गर्ने अर्थात् फैलाउने भन्ने अर्थलाई बुझाउँदछ । यस्तै प्रकारको अर्थबोधक मातृ शब्द पनि रहेको छ । यो शब्दको अर्थ हो ढाल्ने भनौं आकृति बनाउने । माताले आफ्नो गर्भस्थ अलिक वीर्यबाट विभिन्न आकृतिमा प्राणीलाई ढालेर सृष्टि गर्ने गर्दछिन् । समाजमा अन्तर्निहित यस मातृशक्तिको आदिशक्तिको रूपमा बराबर पूजा भइरहेको छ । यसरी यो विश्वब्रह्माण्डकी सृष्टिको कारक हुँदा माताको रूपमा स्त्री आदर औ श्रद्धाकी पात्र छिन् । देवताहरूकी माता अदिति औ देव र मानव दुवैकी माता पृथ्वीको रूपमा माताको उच्चतम कल्पना गरिएको पाइन्छ । जगताधारको रूपमा लिइएको भगवान् सूर्य अदितिको पुत्रको रूपमा वर्णित छ, अनि अदिति पुत्र भएको कारण सूर्यलाई आदित्य भन्ने गरिएको छ ।

फेरि मातृशक्तिको महत्ता यसबाट पनि स्पष्ट हुन्छ कि गणनायक भगवान् शिवले जीवनदायिनी गंगा मातालाई आफ्नो शिरमा राखेर प्राणीमात्रको कल्याण गर्ने कार्यमा सदा उद्यत भई लागिपरेका छन् । यद्यपि शिव गणनायक रहेका छन्, तर विश्व ब्रह्माण्डकी एकमात्र अधिष्ठात्री माता भएको कारण उनी सबैभन्दा पूजनीया रही सर्वोच्च आसनमा विराजमान हुन्छिन् । गङ्गा पानी (जल) रही प्राणीमात्रको जीवनाधार रहेकी छिन् । उनी नार, ना, नाय् आदि विभिन्न नामले पुकारिएर नारमा शयन गर्ने हुँदा विष्णुको एक नाम नारायण भएको छ । नारमा शयन गर्ने भन्नुको अर्थ माँको काखमा बच्चा सुत्ने भने अनुरूप माँको काखमा विष्णुले शयर गरेको भन्ने दर्शाएको स्पष्ट छ । नेपाल भक्तपुरका नेवारहरू पानीलाई नाती भन्छन् भने ललितपुरमा पानी आउने एउटा दुङ्गेधाराको नायहिटी नाम प्रचलनमा रहेको छ । अर्को, नेपाल ललितपुरको सातदोपाट इलाका (हाल स्वीमिङ्ग पुल रहेको स्थान) मा पानी प्रशस्त मात्रामा भएको एक चौर विशेषलाई नाय् ख्यो भन्ने गरिएको छ । यसै तथ्यको परिप्रेक्ष्यमा पश्चिमी गोलार्द्धको कैनाडा (क्यानाडा) को टोरोण्टोस्थित नायगरा (नायगद्धा) लाई लिनु उपयुक्त देखिएको छ । नायगद्धाको झरना विश्वप्रसिद्ध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीमात्रको जीवनदायिनी तत्वको स्वमा लिइएको जललाई ना पनि भन्ने गरिएको कुरा माथि वर्णित भइसकेको छ । जङ्गलमा कसैले नरोपीकनै पानी अलि-अलि भएको स्थानमा फल्ने धान विशेषलाई नाःवा भन्ने गरिएको छ । जङ्गलमा बस्ने ऋषिमुनिहरु नाःवाको चामल बनाई भात खान्छन् । नाःवा देवी देवताहरुको पूजाआजामा पनि प्रयोग गरिन्छ । यसले पनि जललाई प्राणीमात्रको जीवनदायिनी माताको स्वमा लिइएको कुरालाई पुष्टि मिल्छ ।

मातालाई प्रकृति औ पितालाई पुरुषको स्वमा लिइएर जलदेवी रहेकी गङ्गाको पतिस्वरुप महादेवलाई मानेर तिनको जलेश्वर नाम विख्यात छ । प्रकृति सक्रिय औ पुरुष निष्क्रिय रहेर प्रकृति विनाको पुरुष मृतक समान हुने हुन्छ । शक्ति विनाको शिव शव मानिन्छ । यस कुरोको पुष्टि वैदिक आख्यानबाट पनि हुन्छ । उक्त आख्यानबाट स्त्रीबाटै पुरुषलाई शक्ति भनौं प्रकाश मिल्ने कुराको जानकारी प्राप्त हुन्छ । सोम अर्थात् चन्द्रमा प्रकाशहीन छ, यसर्थ चन्द्रमा सूर्य (सूर्यको किरण भनौं सूर्यकी पुत्री) सित विवाह गर्दछ । चन्द्रमा सूर्यको सुषुम्ण किरणबाट प्रकाशित हुन्छ । यजुर्वेद र निरूक्तमा वर्णित वर्णन अनुसार सूर्यको सुषुम्ण किरण चन्द्रमालाई प्रकाश दिन्छन् ।

'सुषुम्णः सूर्यरश्मिश्चन्द्रमा गन्धर्वः ।' - यजुर्वेद १८.४०

'अथाप्यस्यैको रश्मिश्चन्द्रमसं प्रति दीप्यते,
आदित्यतोऽस्य दीप्तिर्भवति ।'

- निरूक्त २-६

यसबारे ऋग्वेद १०.८५ सूक्तमा आलंकारिक वर्णन छ । सूर्यकी पुत्री (किरण) सोम (चन्द्रमा) की पत्नी हुन् र उनी चन्द्रमालाई प्रकाशित गर्दछिन् । पतिको पूर्णता पत्नीबाटै मात्र हुने हुन्छ, अन्यथा उ अपूर्ण नै रहन्छ ।

'पुरुषो जायां दृष्ट्वा कृत्स्नतरम्
स्वात्मानं मन्यते ।'

- ऐतरेय आरण्यक ३.२.४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी शक्ति भनौं माता विना यो जगत शून्यप्रद रहन्छ । यही न कारण छ सम्पूर्ण जगत मातृमय छ र हाम्रो कुल परम्परा पनि पिताबाट नभई माताबाट गणना गरिन्छ । हाम्रो समाजमा कुलदेवताको स्थमा स्त्री देवतालाई लिने गरेको परम्परा यहाँ उदाहरणीय छ । कुलदेवता जस्तै आगम देवता पनि स्त्री देवता नै रहेको यहाँ स्मरणीय छ ।

वैदिक साहित्यको अध्ययनमा नारीका गौरवको सुन्दर वर्णन पाइन्छ । तिनीलाई ज्यादै सम्मान प्रदान गरिएको छ । नारी (स्त्री) लाई 'श्री' को संज्ञा दिइएको छ । तिनीलाई अर्धाङ्गिणी भनिएको छ । उनी पतिका आधा अङ्ग हुन् । स्त्रीलाई पुरूषहरूको समान मौञ्जीबन्धन सहित यज्ञोपवीत धारण गर्ने अधिकार प्रदत्त छ । यज्ञमा पति र पत्नीलाई सँगै बस्ने विधान गरिएको छ । विना पत्नीको यज्ञ अपूर्ण मानिन्छ ।

'श्रिया वा एतद् रूपं यत् पत्न्यः ।'

- तैत्तिरीय ब्राह्मण ३.९.४.७-८

'अर्धो वा एष आत्मनः, यत् पत्नी ।'

- तैत्तिरीय ब्राह्मण ३.३.३.५

'पुटाकल्पे तु नारीणां मौञ्जीबन्धनमिष्यते ।
पत्न्यै व्रतोपनयनम् ।'

- तैत्तिरीय ब्राह्मण ३.३.३.२

'अयज्ञो वा एषः । यो ऽ पत्नीकः ।'

- तैत्तिरीय ब्राह्मण २.२.२.६

जसरी विवाह हुनुभन्दा पहिले बालकहरूलाई ब्रह्मचर्यको पालना गर्नुपर्दथ्यो, त्यसरी नै बालिकाहरु पनि ब्रह्मचरिणी रहन्थिन् ।

'ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् ।'

- अथर्ववेद ११.५.१८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा ब्रह्मचर्य र संयममाथि ज्यादै जोर दिइएको छ । बालक र बालिका मात्र होइन, आचार्यको लागि पनि पूर्ण संयमी हुनु अनिवार्य थियो ।

'आचार्यो ब्रह्मचारी ० ।'

- अथर्ववेद ११.५.१६

तैत्तिरीय संहितामा वर्णित वर्णन अनुसार यज्ञोपवीतका तीन धागो तीन ऋणका प्रतीक हुन् । तीन ऋण यी हुन् - १. ऋषि ऋण २. देव ऋण ३. पितृ ऋण । तैत्तिरीय संहितामा भनिएको छ कि मनुष्यमाथि यी तीन ऋण जन्मदेखि नै हुन्छन् । मानिसले उक्त तीन ऋणलाई चुकाउनु जरूरी छ । १. ब्रह्मचर्य पालन र ज्ञान प्रसारद्वारा ऋषि ऋण चुकाइन्छ । २. याज्ञिक कार्यद्वारा देव ऋण चुकाइन्छ । ३. माता-पिताको सेवा र उत्तम सन्तानलाई जन्म दिनाले पितृ ऋण चुकाइन्छ ।

"जायमानो ह वै ब्राह्मणस्त्रिभिर्ऋणैर्ऋणवान् जायते ।
ब्रह्मचर्येण ऋषिभ्यो यज्ञेन देवेभ्यः प्रजया पितृभ्य एष वा
अनृणः ।"

- तैत्तिरीय संहिता ६.३.१०.५

कतिपय विद्वानहरु यज्ञोपवीतका भिन्नै अर्थहरु लगाउँछन् । यज्ञोपवीतका तीन धागोहरूमा ज्यादै ठूलो अर्थ निहित रहेको देखिन्छ । कर्म, भक्ति र ज्ञानका तीन धागो नै यी जनेऊ हुन् । यी तीन धागोहरूलाई मिलाई लगाएका गाँठोहरु नै ब्रह्मग्रंथी र रूद्रग्रंथी हुन् । जसै हामी कर्म, ज्ञान र भक्तिलाई एक दोस्रोसित मिलाउँदछौं, तवै ब्रह्म एवं रूद्र ग्रन्थीहरु बनिन्छन् ।

ब्रह्मचर्यका नियमहरूमा मुख्य यी हुन् - संयमी र तपस्वी जीवन बिताउनु, भोगविलासका सामग्रीबाट टाढा रही अनुशासित दिनचर्या पालना गर्नु । यस्तो कठोर अनुशासित जीवन नै तिनका भावी जीवनलाई सुखमय तुल्याउने हुन्छ । बालक स्नातक भएपछि विवाह गर्दथे, कुनै-कुनै बालक आजीवन ब्रह्मचारी रहन्थे । यस्तै प्रकारले बालिकाहरु पनि स्नातक भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोही विवाह गर्दथिन्, तिनीहरूलाई 'सद्योवाह' भनिन्थ्यो र कोही आजन्म ब्रह्मचारिणी रहन्थिन्, तिनीहरूलाई 'ब्रह्मवादिनी' भनिन्छ । यिनीहरु तपोमय जीवन व्यतीत गर्दै शास्त्रचर्चामा मग्न रहन्थिन् ।

ऋग्वेदमा स्त्रीको गौरव वर्णन गर्दै तिनीलाई ब्रह्मको संज्ञा प्रदान गरिएको कुरा माथि वर्णित भइसकेको छ । वेदमा नारीलाई आदरणीय स्थान दिइनुको साथै उनीलाई पुरूषका सहयोगी र सहायक रहेको कुरा वर्णन गरिएको छ । ऋग्वेद ३.५३.४ मा 'जायेदस्तम्' भनी उल्लेख गरी नारीलाई नै घर भनिएको छ । विवाहपछि उनीलाई पतिगृहमा गृहपत्नी, गृहस्वामिनीको अधिकार प्राप्त हुन्छ ।

'गृहान् गच्छ गृहपत्नी यथासः ।'

- ऋग्वेद १०.८५.२६

एकातिर उनीलाई पति, सासु-ससुरा आदिको सेवा-शुश्रूषा तथा तिनको हेरविचारको जिम्मा प्रदान गरिएको छ भने अर्कोतिर उनीलाई गृहस्वामिनीको रूपमा सासू-ससुरा, ननद आदिको सम्राज्ञी (स्वामिनी) भनिएको छ ।

"सम्राज्ञी श्वशुरे भव,
सम्राज्ञी श्वश्र्वां भव ।
ननान्दरि सम्राज्ञी भव,
सम्राज्ञी अधि देवृषु ॥"

- ऋग्वेद १०.८५.४६

स्त्री पतिको सहधर्मिणी हुन्छिन् । उनीलाई अर्धाङ्गिणी भनिन्छ ।

'अर्धो ह वा एष आत्मनो यज्जाया ।'

- शतपथ ब्राह्मण ५.२.१.१०

अथर्ववेदमा वर्णित भएअनुसार स्त्रीहरु पतिको साथ सामूहिक यज्ञ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धहरूमा जान्थिन् ।

'अंहोत्रं स्म पुटा नाटी समनं वाव गच्छति ।'

- अथर्ववेद २०.१२६.१०

उपर्युक्त मन्त्रमा 'समन' शब्दको प्रयोग छ । यसका दुई अर्थ छन् - सभा या समारोह र युद्ध । दुवै अर्थ यहाँ संगत छन् । वाल्मीकी रामायणमा पनि देवाधिराज इन्द्रको सहयोगार्थ युद्धमा जाँदा अयोध्या नरेश महाराज दशरथको साथ महारानी कैकेयी पनि गएकी थिइन्, जुन यहाँ उदाहरणको लागि प्रासङ्गिक हुन आउँछ । उक्त युद्धकै अवसरमा राजा दशरथले रानी कैकेयीलाई दुई ओटा वर दिने वचन दिएका थिए । भगवान् रामलाई युवराज घोषित गर्न लागेको अवसर पारेर तिनीले महाराज दशरथसित उक्त दुई वरहरु मागेकी थिइन् । ती दुई वरहरूमध्ये एउटाले श्रीरामलाई १४ वर्ष वनवास औ अर्कोले तिनीका छोरा भरथलाई राज्याभिषेक प्रदान गर्नुपर्ने थियो । यिनै दुई वरको कारण भगवान् श्रीराम, लक्ष्मण र जनकजा सीताले १४ (चौध) वर्ष वनवास जानुपरेको थियो र त्यसको शोकमा विह्वल भई महाराज दशरथको देहावसान भएको थियो ।

वैदिक संवादसूक्तको अध्ययनबाट पुरूषहरु हेरी स्त्रीहरु अत्यधिक मात्रामा बुद्धिवन्त भएको कुराको जानकारी मिल्छ । ऋग्वेदमा वर्णित सरमा-पणि-संवाद सूक्त यहाँ उदाहरण स्वरूप छ । देवगणनायक इन्द्रका गाईहरूलाई चोरेर लैजाने पणिहरूकहाँ गई तिनीहरूबाट ती गाईहरूलाई फर्काएर ल्याउने अभिभारा देवगणनायक इन्द्रले देवशुनी भनौं कुतिया सरमालाई दिएका थिए । चोरिएका उक्त गाईहरूको पत्ता लगाउनुको साथै ती गाईहरु पुनः देवताहरूकोमा फर्काउन देवशुनी सरमाले पणिहरूसित आग्रह गर्नुको साथै यदि तिनीहरूले उक्त आग्रहलाई नमानेमा देवगणनायक इन्द्रद्वारा तिनीहरूको सर्वनाश गरिने कुरा पनि व्यक्त गरिन् । यस सूक्तमा सरमा र पणिहरूको बीच भएको रोचक संवाद छ । यस सूक्तमा दूतका कर्तव्य र तिनको वाक्पटुता तथा कर्तव्यनिष्ठताको सुन्दर वर्णन पाइन्छ ।

सरमा - पणि संवाद (१०.१०८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"किमिच्छन्ती सरमा प्रेदमानड् दूरे ह्यध्वा जगुरिः परावैः ।
कास्मेहितिः का परितक्म्यासीत्कथं रसाया अतरः पयांसि ॥१॥
इन्द्रस्य दूतीरिषिता चरामि मह इच्छन्ती पणयो निधीन्वः ।
अतिष्कदो भियसा तन्न आवत्तथा रसाया अतरं पयांसि ॥२॥
इमा गावः सरमे या ऐच्छः परि दिवो अन्तान्सुभगे पतन्ती ।
कस्त एना अव सृजादयुध्युतास्माकमायुधा सन्ति तिग्मा ॥५॥
असेन्या वः पणयो वचांस्यनिषव्यास्तन्वः सन्तु पापीः ।
अधृष्टो व एतवा अस्तु पन्था बृहस्पतिर्व उभया न मृळात् ॥६॥
एवा च त्वं सरम आजगन्थ प्रबाधिता सहसा दैव्येन ।
स्वसारं त्वा कृणवै मा पुनर्गा अप ते गवां सुभगे भजाम ॥९॥
नाहं वेद भ्रातृत्वं नो स्वसृत्वमिन्द्रो विदुरङ्गिरसश्च घोराः ।
गोकामा मे अच्छदयन्यदायमपात इत पणयो वरीयः ॥१०॥"

- ऋग्वेद १०.१०८

उपर्युक्त सूक्तको अध्ययनबाट स्त्रीहरु पुरूषहरु हेरी बढी बुद्धिवन्त भएको कुरामा पुष्टि मिल्छ । अर्को वैदिक साहित्यमा स्त्रीहरूको सौर्यको अत्यधिक मात्रामा चर्चा गरिएको पाइन्छ । तैत्तिरीय संहिता ग्रन्थमा इन्द्राणीलाई सेनाको देवताको रूपमा वर्णन गरिएको छ ।

'इन्द्राणी वै सेनायै देवता
सैवास्य सेनां संश्यति ।'

- तैत्तिरीय संहिता २.२.८.१

स्त्रीहरूको शौर्यको परिचय मौर्ययुगीन इतिहासको अध्ययनबाट पनि हामीलाई मिल्छ । ग्रीक इतिहासकार स्त्रैबोको अनुसार मौर्य सम्राट् हमेशा राजप्रासादभित्र महिला पहरेदारहरूको पहरामा रहन्थे । उनी केवल चार अवसरहरूमा जनसमक्ष आउँदथे - युद्धको समय, दरबारमा न्यायाधीशको रूपमा, बलिपूजाको समय तथा शिकार खेल्नको लागि (हेर्नू -हेमचन्द्र राय चौधरी, प्राचीन भारतका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिक इतिहास, किताब महल, २००७ ई., पृ. २०४) । भिंसेन्ट आर्थर स्मिथले उपर्युक्त यथार्थता माथि नै प्रकाश पारेको छ ।

> "As a rule, the King remained within the precincts of the inner palace, under the protection of his Amazonian bodyguard, and appeared in public only to hear causes, offer sacrifice, and to go on military or hunting expeditions."
>
> *- V.A. Smith, The Early History of India, Oxford At the Clarendon Press, 1904 A.D., P.116*

कौटिल्य अर्थशास्त्रका पंक्ति पनि यहाँ स्मरणयोग्य छ ।

> 'On getting up from the bed, the king shall be received by troops of women armed with bows.'
>
> *– Kautilya's Arthashastra, Tr.by Dr. R. Shamasastry, Padam Printers, Mysore, 1988 A.D. P.41*

उपर्युक्त विभिन्न यथार्थताहरूको अध्ययनबाट स्त्रीहरु पुरूषहरु हेरी अत्यधिक मात्रामा बुद्धिवन्त एवं शूरवीर भएको यथार्थताको जानकारी मिल्छ ।

वैदिककालमा समाजमा नारीको महत्वपूर्ण स्थान रहेको कुरा वैदिक ऋचाहरूको अध्ययनबाट हामीलाई स्पष्ट रूपले मिल्छ । वेदमा इन्द्राणीलाई आदर्श नारीको रूपमा प्रस्तुत गरिएको छ । तिनीको कथन छ कि उनी समाजमा मूर्धन्य छिन्, अग्रगम्य छिन् र प्रखर वक्ता छिन् ।

'अहं केतुरहं मूर्धाहमुग्रा विवाचनी ।'

- ऋग्वेद १०.१५९.२

इन्द्राणीकै कथन छ कि कसैले उनीलाई अबला नसम्झुन्, उनी सबला हुन् र वीर पुरूषहरूकी आमा भनौं माँ हुन् ।

"अवीटामिव मामयं शटाश्चभि मन्यते ।
उताहमस्मि वीटिनी ० ।"

- अथर्ववेद २०.१२६.९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीहरूको शौर्यको चर्चा वैदिक साहित्यमा अत्यधिक मात्रामा गरिएको पाइन्छ । तैत्तिरीय संहितामा सेनाको देवता नै नारीलाई मानेर इन्द्राणीलाई सेनाको देवताको रूपमा वर्णन गरिएको छ । साथै यो पनि भनिएको छ कि यस्तो गर्नाले सेनाको शौर्यमा निखार आउँदछ । (हेर्नू - तैत्तिरीय संहिता २.२.८.१) । नारी देवतालाई सेनाको देवताको रूपमा मान्ने परम्परा, जुन वैदिक युगमैं प्रचलित थियो, लाई अद्यापि यहाँ मानिँदै आइरहेको हामी पाउँछौं । हाम्रो नेपालमा जत्ति पनि सैन्य ब्यारेकहरु छन् ती सबैमा भनेजस्तो कुनैमा कुमारी, कुनैमा भगवती आदिका देवस्थलहरु निर्माण गरिएका छन्, जसलाई यहाँ उपर्युक्त कुरोको पुष्टिको रूपमा लिन सकिन्छ । अर्को, नारी देवता भनौं या माँलाई हृदयपटलमा राखेर सैन्य परिचालन गर्नाले सेनाको मनोबलमा अभिवृद्धि हुने कुरा प्रकृतिजन्य छ ।

सेनानी रहेकी इन्द्राणी अजेय र अधृष्य छिन् । अथर्ववेदका पंक्ति यहाँ उल्लेख्य छन् ।

'इन्द्राण्ये तु प्रथमाजीतामुषिता पुटः ।'

- अथर्ववेद १.२७.४

उनी शत्रुसैन्यलाई काट्दै अगाडि बढ्दछिन् ।

'विषूच्येतु कृन्तती, पिनाकमिव बिभ्रती ।'

- अथर्ववेद १.२७.२

ऋग्वेदले आर्यहरूका साथै असुरहरूका पनि स्त्रीसैन्य भएको यथार्थतातिर स्पष्ट रूपले औंल्याएको छ ।

'स्त्रियो हि दास आयुधानि चक्रे ।'

- ऋग्वेद ५.३०.९

ऋग्वेदमा वर्णित वर्णन अनुसार शत्रुहरु सिट युद्ध गरिरहेकी विश्पलाको पैर कातिएको थियो । पछि अश्विनीकुमारले उनीलाई नक्कली फलामको खुट्टा राखी दिए अनन्तर उनीले पुनः युद्धमा भाग लिन सकिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अद्यो जंघाम् आयसीं विश्पलायै ..... प्रत्यधत्तम् ।'

- ऋग्वेद १.११६.१५

शत्रु सेनासित युद्ध गरिरहेकी विश्पलाको पैर काटिँदा अश्विनीकुमार (दैववैद्य) ले फलामको पैर बनाई तिनीको खुट्टामा जोडी दिएर तिनीलाई पुनः युद्ध गर्न समर्थ तुल्याएको उपर्युक्त उल्लेख प्राप्त भएबाट ऋग्वैदिक युगमैं हात खुट्टा भाँच्दा त्यसमा नयाँ हात, खुट्टा बनाई जोड्ने विद्या चिकित्सकहरूले सिकी सकेका थिए भन्ने कुराको पुष्टि हुन्छ । फेरि, मुद्गलकी पत्नी मुद्गलानीले असुरहरूसित युद्ध गर्दै तिनीहरूबाट गाईहरूलाई छुटाएर ल्याएको कुरा ऋग्वेदमा वर्णित छ ।

'उतीटभून्मुद्गलानी गविष्टौ ० अजयत् सहस्रम् ।'

- ऋग्वेद १०.१०२.२

ऋग्वेद र यर्जुवेदमा स्त्रीका लागि यी विशेषणहरु दिइएका छन्, जसबाट यिनीहरूका शौर्य र गौरवमाथि प्रकाश पर्दछ । यिनमा नारीलाई अषाढा (अजेय), सहमाना (विजयिनी), सहस्त्रवीर्या (असंख्य पराक्रमकी), असपत्ना (अशत्रु), सपत्नध्नी (शत्रुनाशक), जयन्ती (विजेता), अभिभूवरी (हराउने) भनिएको छ ।

'अषाढासि सहमाना ..... सहस्रवीर्यासि ।'

- यर्जुवेद १३.२६

'असपत्ना सपत्नध्नी जयन्ती अभिभूवरी ।'

- ऋग्वेद १०.१५९.५

वेदमा मन्त्रद्रष्टा ऋषिका रूपमा पनि यिनीहरूको योगदान स्पृहणीय छन् । ऋग्वेदमा २४ र अथर्ववेदमा ५ मन्त्रद्रष्टा ऋषिकाहरूको उल्लेख छ । ऋग्वेदमा ती २४ (चौबीस) ऋषिकाहरूद्वारा दृष्ट मन्त्र २२४ छन् भने अथर्ववेदमा ५ ऋषिकाहरूद्वारा दृष्ट मन्त्र १९८ छन् । यसरी ती दुवै वेदहरूमा गरी ऋषिकाहरूद्वारा दृष्ट मन्त्रहरूको संख्या ४२२ छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३ माँ

ऋग्वेदमा ऋषिकाहरु, तिनीहरुका दृष्ट मन्त्रहरुको संख्या र सन्दर्भ सूक्तहरु यस प्रकार छन् :-

(क) ऋग्वेद (२२४ मन्त्र)

१.	सूर्य सावित्री	४७ मन्त्रसंख्या	१०.८५ सन्दर्भ
२.	घोषा काक्षीवती	२८ मन्त्रसंख्या	१०.३९। १०.४ सन्दर्भ
३.	सिकता निवावरी	२० मन्त्रसंख्या	९.८६ सन्दर्भ
४.	इन्द्राणी	१७ मन्त्रसंख्या	१०.८६।१०.१४५ सन्दर्भ
५.	यमी वैवस्वती	११ मन्त्रसंख्या	१०.१०।१०.१५४ सन्दर्भ
६.	दक्षिणा प्राजापत्या	११ मन्त्रसंख्या	१०.१०७ सन्दर्भ
७.	अदिति	१० मन्त्रसंख्या	१०.७२।४.१८ सन्दर्भ
८.	वाक् आम्भृणी	८ मन्त्रसंख्या	१०.१२५ सन्दर्भ
९.	अपाला आत्रेयी	७ मन्त्रसंख्या	८.११ सन्दर्भ
१०.	जुहू ब्रह्मजाया	७ मन्त्रसंख्या	१०.१०९ सन्दर्भ
११.	अगस्त्यस्वसा	६ मन्त्रसंख्या	१०.६० सन्दर्भ
१२.	विश्वारा आत्रेयी	६ मन्त्रसंख्या	५.२८ सन्दर्भ
१३.	ऊर्वशी	६ मन्त्रसंख्या	१०.९५ सन्दर्भ
१४.	सरमा देवशुनी	६ मन्त्रसंख्या	१०.१०८ सन्दर्भ
१५.	शिखण्डिन्यौ अप्सरसौ	६ मन्त्रसंख्या	९.१०४ सन्दर्भ
१६.	पौलोमी शची	६ मन्त्रसंख्या	१०.१५९ सन्दर्भ
१७.	देवजामयः	५ मन्त्रसंख्या	१०.१५३ सन्दर्भ
१८.	श्रद्धाकामायनी	५ मन्त्रसंख्या	१०.१५१ सन्दर्भ
१९.	नदी	४ मन्त्रसंख्या	३.३३ सन्दर्भ
२०.	सार्पराज्ञी	३ मन्त्रसंख्या	१०.१८९ सन्दर्भ
२१.	गोधा	१ मन्त्रसंख्या	१०.१३४ सन्दर्भ
२२.	शश्वती आंगिरसी	१ मन्त्रसंख्या	८.१ सन्दर्भ
२३.	बसुक्रपत्नी	१ मन्त्रसंख्या	१०.२८ सन्दर्भ
२४.	रोमशा ब्रह्मवादिनी	१ मन्त्रसंख्या	१.१२६ सन्दर्भ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) अथर्ववेद (१५८ मन्त्र)

१.	सूर्या सावित्री	१३९ मन्त्रसंख्या	१४.१.२ सन्दर्भ
२.	मातृनामा	४० मन्त्रसंख्या	२.२।४.२०।८.६ सन्दर्भ
३.	इन्द्राणी	११ मन्त्रसंख्या	२०.१२६ सन्दर्भ
४.	देवजामयः	५ मन्त्रसंख्या	२०.९३ सन्दर्भ
५.	सर्पराज्ञी	३ मन्त्रसंख्या	२०.४८ सन्दर्भ

विवाह

वैदिकयुगीन विवाह परम्पराबारे हामीलाई तत्समयका वैदिक साहित्यको अध्ययनबाट थोरबहुत जानकारी मिलेका छन् । ऋग्वेदको १०.८५ सूक्तमा सूर्या (सूर्यकी पुत्री अर्थात उषा) को सोम (चन्द्रमा) सित विवाहको वर्णन छ । अश्विनी कुमारले यसमा सहयोगीको कार्य गरेका छन् । यस सूक्तमा स्त्रीका कर्तव्यहरूको ज्यादै विस्तारसित वर्णन गरिएका छन् । सास-ससुर र पतिको सेवा गर्नु पत्नीको परम कर्तव्यको रूपमा त्यसमा उल्लेख गरिएको छ । परिवारको हित गर्नु तिनिको कर्तव्य हो । साथै त्यसमा स्त्रीलाई गृहस्वामिनी, गृहपत्नी एवं सम्राज्ञीको संज्ञा दिइएको छ । स्त्रीलाई अत्यन्त आदरणीय स्थान दिँदै तिनी लाई सासू-ससुरा, देवर आदिका सम्राज्ञी भनिएको छ ।

(क) "अघोरचक्षुरपतिघ्नेधि, ...
त्वं नो भव द्विपदे त्वं चतुष्पदे ॥"

- ऋग्वेद १०.८५.४४

(ख) "सम्राज्ञी श्वशुरे भव, सम्राज्ञी श्वश्र्वां भव ।
ननान्दरि सम्राज्ञी भव, सम्राज्ञी अधि देवृषु ॥"

- ऋग्वेद १०.८५.४६

अथर्ववेदका पूरा १४ (चौध) औं काण्ड 'विवाह सूक्त' हुन् । यसमा विवाह संस्कारका विधिहरू, पति पत्नीका कर्तव्य, विवाह सम्बन्ध अविच्छेद्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु, पतिव्रता धर्म, पत्नीका अधिकार र कर्तव्य आदिका विस्तृत विवेचन गरिएका छन् । पति अग्नितत्व हो भने स्त्री सोमीय तत्व । पति धनात्मक (Positive) हुन् भने स्त्री ऋणात्मक (Negative) हुन् । दुवैको संयोगबाटै सृष्टिक्रम चल्दछ । लज्जाशील, मधुरभाषिणी हुनुको साथै पति र पतिका परिवारजनहरूको सदा आदर गर्नु, कुल परम्पराहरूको पालना गर्नु, सासू-ससुराहरूका सेवा गर्नु नै स्त्रीका कर्तव्यहरूको रूपमा वर्णन गरिएका छन् । अर्कोतिर उनलाई गृहस्वामिनी र परिवारका सम्राज्ञी भनिएको छ । उनी परिवारकी स्वामिनी हुन् । उनी वीर र योग्य पुत्रहरूलाई जन्म दिन्छिन् ।

(क) पत्युरनुव्रता भूत्वा सं नह्यस्वामृताय कम् ।

- अथर्ववेद १४.१.४२

(ख) सम्राज्ञेधि श्वशुरेषु सम्राज्युत देवृषु ।

- अथर्ववेद १४.१.४४

(ग) सुमंगली प्रतरणी गृहाणां सुशेवा पत्ये श्वशुराय शं भूः ।

- अथर्ववेद १४.२.२६

(घ) पितृभ्यश्च नमस्कुरु ।

- अथर्ववेद १४.२.२०

उपर्युक्त वैदिक सूक्तहरूमा विवाहसित सम्बद्ध अनेक तथ्यहरु वर्णित छन् । वेदमा बालविवाह समाजमा निषिद्ध रही वर र कन्या दुवै पूर्ण यौवनस्थ भएपछि मात्र तिनीहरूको विवाह हुने कुरातिर स्पष्टतः इङ्गित भएको छ । अथर्ववेदका 'ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम्' पंक्ति उपर्युक्त कुराको पुष्टिका लागि सहाय छ । कतिपय अपवाद बाहेक विवाह माता-पिताको स्वीकृतिबाटै हुन्थ्यो । सगोत्र विवाह निषिद्ध थियो । उपर्युक्त विवाह सूक्तहरूमा पति-पत्नीका कर्तव्यहरूको विस्तारपूर्वक वर्णन गरिएका छन् । वैवाहिक कृत्यहरूमा मधुपर्क, पाणिग्रहण अग्नि परिक्रमा, शिलारोहण, लाजा-होम, सप्तपदी, ध्रुवदर्शन, सुमंगलीकरण मुख्य थिए । कतिपय अपवाद बाहेक वैदिक विवाह अविच्छेद्य मानिन्थ्यो । यो जीवनभरको लागि हुन्थ्यो । पत्नीको लागि पतिव्रता धर्म भए जस्तै पतिको लागि पत्नीव्रतत्व थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरु दुवै जीवनभरको लागि सहचर हुन्छन् । विवाहको समय तिनीहरूले गर्ने जुन प्रतिज्ञाहरु छन्, तिनीहरु नै उक्त कुराको पुष्टिका लागि यथेष्ट छन् । यसबाट तत्समय समाजमा एक विवाहको पनि प्रचलन रहेको तिर इङ्गित हुन्छ ।

बहुपत्नीत्वको प्रथा राजाहरु र धनीमानी वर्गहरूमा ज्यादा प्रचलित थियो । राजाहरूका साधारणतः चार प्रकारका पत्नीहरूको विवरण वैदिक ग्रन्थमा वर्णित भएको पाइन्छ । चार प्रकारका पत्नीहरु यी हुन् :-

१. महिषी (प्रधान रानी)
२. परिवृक्ता (प्रभावशाली रानी)
३. वावार्ता (व्यक्तिगतरूपले प्रिय रानी)
४. पालागली (सबैभन्दा निम्नस्तरकी रानी)

"चतस्रो जाया उपश्रुप्ता भवन्ति ।
महिषी वावाता परिवृक्ता पालागली ॥"

- शतपथ ब्राह्मण ५.२.१.१० ; १३.४.१.७

बृहदारण्यकोपनिषद्मा महर्षि याज्ञवल्क्यका दुई पत्नीहरु भएको कुरा वर्णित छ, तिनीहरु हुन् - १. कात्यायनी २. मैत्रेयी ।

वैदिक साहित्यको अध्ययनबाट तत्युगीन समाजमा स्वयम्वर विवाहको पनि प्रचलन थियो । ऋग्वेद १०.३९.७ मा वर्णित भए अनुसार राजा पुरूमित्रकी कन्या शुन्ध्यु या कमद्युले स्वयम्वर सभामा ऋषि विमदलाई आफ्ना पति चुनेकी थिइन् ।

'युवं रथेन विमदाय शुन्ध्युवं
व्यूहथुः पुरुमित्रस्य योषणाम् ।'

- ऋग्वेद १०.३९.७

विवाह गरी फर्केंदा केही अरु राजाहरूले ऋषि विमदमाथि आक्रमण गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । अश्विनीकुमारहरूको सहायताले ऋषि विमदलाई विजय प्राप्त भएको थियो । अथर्ववेदको एक मन्त्रबाट पनि तत्समय स्वयम्वर विवाह प्रचलनमा रहेको कुराको संकेत मिल्छ । मन्त्रमा भनिएको छ कि सभामा सामेल सबै जनामध्ये वृत्रहन्ता इन्द्रलाई छान्दछु ।

'आगच्छत आगतस्य नाम गृह्णाम्यायतः ।
इन्द्रस्य पुत्रहच्नो वन्वे ० ।'

– अथर्ववेद ६.८२.१

वैदिकयुगीन समाजमा प्रेम विवाहको प्रचलन पनि विद्यमान थियो । ऋग्वेदको १०.९५ पुरूरवा-उर्वशी-संवाद सूक्तमा राजा पुरूरवा र उर्वशी नामकी अप्सराको प्रणय सम्बन्धको वर्णन छ । उर्वशी पुरूरवासित विवाह गर्दछिन् । चार वर्षसम्म दुवैको प्रेम सम्बन्ध राम्रै रहन्छ । राजाको उर्वशीबाट आयु नामक एकजना पुत्रको जन्म हुन्छ । अन्तमा प्रतिज्ञा भङ्गको कारण उनी पुरूरवालाई छोडेर जान चाहन्छिन् । तर पुरूरवा तिनीलाई रोक्दछन् । उनी फर्कन चाहँदिनन् र पुरूरवालाई सम्झाउँछिन् कि तिमी मेरो लागि नमर, शोकाकुल नहोऊ, तिमीलाई हिंस्रक पशुले नखाऊन् । उनी भन्छिन् स्त्रीहरूको प्रेम चिरस्थायी हुँदैन, तिनीहरु कठोर हृदयका हुन्छन् ।

"पुरूरवो मा मृथा मा प्र पप्तो,
मा त्वा वृकासो अशिवासउ क्षन् ।
न वै स्त्रैणानि सख्यानि सन्ति,
सालावृकाणां हृदयान्येता ॥"

– ऋग्वेद १०.९५.१५

यस मन्त्रमा संकेत गरिएको छ कि प्रणय विवाहहरूको प्रायः यस्तै नै परिणति हुन्छ । पाश्चात्य जगतमा यस्ता उदाहरणहरु पाइएका छन् ।

शतपथ ब्राह्मण ११.५.१ मा यो कथा राम्ररी वर्णन गरिएको छ । विष्णुपुराण, महाभारत आदिमा पनि प्रस्तुत आख्यानको उल्लेख पाइन्छ । यसको सुन्दरतम रूप महाकवि कालिदासको 'विक्रमोर्वशीय' नाटकमा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेद ५.६१ श्यावश्व सूक्तमा ऋषिपुत्र श्यावश्व र राजा रथवीतिकी कन्याको प्रणय वर्णन छ । श्यावाश्व रथवीतिकी कन्यासित प्रेम गर्दछ, तर रथवीतिकी पत्नी आफ्नी कन्याको विवाह कुनै सुयोग्य विद्वान्सित गराउन चाहन्थिन् । श्यावाश्व कठोर तपस्या गरी विद्वान् भएर आउँछ र तिनको विवाह रथवीतिकी कन्यासित हुन्छ । योग्य वरलाई नै कन्या दिनुपर्दछ भन्ने प्रस्तुत सूक्तमा शिक्षा दिइएको छ ।

नजीकको हाडनाता सम्बन्धबाट जन्मेका सन्तान खास राम्रो नहुने यथार्थतातिर वैदिक मनीषिहरु पनि सहमत थिए । यसैले तत्समय नजीकको हाडनाता सम्बन्धलाई समाजले मान्यता दिएको थिएन । ऋग्वेद १०.१० को यम-यमी संवाद सूक्त यहाँ उदाहरणीय छ । यम र यमी भाई-बहिनी हुन् । यमी आफ्ना दाज्यू यमसित प्रणय-याचना गर्दछिन् । तर यमले त्यसलाई अनैतिक र अनुचित भन्दै उक्त प्रार्थनालाई अस्वीकार गर्दछ । यसरी यस सूक्तबाट उपर्युक्त कथनको पुष्टिमा राम्रो टेवा पुऱ्याएको छ भन्दा अनुचित नहोला ।

वैदिक युगमा समाजमा विधवा विवाह एवं पुर्नविवाहको परम्परा पनि प्रचलित रहेको पाइन्छ । अथर्ववेदको एक मन्त्रमा वर्णित अनुसार पतिको मृत्युपछि सन्तानको लागि र आफ्नो जीवन निर्वाहको लागि स्त्रीले पुर्नविवाह गर्न सक्तछिन् ।

'इयं नारी पतिलोकं वृणाना .....
तस्यै प्रजां द्रविणं चेह धेहि ।'

- अथर्ववेद १८.३.१

ऋग्वेदको पंक्तिबाट पनि तत्समय समाजमा विधवा विवाह मान्य रहेको देखिन्छ । ऋग्वेद १०.१८.८ ऋचामा भनिएको छ कि "हे नारी ! मृत पतिलाई छोडेर विवाहको लागि इच्छुक दोस्रो पतिलाई स्वीकार गर ।"

'हस्तग्राभस्य दिधिषोस्तवेदं
पत्युर्जनित्वमभि सं बभूव ।'

- ऋग्वेद १०.१८.८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त आधारहरूबाट वैदिकयुगीन समाजमा विधवा विवाह मान्य रहेको स्पष्टतः देखिन्छ । अर्को उक्त समय आफ्ना पतिसित सम्बन्ध विच्छेद गरी दोस्रो विवाह गर्ने परम्परा पनि समाजमा प्रचलित रहेको देखिन्छ । यसरी पतिसित सम्बन्ध विच्छेद गरी दोस्रो विवाह गर्ने स्त्रीलाई 'पुनर्भू' भनिएको छ ।

'समानलोको भवति पुनर्भुवापटः पतिः ।'

- अथर्ववेद ९.५.२८

यसरी तत्समय स्त्री-पुरूष बीच कुनै प्रकारको मनमुटाव भएमा सम्बन्ध विच्छेद गरी स्त्रीले पुर्नविवाह गर्न सक्तछिन् भन्ने कुराको यकीनन जानकारी मिल्छ ।

यस संसारमा जति पनि स्त्रीहरु छन् तिनीहरु सबै कुमारी पनि हुन् यद्यपि तिनीहरूको विवाह भइसकेकै किन नहोस् । भगवान् शिवले यस कुराको यथार्थता माथि जोड दिएको कुरा महाभारत आदिपर्वको अध्ययनमा हामी पाउँछौं । महाभारता द्रौपदीका पाँच जना पतिहरु भएको बारेको जुन आख्यान छ त्यसले यस कुरोको यथार्थता माथि स्पष्टरूपले प्रकाश पारेको छ । महाभारतमा वर्णित उक्त आख्यान यस प्रकार छ :-

Draupadi's Five Husbands

The daughter of a great sage longed in vain for a husband; she pleased the god Shiva, who offered her a boon, and she asked for a virtuous husband. But she asked again and again, five times, and so Shiva said, "You will have five virtuous husbands". And that is why she married the five Pandavas. She objected, saying that it is against the law for a woman to have more than one husband, for then there would be promiscuity; moreover, her one husband should have her as a virgin. But Shiva reassured her that a woman is purified every month with her menses and therefore there would be no lapse from dharma in her case, since she had asked repeatedly for a husband. Then she asked him if she could be a virgin again for each act of sexual union and he granted this too (Mbh. 1.189; 1. 1. 157)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त कुराको पुष्ट्याई अग्निपुराणबाट पनि हुन्छ । अग्निपुराणमा स्पष्ट रूपले अष्टमातृका मध्येका चण्डमुण्ड विनाशिनी चामुण्डा स्वयम् आफै कौमारीको रूपमा प्रकटित भएको कुरा वर्णित छ, जुन उपर्युक्त कुरोको पुष्टिका लागि सहाय छ । नेपालाक्षरमा लिखित कोमालिपूजा सफुलि नामको मध्यकालीन एक हस्तलिखित ग्रन्थमा ब्रह्माण्यादि ८ मूल कोमारिस्तं भनी उल्लेख गरिएको पाइएबाट अष्टमातृकाहरु सबै कुमारीको रूपमा पूजित थिए भन्ने कुराको यकीन हुन्छ । यस हिसाबबाट जत्ति पनि देवीहरु छन् तिनीहरु सबै कुमारी पनि थिइन् भन्ने कुरा निर्णीत भए जस्तो लाग्दछ । अष्टमातृका नामले ख्यात अष्टकुमारीहरु यी हुन् -

१. ब्रह्माणी २. माहेश्वरी ३. कौमारी ४. वैष्णवी
५. वाराही ६. ऐन्द्री ७. चामुण्डा ८. महालक्ष्मी

उपर्युक्त यथार्थताहरूको पुष्टिको लागि हाम्रा प्राचीन धर्मशास्त्रहरूको अध्ययन पनि ठूलो सहायक स्वरूप छ । धर्मशास्त्रहरूको मान्यतानुसार स्त्रीहरु सदैव पवित्र हुन्छिन् । यदि तिनका उपपतिसित सम्बन्ध भइसकेको छ, उपपतिसितै गइसकेकी छिन्, बलात्कारका शिकार भइसकेकी छिन् अथवा उनी बलपूर्वक अपहृत भइसकेकी छिन् भने तापनि तिनीलाई त्याग गर्नु हुँदैन । धर्मशास्त्रहरूको मान्यता छ कि तिनका शरीरबाट हुने मासिक स्रावबाट तिनीहरु सदैव पवित्र हुन्छिन् । यसर्थ अस्त्रद्वारा अपवित्र भइसकेको छ भनेर तिनीहरूलाई त्याग गर्नु युक्तियुक्त हुँदैन । महर्षि वशिष्ठले यसबारे विस्तारपूर्वक वर्णन गरेको छ ।

"स्वयं प्रतिपन्ना वा यदि वा विप्रवासिता ।
बलात्काटोपभुक्ता वा चोटहस्तगताऽपि वा ॥
न त्याज्या दूषिता नारी नस्यस्त्यागो विधीयते ।
पुण्यकालमुपासीत ऋतुकालेन शुध्यति ॥
स्त्रियः पवित्रमतुलं नैता दुष्यन्ति कर्हिचित् ।
मासि मासि रजो ह्यासां दुष्कृतान्यपकर्षति ॥"

- वसिष्ठस्मृति २८।२-४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तिम श्लोक बौधायन स्मृति २।२।५७ मा पनि यथावत् रूपमा उपलब्ध हुन्छ -

यदि कुनै स्त्रीको साथ कुनै दुर्घटना घटित भएमा या कुनै भावुक क्षणमा तिनको मानसिक सन्तुलन भङ्ग हुन गएमा तिनलाई त्याग गर्नु हुँदैन, बरू तिनको उन्नयनको प्रयास गर्नुपर्दछ । विवाहलाई उद्वाह यसर्थ भनिएको छ कि पति परिणीता पत्नीलाई माथि उठाउने प्रयास गरून् । यदि कसैले कुनै पाप गरेमा तिनले कुनै पुण्य कार्य गर्ने सक्तैन भन्ने कुरो उपयुक्त छैन ।

"स्त्रियः पवित्रमतुलं नैता दुष्यन्ति कर्हिचित् ।
मासि मासि टजो ह्यासां दुष्कृतान्यपकर्षति ॥"

- बौधायन धर्मसूत्र २.२.५७

अग्निस्मृति ३.१९१-१९५ को अध्ययनमा यस यथार्थतालाई स्पष्ट बल मिल्छ कि स्त्रीहरूको बहिष्कार कहिल्यै हुन सक्तैन । तिनीहरु बलपूर्वक प्रभुक्ता भएमा र गर्भिणी भएमा पनि तिनको अशुद्धि त्यसबेला सम्ममात्र हुन्छ जुनबेला सम्म तिनको गर्भ दूर हुँदैन । गर्भको मुक्तिपछि जसै रक्तश्राव हुन्छ त्यसबेला कुनै प्रायश्चित विना नै उनी आपसें आप शुद्ध हुन्छिन् । आफ्नो समाजका स्त्रीहरूको बहिष्कार कुनै पनि हालतमा गर्नु हुँदैन र अरु समाजका स्त्री रत्नहरूलाई पनि अवश्य ग्रहण गर्नु आवश्यक छ । उपर्युक्त यथार्थताहरूको प्राप्तिबाट स्त्रीहरु सदा पवित्र रहेर तिनीहरु कुमारीकै रूपमा मानिने परम्परा प्राचीनकालदेखि नै रहेको कुराको जानकारी मिल्छ । राजाको छनौट गर्ने कार्यमा समेत स्त्रीहरूको प्रमुख भूमिका हुने कुरा अथर्ववेद ३।४।२ मा "मानिसहरु (विशः) राज्य गर्नको लागि तिमीलाई छान्छन्, यी दिशाहरु, यी पञ्चदेवीहरु तिमीलाई मन पराउँछन्" भनी उल्लेख गरिएको पाइएबाट उपर्युक्त कुरोको पुष्टि हुन्छ ।

'त्वा विशो वृणतां राज्याः
त्वामिमाः प्रदिशः पञ्च देवीः ।'

- अथर्ववेद ३।४।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेदको उपर्युक्त पंक्तिले राजाको निर्वाचन गर्दा पञ्चदेवीहरूले पनि भाग लिने कुरा स्पष्ट रूपले उल्लेख गरेको छ । अनि प्राचीनकालमा देवीहरु सम्पूर्ण जसो एकातिर विवाहित मातृदेवीको रूपमा परिचित छिन् भने अर्कोतिर तिनीहरु नै कुमारीको रूपमा दर्शाइएको कुरा माथि वर्णित भइसकेको छ । मार्कण्डेय पुराणमा पनि देवीले दानवराजसित युद्ध गर्दा दानवराजले तिनीलाई जित्न सकेमा उनी तिनसँग विवाह गर्न तयार छु भनी आफूलाई अविवाहित कुमारीको रूपमा दर्शाएको स्पष्ट छ । यसै परम्पराअनुसार राज्याभिषेक, महानात्माहरूको आगमन र विदाईको अवसरमा कुमारीहरूद्वारा अभिषिक्त गराउने, स्वागत, बिदाई गराउने जस्ता चलन पछि चल्न लागेको थियो । श्रीमद्वाल्मीकीय रामायण, युद्धकाण्ड, अध्याय १२८, श्लोक ३८ र ६२ यस कुराका साक्षी छन् ।

"अक्षतं जातरूपं च गावः कन्याः सहद्विजाः ।
नद्यो मोदकहस्ताश्च रामस्य पुरतो ययुः ॥३८॥
ऋत्विग्भिराह्मणैः पूर्वं कन्याभिर्मन्त्रिभिस्तथा ।
योधैश्चैवाभ्यषिञ्चस्ते सम्प्रहृष्टैः सनैगमैः ॥६२॥

- श्रीमद्वाल्मीकीय रामायण, युद्धकाण्ड, अध्याय १२८

यो परम्परा अन्दाजी चार दशक अघिसम्म नेपालमा राजाहरूको राज्याभिषेकको अवसरमा गर्ने चलन विद्यमान थियो । साँच्चै भन्ने हो भने नेपालमा कुमारीको पूजा परम्परा सर्वाधिक रूपले रहेको छ । न केवल निर्जीव बल्कि जीवित कुमारीको पूजा परम्परा यहाँ मध्यकालदेखि नै प्रचलित हुँदै आइरहेको छ । यहाँको सरकार नै कुमारीद्वारा सञ्चालित हुने कुरा देशको आर्थिक कारोबारको सम्पूर्ण अधिकार सम्पन्न कुमारी चोक अड्डाको संस्थापना यहाँ भएबाट स्पष्ट रूपले न केवल ज्ञात हुन्छ, बल्कि यहाँ आदिमकालमा प्रचलनमा रहेको मातृसत्तात्मक व्यवस्थाको अवशेष कायमै रहेको कुराको जानकारी मिल्छ । यहाँनिर वैदिक युगीन सभा र समिति नामका दुईओटा संस्थाहरु (जन संसदहरु) को बारे उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ । अथर्ववेद अनुसार ती दुवै संस्थाहरु प्रजापतिकी दुई पुत्रीहरु थिइन् । अथर्ववेदका उक्त पंक्ति यहाँ प्रस्तुत गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"सभा च मा समितिश्चावतां प्रजापतेर्दुहितरौ संविदाने ।
येना संगच्छ उप मा स शिक्षाच्चारुवदानि पितरः संगतेषु ॥१॥
विद्म ते सभे नाम नरिष्टा नाम वा असि ।
ये ते के च सभासदस्ते मे सन्तु सवाचसः ॥२॥
एषामहं समासीनानां वर्चो विज्ञानमा ददे ।
अस्या सर्वस्याः संसदो मामिन्द्र भगिनं कृणु ॥३॥
यद् वो मनः परागतं यद् बद्धमिह वेह वा ।
तद् व आ वर्तयामसि मयि वो रमतां मनः ॥४॥"

- अथर्ववेद ७।१२।१-४

उपर्युक्त दुवै संस्थाहरु यथा सभा र समिति देशका सर्वोच्च संस्थाहरु रही देशको सार्वभौमसत्ता साँचो अर्थमा भन्ने हो भने तिनीहरूमै निहित थियो ।

माथि जत्ति पनि कुराहरु वर्णित भएका छन् तिनीहरूको आधारमा यस यथार्थतालाई स्पष्ट रूपले बल मिल्छ कि हाम्रो धर्म एवं संस्कृति प्राचीनकालमा यथार्थतः त्यत्ति साह्रो कठोर अवश्य थिएन जत्ति यसमा लचिलोपना थियो । तर, पछि गएर जसै यो धर्म एवं संस्कृतिको परिपालनमा कठोरता अपनाइन लागेको थियो । अस्द्वारा बलपूर्वक प्रभुक्त भएकी स्त्रीहरूलाई हिन्दूधर्मबाट सदाको लागि बहिष्कृत गरिने भयो ; फलतः नेपाल समेत भारतमा हिन्दूहरूको संख्या घटेर विधर्मीहरूको संख्यामा अत्यधिक रूपले वृद्धि हुन गयो । साँच्चै भन्ने हो भने यही न कारण छ कालान्तरमा गएर भारतीय उप-महादेश तीन टुक्रामा विभक्त भयो - भारत, पाकिस्तान एवं बङ्गलादेशको रूपमा ।

आदिमयुगमा मानव समाज जंगली पशुपंक्षीहरु सरह नै थिए । तिनीहरु जसले जसलाई भनौं जुन स्त्रीलाई चाह्यो त्यसलाई जबरजस्ती समातेर आफ्नो कामवेगलाई शान्त पार्दथे । यस कुरोको जानकारी हामीलाई उपनिषद् एवं इतिहास ग्रन्थहरूबाट प्राप्त हुन्छ । उपनिषद्मा वर्णित आख्यान अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला ऋषि श्वेतकेतुको बालावस्थामा एक पटक तिनी औ तिनका पिताको सामुन्ने नै तिनकी आमालाई अर्का एकजना व्यक्तिले जबरजस्ती तानेर लगेका थिए । यो देखेर बालक श्वेतकेतुलाई साह्रै रिस उठ्यो । यसलाई श्वेतकेतुका पिताले हेरिरहेका थिए । तिनले बालक श्वेतकेतुलाई सबै प्राणीका स्त्रीहरूलाई यसरी नै भोग गरिँदै आइरहेको हुँदा यो सनातन धर्म अनुरूप नै भएको कारण यसमा रिस गर्नु नपर्ने कुरा सम्झाए । तर बालक श्वेतकेतुलाई पिताको उक्त प्रकारको कथनबाट कुनै प्रभाव पार्न सकेन र तिनले पिताबाट कठित धर्मलाई त्यागेर मनुष्यको लागि यस भूतलमा नयाँ सामाजिक नियमको प्रतिपादन गरे । यसरी मनुष्यको सामाजिक नियमको प्रतिपादन सर्वप्रथम वैदिक -उपनिषदिक ऋषि श्वेतकेतुले गरेको स्पष्टतः देखिन्छ । यसरी यिनी मानव सभ्यताको इतिहासका सर्वप्राचीन भने जस्तो महानतम क्रान्तिजनक भएको चाल पाइन्छ । यसको अनन्तर मनुले मनुस्मृति ग्रन्थ लेखी मनुष्य समाजलाई नियमबद्ध गर्ने गरेको थियो । ऋषि श्वेतकेतुले यस भूतलमा पुरूष र स्त्रीको लागि नैतिक सीमा (Moral Boundary) को नियम बसाले । यो नियम अहिलेसम्म कायमै छ । आफ्नो लोग्नेप्रति अनिष्ठा राख्ने स्त्री भ्रूण हत्या गरेको समान पापको भागी भई तिनले ठूलो दुःख कष्टको सामना गर्नुपर्ने हुन्छ, त्यस्तै आफ्नो लोग्ने प्रति निष्ठा राख्ने स्त्रीमाथि व्यभिचार गर्ने व्यक्ति ठूलो पापको भागी हुने हुन्छ । महाभारतमा वर्णित उक्त आख्यान यस प्रकार छ -

The End of Female Promiscuity

The great sage Shvetaketu was a hermit, people say. Once, they say, right before the eyes of Shvetaketu and his father, a Brahmin grasped Shvetaketu's mother by the hand and said, "Let's go!" The sage's son became enraged and could not bear to see his mother being taken away by force like that. But when his father saw that Shvetaketu was angry he said, "Do not be angry, my little son. This is the eternal dharma. The women of all classes on earth are not fenced in; all creatures behave just like cows, my little son, each in its own class." The sage's son could not tolerate that dharma and made this moral boundary for men and women on earth, for humans, but not for other creatures. And from then on, we hear,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

this moral boundary has stood: A woman who is unfaithful to her husband commits a mortal sin that brings great misery, an evil equal to killing an embryo, and a man who seduces another man's wife, when she is a woman who keeps her vow to her husband and is thus a virgin obeying a vow of chastity, that man too commits a mortal sin on earth. (Mbh. 1.113.9-20)

आदिमकालमा जंगली पशुहरु समान मानिसहरुको जीवन पनि रहेको यथार्थतातिर उपर्युक्त वर्णनले स्पष्टतः इङ्गित गरेको छ । यस कुरोको पुष्ट्याईं सूत्र र स्मृति आदि धर्मशास्त्रहरुमा उल्लिखित आठ प्रकारका विवाहहरुको वर्णनबाट पनि भएको लाग्दछ । आदिम असभ्य स्तरदेखि लिई शुद्ध र संस्कृत स्तरसम्म क्रमशः यिनको गणना यस प्रकार छन् - १. पैशाच २. राक्षस ३. गान्धर्व ४. आसुर ५. प्राजापत्य ६. आर्य ७. दैव ८. ब्राह्म

"अष्टावेव समासेन विवाहा धर्मतः स्मृताः ।
ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ॥८॥
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमः स्मृतः ।
तेषां धर्म्यान् यथापूर्वं मनुः स्वायम्भुवोऽब्रवीत् ॥९॥"

- श्रीमहाभारते आदिपर्वणि, त्रिसप्ततितमोऽध्यायः

१. पैशाच विवाह त्यो हो जसमा छल-छद्मद्वारा सूत्र, प्रमत्त अथवा अचेतन कन्यासित कसैले यौन सम्बन्ध राख्दछ । जङ्गली जनावरहरु सरह मानिसहरुको पनि आदिमकालमा जोसुकै पुरूष या स्त्रीसित यौन सम्बन्ध कायम गर्ने रिवाज रहेको माथिको वर्णनलाई यसबाट पुष्टि मिलेको स्पष्टतः लाग्दछ । यसैले पैशाच विवाहलाई अधमाधम भनिएको छ ।

२. कुनै कन्याको बलात् अपहरण गरी तिनीसित गरिने विवाहलाई राक्षस विवाह भनिन्थ्यो, किनकि यसमा बल र हिंसाको प्रयोग हुन्थ्यो ।

३. परस्पर राग र कामवासनाद्वारा प्रेरित भई गरिने विवाहलाई गान्धर्व विवाह भनिन्थ्यो, किनकि पार्वत्य गान्धर्व जातिमा यस किसिमको विवाह अत्यधिक रूपमा प्रचलित थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. कन्यालाई पैसा दिई किनेर तिनीसित गरिने विवाहलाई आसुर विवाहको संज्ञा दिइएको थियो, किनकि असुर जातिभर यस किसिमको प्रथा प्रचलित थियो । यसलाई कहींकहीं मानव विवाह पनि भन्ने गरिएकोछ । कारण पैशाच, राक्षस र गान्धर्व भन्दा यसमा मानव भाव बढी थियो ।

५. कुनै एक विरक्त ऋषिले औपचारिक दानका लागि वरसित एक जोडी गाई लिएर आफ्नी कन्या विवाह गरिदिने विवाहलाई आर्य विवाह भन्ने गरिएको छ । यो प्रथा केही ऋषिहरूसम्म नै सीमित थियो ।

६. समानाधिकारको अनुबन्धको आधारमा प्रजा उत्पन्न गर्नको लागि गरिने विवाहलाई प्राजापत्य विवाह भन्ने गरिएको छ । यो विवाह हिजोआजको सिविल विवाहसित मिल्दोजुल्दो छ ।

७. कुनै यजमानले दैवकर्म (याज्ञिक कार्य) गराउँदा कुनै ऋत्विजलाई आफ्नी कन्या विवाहार्थ समर्पित गर्नुलाई देव विवाह भनिन्थ्यो ।

८. कन्याका पिता एवं संरक्षकले उचित समयमा सोचविचार गरी उचित वरलाई आफ्नो स्थानमा निमन्त्रण गरी कन्यालाई सुन्दर वस्त्र र आभूषणले अलंकृत गरी विधिवत् अर्पित गर्ने विवाहलाई ब्राह्म विवाह भनिन्थ्यो । यो विवाह पैशाचको पाशविकता, राक्षसको हिंसा, गान्धर्वको कामुकता, आसुरको लोभ, प्राजापत्यको बन्धन, आर्यको अवांछनीय औपचारिकता र दैवको अनिश्चितताबाट मुक्त थियो । यसर्थ यो विवाहलाई सर्वोत्तम सम्झिन्थ्यो ।

उपर्युक्त आठ प्रकारका विवाहहरूमध्ये कति विवाह धर्मानुकूल कति धर्मविरूद्ध छन् र कुन-कुन विवाह कुन-कुन वर्णका लागि प्रशस्त छन्, यसबारे पनि धर्मशास्त्रहरूमै वर्णन गरिएका छन् । नारदले ब्रह्म, आर्य, प्राजापत्य र दैवलाई धर्मानुकूल मानेको छ, गान्धर्वलाई साधारण (नधर्मानुकूल, नधर्मविरूद्ध) तथा बाँकी तीन यथा राक्षस, आसुर र पैशाचलाई धर्मविरूद्ध मानेको छ ।

"एषां तु धर्म्यश्चित्वाष्टौ ब्राह्माद्याः समुदाहृताः ।
साधारणः स्याद् गन्धर्वस्त्रयोऽधर्म्यास्ततः परे ॥"

- नारदस्मृति १२।४४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्खको मत छ कि ब्राह्मणको लागि ब्रह्म, आर्य, प्राजापात्य र दैव यी चार विवाह नै धर्मानुकूल छन्, तर क्षत्रियको लागि गान्धर्व र राक्षस प्रशस्त छन् ।

"एते धर्मास्तु चत्वारः पूर्वं विप्रे प्रकीर्तिताः ।
गान्धर्वो राक्षसश्चैव क्षत्रियस्य प्रशस्यते ॥"

- शङ्खस्मृति ४।३

बौधायनले ब्राह्मणलाई ब्राह्म, आर्य, प्राजापात्य, दैव, क्षत्रियलाई गान्धर्व र राक्षस तथा वैश्य एवं शूद्रका लागि आसुर पैशाचको विधान बताएको छ । तर, मनुस्मृतिले ब्राह्मणको लागि ब्राह्म, आर्य, प्राजापात्य, दैव, क्षत्रियको लागि राक्षस र गान्धर्व एवं वैश्य र शूद्रको लागि आसुर विवाहलाई प्रशस्त मानेको छ । मनुस्मृतिको अनुसार पैशाच विवाह कुनैको लागि पनि उपयुक्त छैन । धर्मशास्त्रहरूमध्ये सबैभन्दा प्रमुख मानिएको मनुस्मृतिले पैशाच विवाह कसैको लागि पनि उपयुक्त नभएको कुरा वर्णन गरेबाट पनि आदिमकालमा मनुष्य समाज जङ्गली पशुहरूसरह नै रहेको उपर्युक्त वर्णनको पुष्टिमा सघाऊ पुऱ्याएको छ । मनुस्मृतिका पंक्ति निम्नांकित छन् -

"षडानुपूर्व्या विप्रस्य क्षत्रस्य चतुरोऽवरान् ।
विट्शूद्रयोस्तु तानेव विद्याद्धर्म्यानराक्षसान् ॥२३॥
चतुरो ब्राह्मणस्याद्यान्प्रशस्तान्कवयो विदुः ।
राक्षसं क्षत्रियस्यैकमासुरं वैश्यशूद्रयोः ॥२४॥
पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ स्मृताविह ।
पैशाचश्चासुरश्चैव न कर्तव्यौ कदाचन ॥२५॥
पृथक्पृथग्वा मिश्रौ वा विवाहौ पूर्वचोदितौ ।
गान्धर्वो राक्षसश्चैवं धर्म्यौ क्षत्रस्य तौ स्मृतौ ॥२६॥

- मनुस्मृति, अध्याय ३

प्राचीन कालमा समाजमा बहुविवाह (बहुपतित्व एवं बहुपत्नीत्व) प्रचलित थियो । ऋग्वेदको सूर्यासूक्तमा जुन विवाहको वर्णन छ त्यो एक पत्नीत्वको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । एक पत्नीत्व नै श्रेष्ठ विवाह मानिन्थ्यो । मनुस्मृति ९.१०१-१०२ अनुसार पति र पत्नीको लागि आमरणात् दाम्पत्यको पवित्रताको पालन गर्नु जरूरी छ । पति र पत्नीको लागि यो धर्मको सार हो । विवाहित पुरूष र स्त्रीले यस प्रकार प्रयास गर्नुपर्दछ कि यदि कथंकदाचित् तिनीहरु एक दोस्रोबाट अलग नै भए तापनि तिनीहरूको पवित्रताको भंग कहिल्यै नहोस् ।

यौनसम्बन्धको बारे एक अर्को कुरामा ध्यान दिनु आवश्यक छ । विधिवत् यौन सम्बन्धमा कुनै अपवित्रताको भावना थिएन । विवाह पवित्र धार्मिक कर्तव्य मानिन्थ्यो । सांस्कारिक विवाहको उद्देश्य थियो कामुक वासनाहरूलाई संयत र सीमित गरी दम्पत्तिका भावनाहरूको उदात्तीकरण । हाम्रा धर्मशास्त्रहरूमा विवाहको उद्देश्य र पति-पत्नीका कर्तव्यहरूको विस्तृत वर्णनहरु छन् । तिनको अनुसार धार्मिक र सामाजिक कर्तव्यहरु -देह कार्य, देशकार्य र देवकार्यको सम्पादन- को पालन नै विवाहको उद्देश्य थियो, कामवासनाको तृप्ति होइन । विवाहित जीवनको इज्जत अविवाहित जीवनभन्दा कुनै प्रकारले कम थिएन । एकपत्नी व्रतलाई ब्रह्मचर्य नै मानिन्छ । अविवाहित जीवनको कुनै सम्प्रदाय स्थायी रूपले स्थापित भएन । विवाहित स्त्री पुरूषहरूका अनेकौं उदाहरणहरु छन् जहाँ तिनीहरूले जीवनमा उच्चतम उपलब्धिहरु प्राप्त गरे; फलतः तिनीहरु आदर र श्रद्धाका पात्र भए । प्रायः सबैजसो मन्त्रद्रष्टा ऋषिहरु विवाहित थिए । भगवान् विष्णुका सर्वप्रसिद्ध अवतारहरु तथा राम र कृष्ण विवाहित थिए । अर्धनारीश्वर शिवको कल्पनामा परमतत्वका युग्मरूप स्त्री-पुरूष दुवैको समानरूपले आदर छन् । कहींकहीं त यहाँसम्म भनिएको छ कि शक्तिविना शिव शव समान छ ।

कन्याको अनिश्चित भविष्य, विवाह सम्बन्धी दायित्व र तिनका शीलमा दुवै कुलको मर्यादाको अवलम्बनको कारण कन्याका पिता चिन्तित हुनु स्वभाविक छ । कहीं कहीं भनिएको छ, 'कन्येति जाता महती विचिन्ता ।' 'हर्षचरित' मा प्रभाकरवर्द्धन आफ्नी पुत्री राज्यश्रीलाई युवती हुन लागेको देखेर आफ्नी पत्नीलाई भन्दछन्, "कन्याको यौवनको प्रवाहलाई देखेर पिताको हृदय त्यस्तै किसिमले विकम्पित हुन्छ, जसरी वर्षाऋतुमा बाढको समय नदीकूलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्ष ।' तर यस दायित्वको साथ पनि कन्या बराबर स्नेह र आदरका साथ लालित र पालित पहिलेदेखि नै हुँदै आइरहेको छ । पत्नीको रूपमा पनि नारीको स्थान समाजमा ज्यादै उच्च रहेको छ । वास्तवमा पत्नी (गृहिणी) नै गृह मानिँदै आइरहेको छ, तिनी विना घर अरण्य मानिन्छ ।

"न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते ।
गृहं तु गृहणीहीनम् अटण्यसदृशं मतम् ॥"

- महाभारत, शान्तिपर्व १४४.६

उनी घरकी स्वामिनी र गृहस्थीकी सम्राज्ञी रहेकी छिन् । उनी परिवारका धर्म, अर्थ र कामकी दात्री एवं संरक्षिका हुन् । प्रख्यात नाटककार भवभूतिले पत्नीको सम्बन्धमा निम्नाङ्कित उद्‌गार प्रकट गरेको छ : 'पत्नीको स्नेह सुख र दुःख दुवैमा अद्वैत (एकरस) र सबै अवस्थाहरूमा अनुकूल रहन्छ । उनी हृदयको विश्राम हो । जति जति समय बित्दछ त्यत्ति-त्यत्ति आवरण (पर्दा) हट्‌नाले उनी घनीभूत प्रेममा स्थित हुन्छिन् । यस्ती पत्नी प्राप्त गर्ने ती भाग्यमानी मनुष्य धन्य छन् ।

"अद्वैतं सुखदुःखयोरनुगुणं सर्वास्ववस्थासु यत् ।
विश्रामो हृदयस्य यः जटसा यस्मिन्नहार्यो टसः ॥
कालेनावरणात्ययात्परिणतो यत्स्नेहसारे स्थितम् ।
भद्रं तस्य सुमानुषस्य कथमप्येको हियः प्राप्यते ॥"

- उत्तररामचरित

सम्पूर्ण जसो प्राचीन संस्कृत साहित्यमा मातृत्व नारीको चरम उत्कर्ष र आदर एवं श्रद्धाको आस्पद मानिएको छ । ऋग्वेदमा देवताहरूका माता अदिति र अथर्ववेदमा पृथ्वी माता (देव र मानव दुवैका) का अद्‌भुत कल्पनाहरू पाइन्छन् । उनी जन्मदात्री, पालयित्री र संस्कारकर्त्री छिन् । उनी जाति अथवा राष्ट्रका उद्‌गम एवं सनातन प्राध्यापिका छिन् । यसैले मनुले भनेका छन् कि आचार्यभन्दा सयगुणा पिता र पिताभन्दा सहस्रगुणा माता आदरणीय छिन् ।

'उपाध्यायान्दशाचार्य आचार्याणां शतं पिता ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहस्रंतु पितृन्माता गौरवेणातिरिच्यते ॥"

- मनुस्मृति २.१४५

मनुको अनुसार "आफ्नो कल्याण र समृद्धि चाहने पिता, भाइ, पति, देवर आदि सबैबाट स्त्रीहरु अवश्य आदृत र अलंकृत हुनुपर्दछ । जहाँ स्त्रीहरूको आदर हुन्छ त्यहाँ देवताहरु आनन्दित हुन्छन् । तर, जहाँ तिनीहरूको अनादर हुन्छ त्यहाँ यज्ञादिको कुनै फल प्राप्त हुँदैन । जुन परिवारमा स्त्रीहरु दुःखी रहन्छिन्, त्यो शीघ्र नै नष्ट हुन्छ । जुन परिवारमा स्त्रीहरु प्रसन्न रहन्छन् त्यो बराबर समृद्ध हुँदै जान्छ । यसर्थ आफ्नो कुशल क्षेत्र चाहने व्यक्तिहरूले पर्व र उत्सवका अवसरहरूमा उपहार, अलंकार, वस्त्र, भोजनादिले स्त्रीहरूको सम्मान गर्नु आवश्यक छ । जुन घरमा पति, पत्नी आपसमा सन्तुष्ट रहेका हुन्छन्, त्यस घरमा सदा मङ्गल नै हुने हुन्छ ।" - मनुस्मृति ३.५५-६० । यस्तै प्रकारले महाभारतमा पनि स्त्रीहरूको प्रति सम्मान गर्नुपर्ने आवश्यकतामाथि जोड दिइएको छ । "कल्याण चाहने व्यक्तिले स्त्रीहरूको आदर र सम्मान गर्नुपर्दछ । जो स्त्री आदृत र पूजित हुन्छिन् वास्तवमा उनी (गृह) लक्ष्मी हुन्" - महाभारत अनुशासन पर्व ४६.१५

यहाँनिर वैदिक-उपनिषदिक युगबारे केही चर्चा गर्नु प्रासङ्गिक हुन आउँछ । वैदिक युगमा स्त्रीहरूलाई पनि पुरूषहरूको अनुरूप समाजमा अत्यधिक मात्रामा आदर-सम्मान प्राप्त थियो । तर, तत्समयदेखि नै पितृसत्ता समाजमा हावी हुन लागेको थियो । पितृसत्तात्मक समाज भएको कारण उपनिषदिक युगसम्म आइपुग्दा समाजमा कन्याको जन्म पुत्रको अपेक्षा अमङ्गलकारी मानिन्थ्यो । तत्समय पुत्रलाई परिवारको आशा र कन्यालाई परिवारको दुःखको कारण मानिन लागेको थियो ।

"अस्था ह जाया कृपणं हि दुहिता
ज्योतिर्ह पुत्रः परमे व्योमन् ।"

- ऐतरेय ब्राह्मण ७.१८

त्यस समय आर्यहरूमा पुत्रैषणा बलवती थियो र कन्याको अपेक्षा पुत्रको जन्म हर्षोल्लासले मनाइन्थ्यो । अनेकविध पुत्रहरूको प्राप्ति हेतु विशेष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याज्ञिक अनुष्ठान र संस्कार विधिको सन्दर्भ वृहदराण्यकोपनिषद्मा पाइन्छ ।

"स य इच्छेत्पुत्रो मे शुक्लो जायेत वेदमनुब्रुवीत सर्वमायुरियादिति क्षीरौदनं

पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥१४॥

अथ य इच्छेत्पुत्रो मे कपिलः पिङ्गलो जायेत द्वौ वेदावनुब्रुवीत सर्वमायुरियादिति दध्योदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥१५॥

अथ य इच्छेत्पुत्रो मे श्यामो लोहिताक्षो जायेत त्रीन्वेदाननुब्रुवीत सर्वमायुरियादित्युक्षौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥१६॥

अथ य इच्छेत्पुत्रो मे पण्डितो विगीतः समितिंगमः शुश्रूषितां वाचं भाषिता

जायेत सर्वान्वेदाननुब्रुवीत सर्वमायुरियादिति माँसौदनं पाचयित्वा सर्पिष्मन्त -

मश्नीयातामीश्वरौ जनयितवा औक्षेण वार्षभेण वा ॥१८॥"

- बृहदारण्यकोपनिषद् ६.४.१४, १५, १६, १८

यद्यपि उपनिषदिक्युगमा पुत्रीको जन्म स्वागतयोग्य नमानिए तापनि उपर्युक्त उपनिषद्मै पहिलो पटक 'पंडिता दुहिता' प्राप्त गर्नको लागि पनि एक विशिष्ट गर्भाधान संस्कारको उल्लेख पाइन्छ । पूरा सयवर्षको आयुसम्मन् जीवित हुने विदुषी पुत्रीको चाहना राख्ने गृहस्थ (पति एवं पत्नी)ले तिल र चावलको खिचडी पकाई त्यसमा घ्यू राखेर खानुपर्दछ । यसरी तिनीहरु उपर्युक्त योग्यताकी अर्थात् 'पंडिता दुहिता' को जन्म दिनमा समर्थ हुन्छन् ।

"अथ य इच्छेद्दुहिता मे पण्डिता जायेत सर्वमायुरियादिति तिलौदनं

पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥१७॥"

- बृहदारण्यकोपनिषद् ६.४.१७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा प्राचीनतम पावन ग्रन्थ वैदिक साहित्यको अध्ययनमा स्त्रीहरूको विवाह जीवनमा चार पटक हुने कुराको वर्णन पाइन्छ, जुन बाह्य रूपले हेर्दा ज्यादै अचरज लाग्ने कुरो रहेको छ । तर, राम्ररी विचार गरी हेर्दा त्यसमा अचरज लाग्नुपर्ने कुरो केही भए जस्तो लाग्दैन । बरू यसले स्त्रीहरूको सफल जीवनको लागि नभई नहुने अत्यावश्यकताहरूलाई नै उजागर पारेको छ । ऋक् एवं अथर्ववेदमा स्त्रीहरूको चारपटक यथा सोमसित पहिलो, गन्धर्वसित दोस्रो, अग्नि वा सूर्यसित तेस्रो तथा चौथो मनुष्यसित हुने कुरा वर्णन गरिएको छ । यी चार विवाहको बारे विचार गर्दा स्त्रीहरूको सफल जीवनको लागि उक्त चार विवाह अनिवार्य नै देखिन्छ । विवाह भन्नाले साँचो अर्थमा भन्ने हो भने जुन कुरोसित विवाह भएको छ त्यससित तिनीको कहिल्यै नछुट्टिने भन्नुको तात्पर्य आत्मसात् हुनु हो । यस किसिमसित विचार गर्दा सोमसित पहिलो विवाह हुने भन्दा निर्मलता, कोमलता, शीतलता प्रदान गर्ने देवतासित तिनीको आत्मसात् हुनु हो । सोमलाई शिवको रूपमा पनि लिएर सोमनाथ पनि भन्ने गरिएको छ । अनि शिवको प्रतीकका रूपमा विल्वलाई लिई स्त्रीको पहिलो विवाहलाई बेलविवाह भन्ने गरिन्छ । स्त्रीहरूको दोस्रो विवाह गन्धर्वसित हुने कुरा वर्णन गरिएको छ । स्त्रीहरूको मासिक धर्मको आरम्भपछि हिजोआज १२(बाह्र) दिनसम्म तर पहिलेपहिले १२(बाह्र) वर्षसम्मन् तिनीहरू अलग भन्नुको तात्पर्य एकनिष्ठ भई ६४(चौसट्ठी) कलाको ज्ञान आर्जन गर्दथे । त्यसबेला गन्धर्वसित आत्मसात् भइरहने हिसाबले तिनीहरू अलग भइरहने कोठामा गन्धर्वको प्रतीकका रूपमा ख्याकको आकृति बनाई राखेको हुन्छ । यो अवधिलाई बाह्रा राख्ने भनौं गुफा राख्ने भन्ने गरिन्छ । यसपछि तिनीमा जवानी चढिसकेको हुने हुँदा दिनमा प्रेमाग्नि प्रज्ज्वलित हुन लागेको हुन्छ । त्यसैको प्रतीकका रूपमा गुफाबाट बाह्रौं दिनमा निकाल्दा बिहान सबैरै सूर्योदयको समय सर्वप्रथम बाटामा पानी भरी राखेर त्यसमा सूर्यरूपी अग्निलाई हेर्न लगाइन्छ । त्यसैलाई अग्निसित स्त्रीको तेस्रो विवाहको रूपमा लिइन्छ । त्यसको अनन्तर स्त्रीको चौथो विवाह मानिससित हुने हुन्छ । यसरी जीवनका विभिन्न आरोह अवरोहहरूलाई पार गर्दै भन्नुको तात्पर्य जीवनका विविध विषयहरूको ज्ञान आर्जन गर्दै मानिससित तिनीको विवाह हुने हुँदा तिनको जीवन सफलीभूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने कुरोमा कुनै शंका रहँदैन । यसप्रकार हाम्रा प्राचीन ग्रन्थ वेदले स्त्रीको सफल जीवनको लागि अत्यावश्यक उपर्युक्त प्रकारका चार विवाहको वकालत गरेका छन्, जुन यथार्थत विज्ञानसम्मत नै लाग्दछ । उपर्युक्त चार प्रकारको विवाह परम्परा नेपालका नेवार समाजमा अद्यापि केही न केही रूपमा प्रचलनमा रहेको पाइन्छ ।

उपर्युक्त वैदिकयुगीन चतुर्विवाहको आदर्शलाई पछि पुराणकालमा मानिसहरूले बिर्सेका थिए । तिनीहरूले तत्समय स्त्रीलाई पुरूषको भोग्य वस्तुको रूपमा लिएर स्त्रीहरूलाई किरायामा दिन लागेका थिए । महाभारत ५.११३-११७ मा वर्णित भए अनुसार महाराज ययातिकी पुत्री माधवी प्रत्येकसँग सयौं घोडाहरु लिई चारजना राजाहरूलाई पालैपालोसँग किरायामा दिएकी थिइन् । यस यथार्थताको प्राप्तिले स्त्रीसत्ताको समाजमा पूर्णतः समाप्ति भई पुरूषसत्ताको दबदबा चल्न लागे-अनन्तर स्त्री स्वातन्त्र्यको समाप्ति भएको थियो, स्त्री पुरूषको खेलौना भई बाँच्न बाध्य भएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

8

वेद-वेदाङ्ग के भन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

विश्वका सर्वप्राचीन ग्रन्थको रूपमा सुमेरियन सभ्यतामा रचित गिल्गमिशलाई लिइएको छ । यसमा गिल्गमिशका बहादुरीका कारनामाहरु वर्णित छन् । यसको अनन्तर विश्वको दोस्रो प्राचीनतम् वृहत् ग्रन्थ आर्यहरूको वैदिक साहित्य रहेको छ । यसमा ज्ञान-विज्ञानका विविध विषयमाथि विस्तृत रूपले प्रकाश पारिएको छ । सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, विज्ञान, ज्योतिष, यज्ञयागादि, दर्शन, ब्रह्माण्ड आदि ज्ञान-विज्ञानका विविध पक्षमा यसमा जुन विस्तृत रूपले प्रकाश पारिएका छन् तिनीहरूको आधारमा आर्य सभ्यताको प्रसूत रहेको वैदिक साहित्यलाई साँचोमानेमा विश्वकोष (Encyclopaedia) मानिनु समीचीन नै लाग्दछ । यसरी विश्व साहित्यिक क्षेत्रमैं यस कृतिले अप्रतीम रूपले सानी राख्दै आफूलाई सर्वोच्चताको चुलीमा स्थापित गर्न समर्थ भएको छ ।

ज्ञान-विज्ञानको क्षेत्रमा यस कृतिले जुन प्रकाश पारेको छ त्यसको सामु आजको विज्ञानले शिर निहुराउनु पर्दछ । पृथ्वीले सूर्यको प्रदिक्षणा गर्दछ भन्ने कुरा ऋग् एवं यजुर्वेदमा स्पष्टरूपले वर्णन गरिएका छन् ।

'क्षाः .....द्युष्णं पटि प्रदक्षिणित् ।'

- ऋग्वेद १०.२२.१४

'आयं गौः पृश्निरक्रमीद् असदन्
मातरं पुरःपितरं च प्रयन् स्वः ।'

- यजुर्वेद ३.६

चन्द्रमामा प्रकाश सूर्यबाट मिल्ने कुराको ज्ञान हामीलाई निम्न पंक्तिले दिएको छ -

'सुषुम्णः सूर्यरश्मिश्चन्द्रमा गन्धर्वः ।'

- यजुवेद १८.४०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अथाप्यस्यैको ऽग्निरुच्चन्द्रमसं प्रति दीव्यति ।
आदित्यतोऽस्य दीप्तिर्भवति ।'

- निरूक्त २.६

अथर्वा (अथर्वन्) ऋषि विश्वका प्रथम आविष्कारक भएको लाग्दछ, जसले सर्वप्रथम तीन आविष्कार गरे ।

१. अरणि-मन्थनबाट अग्नि - अरणि नामक रूखका काठलाई रगडेर अग्नि उत्पन्न गरे ।

(क) 'अथर्वा त्वा प्रथमो निरमन्थद् अग्ने ।'

- यजुर्वेद ११.३२

(ख) 'अरण्योर्निहितो जातवेदाः ।'

- ऋग्वेद ३.२९.२

२. जल-मन्थनबाट अग्नि (Hydroelectric, Hydel) - ऋग्, यजुः औ सामवेदहरूमा उल्लेख छ कि अथर्वा ऋषिले तलाउका जलको मन्थनद्वारा जलीय विद्युत् (Hydel) को आविष्कार गरेका थिए ।

'त्वामग्ने पुष्करादधि-अथर्वा निरमन्थत ।'

- ऋग् ६.१६.१३ । यजु.११.३२। साम.९ तैत्ति. ३.५.११.३

३. भूगर्भीय अग्नि (पुरीष्य अग्नि, Oil and Natural Gas) – ऋग्वेद औ यजुर्वेदमा उल्लेख छ कि अथर्वा ऋषिले भूगर्भीय अग्निको पत्ता लगाई उत्खनन्द्वारा त्यसलाई निकाले । भूगर्भीय भएको कारण यसलाई 'पुरीष्य अग्नि' को नाम दिइयो । 'योनिरग्नेः' बाट ज्ञात हुन्छ कि यो अति प्रज्वलनशील छ । पृथ्वी र समुद्र दुवै स्थानहरूबाट यसलाई निकाल्ने कुराको उल्लेख छ ।

(क) 'पुरीष्योऽसि विश्वभरा अथर्वा त्वा प्रथमो निरमन्थदग्ने ।'

- यजु.११.३२

(ख) 'अपां पृष्ठमसि योनिरग्नेः समुद्रमभितः पिन्वमानम् ।'

- यजु.११.२९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) 'पृथिव्याः सधस्थाद् अग्निं पुरीष्यम् ... स्वनामः ।'

- यजु. ११.२८

ओजोन परत (Ozone Layer) - ऋग्वेद र अथर्ववेदमा भूमिको चारैतिर विद्यमान ओजोन परतको उल्लेख छ । गर्भस्थ शिशुको रक्षाको लागि बनेको झिल्ली (Membrane) को लागि उल्ब शब्द छ । पृथ्वीरूपी गर्भस्थ बालकको रक्षाको लागि यो ओजोन परत हो ।

(क) 'महत् तद्बुल्बं स्थविरं तदासीद् ।
येनाविष्टितः प्रविवेशिथापः ॥'

- ऋग्वेद १०.५१.१

(ख) 'तस्योत जायमानस्य-उल्ब आसीद् हिरण्ययः ।'

- अथर्ववेद ४.२.८

यी हुन् ज्ञान-विज्ञान सम्बन्धि केही सूत्रहरु जुन वैदिक साहित्यको अध्ययनमा भेट्टिन्छन् । वेदमा निहित अनेकन ज्ञान-विज्ञान सम्बन्धमा प्रस्तुत पुस्तक तयार गर्ने क्रममा यो लेखकले प्रकाश पारिसकेको हुनाले यहाँ फेरि त्यसलाई दोहोऱ्याइरहनु पर्दैन ।

वेदमा बहुदेववाद, एकेश्वरवाद, अद्वैतवाद आदि-आदि विविध दार्शनिक विषयहरूसित सम्बन्धित सूत्रहरु दिइएका छन्, तिनीहरूमाथि विस्तृत प्रकाश वेदान्तको रूपमा मान्य उपनिषद् ग्रन्थमा पारिएका छन् । वेदमा याज्ञिक कर्मकाण्डमाथि खास जोड दिइएको छ, तर उपनिषद्मा याज्ञिक कर्मकाण्डलाई ब्रह्मविद्या औ अध्यात्मको अपेक्षा ज्यादै हीन बताइएको छ ।

"प्लवा ह्येते अदृढा यज्ञरूपा ....
एतच्छ्रेयो येऽभिनन्दन्ति मूढा
जरामृत्युं ते पुनरेवापि यन्ति ।"

- मुण्डकउपनिषद् १.२.७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण वेदरचना कुनै एक व्यक्तिको नभई अनेकन प्रखर विद्वान् मनीषिहरूद्वारा रचित भएको हुनाले यसमा उल्लिखित वर्णनहरूमा वैचारिक साम्यता कतैकतै नभएको पाइन्छ ।

ऋग्वेदमा एकातिर स्त्रीको गौरव वर्णन गर्दै तिनीलाई ब्रह्मा भनिएको छ ।

'स्त्री हि ब्रह्मा बभूविथ ।'

- ऋग्वेद ८.३३.१९

ऋग्वेद १.८९.१० को एक ऋचामा अदितिलाई नै सबकुछ बताइएको छ । "अदिति द्यौ हुन्, अदिति अन्तरिक्ष हुन्, अदिति पिता हुन्, अदिति माता हुन्, उनै पुत्र हुन् । विश्वेदेव अदिति हुन्, पञ्चजन अदिति हुन्, अदिति नै उत्पन्न औ जनिष्यमाण पनि अदिति हुन् ।" अतः सबैकी निर्मात्री अदिति हुन् ।

"अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः ।
विश्वे देवा अदितिः पञ्चजना अदितिर्जातमदितिर्जनित्वम् ॥"

- ऋग्वेद १.८९.१०

यद्यपि पुराणमा ब्रह्मालाई पुरूष देवता मानेर तिनलाई नै सृष्टिकर्ताको रूपमा वर्णन गरिएका छन् तथापि आदि ग्रन्थ वेदमा सृष्टिकर्ता स्त्रीलाई मानेर तिनीलाई नै ब्रह्माको संज्ञा प्रदान गरिएको छ, जुन स्वभाविक पनि छ । पुरूष निष्क्रिय औ प्रकृति सक्रिय भएको हुनाले प्रकृति विनाको पुरूषलाई शव मानिएको छ । अनि शवबाट कसरी सृष्टि सम्भव हुन्छ, मननीय कुरो छ ।

आर्यसभ्यता मातृसत्तालाई समाप्त गरी आएको पितृसत्तात्मक समाज थियो । यसैले यो सभ्यतामा स्त्रीहरूको दशा केही मात्रामा खस्किनु स्वाभाविकै छ । ऋग्वेदमा एकातिर स्त्रीलाई पति, सासू-ससुरा आदिको सेवा-शुश्रू षा तथा तिनको हेरविचारको जिम्मा दिइन्छ त अर्कोतिर उनीलाई गृहस्वामिनीको रूपमा सासु-ससुरा, ननद आदिकी सम्राज्ञी भनिएको छ । वैदिक ऋचाहरूकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रचेता अनेकौं स्त्रीरत्नहरु छन्, तिनीहरूको आधारमा वैदिक युगमा स्त्रीहरूको दशा पौराणिक युगको अपेक्षा उन्नतस्तरमैं रहेको देखिन्छ । अर्को, यहाँनिर वैदिकयुगीन सभा र समिति नामका दुईओटा संस्थाहरु (जन संसदहरु) को बारे उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ । अथर्ववेद अनुसार ती दुवै संस्थाहरु प्रजापतिका दुई पुत्रीहरु थिए । अथर्ववेदका उक्त पंक्ति यहाँ प्रस्तुत गरिन्छ ।

"सभा च मा समितिश्चावतां प्रजापतेर्दुहितरौ संविदाने ।
येना संगच्छा उप मा स शिक्षाच्चारूवदानि पितरः संगतेषु ॥१॥
विद्म ते सभे नाम नरिष्टा नाम वा असि ।
ये ते के च सभासदस्ते मे सन्तु सवाचसः ॥२॥
एषामहं समासीनानां वर्चो विज्ञानमा ददे ।
अस्या सर्वस्याः संसदो मामिन्द्र भगिनं कृणु ॥३॥
यद् वो मनः परागतं यद् बद्धमिह वेह वा ।
तद् व आ वर्तयामसि मयि वो रमतां मनः ॥४॥"

- अथर्ववेद ७।१२।१-४

उपर्युक्त दुवै संस्थाहरु देशका सर्वोच्च संस्थाहरु रही देशको सार्वभौमसत्ता साँचो अर्थमा भन्ने हो भने तिनीहरूमैं निहित थियो ।

उपर्युक्त विभिन्न यथार्थताहरूको प्राप्तिले वैदिक साहित्यको अध्ययनको उपादेयता अत्यधिक मात्रामा रहेको कुरा निर्णित हुन्छ । यस साहित्यमा वर्णित ज्ञान-विज्ञान एवं ब्रह्माण्डकै उत्पत्ति बारेका वर्णनहरूबाट पश्चिमा विद्वान् एवं वैज्ञानिकहरु औधी प्रभावित भएको देखिन्छ । किनकि आजका उन्नत वैज्ञानिक उपलब्धिहरु बारेका पहिला-पहिला स्रोत सामग्रीहरु वैदिक साहित्यमैं भेट्टिएका छन्, जसबारे पुस्तकमा यथास्थान वर्णित भइसकेका छन् । यसैले यस्ता महत्त्वपूर्ण वैदिक साहित्यबाट हाम्रा आजका प्रतिभावान् नवजवानहरु विमुख भइरहनु उचित नभएको स्पष्टतः लाग्दछ । यसर्थ यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थतालाई अंगीकृत गरी आजका हाम्रा गणतान्त्रिक सरकारले देशका नवजवानहरूमा यस दिशातिर जागृत गराउने प्रयास गर्नु समयोचित भएको स्पष्टतः लाग्दछ । आशा छ यो सरकारले यस कार्यमा आवश्यक पहल अवश्य पनि गर्नेछ भन्ने कुरोमा म विश्वस्त छु ।

हरिराम जोशी
३१५ पार्किन् सर्कल
अटवा, अण्टारियो क्यानाडा
३ मार्च २०१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद-वेदाङ्ग के भन्छन्

विश्व साहित्यका प्राचीनतम् ग्रन्थहरु मध्ये दोस्रो ग्रन्थको स्थमा मान्य वेद एवं वैदिक साहित्य विद्या भनौं ज्ञानका सम्पूर्णजसो विधा माथि प्रकाश पार्ने अप्रतीम स्थले महत्त्वपूर्ण ग्रन्थको स्थमा लिइन्छ । प्राचीनतम ग्रन्थ मध्ये रहेर पनि यसमा विद्याका यत्ति विधि विधामाथि प्रकाश पारेका छन् कि जसको जोडा अहिलेसम्म विश्व साहित्यका कुनै पनि ग्रन्थहरु हुन सकेका छैनन् । यसैले यो ग्रन्थ यद्यपि लौकिक रहेर पनि अलौकिक ग्रन्थको स्थमा लिने गरेका छन् । यस ग्रन्थका रचेता न केवल पुरूष मनीषिहरु मात्र थिए बल्कि स्त्रीहरु पनि रहेका छन्, जसको कारण उपर्युक्त समय पुरूषहरुको साथै स्त्रीहरु पनि विद्या भनौं ज्ञानको क्षेत्रमा पुरूषहरु भन्दा कुनै कम थिएन भन्ने कुरा निर्णित हुन्छ । तैत्तिरीय ब्राह्मण, जैमिनीय ब्राह्मण आदिमा वैदिक ऋषिहरुका लागि 'मन्त्रकृत्' या 'मन्त्रपति' शब्दहरुको प्रयोग गरिएका छन् । तैत्तिरीय ब्राह्मणमा वैदिक ऋषिहरुलाई मन्त्रकृत् र मन्त्रपतिको स्थमा लिई तिनीहरुलाई नमस्कार गरिएको छ । तैत्तिरीय ब्राह्मणका पंक्ति यहाँ प्रस्तुत गरिन्छ ।

(क) 'ऋषे मन्त्रकृतां स्तोमैः ।'

- ऋग्वेद ९.११४.२

(ख) 'यामृषयो मन्त्रकृतो मनीषिणः अन्वैच्छन् देवास्तपसा श्रमेण ।
तां दैवीं वाचं हविषा यजामहे ०।'

- तैत्तिरीय ब्राह्मण २.७.७

(ग) 'नम ऋषिभ्यो मन्त्रकृद्भ्यो मन्त्रपतिभ्यः ।'

- तैत्तिरीय ब्राह्मण ४.१.१

(घ) 'स्त्रियो मन्त्रकृतः।'

- जैमिनीय ब्राह्मण २.२२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदका विभाजन - पहिले-पहिले सम्पूर्ण वेद भनौं चतुर्वेद एउटै संहिताको रूपमा थिए । यो संहिता अत्यन्त भारी हुनुको साथै कष्टसाध्य भएको कारण त्यसलाई सुबोध बनाउने हेतु सत्यवती सुतः व्यास, जसलाई कृष्ण द्वैपायन पनि भनिन्छ, ले उक्त संहितालाई चार भागमा विभाजन गरेको कुरा निरूक्तमा दुर्गाचार्यले उल्लेख गरेको छ ।

"वेदं तावद् एकं सन्तम् अतिमहत्त्वाद् दुरध्येयम्
अनेकशाखाभेदेन समाम्नासिषुः ।
सुखग्रहणाय व्यासेन समाम्नातवन्तः ।"

- निरूक्त १.२०

वृहद् संहिताको रूपमा रहेको वेदलाई चार भागमा पृथक्करण गरेको हुनाले कृष्ण द्वैपायन व्यासको वेदव्यास नाम रहेको कुरा महाभारतले गरेको छ ।

'विव्यास वेदान् यस्मात् स वेदव्यास इति स्मृतः ।'

- महाभारत

स्वरूप भेदको आधारमा वेदलाई तीन भागमा बाँडेर त्यसलाई त्रयी नाम दिइएको थियो । जैमिनीले मीमांसा दर्शनमा यसबारे प्रकाश पारेको छ । यी तीन भेद हुन् : पद्य, गद्य एवं गीति (गान) । जुन मन्त्रहरु अर्थको आधारमा पाद (चरण) को व्यवस्था रही पद्यात्मक छन्, तिनीहरूलाई ऋक् (ऋच्) या ऋचा भनियो । ऋचाहरु मात्र संकलित ग्रन्थलाई ऋग्वेद भन्ने गरिएको छ । जुन ऋचाहरूको गान हुन्छ र जुन गीति रूप छन्, तिनीहरूलाई साम भनिन्छन् । यस्ता मन्त्रहरूको संकलनलाई सामवेद भनिएको छ । जुन पद्य र गानले रहित छन्, अर्थात् गद्य रूप छन्, तिनीहरूलाई यजुष् भनी यस्ता मन्त्रहरूको संकलनलाई यजुर्वेदको संज्ञा प्रदत्त छ । यसरी यी तीन वेदलाई त्रयी भन्ने गरिएको छ । अथर्ववेदमा पद्य र गद्य दुवैका संकलन छन् । यसर्थ यसलाई उपर्युक्त तीन भेदकै अन्तर्गत राखी वेदको संख्या चार मानेर चतुर्वेद भन्ने गरिएको छ ।

'तेषामृग् यत्रार्थवशेन पादव्यवस्था ।'

- जैमिनीय सूत्र २.१.३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'गीतिषु सामाख्या'

- जैमिनीय सूत्र २.१.३६

'शेषे यजुः शब्दः ।'

- जैमिनीय सूत्र २.१.३७

वेदमा माताको महिमा अतीव रूपले गाइएको छ । अथर्ववेदको पृथ्वीसूक्त यहाँ उदाहरणीय छ । अथर्ववेदको पृथ्वीसूक्त या भूमिसूक्त (अध्याय १२.१) अत्यन्त महत्त्वपूर्ण छ । विश्वका कुनै पनि धर्मग्रन्थमा मातृभूमिको यत्ति सशक्त वर्णन गरिएको पाइएको छैन । यस सूक्तका ६३ मन्त्रहरूमा पृथ्वीलाई माताको रूपमा प्रस्तुत गरिएको छ । पृथ्वीलाई रत्नहरूको खानी, पालक, रक्षक र समग्र ऐश्वर्य प्रदान गर्ने भनिएको छ । देशरक्षार्थ बलिदान हुनलाई उद्यत रहने निर्देश यसमा देशवासीहरूलाई गरिएको छ । पृथ्वी भाषाभेद, धर्मभेद, विचारभेद हुँदा हुँदै पनि मानवमात्रलाई एक परिवार समान पाल्दछिन् । पृथ्वीका आधारभूत तत्व हुन् - सत्य, ऋत, दीक्षा (अनुशासन), तप, ब्रह्म एवं यज्ञ ।

(क) 'माता भूमिः पुत्रो अहं पृथिव्याः ।'

- अथर्ववेद १२.१.१२

(ख) 'वयं तुभ्यं बलिहृतः स्याम ।'

- अथर्ववेद १२.१.६२

(ग) "जनं बिभ्रती बहुधा विवाचसं
नानाधर्माणं पृथिवी यथौकसम ।"

- अथर्ववेद १२.१.४५

(घ) "सत्यं बृहद् ऋतमुग्रं दीक्षा तपो
ब्रह्म यज्ञः पृथिवीं धारयन्ति ॥"

- अथर्ववेद १२.१.१

उपर्युक्त मन्त्रको अध्ययनबाट मातृभूमिको रक्षार्थ बलिदान हुनको लागि सदा उद्यत (देशवासीहरू) रहनु पर्ने आवश्यकता माथि जोड दिइएको विदित हुन्छ । यस विश्वमा जत्ति पनि मानिसहरू छन् तिनीहरूबीच भाषाभेद, धर्मभेद तथा विचारभेद हुँदा हुँदै पनि आमा पृथ्वी मनुष्य मात्रलाई एक परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समान पाल्दछिन् । साँच्चै भन्ने हो भने मानिसले मानिस भएर बाँच्नु पर्दछ । तिम्रो र मेरो भन्ने होइन, हाम्रो भन्ने भावनामा जिउन अनिवार्य रहेको यथार्थतातिर औंल्याएको स्पष्टतः लाग्दछ ।

यजुर्वेदमा विश्वका सम्पूर्ण मानवहरु नीरोग रही आपसमा सद्भावयुक्त होऊन् भनी कामना गरिएको छ । प्रत्येक ग्राममा सबै हृष्ट-पुष्ट औ नीरोग होऊन् । खालि मनुष्यको मात्र नभई पशु जगतको पनि कल्याणको कामना यजुर्वेदको मन्त्रमा गरिएको छ । यस जगतका मानवहरु मात्र नभई सम्पूर्ण पशु जगतको पनि कल्याणको कामना वेदले गरेको स्पष्ट छ । यसरी वेद हिंसा होइन अहिंसाको पक्षधर रहेको स्पष्टतः लाग्दछ ।

(क) 'यथा नः सर्वमिज्जगद् अयक्ष्मं सुमना असत् ।'

- यर्जुवेद १६.४

(ख) 'यथा शमसद् द्विपदे चतुष्पदे, विश्वं पुष्टं ग्रामे अस्मिन् अनातुरम् ॥'

- यर्जुवेद १६.४८

पशुजगत सहित हामी सबै निर्भय हुनुको साथै सुखी जीवन व्यतीत गर्न समर्थ होऔं भन्ने कामना गरिएको हामी पाउँछौं ।

"यतो यतः समीहसे ततो नो अभयं कुरु ।
शं नः कुरु प्रजाभ्यो - अभयं नः पशुभ्यः ॥"

- यर्जुवेद ३६.२२

महाभारत अनुशासनपर्वमा आदिमकालमा याज्ञिकहरुका लागि अन्नमय पशु हुन्थ्यो भन्ने कुराको उल्लेख भएको पाइएबाट पनि उक्त कुरोको पुष्टिमा सघाऊ मिल्छ ।

"श्रूयते पुराकल्पे नृणां व्रीहिमयः पशुः ।
येनायजन्त यज्वानः पुण्यलोक पटायणाः ॥"

- महाभारत, अनुशासनपर्वः ११५।५६

देवराज इन्द्रले यज्ञमा पशुबलि दिन लाग्दा मनीषिहरुले त्यसको विरोध गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुबलिको बदला तीन वर्ष पुरानो ब्रीही भनौं अन्न प्रयोग गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

"This is not the right way to sacrifice. Domestic animals (pashus) were not created for sacrifice. This brutality of yours is destructive of dharma, for injury (himsa) cannot be called dharma. Sacrifice instead with seeds of grain that have been kept for three years."

– The Hindus, P.275

शांखायन ब्राह्मणमा ज्यादै सुन्दर शब्दहरूमा पशुहत्याको निन्दा गरिएको छ । जसले पशुहत्या गर्दछ र पशुमांस खान्छ, तिनले सम्झनु पर्दछ कि परलोकमा ती पशुले नै मानिसहरूको मासु खानेछ । पशुबलिको विरूद्ध यो एक क्रान्तिमन्त्र हो ।

"अस्मिन् लोके मनुष्याः पशून् अश्नन्ति ।
एवमेव अमुष्मिन् लोके पशवो मनुष्यान् अश्नन्ति ।"

- शांखायन ब्राह्मण ११.३

देवीको मन्दिरमा पशुबलिको बदला नरिवल चढाउने परम्परा प्रचलनमा ल्याई पशुबलिलाई घटाउँदै लैजाने अभियान पनि चाल्न लागेको थियो ।

"The goddess Jwala Mukhi at Kangra would accept the offering of a coconut to be equal to that of a head. So, that is why people offer coconuts to the goddess."

– The Hindus, P.54

विश्वप्रेमको भावना सबैमा निहित हुनुपर्ने कुरामा यजुर्वेदले खास जोड दिएको छ । यदि विश्वमा मनुष्यले एक दोस्रोलाई मित्रको दृष्टिले हेर्ने छोडेमा यो संसारको उन्नति होइन अवनति हुने अवश्यम्भावी छ । यसै यथार्थतालाई अंगीकृत गरी यजुर्वेदले सबैलाई परस्पर मित्रवत् व्यवहार गरून् भनी आह्वान गरेको छ ।

"मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् ।
मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे ।
मित्रस्य चक्षुषा समीक्षामहे ॥"

- यजुर्वेद ३६.१८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को, ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्र चारै वर्णको उन्नति भई सबै तेजस्वी होऊन् भन्ने कामना मन्त्रले गरेको छ । शुभ वेदवाणीको अध्ययन उपर्युक्त चारै वर्णका सबैले गर्न सक्ने कुरा पनि त्यसमा व्यक्त गरिएको छ ।

"ऊचं नो धेहि ब्राह्मणेषु, ऊचं राजसु नस्कृधि ।
ऊचं विश्येषु शूद्रेषु, मयि धेहि ऊचा ऊचम् ॥"

- यर्जुवेद १८.४८

"यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः ।
ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च स्वाय चारणाय च ।"

- यर्जुवेद २६.२

यजुर्वेदका उपर्युक्त मन्त्रहरूको प्राप्तिले वैदिकयुगमा जातिगत रूपले समाजमा ठूलो र सानोको भेदभाव रहेको भन्ने कुरोको खण्डन भएको स्पष्टतः लाग्दछ । चार वर्णको उत्पत्ति सर्वप्रथम ऋग्वैदिक मन्त्रमैं भएको थियो । तर त्यो चार वर्ण जन्मगत रूपको नभई कर्मगत रूपको थियो । विराट पुरूषको मुखबाट ब्राह्मणको उत्पत्ति भयो भन्नुको तात्पर्य अध्ययन, अध्यापन गर्ने व्यक्ति ब्राह्मण, बाहुबाट क्षत्रियको जन्म भयो भन्नुको अर्थ लडाई भिडाई गर्ने स्वाभावको व्यक्ति क्षत्रिय, पेट जाँघबाट वैश्यको उत्पत्ति भयो भन्नुको अर्थ आफूले खानुको साथै अरूलाई पनि पोषणगर्ने व्यक्ति वैश्य तथा पैरबाट शूद्रको उत्पत्ति भयो भन्नुको तात्पर्य शारीरिक बलको मात्र प्रयोग गरी कार्यगर्ने व्यक्ति शूद्र भयो भन्ने मात्र हो ।

"ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ॥१२॥"

- ऋग्वेद, पुरूष सूक्त १०।९०

वैदिक साहित्यकै अध्ययनमा ब्राह्मण क्षत्रिय, क्षत्रिय ब्राह्मण आदि भएका उदाहरणहरू पाइएका छन्, जसबाट उपर्युक्त कुरोको पुष्ट्याईमा सहाय्य हुन आएको छ । वीतहव्य पहिले क्षत्रिय थिए, जो हैहयहरूको आक्रमणबाट परिश्रान्त भएर भार्गवहरूको शरणमा गई ब्राह्मण भए । पृथु वैन्य राजा थिए,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनको भार्गव ऋषिहरूमा परिवर्तन गरिएको छ । ऋग्वेदमा दिवोदासको अत्यधिक उल्लेख पाइन्छ । उनी पनि एक प्रसिद्ध ऋषि थिए । गृत्समद र शौनक काशिवंशीय क्षत्रिय थिए, जो पछि ब्राह्मण भए । यिनका मन्त्र ऋग्वेदको दोस्रो मण्डलमा पाइन्छन् ।

राष्ट्रको सर्वाङ्गिण कल्याणको कामना वैदिक मनीषिहरु गर्दथे भन्ने कुरा निम्नलिखित मन्त्रको प्राप्तिले बिदित हुन्छ ।

"आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायताम, आ राष्ट्रे राजन्यः शूर इषव्योऽतिव्याधी महारथो जायताम्, ... योगक्षेमो नः कल्पताम् ।"

- यजुर्वेद २२.२२

यसरी राष्ट्रको उन्नतिको लागि प्रार्थना गर्ने परम्परा वैदिकयुगदेखि नै प्रचलनमा रहेको कुरा स्पष्ट हुन्छ । वर्तमानकालसम्म पनि प्रचलित चारधाम भ्रमण, प्रत्येक वर्ष गरिने मिथिला भ्रमण आदिलाई उक्त कुरोकै परिप्रेक्षमा लिन सकिन्छ । स्वराष्ट्रको रक्षामा सदा जागरूक रहनुपर्ने आह्वान वैदिक साहित्यमा गरिएको हामी पाउँछौं ।

'वयं राष्ट्रे जागृयाम पुरोहिताः ।'

- यजुर्वेद ९.२२

समाजमा कुल ज्येष्ठहरूलाई सदा आदर सत्कार गरिनु अनिवार्य भए अनुरूप गण व्यवस्थामा पनि वृद्धजन एवं सम्मानित व्यक्तित्वहरूको सदा आदर गरिनुपर्ने व्यवस्था पहिले देखि नै गरिएको थियो । गणाध्यक्ष रहेको गणपति गणेशको सर्वप्रथम पूजा उपासना नगरी अन्यको पूजा उपासना गर्न नहुने परम्परामा उक्त कुरोको यथार्थता भेट्टिन्छ । परिवारका सबै सदस्यहरु एकै मन, चित्त एवं हृदययुक्त भई मिलेर बसेमा त्यो परिवारको सदा उन्नति नै हुने जस्तै गणराज्यमा पनि सोही अनुरूप गणका सबै सदश्यहरु सभामा सँगसँगै जाने, एउटै मन, चित्त, मन्त्र तथा हृदययुक्त भई साझा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय नीतिको निर्माणमा समान योगदानको लागि ऋक् एवं अथर्ववेदमा जनताहरूलाई आह्वान गरिएको छ ।

"संसमिद्युवसे वृषन्नग्ने विश्वान्यर्य आ ।
इडस्पदे समिध्यसे स नो वसून्या भर ॥१॥
संगच्छध्वं संवदध्वं सँ वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ॥२॥
समानो मन्त्रः समितिः समानी
समानं मनः सह चित्तमेषाम् ।
समानं मन्त्रमभि मन्त्रये वः
समानेन वो हविषा जुहोमि ॥३॥
समानी व आकूतिः समाना हृदयानि वः ।
समानमस्तु वो मनो यथा वः सुसहासति ॥४॥"

- ऋग्वेद, संज्ञानसूक्त १०।१९१;
अथर्ववेद ६.६४.१-४

यसरी गणराज्यको स्थायित्वको लागि गणका सबै सदस्यहरूमा मेलमिलाप सदा कायम रहनु अनिवार्य छ ।

वैदिक संस्कृतिमा त्याग र दानलाई अत्यधिक महत्व दिइएको छ । ऋग्वेदका १०.१०७ र ११७ ऋचाहरु उक्त कुरोको ज्ञानका आधार स्वरूप छन् । ती ऋचाहरूमा वर्णित वर्णन अनुसार दानी अमर हुन्छ । तिनलाई आर्थिक संकट कहिल्यै हुँदैन । समाज र राष्ट्रमा तिनको सर्वत्र पूजा हुन्छ । सूर्यलोक र स्वर्गमा पनि तिनलाई उच्च स्थान प्राप्त हुन्छ । दानीलाई नै सन्त, महात्मा, ऋषि एवं ब्रह्मा भनिन्छ । जो मित्रको सहायता गर्दैन, त्यो महापापी हुन्छ । जसले भिक्षुकलाई अन्न दान दिँदैन, तिनको श्री नष्ट हुन्छ । त्यो मित्र होइन, जो मित्रलाई धन दिई सहायता गर्दैन । अरूलाई नदिई आफूमात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाने व्यक्ति पापी हुन्छ । "केवलाघो भवति केवलादी ।" तिनको धन तिनको लागि नै विपत्ति छ ।

(क) 'न भोजा मम्रुर्न व्यर्थमीयुः ०।'

- ऋग्वेद १०.१०७.८

(ख) 'उच्चा दिवि दक्षिणावन्तो अस्थुः ।'

- ऋग्वेद १०.१०७.२

(ग) 'न स सखा यो न ददाति सख्ये० ।'

- ऋग्वेद १०.११७.४

(घ) "मोघमन्नं विन्दते अप्रचेताः,
सत्यं ब्रवीमि वध इत्स तस्य ।
नार्यमणं पुष्यति नो सखायं,
केवलाघो भवति केवलादी ॥"

- ऋग्वेद १०.११७.६

ऋग्वेद ८/१९।३६-३७ ऋचामा महान् आर्यश्रेष्ठ राजा त्रयदस्यु पौरूकुत्स्यले सौभरि ऋषिलाई पचास वधुहरूको साथै दुई सय दस (२१०) श्यामकर्ण घोडा दान दिएको कुरा वर्णन गरिएको छ । सौभरि ऋषिलाई पचास वधुहरू दान दिएको कुराको उल्लेखले वैदिकयुगमा दास-दासी प्रथाको अस्तित्वलाई उजागर पारेको छ ।

"अदान्मे पौरुकुत्स्यः पञ्चाशतं त्रसदस्युर्वधूनाम् ।
मंहिष्ठो अर्यः सत्पतिः ॥३६॥
उत मे प्रयियार्वीयोः श्रुवाश्त्वा अधि तुग्वनि ।
तिसृणां सप्ततीनां श्यावः प्रणेता श्रुवद् वसुर्दियानां पतिः ॥३७॥"

- ऋग्वेद ८।१९।३६-३७

ऋग्वेदमा वाक् (Speech) को महत्वलाई अतीवरूपले दर्शाइएको छ । ऋग्वेदका अत्यन्त महत्त्वपूर्ण सूक्तहरूमध्ये वाक्सूक्त पनि एकको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिइन्छ । यस सूक्तका ८ मन्त्रहरुमा वाक्तत्त्व, शब्दब्रह्म, शब्दतत्त्व या वाग्देवीको ब्रह्मको रुपमा वर्णन गरिएको छ । वाक्तत्त्व सर्वत्र व्याप्त छ । इन्द्र, अग्नि, सोम, मित्र, वरूण आदिको ऊर्जाको स्रोतको रुपमा यसलाई लिइन्छ । यो राष्ट्रनिर्मात्री शक्ति हो । वाक्तत्त्व नै प्रतिभा हुन् । यिनको कृपाले नै मनुष्य ऋषि, मुनि, सिद्ध, योगी औ मेधावी हुन्छन् । यो वायुतुल्य सर्वत्र गतिशील हुनुको साथै सृष्टिको निर्माता पनि मानिन्छ । वैदिकयुगीन यस मान्यताको प्रभाव अद्यापि यहाँ विद्यमान रहेकै पाइन्छ । बच्चाहरूलाई अक्षर ज्ञान दिने क्रममा सर्वप्रथम तिनीहरूलाई "न मो वा गी श्व रा यः" को रुपमा वाग्देवीलाई नमस्कार गराउने परम्परा चलेकोलाई यहाँ उदाहरणस्वरुप लिइन्छ । ऋग्वैदिक वाक्सूक्तका अति प्रसिद्ध मन्त्रहरु यी हुन् -

(क) 'अहं राष्ट्री सङ्गमनी वसूनाम् ०।'

- ऋग्वेद १०.१२५.३

(ख) "अहमेव स्वयमिदं वदामि
जुष्टं देवेभिरुत मानुषेभिः ।
यं कामये तं तमुग्रं कृणोमि
तं ब्रह्माणं तमृषिं तं सुमेधाम् ॥"

- ऋग्वेद १०.१२५.५

(ग) 'अहमेव वात इव प्र वामि -
आरभमाणा भुवनानि विश्वा ।'

- ऋग्वेद १०.१२५.८

(घ) "यद् वाग् वदन्त्यविचेतनानि
राष्ट्री देवानां निषसाद मन्द्रा ।
चतस्र ऊर्जं दुदुहे पयाँसि
क्व स्विदस्याः परमं जगाम ॥"

- ऋग्वेद ८.१००.१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिमकालदेखि जुन कार्यलाई ज्यादै निन्दित मानिएको थियो, त्यसको प्रचलन आजसम्म पनि यो विश्वमा निर्वाधरूपले रहेकै छ जुन एक ज्यादै विडम्बनाको कुरो भएको छ । द्यूत क्रिडा अहिलेभन्दा पाँच हजार वर्ष अघिदेखि यो विश्वमा प्रचलनमा रहेको कुरा सिन्धु घाँटी सभ्यताको उत्खनन् मा द्यूत क्रीडाका मुख्य साधन पाशा (dice) को प्राप्तिले पुष्टि गरेको छ । ऋग्वैदिक एक ऋचा (७.८६.१-८) मा मदिरा, क्रोध एवं पाशालाई ज्यादै नराम्रो दुर्व्यवहारका कारकको रूपमा वर्णन गरिएको छ । ऋग्वेदको अक्षसूक्त १०.३४ का १४ मन्त्रहरूमा अक्ष (द्यूत, जुवा खेल्नु) को कडा शब्दहरूमा निन्दा गरिएको छ । जुवा खेल्नु सामाजिक कुरीति हो । जुवा खेल्नु स्वयंलाई र आफ्ना परिवारलाई नष्ट गर्नु हो । जुआरीको तथा तिनकी पत्नीको सर्वत्र अपमान हुन्छ । जुआराले लोभवश जुवा खेली अन्तमा आफ्नो सर्वनाश गराउँदछ । यसैले ऋषि भन्दछ - हे मनुष्य ! जुआ नखेल । खेती नै गर । तिमीसँग जे जत्ति धन छ, त्यसमै आनन्दित भएर बस, यसमै गाई आदि पशुधन हुन्छ, यसमै पत्नी पनि हुन्छिन्, यो कुरा सर्वद्रष्टा सूर्यले मलाई भन्नुभएको छ ।'

"प्रावेपा मा बृहतो मादयन्ति प्रवातेजा इरिणे वर्वृतानाः ।
सोमस्येव मौजवतस्य भक्षो विभीदको जागृविर्मह्यमच्छान् ॥१॥
द्वेष्टि श्वश्रूरप जाया रुणद्धि न नाथितो विन्दते मर्डिताटम् ।
अश्वस्येव जरतो वस्न्यस्य नाहं विन्दामि कितवस्य भोगम् ॥३॥
अक्षासः इदङ्कुशिनो नितोदिनो निकृत्वानस्तपनास्तापयिष्णवः ।
कुमाटदेष्णा जयतः पुनर्हणो मध्वा सम्पृक्ताः कितवस्य बर्हणा ॥७॥
अक्षैर्मा दीव्यः कृषिमित्कृषस्व वित्ते रमस्व बहु मन्यमानः ।
तत्र गावः कितव तत्र जाया तन्मे वि चष्टे सवितायमर्यः ॥१३॥"

- ऋग्वेद, अक्षसूक्त १०/३४

जुवा खेल्नाले सर्वनाश हुने कुराको राम्रो उदाहरण हाम्रो प्राचीन इतिहास ग्रन्थलाई लिन सकिन्छ । धर्मराजको रूपमा ख्यात युधिष्ठिरले जुवा खेलेर आफ्ना सम्पूर्ण सर्वस्व हार्नुको साथै स्वयं आफू सहित पाँचै दाज्यूभाई र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्नी समेत हारेको कुरा महाभारतको अध्ययनमा हामी पाउँछौं । आफ्नै अगाडि अरूले आफ्ना स्वास्नी द्रौपदीको साडी फुकालेर बेईज्जत गरेको हेरेर युधिष्ठिर सहित पाँचै पाण्डवहरु मृततूल्य भई बस्नुपरेका थिए । अर्को, पछि फेरि जुवामा हारेर द्रौपदी सहित पञ्च पाण्डवहरूले वर्षौं सम्मन् जङ्गलबास बस्नुपरेका थिए । राजा नलले जुवामा हारेर फिरन्ता भई बस्नुपरेको कुरा पनि यहाँ स्मरणयोग्य छ ।

वेदमा श्रद्धालाई अतिशय महत्व दिइएको छ । ऋग्वेदको श्रद्धासूक्त (१०.१५१) मा यद्यपि पाँच मन्त्र मात्र छन्, तथापि भाव गाम्भीर्य र विचारहरूको उदारताको कारण यो सूक्त अत्यन्त आदरणीय मानिएको छ । मन्त्रमा श्रद्धाको परिभाषा पनि दिइएको छ - कुनै कार्यमा अतिशय हार्दिक संकल्प साथ प्रवृत्ति श्रद्धा हो (हृदय्यया आकूत्या) । श्रद्धाले नै जीवनलाई पवित्र गराउनुको साथै महान् लक्ष्यहरूलाई प्राप्त गराउँदछ । वेदमा उच्च लक्ष्यको प्राप्तिको लागि ऋत् र सत्यको साथ श्रद्धालाई अत्यावश्यक मानिएको छ । (ऋ९. ११३) श्रद्धाबाट नै ब्रह्मप्राप्ति संभव छ । वाक्सूक्तमा पनि श्रद्धालाई ब्रह्मप्राप्तिको साधन मानिएको छ । श्रद्धा काम (संकल्प) की पुत्री हुन्, अतः श्रद्धालाई कामायनी पनि भनिन्छ ।

(क) 'श्रद्धां हृदय्ययाकूत्या श्रद्धया विन्दते वसु ।'

- ऋग्वेद १०.१५१.४

(ख) 'श्रद्धे श्रद्धापयेह नः ।'

- ऋग्वेद १०.१५१.५

(ग) 'ऋतपाकेन सत्येन श्रद्धया० ।'

- ऋग्वेद ९.११३.२

(घ) 'ऋतं वदन्, सत्यं वदन्, श्रद्धां वदन् ।'

- ऋग्वेद ९.११३.४

(ङ) 'शृधि श्रुत श्रद्धिवं ते वदामि ।'

- ऋग्वेद १०.१२५.४

(च) 'श्रद्धया सत्यमाप्यते ।'

- यजुर्वेद १९.३०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४ वेद-वेदाङ्ग के भन्छन्

विश्व साहित्यका अमर निधिको रूपमा रहेको वेदमा विश्वमा सर्वप्रथम भने जस्तो प्रबल दार्शनिक चिन्तनको अभिव्यक्त भएको पाइन्छ । वेदमा उल्लिखित वर्णनहरूको अध्ययनमा विश्व ब्रह्माण्डको सृष्टिमा कुनै एक अदृश्य शक्ति भनौं एक परम तत्व जसलाई पुरूष भन्ने गरिएको छ, को हात रहेको यथार्थता माथि जोड दिँदै यो सम्पूर्ण सृष्टि तिनमैं आधारित रहेको देखिन्छ । अर्को, यसले यो संसारका मानिसहरूमा मुख्यरूपले चार प्रकारका स्वभाव वर्तमान रहेको उल्लेख गरेको छ, तिनीहरु हुन् - १. चिन्तनशील भनौं अध्ययन अध्यापनमा संलग्न रहने ब्राह्मण, २. लडाईं झगडामा सदा उद्यत रही आफ्नो र देशको रक्षामा लागिरहने क्षात्र, ३. उद्योग, व्यापार एवं कृषिमा लागी आफ्नो र अरूहरूको जीवनशक्तिलाई अभिवृद्धि गराउने वैश्य, तथा ४. सदा शारीरिक श्रम गरी देश र समाजको सेवामा लागिरहने शूद्र । यसले फेरि अर्को यथार्थता के दर्शाउँदछ भने यो ब्रह्माण्डका परमशक्ति भनौं परमात्मा एउटै रहेको छ । ऋग्वेदको पुरूषसूक्त १०।९०।१-१५ यहाँ उदाहरणीय छ । ब्रह्माण्डका परमशक्ति भनौं परमात्मा एउटै रहेको कुराको पुष्टिमा ऋग्वेदकै निम्न पंक्ति पनि स्मरणयोग्य छ ।

"इन्द्रं मित्रं वरुणमग्निमाहुरथो
दिव्यः स सुपर्णो गरुत्मान् ।
एकं सद्विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ॥"

- ऋग्वेद १।१६४।४६

उक्त ऋचाले स्पष्टरूपले विद्वानहरु एउटै सत्यलाई विविध नामले पुकार्दछन् भन्ने कुराको खुलासा गरेको छ । अर्को, उपर्युक्त पुरूषसूक्त आफ्नो उदात्त भावना, दार्शनिकता, भाव गांभीर्य औ अन्तर्दृष्टिको लागि विख्यात छ ।

वैदिक मनीषिहरूका प्रातिभज्ञान औ अलौकिक दार्शनिक चिन्तनको परिचायकको रूपमा ऋग्वेदको नासदीय सूक्त (१०.१२९) लाई लिइन्छ । यस सूक्तमा सृष्टिको उत्पत्ति पूर्व न असत् थियो र न सत्; न रात्रि थियो, न दिन भनी वर्णन गरिएको छ । सृष्टिको सूचक कुनै चिन्ह थिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत सूक्त अनुसार सर्वप्रथम काम भनौं संकल्प, इक्षण उत्पन्न भयो । यही संकल्प सृष्टिका नाना रूपहरूमा अभिव्यक्त भयो । हुन पनि कुनै पनि सृष्टिपूर्व संकल्प अनिवार्य मानिन्छ । मानिसले कुनै पनि कार्य गर्नुपूर्व मैले यो गर्छु भन्ने संकल्प गर्नु आवश्यक छ, जसको अनन्तर नै साँचो अर्थमा सृष्टिको प्रारम्भ हुने हुन्छ । यस सूक्तमा प्रतिभाको शक्तिले अद्वैत तत्वको शाश्वत स्थितिको अनुभूति गरिएको छ ।

'आनीदवातं स्वधया तदेकं, तस्माद्धा न्यन्न परः किं चनास ।'

- ऋग्वेद १०.१२९.२

ऋग्वेदका अर्को महत्त्वपूर्ण सूक्तको रूपमा हिरण्यगर्भ सूक्त (ऋ१.१२१) लाई लिइन्छ । यसमा उदात्त दार्शनिक भावहरूको अभिव्यक्त गरिएको पाइन्छ । यस सूक्तको अनुसार प्रजापति सृष्टिको प्रारम्भमा हिरण्यगर्भ अर्थात् ब्रह्माण्डको रूपमा प्रकट भए । त्यो अण्डा जसको भित्रपट्टि सुवर्ण वर्णको पहेंलो भाग रहेको छ । यसले सृष्टिको प्रारम्भ अण्डाबाट भएको छ, न कि हाँस, कुखुरा या अरु कुनै प्राणीबाट भन्ने यथार्थतालाई दर्शाएको छ । अर्को, सृष्टि भन्ने कुरा स्त्रीबाट हुने हुन्छ, न कि पुरूषबाट । ऋग्वेदमैं स्त्रीलाई ब्रह्माको संज्ञा प्रदत्त छ । 'स्त्री हि ब्रह्मा वभूविथ' - ऋग्वेद ८.३३.१९ । अनि ब्रह्मालाई प्रजापति एवं सृष्टिकर्ताको रूपमा लिइएको छ । यसरी माथि वर्णित जुन प्रजापति छ त्यो मूलतः स्त्री देवता रहेको छ, न कि पुरूष देवता । सृष्टिको नियामक रहेको उपर्युक्त प्रजापति सबै प्रकारका शक्तिका स्रोत रही त्रिलोकको धर्ता मानिन्छ । तिनकै कृपाले वैभवको प्राप्ति हुन्छ र सर्वत्र विजयश्री पाइन्छ । तिनको कृपा अमरत्त्व हो भने अकृपा मृत्यू ।

(क) 'हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।'

- ऋ१०.१२१.१

(ख) 'य आत्मदा बलदा .... यस्य च्छायाऽमृतं यस्य मृत्युः ।'

- ऋ१०.१२१.२

ऋग्वेद १.१६४ को वामीय सूक्त पनि एक अतिशय महत्त्वपूर्ण सूक्तको रूपमा लिइन्छ । ऋग्वेद प्रथम मण्डलको यो सूक्त दीर्घतमा (दीर्घतमस) ऋषिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ । यसमा दर्शन, अध्यात्म, मनोविज्ञान, भाषा विज्ञान, ज्यौतिष एवं भौतिक विज्ञानसित संवद्ध अनेकन तथ्यहरु वर्णित छन् । यसमा प्रमुखतम रूपले निम्नलिखित विषयहरूसित संवद्ध मन्त्रहरु छन्, तिनीहरु हुन् -

१. दर्शन एवं अध्यात्म (१, २० देखि २२, ३०, ३८, ४४, ४६);
२. मनोविज्ञान (१८);
३. भाषा विज्ञान (१०, ४१, ४२, ४५, ४९);
४. ज्यौतिष (११ देखि १५, ४८);
५. भौतिक विज्ञान (२, ३, ४३, ५१);
६. वेदमन्त्रहरूमा दिव्यशक्ति (३९);
७. छन्दहरूको महत्व (२३) ।

प्रस्तुत सूक्तमैं अद्वैतवादको प्रतिपादक मन्त्र 'एकं सद् विप्रा वदन्ति' आएको छ भने त्रैतवादको प्रतिपादक 'द्वा सुपर्णा०' मन्त्र पनि रहेको छ । यद्यपि यज्ञसित सम्बन्धित खास वेद यजुर्वेद रहेको छ । तैत्तिरीय संहिताको भाष्यको भूमिकामा सायणले यजुर्वेदको महत्व बताउँदै भनेको छ कि यजुर्वेद भित्ता हुन् र अरु ऋग्वेद औ सामवेद चित्र हुन् । यज्ञलाई आधार बनाएर नै ऋचाहरूको पाठ र सामगान हुन्छ । यसरी यज्ञसित सम्बन्धित खास वेद यजुर्वेद रहेको छ ।

"भित्तिस्थानीयो यजुर्वेदः, चित्रस्थानावितरौ ।
तस्मात् कर्मसु यजुर्वेदस्यैव प्राधान्यम् ॥"

- तैत्तिरीय संहिता भूमिका

तर, उपर्युक्त दीर्घतमसको सूक्तमैं सर्वप्रथम भने जस्तो यज्ञलाई विश्वको केन्द्र प्रतिपादित गरिएको छ ।

(क) "इन्द्रं मित्रं वरुणमग्निमाहु -
अथो दिव्यः स सुपर्णो गरुत्मान् ।
एकं सद् विप्रा बहुधा वदन्ति -
अग्निं यमं मातरिश्वानमाहुः ॥"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) "द्वा सुपर्णा सयुजा सखाया,
समानं वृक्षं परि षस्वजाते ।
तयोरन्यः पिप्पलं स्वाद्वत्त्य -
नश्नन्यो अभि चाकशीति ॥२०॥"

- ऋग्वेद मं.१।सूक्त १६४।

(ग) 'अयं यज्ञो भुवनस्य नाभिः ।'

- ऋग्वेद मं. १।सूक्त १६४।३५

ऋग्वेद एवं अथर्ववेदमा उल्लिखित विवाहसूक्तहरू तत्कालीन सामाजिक वैवाहिक प्रचलनहरूको बारे थाहालिने महत्वपूर्ण सामग्रीहरूको रूपमा रहेका छन् । ती सूक्तहरूमा वर्णित वर्णन अनुसार सूर्या (सूर्यकी पुत्री) को सोम (चन्द्रमा) सित विवाह भएका थिए । उक्त विवाहमा अश्विनीकुमारले सहयोगीको भूमिका निर्वाह गरेका थिए । ती सूक्तमा स्त्रीका कर्तव्यहरूको ज्यादै विस्तारसित वर्णन गरिएको छ । सासू-ससुराहरूको सेवा गर्ने, पतिलाई आफ्नो देवता सम्झने तथा परिवारको हित हुने कार्य गर्नु स्त्रीको परम कर्तव्य भएको कुरा त्यसमा वर्णित छ । पतिलाई देवता मान्ने परम्पराको कतिपय समय विरोध भएको पनि पाइन्छ । १२ औं शताब्दी ई. का एक दक्षिण भारतीय सन्त कवयित्रीले पतिलाई देवता मान्न साफ इन्कार गरेको कुरा उनी रचित रचना, जुन अंग्रेजीमा अनुवाद गरिएको छ, को अध्ययनबाट स्पष्टरूपले प्रकटित हुन्छ ।

I have Maya for mother-in-law; the world for father-in-law; three brothers-in-law, like tigers; and the husband's thoughts are full of laughing women:

no god, this man.

And I cannot cross the sister-in-law. But I will give this working wench the slip and go cuckold my husband with Hara, My Lord.

अर्को, उपर्युक्त वैदिक ऋचाहरूको अध्ययनले स्पष्टसँग स्त्रीलाई गृहस्वामिनी, गृहपत्नी औ सम्राज्ञीको संज्ञा दिँदै स्त्रीलाई समाजमा अत्यन्त आदरणीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान प्रदान गरेको छ । हाम्रो प्राचीन संस्कृतिको अध्ययनको लागि विवाह सूक्त ज्यादै अत्युत्तम सामग्रीको रूपमा लिइएको छ ।

उपर्युक्त वैदिक ऋचाका वर्णनहरूबाट तत्युगीन समाजमा विवाह सम्बन्धि नियम वद्ध भइसकेको देखिन्छ । तर, उत्तरवैदिकयुगका उपनिषदिक साहित्यको अनुशीलनले तत्समयसम्मन् पनि आदिमयुगीन मानवमा प्रचलित परम्पराको प्रचलन विद्यमान रहेको यथार्थतालाई छर्लङ्ग्याउँछ । आदिमयुगका मानिसहरु जंगली पशुपंक्षीहरु सरह नै थिए । तिनीहरु जसलाई (स्त्री) चाह्यो त्यसलाई समातेर आफ्नो कामवेगलाई शान्त पार्दथे । यस कुरोको जानकारी हामीलाई उपनिषद् एवं इतिहास ग्रन्थहरूबाट प्राप्त हुन्छ । उपनिषद्मा वर्णित आख्यान अनुसार ठूला ऋषि श्वेतकेतुको बाल्यावस्थामा एकपटक उनी औ उनका पिताको सामुन्ने नै उनकी आमालाई अर्का एकजना व्यक्तिले जबर्दस्ती तानेर लगेका थिए । यो देखेर बालक श्वेतकेतुलाई साह्रै रीस उठ्यो । यसलाई श्वेतकेतुका पिताले हेरिरहेका थिए । तिनले बालक श्वेतकेतुलाई सबै प्राणीका स्त्रीहरूलाई यसरी नै भोग गरिँदै आइरहेको हुँदा त्यो सनातन धर्म अनुरूप नै भएको कारण यसमा रीस गर्नु नपर्ने कुरा सम्झाए । तर, बालक श्वेतकेतुलाई पिताको उक्त प्रकारको कथनबाट कुनै प्रभाव पार्न सकेन र तिनले पिताबाट कथित धर्मलाई त्यागेर मनुष्यको लागि यस भूतलमा नयाँ सामाजिक नियमको प्रतिपादन गरे । यसरी मनुष्यको सामाजिक नियमको प्रतिपादन सर्वप्रथम वैदिक-उपनिषदिक ऋषि श्वेतकेतुले गरेको स्पष्टतः देखिन्छ । यसर्थ यिनी मानव सभ्यताको इतिहासका सर्वप्राचीन भने जस्तो महानतम क्रान्तिजनक भएको चाल पाइन्छ । यसको अनन्तर मनुले मनुस्मृति ग्रन्थ लेखी मनुष्य समाजलाई नियमबद्ध गरेका थिए । ऋषि श्वेतकेतुले यस भूतलमा पुरूष र स्त्रीको लागि नैतिक सीमा (Moral Boundary) को नियम बसाले । यो नियम अहिले सम्मन् कायमै छ । आफ्नो लोग्नेप्रति अनिष्ठा राख्ने स्त्री भ्रूण हत्या गरेको समान पापको भागी भई तिनले ठूलो दुःखकष्टको सामना गर्नुपर्ने हुन्छ, त्यस्तै आफ्नो लोग्नेप्रति निष्ठा राख्ने स्त्रीमाथि व्यभिचार गर्ने व्यक्ति ठूलो पापको भागी हुने हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतमा वर्णित उक्त आख्यान यस प्रकार छ :-

The End of Female Promiscuity

The great sage Shvetaketu was a hermit, people say. Once, they say, right before the eyes of Shvetaketu and his father, a Brahmin grasped Shvetaketu's mother by the hand and said, "Let's go!" The sage's son became enraged and could not bear to see his mother being taken away by force like that. But when his father saw that Shvetaketu was angry he said, "Do not be angry, my little son. This is the eternal dharma. The women of all classes on earth are not fenced in; all creatures behave just like cows, my little son, each in its own class." The sage's son could not tolerate that dharma and made this moral boundary for men and women on earth, for humans, but not for other creatures. And from then on, we hear, this moral boundary has stood: A woman who is unfaithful to her husband commits a mortal sin that brings great misery, an evil equal to killing an embroy and a man who seduces another man's wife, when she is a woman who keeps her vow to her husband and is thus a virgin obeying a vow of chastity, that man too commits a mortal sin on earth. (Mbh 1.113.9-20)

वैदिकयुगीन समाजमा प्रेम विवाहको प्रचलन पनि विद्यमान थियो । ऋग्वेदको १०.९५ पुरूरवा – उर्वशी-संवाद सूक्तमा राजा पुरूरवा र ऊर्वशी नामकी अप्सराको प्रणय सम्बन्धको वर्णन छ । उर्वशी पुरूरवासित विवाह गर्दछिन् । चारवर्षसम्म ती दुवैको प्रेम सम्बन्ध राम्रै रहन्छ । राजाको उर्वशीबाट आयु नामक पुत्रको जन्म हुन्छ । अन्तमा प्रतिज्ञा भङ्गको कारण उनी पुरूरवालाई छोडेर जान चाहन्छिन् । तर, पुरूरवा तिनीलाई रोक्तछ । उनी फर्कन चाहँदिनन् र पुरूरवालाई सम्झाउँछिन् कि तिमी मेरो लागि नमर, शोकाकुल नहोऊ, तिमीलाई हिंस्रक पशुले नखाऊन् । उनी भन्छिन् स्त्रीहरूको प्रेम चिरस्थायी हुँदैन, तिनीहरु कठोर हृदयकी हुन्छिन् ।

"पुरूरवो मा मृथा मा प्र पप्तो,
मा त्वा वृकासो अशिवासो उ क्षन् ।
न वै स्त्रैणानि सख्यानि सन्ति,
सालावृकाणां हृदयान्येता ॥"

- ऋग्वेद १०.९५.१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस ऋचामा संकेत गरिएको छ कि प्रणय विवाहहरुको प्रायः यस्तै नै परिणति हुन्छ । शतपथ ब्राह्मण ११.५.१ मा यो कथा राम्ररी वर्णन गरिएको छ । विष्णुपुराण, महाभारत आदिमा पनि प्रस्तुत आख्यानको उल्लेख पाइन्छ । यसको सुन्दरतम रूप महाकवि कालिदासको 'विक्रमोर्वशीय' नाटकमा पाइन्छ ।

ऋग्वेद ५.६१ श्यावाश्व सूक्तमा ऋषिपुत्र श्यावाश्व र राजा रथवीतिकी कन्याको प्रणय वर्णन छ । श्यावाश्व रथवीतिकी कन्यासित प्रेम गर्दछ, तर रथवीतिकी पत्नी आफ्नी कन्याको विवाह कुनै सुयोग्य विद्वान्‌सित गर्न चाहन्छिन् । श्यावाश्व कठोर तपस्या गरी विद्वान् भएर आउँछ र तिनको विवाह रथवीतिकी कन्यासित हुन्छ । योग्य वरलाई नै कन्या दिनुपर्दछ भन्ने प्रस्तुत सूक्तमा शिक्षा दिइएको छ ।

वैदिकयुगमा स्वयम्वर विवाहको पनि प्रचलन थियो । ऋग्वेद १०.३९.७ मा वर्णित भए अनुसार राजा पुरुमित्रकी कन्या शुन्ध्यु या कमद्युले स्वयम्वर सभामा ऋषि विमदलाई आफ्ना पति चुनेकी थिइन् ।

'युवं रथेन विमदाय शुन्ध्युवं न्यूहथुः पुरुमित्रस्य योषणाम् ।'

- ऋग्वेद १०.३९.७

अथर्ववेदको एक मन्त्रबाट पनि तत्समय स्वयम्वर विवाह प्रचलनमा रहेको कुराको संकेत मिल्छ । मन्त्रमा भनिएको छ कि सभामा सामेल सबैजना मध्ये वृत्रहन्ता इन्द्रलाई रोज्दछु ।

"आगच्छत आगतस्य नाम गृह्णाम्यायतः ।
इन्द्रस्य वृत्रघ्नो वन्वे ० ।"

- अथर्ववेद ६.८२.१

नजीकको हाडनाता सम्बन्धबाट जन्मेका सन्तान खास राम्रो नहुने यथार्थतातिर वैदिक मनीषिहरु पनि सहमत थिए । त्यसैले तत्समय नजीकको हाड नाता सम्बन्धलाई समाजले मान्यता दिएको थिएन । ऋग्वेद १०.१० को यम-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमी संवादसूक्त यहाँ उदाहरणीय छ । यम र यमी भाई बहिनी हुन् । यमी आफ्ना दाज्यू यमसित प्रणय याचना गर्दछिन् । तर, यमले त्यसलाई अनैतिक र अनुचित भन्दै उक्त प्रार्थनालाई अस्वीकार गर्दछ । यसरी यस सूक्तबाट उपर्युक्त कथनको पुष्टिमा राम्रो टेवा पुऱ्याएको छ भन्दा अनुचित नहोला ।

वैदिकयुगमा समाजमा विधवा विवाह एवं पुनर्विवाहको परम्परा पनि प्रचलित रहेको पाइन्छ । अथर्ववेदको एक मन्त्रमा वर्णित वर्णन अनुसार पतिको मृत्युपछि सन्तानको लागि र आफ्नो जीवन निर्वाहको लागि स्त्रीले पुनर्विवाह गर्न सक्तछिन् ।

'इयं नारी पतिलोकं वृणाना ..... तस्यै प्रजां द्रविणं चेह धेहि ।'

- अथर्ववेद १८.३.१

ऋग्वेदको पंक्तिबाट पनि तत्समय समाजमा विधवा विवाह मान्य रहेको देखिन्छ । ऋग्वेद १०.१८.८ ऋचामा भनिएको छ कि 'हे नारी ! मृत पतिलाई छोडेर, विवाहको लागि इच्छुक दोस्रो पतिलाई स्वीकार गर ।'

'हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूथ ।'

- ऋग्वेद १०.१८.८

उपर्युक्त आधारहरूबाट वैदिकयुगीन समाजमा विधवा विवाह मान्य रहेको स्पष्टतः देखिन्छ । अर्को, उक्त समय आफ्ना पतिसित सम्बन्ध विच्छेद गरी दोस्रो विवाह गर्ने परम्परा पनि समाजमा प्रचलित रहेको देखिन्छ । यसरी पतिसित सम्बन्ध विच्छेद गरी दोस्रो विवाह गर्ने स्त्रीलाई 'पुनर्भू' भनिएको छ ।

'समानलोको भवति पुनर्भुवापरः पतिः ।'

- अथर्ववेद ९.५.२८

यसरी तत्समय स्त्री-पुरूष बीच कुनै प्रकारको मनमुटाव भएमा सम्बन्ध विच्छेद गरी स्त्रीले पुनर्विवाह गर्न सक्तछिन् भन्ने कुराको यकीनन् जानकारी मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा प्राचीनतम् पावन ग्रन्थ वैदिक साहित्यको अध्ययनमा स्त्रीहरूको विवाह जीवनमा चारपटक हुने कुराको वर्णन पाइन्छ । ऋग्वेद एवं अथर्ववेदका ऋचाहरु यसका लागि उदाहरणीय छन् । स्त्रीहरूको जीवनमा चार पटक विवाह हुने कुरालाई बाह्य तवरले हेर्दा ज्यादै अचरज लाग्ने कुरो रहेको छ । तर राम्ररी विचार गरी हेर्दा त्यसमा अचरज लाग्नुपर्ने कुरो केही भए जस्तो लाग्दैन । बरू यसले स्त्रीहरूको सफल जीवनको लागि नभई नहुने अत्यावश्यकताहरूलाई नै उजागर पारेको छ । ऋक् एवं अथर्ववेदमा स्त्रीहरूको चार पटक यथा सोमसित पहिलो, गन्धर्वसित दोस्रो, अग्नि वा सूर्यसित तेस्रो तथा चौथो मनुष्यसित हुने कुरा वर्णन गरिएको छ । यी चार विवाहको बारे विचार गर्दा स्त्रीको सफल जीवनको लागि उक्त चार विवाह अनिवार्य नै देखिन्छ । विवाह भन्नाले साँचो अर्थमा भन्ने हो भने जुन कुरोसित विवाह भएको छ त्यससित तिनीको कहिल्यै नछुट्टिने भन्नुको तात्पर्य आत्मसात् हुनु हो । यस किसिमसित विचार गर्दा सोमसित पहिलो विवाह हुने भन्दा निर्मलता, कोमलता, शीतलता प्रदानगर्ने देवतासित तिनीको आत्मसात् हुनु हो । सोमलाई शिवको रूपमा पनि लिएर सोमनाथ पनि भन्ने गरिएको छ । अनि शिवको प्रतीक रूपमा विल्व (बेल) लाई लिई स्त्रीको पहिलो विवाहलाई बेल विवाह पनि भन्ने गरिन्छ । अर्को शंखायन आरण्यक ग्रन्थको १२ अध्यायमा समृद्धिको लागि विल्व (बेल) को फलले मणि बनाउने कुराको वर्णन पाइन्छ । यसले बेल विवाहमा बच्चाको उज्ज्वल भविष्यतिर उन्मुख गराउने खेलमा खास लगाव राख्न लगाउने मनसाय रहेको ठीक प्रतीत हुन्छ । स्त्रीहरूको दोस्रो विवाह गन्धर्वसित हुने कुरा वर्णन गरिएको छ । स्त्रीहरूको मासिक धर्मको आरम्भपछि हिजोआज १२ (बाह्र) दिनसम्म तर पहिले पहिले १२ (बाह्र) वर्षसम्मन् तिनीहरु अलग्ग भन्नुको तात्पर्य एकनिष्ठ भई ६४ (चौसट्ठी) कलाको ज्ञान आर्जन गर्दथे । त्यसबेला गन्धर्वसित आत्मसात् भइरहने हिसाबले तिनीहरु अलग्ग भई बस्ने कोठामा गन्धर्वको प्रतीक रूपमा ख्याकको आकृति बनाइराखेको हुन्छ । यो अवधिलाई बाह्रा राख्ने भनौं गुफा राख्ने भन्ने गरिन्छ । यसको अनन्तर तिनीमा एकातिर जवानी चढी दिलमा प्रेमाग्नि बल्न लागेको हुन्छ भने अर्कोतिर तिनीले पहिले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा लागु गर्ने समय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने हुन्छ । यसर्थ १२ (बाह्रौं) औं दिनमा गुफाबाट निकाल्दा बिहान सबेरै सूर्योदयको समय सर्वप्रथम बाटामा पानी भरी राखेर त्यसमा सूर्यरूपी अग्निलाई हेर्न लगाइन्छ । यसप्रकार अग्नि भनौं सूर्यसित तिनीलाई आवद्ध गराइन्छ । यसैलाई अग्नि वा सूर्यसित तिनीको तेस्रो विवाहको रूपमा लिइन्छ । त्यसपछि स्त्रीको चौथो विवाह मानिससित हुने हुन्छ । यसरी जीवनका विभिन्न आरोह अवरोहहरूलाई पार गर्दै भन्नुको तात्पर्य जीवनका विविध विषयहरूको ज्ञान आर्जन गर्दै मानिससित तिनीको विवाह हुने हुँदा तिनको जीवन सफलिभूत हुने कुरोमा कुनै शंका रहँदैन । यसप्रकार हाम्रा प्राचीन ग्रन्थ वेदले स्त्रीको सफल जीवनको लागि अत्यवाश्यक उपर्युक्त प्रकारका चार विवाहको वकालत गरेको छ । जुन यथार्थतः विज्ञानसम्मत नै लाग्दछ । उपर्युक्त चार प्रकारको विवाह परम्परा नेपालका नेवार समाजमा अद्यापि केही ने केही रूपमा प्रचलनमा रहेको पाइन्छ ।

उपर्युक्त वैदिकयुगीन चतुविवाहको आदर्शलाई पछि पुराणकालमा मानिसहरूले बिर्सेका थिए । तिनीहरूले स्त्रीलाई तत्समय पुरूषको भोग्य वस्तुको रूपमा लिएर स्त्रीहरूलाई किरायामा दिने गर्न लागेका थिए । महाभारत ५.११३-१७ मा वर्णित भए अनुसार महाराज ययातिकी पुत्री माधवी प्रत्येकसँग सयौं घोडाहरु लिई चार राजाहरूलाई पालैपालोसँग किरायामा दिएकी थिइन् । यस यथार्थताको प्राप्तिले स्त्री सत्ताको समाजमा पूर्णतः समाप्ति भई पुरूष सत्ताको दबदबा चल्न लागे अनन्तर स्त्री स्वातन्त्र्यको समाप्ति भएको थियो, स्त्री पुरूषको खेलौना भई बाँच्न बाध्य भएका थिए ।

वैदिकयुगीन शिक्षण पद्धतिबारे थाहा लिने महत्त्वपूर्ण सामग्री ऋग्वैदिक मण्डूकसूक्त (७.१०३) रहेको छ । वर्षायाममा एउटा ठूलो भ्यागुतो जसै कराउँदछ, त्यसको अनुशरण गर्दै अन्य बथान भ्यागुताहरु पनि सँगसँगै कराउन लाग्दछन् । प्राचीनकालमा वैदिक मनीषिहरूले पनि आफ्ना ऋषिकुलमा अध्ययनगर्ने वटुकहरूलाई पढाउँदा भ्यागुतोको उपर्युक्त प्रकारले कराउने तरिकालाई नै अपनाएका थिए । यसरी वैदिकयुगीन शिक्षण पद्धतिको तौरतरिका तत्कालीन मनीषिहरूले भ्यागुतोबाट सिकेको स्पष्टतः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दछ, जसको कारण भ्यागुतोलाई यहाँका मानिसहरु खासगरी नेवारहरु प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमा भनौं वेदाध्ययन आरम्भगर्ने जनै पूर्णिमाको दिन नौथरी गेडागुडीको क्वाटी बनाई भातसँगै राखी घरको ढोका-ढोका एवं स्थान-स्थानमा ख्वाउन लैजान्छन् ।

ऋषि त्वष्ट्रिका तीन टाउको भएको छोरालाई देवराज इन्द्रले मारेका थिए । इन्द्रको त्यस प्रकारको कार्यबाट रुष्ट भई ऋषिले वृत्रासुरलाई सृष्टि गरे । त्यस वृत्रले देवताका बादलरुपी गाईवस्तुलाई निल्नुको साथै देवराज इन्द्रलाई पनि निल्न लागिसकेका थिए । तर, अरु देवताहरुले त्यसको मुखलाई जबर्दस्ती खोलेर इन्द्रलाई बाहिर निकाले । इन्द्रले अनि चक्कु स्वरुप भएका विष्णुद्वारा तिनको शिर काटेर तिनको वध गरे । इन्द्र-वृत्र-युद्धको बारे ऋग्वेद १.८०।२.१२ एवं पुराण, महाभारत आदिमा सर्वत्र वर्णन गरिएको पाइएका छन् ।

ऋग्वैदिक उक्त आख्यानबाट निम्नलिखित यथार्थतातिर स्पष्टतः इङ्गित हुन्छ । इन्द्र-वृत्र युद्धमा इन्द्र सूर्य हो ('इन्द्रो नाम दिवाकरः' - काठमाडौं टेबहालको उत्तरप्राचीनकालीन अभिलेख, संवत् ४०२) र आवरणकर्ता भएको कारण मेघ वृत्र हो । वर्षाकालमा ती दुईको बीच सदा युद्ध भइरहन्छ । कहिले बादललाई हटाएर सूर्य देखिन आउँछ त कहिले बादलले सूर्यलाई ढाकी रहन्छ । यो हो इन्द्र र वृत्रको युद्ध । यस युद्धको अन्तमा इन्द्र विजयी भई वृत्र (मेघ) को विनाश हुन्छ । वृत्र वध अर्थात् बादलहरु फाट् नाले वर्षा हुन्छ र नदीहरु बग्न लाग्दछन् । वेदमा सर्वत्र वृत्रवधद्वारा नदीहरु बग्ने कुराको उल्लेख पाइन्छ ।

पुरुष निष्क्रिय औ प्रकृति सक्रिय रहेको यथार्थतालाई वैदिक मनीषिहरुले पनि राम्ररी बुझेका थिए । ऋग्वैदिक माथि वर्णित विवाह सूक्त (सोम-सूर्या-विवाह) यस यथार्थताको पुष्टिका लागि पर्याप्त छ । सोम अर्थात् चन्द्रमामा आफ्नो प्रकाश छैन, यसर्थ उनी सूर्या (सूर्यकी किरण, सूर्यकी पुत्री) सित विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ । चन्द्रमा सूर्यको सुषुम्णबाट प्रकाशित हुन्छ । यजुर्वेद र निरूक्तमा यसको स्पष्ट उल्लेख छ कि सूर्यको सुषुम्णकिरण चन्द्रमालाई प्रकाश दिन्छिन् ।

'सुषुम्णः सूर्यरश्मिश्चन्द्रमा गन्धर्वः ।'

- यजुर्वेद १८.४०

'अथाप्यस्यैको रश्मिश्चन्द्रमसं प्रति दीप्यति,
आदित्यतोऽस्य दीप्तिर्भवति ।'

- निरूक्त २.६

यसको नै यस सूक्त (ऋग्वेद १०.८५) मा आलंकारिक वर्णन छ । सूर्यकी पुत्री (किरण) सोम (चन्द्रमा) की पत्नी हुन् र उनी सोमलाई प्रकाशित गर्दछिन् । यस सूक्तमा सर्वप्रथम विवाह संस्कारको वर्णन पाइन्छ ।

यजुर्वेदका कतिपय मन्त्रहरूमा राजाका राज्याभिषेक, राजाका अधिकार र कर्तव्यहरूको विस्तृत वर्णन पाइन्छन् । राजाका कर्तव्यहरूमा उल्लेख छ कि १. उनले कृषिको उन्नति गरून्, २. जनकल्याण गरून्, ३. राष्ट्रको श्रीबृद्धि गरून्, औ ४. राष्ट्रको सर्वाङ्गिण विकास गरून् । एक अन्य मन्त्रमा भनिएको छ कि जनतामा राष्ट्रिय भावनाको विकास हुनुपर्दछ । एक मन्त्रमा 'महान् जनराज्य' अर्थात् विशाल प्रजातन्त्रीय राज्यको स्थापना लक्ष्य हुनुपर्ने कुरा बताइएको छ । एक अन्य मन्त्रमा राष्ट्रका स्वरूपको वर्णन गर्दै भनिएको छ कि १. मुलुक स्वराज् अर्थात् स्वतन्त्र राष्ट्र होउन्, २. जनभृत् होउन् अर्थात् राष्ट्रका समस्त प्रजाको हितचिन्तन हुनुपर्दछ, ३. विश्वभृत होऊन् अर्थात् आफ्नो राष्ट्रको उन्नतिको साथै विश्वकल्याण र विश्वबन्धुत्वको स्थापना गरून् ।

(क) 'कृष्यै त्वा, क्षेमाय त्वा, रय्यै त्वा, पोषाय त्वा ।'

- यजुर्वेद ९.२२

(ख) 'राष्ट्रदा राष्ट्रं मे दत्त ।'

- यजुर्वेद १०.२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) 'महते जानराज्याय ।'

- यजुर्वेद ९.४०

(घ) "स्वराज स्थ राष्ट्रदा राष्ट्रम् अमुष्मै दत्त ।
जनभृत स्थ राष्ट्रदा राष्ट्रम् अमुष्मै दत्त ।
विश्वभृत स्थ राष्ट्रदा राष्ट्रम् अमुष्मै दत्त ॥"

- यजुर्वेद १०.४

यजुर्वेदका अध्याय ९ एवं ११ विज्ञानको दृष्टिले अतीव महत्वका छन् । अध्याय ९ को एक मन्त्रमा सूर्यमा हाइड्रोजन र हीलियम गैंस विद्यमान भएको कुराको स्पष्टतरस्पले उल्लेख गरिएको छ । हाइड्रोजनको लागि मन्त्रमा 'अपां रसः' (जलको सारभाग) शब्द छ भने हीलियमको लागि 'अपां रसस्य यो रसः' शब्द प्रयोग छन् । 'सूर्ये सन्तम्' को द्वारा ती दुवै गैंसहरु सूर्यमा छन् भन्ने कुरा स्पष्ट गरिएको छ ।

"अपां रसम् उद्वयसं सूर्ये सन्तं समाहितम् ।
अपां रसस्य यो रसः, तं वो गृह्णाम्युत्तमम् ।"

- यजुर्वेद ९.३

वैदिकयुगीन मनीषि अथर्वाले दुईवटा महत्त्वपूर्ण आविष्कार गरेका थिए । ती दुई आविष्कारहरु हुन् - १. जल मन्थनद्वारा विद्युत् (Hydro-Electricity) उत्पादन, २. उत्खनन् (Drilling) द्वारा पुरीष्य अग्नि (तेल र प्राकृतिक गैस, Oil and Natural gas) निकाल्नु । यी दुवै आविष्कारहरुको राम्ररी वर्णन यजुर्वेदका मन्त्र २८ देखि ३२ सम्मन् गरिएका छन् ।

"पृथिव्याः सधस्थादग्निं पुरीष्यम् अंगिरस्वत् खनामि ।"

- यजुर्वेद ११.२८

'त्वामग्ने पुष्करादधि-अथर्वा निरमन्थत ।'

- यजुर्वेद ११.३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त यथार्थताहरूको उल्लेखले वैदिकयुगीन मनीषिहरूले विज्ञानको क्षेत्रमा महत्त्वपूर्ण आविष्कारहरु गरी सभ्यताको विकासमा अतीव टेवा पुऱ्याएको कुरा स्पष्ट हुन्छ । विश्व इतिहासका महानतम प्रथम आविष्कारकको रूपमा उपर्युक्त वैदिक मनीषि अथर्वालाई लिइएको छ । तिनले मुख्यरूपले तीन आविष्कारहरु गरेका थिए, तिनीहरु हुन् -

१. अरणि नामक रूखका काठहरूलाई रगडेर अग्नि उत्पन्न गरे ।

(क) 'अरण्योर्निहितो जातवेदाः ।'

- ऋग्वेद ३.२९.२

(ख) 'अथर्वा त्वा प्रथमो निरमन्थद् अग्ने ।'

- यजुर्वेद ११.३२

२. ऋग्, यजुः औ सामवेदहरूमा उल्लेख छ कि अथर्वा ऋषिले पोखरीको जलको मन्थनद्वारा जलीय विद्युत् (Hydel) को आविष्कार गरेका थिए ।

'त्वामग्ने पुष्करादधि - अथर्वा निरमन्थत ।'

- ऋग्वेद ६.१६.१३ । यजुर्वेद ११.३२ । सामवेद ९ । तैत्ति० ३.५.११.३

३. ऋग्वेद र यजुर्वेदमा उल्लेख छ कि अथर्वा ऋषिले भूगर्भीय अग्नि (Gas) पत्ता लगाई त्यसलाई उत्खनन् गरी बाहिर निकाले । भूगर्भीय भएको कारण त्यसलाई 'पुरीष्य अग्नि' नाम दिइयो । यो अति प्रज्वलनशील भएको कुरा 'योनिरग्नेः' शब्दबाट ज्ञात हुन्छ । पृथ्वी र समुद्र दुवै स्थानहरूबाट यसलाई निकाल्ने कुराको उल्लेख छ ।

'पुरीष्योऽसि विश्वभरा अथर्वा त्वा प्रथमो निरमन्थदग्ने ।'

- यजुर्वेद ११.३२

'अपां पृष्ठमसि योनिरग्नेः समुद्रमभितः पिन्वमानम् ।'

- यजुर्वेद ११.२९

'पृथिव्याः सधस्थाद् अग्निं पुरीष्यम् ..... खनामः ।'

- यजुर्वेद ११.२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्जा विश्वव्यापी छ

वेदका अनेक मन्त्रहरूमा उल्लेख छ कि अग्नि (ऊर्जा, Energy) पृथ्वी, अन्तरिक्ष, द्युलोक, विद्युत्, वायु आदि सबैमा व्याप्त छ । यसबाट ज्ञात हुन्छ कि विश्वका प्रत्येक कणमा ऊर्जा प्रकट या सुप्त रूपमा विद्यमान छ । यसर्थ जुनसुकै स्थानमा घर्षण भए पनि विद्युत् उत्पन्न हुन्छ ।

'आ द्यावापृथिवी भानुना भात्यन्तः ।'

- ऋग्वेद १०.४५.४

"दिवं पृथ्वीमनु - अन्तरिक्षं ये विद्युतम् अनुसंचरन्ति ।
ये दिक्षवन्तर्ये वाते अन्तस्तेभ्यो अग्निभ्यः०।"

- अथर्ववेद ३.२१.८

ऊर्जाका विभिन्न रूप

ऋग्वेदमा अग्नि (ऊर्जा, Energy) का अनेक रूपको उल्लेख छ । तर त्यसमा तिनीहरूका नाम दिइएका छैनन् । यजुर्वेद (यजु.१२.१८ देखि २५) मा समुद्री अग्नि, जलीय ऊर्जा (Hydel), सौर ऊर्जा, पार्थिव ऊर्जा, आकाशीय ऊर्जा, भूगर्भीय ऊर्जा, वृक्षादिबाट उत्पन्न ऊर्जाको उल्लेख पाइन्छ ।

'दिवस्पटि प्रथमं ..... द्वितीयं जातवेदाः । तृतीयमप्सु ।'

- यजुर्वेद १२.१८

'समुद्रे त्वा ..... अप्सु अन्तः, तृतीये टजसि०।'

- यजुर्वेद १२.२०

'आ द्यावापृथिवी भाति-अन्तः ।'

- यजुर्वेद १२.२१

ऊर्जा अविनाशी छ

यजुर्वेदको कथन छ कि अग्नि (ऊर्जा, Energy) अमर र अक्षय छ । यसमा 'वयस्' (Potential Energy) छ, यसर्थ यो अमर छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अग्निरमृतो अभवद् वयोभिः ।'

- यजुर्वेद १२.२५

'मर्तेष्वग्निरमृतो नि धायि ।'

- यजुर्वेद १२.२४

मरुत्हरूमा चुम्बकीय शक्ति

ऋग्वेद अनुसार मरूतहरूमा चुम्बकीय शक्ति छ र त्यसबाट शक्तिको विकिरण (Radiation हुन्छ । चुम्बकीय शक्तिको लागि 'अयोदंष्ट्र' शब्द प्रयुक्त छ जसको दाढामा अयस् (चुम्बकत्व) छ र विकिरणको लागि 'विधावतः' (दगुरेको, फैलेको) शब्द छ ।

'मरुतः ..... अयोदंष्ट्रान् विधावतः ०।'

- ऋग्वेद १.८८.५

एवया-मरुत्

विज्ञानको दृष्टिले ऋग्वेदको 'एवया-मरूत्' सूक्त (५.८७) अत्यन्त महत्त्वपूर्ण छ । यसमा विद्युत् चुम्बकीय तरंगहरु (Electro Magnetic waves) अत्यन्त महत्त्वपूर्ण छन् । एवया = अतितीव्रगामीमरूत् = विद्युत् चुम्बकीय तरंगहरु । विज्ञानको अनुसार यी तरंगहरूका यी विशेषताहरु छन् - १. यी विद्युत तरंगहरूको सम्बन्ध विद्युत् क्षेत्र र चुम्बकीय क्षेत्रसित हुन्छ । २. यसका लागि विद्युत्-आवेश (Electric Charge) आवश्यक हुन्छ । ३. यसका लागि कुनै माध्यमको आवश्यकता हुँदैन । ४. समकोण बनाउँदै यो चल्छ । ५. यसका गति ज्यादै तीव्र छन् ।

मन्त्रमा तीव्रगतिका लागि यी शब्द छन् - मनोजुवः (मन्त्र ४), रघुपत्वानः, रघुष्यदः (मन्त्र ६) । विद्युत् आवेशका लागि यी शब्दहरु छन् - स्वविद्युत्ः, स्वरोचिषः (मन्त्र ३ र ४) । आत्मनिर्भरकालागि यी शब्दहरु छन् - स्वसृत्, स्वतवसः, स्वयतासः (ऋग्वेद १.८७.४ ।१.१६८.२) । चुम्बकत्वका लागि यो शब्द छ - अयोदंष्ट्र । (अग्नयो न स्वविद्युतः, मन्त्र ३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओजोन परत (Ozone Layer)

ऋग्वेद र अथर्ववेदमा भूमिको चारैतिर विद्यमान ओजोनको परत (Ozone Layer) का उल्लेख छन् । ऋग्वेदमा ओजोनको परतको लागि 'महत् उल्ब' शब्द आएको छ र त्यसलाई स्थविर अर्थात् मोटो परत भनिएको छ । अथर्ववेदमा यसका रंग सुनौलो छ भनिएको छ । गर्भस्थ शिशुको रक्षाको लागि बनेको झिल्ली (Membrane) कोलागि उल्व शब्द छ । पृथ्वीरूपी गर्भस्थ बालकको रक्षाको लागि यो ओजोन परत हो ।

"महत् तदुल्बं स्थविरं तदासीद् ।
येनाविष्टितः प्रविवेशिथापः ॥"

- ऋग्वेद १०.५१.१

'तस्योत जायमानस्य-उल्ब आसीद् हिरण्ययः ।'

- अथर्ववेद ४.२.८

परमाणुहरूमा आकर्षण शक्ति

प्रत्येक परमाणु अरु परमाणुहरूलाई सदा आफूतिर आकृष्ट गर्दछ भन्ने कुरा ऋग्वेदमा स्पष्टरूपले उल्लेख गरिएको छ ।

'एको अन्यत्-चकृषे विश्वम् आनुषक् ।'

- ऋग्वेद १.५२.१४

अर्थात् - एकः- प्रत्येक परमाणु, अन्यत् विश्वम् - अन्य सबै परमाणुहरूलाई, आनुषक्-निरन्तर, चकृषे - आफूतिर खिँच्दछ ।

द्रव्य र ऊर्जाको रूपान्तरण (Conservation of Mass and Energy) –

प्रो. आइन्स्टाइन (Einstein) ले सिद्धान्त प्रतिपादन गरेको छ कि द्रव्य (Mass) र ऊर्जा (Energy) मध्ये कुनै पनि चीज न नष्ट गर्न सकिन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न उत्पन्न गर्न सकिन्छ । केवल यिनको स्थान्तरण हुन्छ । ऊर्जा द्रव्यमा परिवर्तित हुन्छ र द्रव्य ऊर्जामा । यसको सूत्र हो ।

$E=mc^2$

यसमा E ऊर्जा (Energy) को लागि हो । M=Mass (द्रव्य) को लागि हो । C=Speed of Light अर्थात् प्रकाशको गतिको हो ।

ऋग्वेदमा यसै अभिप्रायको एक मन्त्र छ कि अदिति (अनश्वर प्रकृति, द्रव्य, Mass, Matter) बाट दक्ष (ऊर्जा, Energy) उत्पन्न हुन्छ तथा दक्ष (ऊर्जा, Energy) बाट अदिति (Mass, Matter) । यसको अभिप्राय यो हो कि द्रव्य र ऊर्जा परस्पर स्थान्तरित हुन सक्तछन्, अर्थात् द्रव्यबाट ऊर्जा र ऊर्जाबाट द्रव्य ।

'अदितेर्दक्षो अजायत, दक्षाद् उ-अदितिः पटि ।'

- ऋग्वेद १०.७२.४

सौर ऊर्जा (Solar Energy)

ऋग्वेद र यजुर्वेदमा सौर ऊर्जाको आविष्कार र सफल प्रयोगको श्रेय 'त्रित' लाई दिइएको छ । त्रितमा यी तीन देवता छन् - इन्द्र, गन्धर्व औ वसु । सूरात् - सूर्यबाट, अश्वम् - अश्वशक्ति, सौर ऊर्जालाई, वसवः - विशेषज्ञहरूले, निरतष्ट - निकाले ।

"त्रित एनम् आयुनक्, इन्द्र एणं प्रथमो अध्यतिष्ठत् ।
गन्धर्वो अस्य रशनाम् अगृभ्णात्, सूराद्श्वं वसवो निरतष्ट ॥"

- ऋग्वेद १.१६३.२ । यजुर्वेद २९.१३

सूर्यमा आकर्षण शक्ति

सूर्य आफ्नो आकर्षण शक्तिले सम्पूर्ण द्युलोकलाई रोकिराखेका छन् ।

(क) 'सूर्येण उत्तभिता द्यौः ।'

- ऋग्वेद १०.८५.१

(ख) 'अस्कम्भने सविता द्याम् अदृंहत् ।'

- ऋग्वेद १०.१४९.१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको आकर्षणले पृथ्वी रोकेको छ - सूर्यले आफ्ना किरणरूपी यन्त्रहरूद्वारा पृथ्वीलाई रोकिराखेको छ ।

(क) 'सविता यन्त्रैः पृथिवीम् - अटमणात् ।'

- ऋग्वेद १०.१४९.१

(ख) 'दाधर्थ पृथिवीम् अभितो मयूखैः ।'

- यजुर्वेद ५.१६

(ग) 'त्वम् ..... चकृषे भूमिम् ।

- ऋग्वेद १.५२.१२

सूर्यका किरणहरूबाट विद्युत् प्रवाह (Electro Magnetic Radiation)

ऋग्वेदमा वर्णित वर्णन अनुसार सूर्य किरणहरूका साथ मित्र र वरूण एउटै रथमा बसेर चल्छन् । मित्र शब्द धनात्मक आवेश (Positive Charge) र वरूण ऋणात्मक आवेश (Negative Charge) का लागि हुन् । यी दुवै मिलेर विद्युत् प्रवाह (Electro Magnetic Radiation) गर्दछन् । यिनबाटै विद्युत् चुम्बकीय तरंगहरु (Electro-magnetic waves) प्रवाहित हुन्छन् । यी तरंगहरूद्वारा प्रवाहित शक्तिको लागि 'दूत' शब्दको प्रयोग भएको छ । यो 'दूत' लाई ज्यादै तीव्रगामी भनिएको छ । यस मन्त्रमा 'अजिर' शब्दले ज्यादै सक्रिय अर्थलाई बुझाउँदछ र 'मदेरघु' शब्दले ज्यादै तीव्रतालाई बुझाउँदछ । यस ऊर्जामा चुम्बकत्वको लागि 'अयःशीर्षा' (चुम्बकत्व-शक्तिसंपन्न) शब्द आएको छ ।

(क) 'मित्रावरूणा _ रथर्यतः साकं सूर्यस्य रश्मिभिः ।'

- ऋग्वेद ८.१०१.१ र २

(ख) 'यो वां मित्रावरूणाऽजिरो दूतो अद्रवत् ।
अयः शीर्षा मदेरघुः ।'

- ऋग्वेद ८.१०१.३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यमा सोम (Hydrogen H_2 & Helium, He) – सूर्यको ऊर्जाको आधार सोम अर्थात् हाइड्रोजन हो । सोमबाट सूर्यलाई शक्ति प्राप्त हुन्छ ।

'सोमेन - आदित्या बलिनः'

- अथर्ववेद १४.१.२

यजुर्वेदमा यसलाई दोस्रो रूपमा प्रस्तुत गरिएको छ । मन्त्रको कथन छ कि सूर्यमा दुई तत्व मिल्दछन् । -१. 'अपां रसम्' जलको सार भाग, जुन ऊर्जाको रूपमा छ । 'उद्वयस्' शब्द जलको ऊर्जा रूप 'हाइड्रोजन' को लागि हुन् । २. 'अपां रसस्य यो रसः' अर्थात् जलको सारभागको सार भाग । जलको सार हाइड्रोजन हो र त्यसको सार भाग 'हीलियम' हो । हाइड्रोजनको लागि 'अपां रसः' औ हीलियमको लागि 'अपां रसस्य यो रसः' यी पारिभाषिक शब्दहरूको प्रयोग भएको छ । 'सूर्ये सन्तं समाहितम्' बाट स्पष्ट छ कि यी दुवै सूर्यमा विद्यमान् छन् । यजुर्वेदमा वर्णित मन्त्रमाथि दिइएको छ यसैले यो मन्त्र यहाँ दोहोऱ्याइएन ।

पृथ्वी सूर्यको प्रदक्षिणा गर्दछ - पृथ्वी सूर्यको प्रदक्षिणा गर्दछ भन्ने कुरा वैदिक साहित्यमा यत्रतत्र पाइन्छ ।

(क) 'क्षाः ..... ह्रुष्णं पटि प्रदक्षिणित् ।'

- ऋग्वेद १०.२२.१४

(ख) 'आयं गौः पृष्टिनटक्रमीद् असदन् मातटं पुटः ।
पितटं च प्रयन् स्वः ।'

यजुर्वेद ३.६ ।

यसै कुरालाई आर्यभट्ट (४७६ ई.) ले आर्यभटीयमा लेखेको छ क पृथ्वी १ प्राण (४ सेकेण्ड) मा १ कला घुम्दछिन् र २१६०० प्राण (२४ घण्टा) मा आफ्नो एक चक्र (३६० अंश) पूरा गर्दछिन् ।

(क) 'प्राणेनैति कलां भूः ।'

- आर्यभटीय, दशगीतिका ४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) 'भूमिः प्राङ्मुखी भ्रमति ।'

- आर्यभटीयका टीकाकार मक्की भट्ट

सूर्य र सारा संसार घुम्दछ - पृथ्वी, सूर्य र सारा संसार निरन्तर घुम्दछ ।

"समावर्वर्ति पृथिवी समुषाः समु सूर्यः ।
समु विश्वमिदं जगत् ।"

- यजुर्वेद २०.२३

सूर्य संसारको आत्मा - वैदिक साहित्यमा वर्णित वर्णन अनुसार सूर्य चर-अचर जगतको आत्मा हो । यसको अभिप्राय यो हो कि सूर्य नै संसारको ऊर्जाको स्रोत हो । सबैको गतिको स्रोत उनै हुन् ।

'सूर्य आत्मा जगतस्तस्थुषश्च ।'

- ऋग्वेद १.११५.१ । यजुर्वेद ७.४२

सूर्य अनेक छन् - ऋग्वेदमा 'नानासूर्याः' औ 'सप्त आदित्याः' को द्वारा अनेक सूर्यहरूको उल्लेख छ । अथर्ववेदले ब्रह्ममा सात सूर्य एकसाथ रहने कुरा उल्लेखेको छ ।

'सप्त दिशो नानासूर्याः । देवा आदित्या ये सप्त ।'

- ऋग्वेद ९.११४.३

'कश्यप ..... यस्मिन् सूर्या अर्पिताः सप्त साकम्'

- अथर्ववेद १३.३.१०

सूर्यमा दाग (Spots) छन् - ऋग्वेदमा वर्णित वर्णन अनुसार सूर्यको चक्षु (मंडल, घेरा) रजस् (धूल, Spots) युक्त छन् ।

'सूर्यस्य चक्षू रजसैत्यावृतम् ।'

- ऋग्वेद १.१६४.१४

सूर्यको चारैतिर विशाल गैंस - सूर्यको चारैतिर टाढा-टाढासम्म शक्तिशाली गैंस (धूम) फैलिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'शकमयं धूमम् आराद् अपश्यम्,
विषूवता पर एनावरेण ।'

- ऋग्वेद १.१६४.४३

सूर्य किरण सात रंगको - अथर्ववेद अनुसार सूर्यका किरण सात रंगका छन् । यिनीहरु नै वर्षाका कारण हुन् ।

'अव दिवस्ताटयन्ति सप्त सूर्यस्य रश्मयः ।
आपः समुद्रिया धाराः ।'

- अथर्ववेद ७.१०७.१

अथर्ववेद अनुसार सूर्यका किरणहरु संसारका सबै पदार्थहरूलाई रंग (रूप, Colour) दिन्छन् । यिनीहरु ७×३=२१ प्रकारका छन्, अर्थात् ७ किरणहरु उच्च, मध्यम र निम्न (हल्का) भएर २१ प्रकारका हुन्छन् । यिनबाटै सम्पूर्ण रंग तयार हुन्छन् ।

'ये त्रिषप्ताः परियन्ति विश्वा रूपाणि बिभ्रतः ।'

- अथर्ववेद १.१.१

जल बनाउने सूत्र - ऋग्वेद अनुसार मित्र र वरूणको संयोगबाट पानी बन्छ । मंत्रमा प्रयुक्त मित्र र वरूण शब्दहरूले क्रमशः Oxygen र Hydrogen लाई बुझाएका छन् । जलको सूत्र हो - H_2O, अर्थात् हाइड्रोजन गैसका २ अणु (Molecule) र अक्सीजनको १ अणु एउटा पात्रमा राखेर त्यसमा विद्युत्-तरंग प्रवाहित गर्दा पानी बन्छ । ऋग्वेदका चार मन्त्रहरूमा (७.३३.१०-१३) यस विषयलाई अरु स्पष्ट गरिएका छन् ।

'मित्रं हुवे पूतदक्षं वरुणं च रिशादसम् ।
धियं घृताची साधन्ता ।'

- ऋग्वेद १.२.७

वृक्षहरूमा अवितत्त्व (Chlorophyll) - अथर्ववेदको एक मन्त्रमा स्पष्ट उल्लेख छ कि अवितत्त्वको कारण रूखहरूमा हरियाली भइरहन्छन् । मन्त्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Chlorophyll को लागि अवि शब्द छ । यो रक्षार्थक अव् धातुबाट बनेको छ । यसको अर्थ हो - रक्षक तत्त्व । मन्त्रमा भनिएको छ कि यो अवितत्त्व ऋत (Tissues) द्वारा घेरिएको छ । यसको कारण वृक्ष-वनस्पतिहरु हरियो भइरहन्छन् ।

"अविर्वै नाम देवता- ऋतेनास्ते परीवृता ।
तस्या रूपेणेमे वृक्षा हरिता हरितस्रजः ॥"

- अथर्ववेद १०.८.३१

वृक्षहरुमा चेतन तत्त्व - रुखहरुमा ब्रह्म (आत्मा) हुनाले वीरूध् (वृक्ष वनस्पतिहरु) साँस लिन्छन् । अन्य एक मन्त्रमा रुखहरु उठी-उठी सुत्छन् भनी वर्णन गरिएको छ ।

(क) 'महद् ब्रह्म .... येन प्राणन्ति वीरुधः ।'

- अथर्ववेद १.३२.१

(ख) 'अस्थुर्वृक्षा ऊर्ध्वस्वप्नाः ।'

- अथर्ववेद ६.४४.१

वृक्ष शिवको मूर्त रूप

शतपथ ब्राह्मण (६.१.३.१२) मा वृक्ष-वनस्पतिहरुलाई (औषधीहरु) पशुपति (शिव) भनिएको छ । यजुर्वेद अध्याय १६ का मंत्र १८ र १९ मा रुद्र, शिवलाई वृक्ष, वन, औषधी आदिका स्वामी बताउँदै तिनलाई वृक्ष-वनस्पतिको रुपमा प्रस्तुत गरिएको छ । उनी कार्बन-डाई-अक्साईड (Carbondioxide, CO_2) रुपी पिउँछ र अक्सीजन (Oxygen) रुपी अमृत छोड्दछ । यो रूद्र-शिवको वृक्षको रुपमा विषपान र अमृतदान हो । संसारलाई जीवन-रक्षक प्राणवायु (O_2) दिने रुख नै हुन् । यी वृक्ष वस्तुतः शिवका मूर्त रुप हुन् ।

'वृक्षाणां पतये नमः । ओषधीनां पतये नमः वनानां पतये नमः ।'

- यजुर्वेद, अध्याय १६, मन्त्र १७, १८, १९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वी, अन्तरिक्ष औ आकाशलाई नोक्सान पुऱ्याउनु हुँदैन - पृथ्वी, अन्तरिक्ष औ आकाशलाई क्षति नपुऱ्याई तिनीहरूलाई पुष्ट गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

(क) 'पृथिवीं दृंह, पृथिवीं मा हिंसीः ।'

- यजुर्वेद १३.१८

(ख) 'अन्तरिक्षं दृंह, अन्तरिक्षं मा हिंसी ।'

- यजुर्वेद १४.१२

(ग) 'दिवं दृंह, दिवं मा हिंसीः ।'

- यजुर्वेद १५.६४

पृथ्वी र आकाश माता-पिता - पृथ्वी र आकाश हाम्रा रक्षक हुन्, पालक हुन्, यसर्थ यी दुवै हाम्रा माता-पिता तुल्य छन् । यिनको रक्षा गर्नु र यिनीहरूलाई प्रदूषण-मुक्त राख्नु हाम्रो कर्तव्य हो ।

(क) 'माता भूमिः पुत्रो अहं पृथिव्याः ।'

- अथर्ववेद १२.१.१२

(ख) 'पृथिवी माता, द्यौष्पिता ।'

- यजुर्वेद २.१०-११

रूख नकाट्नु - रूखले प्रदूषणलाई नष्ट गर्दछ, यसर्थ रूख काट्नु हुँदैन ।

'मा काकम्बीरम् उद्वृहो वनस्पतिम्
अश्वस्तीर्वि हि नीनशः ।'

- ऋग्वेद ६.४८.१७

रूख रोप्नुपर्दछ - ऋग्वेदको अनुसार रूख रोपेर त्यसलाई सुरक्षा गर्नु जरूरी छ । किनकि रूखहरु जलका स्रोतहरूको रक्षा गर्दछन् ।

'वनस्पतिं वन आस्थापयध्वं
नि षू दधिध्वम् अखनन्त उत्सम् ।'

- ऋग्वेद १०.१०१.११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जललाई प्रदूषणबाट बचाऔं- यजुर्वेद अनुसार जललाई प्रदूषित नगरौं र वृक्ष-वनस्पतिहरूलाई नकाटौं । जललाई शुद्ध राखौं र वनस्पतिहरु रोपी तिनीहरूलाई जलादिद्वारा पुष्ट गर्दै रहौं ।

(क) 'माऽपो हिंसीः, मा-ओषधीर्हिंसीः ।'

- यजुर्वेद ६.२२

(ख) 'अपः पिन्व, ओषधीर्जिन्व ।'

- यजुर्वेद १४.८

वायुमा अमृत- ऋग्वेदको अनुसार वायुमा अमृतको खजाना छ । तिनले हामीलाई जीवनी शक्ति दिन्छ । अथर्ववेदको कथन छ कि वायु 'विश्वभेषज' अर्थात् सारा रोगहरूको चिकित्सा हो । यसर्थ वायुलाई प्रदूषित गर्नु हुँदैन ।

(क) 'यदद्यो वात ते गृहे अमृतस्य निधिर्हितः ।
तेन नो देहि जीवसे ।'

- ऋग्वेद १०.१८६.३

(ख) 'वात ..... त्वं हि विश्वभेषज ।'

- अथर्ववेद ४.१३.३

सूर्य किरणहरू हृदयरोग-नाशक - ऋग्वेदमा उल्लेख छ कि उदय हुँदाको सूर्यले सबै हृदयरोग एवं रगतको कमी (Anaemia) लाई दूर गर्दछ । यदि उदय हुँदाका सूर्यका किरणहरु १५ मिनेट छातीमा लिइएमा सबै हृदयरोग, शिरदर्द, रक्ताल्पता, पीलिया आदि रोग खत्म हुन्छन् ।

"उद्यन् अद्य मित्रमह, आरोहन् उत्तरां दिवम् ।
हृद्रोगं मम सूर्य, हरिमाणं च नाशय ॥"

- ऋग्वेद १.५०.११

जल चिकित्सा- ऋग्वेद र अथर्ववेदमा शुद्ध जललाई 'विश्वभेषजीः' सम्पूर्ण रोगहरूका औषधी भनिएको छ । जलअमृत हो, औषधि हो, उत्तम वैद्य हो, हृदयरोग र आनुवंशिक रोगका पनि चिकित्सा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) 'अप्सु ..... अन्तर्विश्वानि भेषजा ।
आपश्च विश्वभेषजीः ।'

- ऋग्वेद १.२३.२०

(ख) 'आपः ..... भिषजां सुभिषक्तमाः ।'

- अथर्ववेद ६.२४.२

(ग) 'आपो ..... हृद्द्योतभेषजम् ।'

- अथर्ववेद ६.२४.१

हस्तस्पर्श-चिकित्सा- अथर्ववेदका दुईओटा मन्त्रहरूमा हस्तस्पर्श चिकित्साको स्पष्ट वर्णन छ कि मन्त्रहरूका साथ हस्तस्पर्श गर्नाले अनेक रोग दूर हुन्छन् ।

(क) "अयं मे हस्तो भगवान्, अयं मे भगवत्तरः ।
अयं मे विश्वभेषजोऽयं शिवाभिमर्शनः ॥"

- अथर्ववेद ४.१३.६

(ख) "हस्ताभ्यां दशशाखाभ्यां जिह्वा वाचः पुरोगवी ।
अनामयित्नुभ्यां हस्ताभ्यां ताभ्यां त्वाभि मृशामसि ॥"

- अथर्ववेद ४.१३.७

सूर्यबाट पृथ्वीको उत्पत्ति- अथर्ववेदमा पृथ्वीको उत्पत्ति सूर्यबाट भएको कुरा वर्णन गरिएको छ । हातबाट खसेको वस्तु समान पृथ्वी सूर्यबाट निस्केको छ ।

'बाहुच्युता पृथिवी द्यामिवोपटि ।'

- अथर्ववेद १८.३.२५-३५

भूगर्भमा अग्नि (Radio activity)- पृथ्वी भित्र अग्नि छ । यो अग्नि तडित्-रेणु-विकिरण शक्ति (Radio-activity) को रूपमा निरन्तर बलिरहेको छ । यो अग्नि पृथ्वीभित्र ताप उत्पादनको मुख्य कारण रहेको छ । पृथ्वीका विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तरहरुमा रेडियोएक्टिव पदार्थ प्रचुर परिमाणमा छ । यिनीहरु नै पृथ्वीको अन्तर्दाह (Plutonic energy) का मुख्य कारण हुन् ।

(क) 'अग्निर्भूम्याम् ओषधीषु ० ।'

- अथर्ववेद १२.१.१९

(ख) 'अग्निमन्तर्भीटिष्यन्ती ज्योतिष्मन्तम् अजस्रमित्'

- यजुर्वेद ११.३

(ग) 'अग्निगर्भा पृथिवी ।'

- शतपथब्राह्मण ६.५.१.११

(घ) 'यथाऽग्निगर्भा पृथिवी, द्यौरिन्द्रेण गर्भिणी ।'

- बृहदारण्यकोपनिषद् ६.४.२२

भूगर्भीय अग्निद्वारा पृथ्वी घुम्दछ- अथर्ववेद अनुसार भूगर्भीय अग्निको कारण पृथ्वीमा गति र कंपन हुने हुन्छ । मन्त्रमा 'विजमाना' को अर्थ हो - हल्लनु, काँप्नु, काँप्दै चल्नु ।

'याऽप सर्पं विजमाना विमृग्वरी
यस्यामासन् अग्नयो ये अप्स्वन्तः ।"

- अथर्ववेद १२.१.३७

पर्वतमा धन- पर्वतमा गुप्त धन छन् । पर्वतहरुमा प्राप्त हुने खनिज बहुमूल्य सम्पत्ति हुन् ।

(क) 'पशुमन्तं वि पर्वतम् ।'

- ऋग्वेद २.२४.२

(ख) 'गुहा निधिं ..... पटिवीतम् अश्मनि-अनन्त ।'

- ऋग्वेद १.१३०.३

समुद्रमा निधि- ऋग्वेद औ यजुर्वेदमा उल्लेख छ कि समुद्रमा निधि छन् । चारै समुद्रहरुमा रत्नादि धन छन् । सूर्यबाट समुद्रलाई ऊर्जा प्राप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) 'सं सूर्येण दिद्युतद् उदधिर्निधिः ।'

- यजुर्वेद ३८.२२

(ख) 'चतुः समुद्रं धरुणं रयीणाम् ।'

- ऋग्वेद १०.४७.२

पृथ्वीका सात परत (Strata) – पृथ्वीका सात परत छन् । विष्णु यिनमा विक्रमण गर्दछ । मंत्रमा 'धाममिः' द्वारा परतहरूको निर्देश गरिएको छ । विक्रमण शब्द पृथ्वीभित्र परमाणुहरूलाई गति दिन्छ र परिवर्तनलाई सूचित गर्दछ ।

"अतो देवा अवन्तु नो यतो विष्णुर्विचक्रमे ।
पृथिव्याः सप्त धामभिः ।"

- ऋग्वेद १.२२.१६

विषुवत् रेखा, उत्तरायण, दक्षिणायन– ऋग्वेद र अथर्ववेदमा विषुवत् (मध्यवर्ती रेखा) रेखाको उल्लेख गरिएको छ । यसलाई 'विषूवत' पनि भनिन्छ । यसै आधारमा सूर्यको दक्षिणबाट उत्तरतिर जानुलाई 'उत्तरायण' औ उत्तरबाट दक्षिणतिर जानुलाई 'दक्षिणायन' भनिन्छन् ।

'विषूवता पट एनावटेण ।'

- ऋग्वेद १.१६४.४३ । अथर्ववेद ९.१०.२५

धनका प्राकृतिक संसाधन– मनुष्यले प्राकृतिक संसाधनहरु यथा सूर्य-चन्द्र आदि (द्युलोक), पृथ्वी, वृक्ष-वनस्पतिहरु, जल-नदिहरु, जलका स्रोत झरना औ वन इत्यादिको राम्रो सुरक्षा गरेमा अक्षय धन प्राप्त गर्न सकिने कुरा ऋग्वेदमा वर्णन गरिएको छ ।

"पूर्वीरिष्य निष्षिधो मर्त्येषु, पूरू वसूनि पृथिवी बिभर्ति ।
इन्द्राय द्याव ओषधीरुतापो, रयिं रक्षन्ति जीरयो वनानि ॥"

- ऋग्वेद ३.५१.५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्जाका विविध स्रोत– वैदिक साहित्यको अध्ययनमा ऊर्जाका विविध स्रोतहरु बारे जानकारी हामीलाई प्राप्त हुन्छ । तिनीहरूमध्ये केही यी हुन् –

१. जल, पत्थर, वनस्पति एवं ओषधिहरु (ऋग्वेद २.१.१)।
२. भूगर्भीय अग्नि (ऋग्वेद ३.२२.४) ।
३. सूर्य, समुद्र औ जल (ऋग्वेद १.९५.३)
४. नदीहरूका भँवर (Whirl-pools) (ऋग्वेद २.३५.९)
५. नदीहरूका संगम र प्रवाह (अथर्ववेद १.१५.३)
६. सूर्य, समुद्र र वायु (ऋग्वेद ७.३३.७ र ८)
७. खानि, भूगर्भ र जलप्रपात (अथर्ववेद १६.१.३ र ८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५

उपहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५ उपहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपहार

वि.सं. २०११ सालदेखि मेरो कवितायात्रा प्रारम्भ भई वि.सं. २०१७ सालसम्म अविराम गतिले चलेको थियो । त्यसको अनन्तर मैले कविता लेखनकार्यलाई खास प्राथमिकता दिन छोडेर इतिहास र संस्कृति सम्बन्धी किताब एवं लेखहरु लेख्ने कार्यमा सर्वथा आफूलाई समर्पित गरें । यस क्रममा मैले दर्जनौं विविध विषयसित सम्बद्ध ग्रन्थहरु तयार गर्नुको साथै प्रकाशित गरें । ती ग्रन्थहरूमध्ये हिन्दू देवी देवता एवं अभिनव संस्कृति कोष लेखे बापत मैले गुणराज पुरस्कार तथा मदन पुरस्कारहरु प्राप्त गरेको थिएँ । यसै क्रममा ई.सं. १९८१ देखि मैले मेरा दिवंगत पिता श्री भारथराम जोशीको स्मृतिमा जोशी रिसर्च इन्स्टिच्यूट स्थापना गरी ई.सं. १९८१ देखि उक्त इन्स्टिच्यूटको मुखपत्रको रूपमा रोलम्ब नामक अनुसन्धानमूलक त्रैमासिक जर्नल अद्यापि अटूटरूपले प्रकाशित गर्दै आइरहेको छु ।

हाम्रा दुई रत्नहरु (पुत्ररत्न एवं पुत्रीरत्न) यथा श्री सुशीलराम जोशी तथा श्री प्रतिभा जोशी (वैद्य) करिब ७-८ वर्षदेखि नेपालबाट क्यानाडामा आई बसेका थिए । हाम्रा अरु दुई रत्नहरु यथा श्री प्रदीपराम जोशी तथा श्री दीपकराम जोशी आफूसँगै रहे तापनि आँखाबाट ओझेल भई बसेका रत्नहरूको याद आई नै रहने रहेछ । 'यिनीहरूको सदा कल्याण नै होओस्, यिनीहरूलाई दुःख भन्ने कहिल्यै नआओस्' - यही नै परमात्मासित प्रार्थना छ । यसैबीच उपर्युक्त छोरा, छोरीको आग्रहमा ई.सं. २०११ को जुलाई २८ का दिन म र मेरी श्रीमती कदमकेशरी जोशी नेपालबाट क्यानाडामा आई बसिरहेका छौं । यस अवधिमा हाम्रा उपर्युक्त दुबै छोरा-छोरीहरूबाट हामीले जुन किसिमको सेवा-सुश्रूषा पायौं त्यसलाई कहिल्यै बिर्सन सकिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५ उपहार

मेरो यस क्यानाडा प्रवासकालमा मैले चारओटा ग्रन्थहरु तयार गरेको छुँ । ती ग्रन्थहरु हुन् - १. बुद्धयुग २. दासप्रथा, ३. माँ ४. वेद, वेदाङ्ग के भन्छन् ? यस अवधिमा मैले झण्डै ५१ (एकाउन्न) वर्षको चुप्पीपछि पाँचओटा कविताहरु पनि लेखें, जुन यहाँ तल प्रस्तुत गरेको छु ।

१. यस संसारमा मानिसहरूले साँच्चै भन्ने हो भने कुनै पनि मुलुकले यो मेरो, यो तिम्रो भन्ने भावनालाई त्यागेर हाम्रो भन्ने भावना जहिलेसम्म लिँदैनन्, त्यसबेलासम्म यो विश्व अशान्तमय नै भइरहने हुन्छ । त्यसैले मानिसहरु एवं मुलुकहरूले पनि मेरो र तिम्रो भन्ने भावनालाई त्यागेर हाम्रो भन्ने भावनालाई अंगाल्ने गरेमा यो विश्व दुःखमय होइन, सुखमय हुने कुरामा कुनै शंका छैन । यसै भावलाई प्रस्तुत कवितामा दर्शाइएको छ । कविता यी हुन् -

मन लाग्छ

"न म हिन्दू हुँ
न मुसलमान
न बौद्ध
न जैन
न ईशाई
न पारसी
म त खालि मानव हुँ, मानव
यसैले मलाई मानवधर्म नै मनलाग्छ
तिम्रो र मेरो भन्ने होइन
हाम्रो भन्ने भावनामा जिउन मनलाग्छ ।"

- हरिराम जोशी
१८४ दालिया एवेन्यू, अटवा, क्यानाडा
६ अक्टोबर २०११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. एक नै परमसत्य हो, यस यथार्थताको पहिलो-पहिलो उद्घोष वैदिक मनीषिहरूबाट भएको लाग्दछ । 'एकं सद्विप्रा बहुधा वदन्ति' - यो हो वैदिक मनीषिहरूको उद्घोष । तर, पारमार्थिक रूपले सत्य एक रहे तापनि यथार्थतः दुईको अस्तित्वलाई नकार्न सकिँदैन । किनभने त्यो व्यावहारिक सत्य हो । सिद्धान्त जस्तोसुकै होस्, व्यवहारले त्यसलाई खण्डन गर्न सक्तछ । शिव शिव तबै बने जसै तिनमा शक्ति अवस्थित रहे । शक्ति विना शिव शव नै हुन्थे । त्यस्तै कदम नभएको भए यो लेखक पनि शव नै हुन्थ्यो । यसै भावलाई प्रस्तुत कवितामा दर्शाइएको छ ।

द्वि सत्य

'सत्य एक छ
त्यो सत्य हो
तर,
सत्यमा दुईको अस्तित्व छ
त्यो पनि सत्य नै हो
यसैले म सत्यलाई एक मान्दा मान्दै पनि
दुईको अस्तित्वलाई बिर्सन सक्तिन
दुई मिलेरै एक बनेको छ
नत्र एकको कुनै अस्तित्व नै रहने थिएन ।
यदि त्यस्तो नहुँदो हो त
शिवलाई शव कहिल्यै मानिने थिएन
शिव शिव तबै बने
जसै तिनमा शक्ति अवस्थित रहे ।
शक्ति पाएरै जालन्धर अजेय भयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिविहीन हुनु के थियो उनले पराजय भोग्नुपऱ्यो ।
अर्को,
जो कोहीको पनि छायाँ हुन्छ
छायाँ पाएरै छायाँबाट सूर्यले शनि पाए ।
यसैले म पारमार्थिक हैन
व्यावहारिक सत्यलाई अंगाल्न चाहन्छु
एक ब्रह्मलाई मानेर पनि
त्यसमा माया भनौं छायाँको अस्तित्वलाई स्वीकार्दछु ।
किनकि मेरो कदम रूकेको भए
आज म पनि शक्ति विनाको शिवलाई जस्तै शव नै मानिने थिएँ ।"

- हरिराम जोशी
१८४ दालिया एवेन्यू , अटवा, क्यानाडा
१५ फरवरी २०१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. आफ्नो मातृभूमि भनौं जन्मभूमिलाई त्यागेर प्रवासमा अवस्थित मानिसहरुको मनोव्यथा प्रस्तुत हिन्दी कवितामा दर्शाउने जमर्को गरेको छुँ । हिन्दीमा लेखेको यो मेरो पहिलो कविता हो । यसमा एकजना प्रवासमा रहेका व्यक्तिले आफ्नी आमालाई सम्झेर तिनको सामु क्षमा याचना गरेको दर्शाइएको छ । कविता तल प्रस्तुत छ -

माँ ! मेरी माँ ! !

"माँ ! मेरी माँ !!
तुम मेरी है, मेरी
सिर्फ मेरी ।
पर माँ !
मैं तुम्हारी नहीं बन सका
मैं विवश हूँ, विवश
मेरा हाथ पैर सब बँधा हुआ है
वाणसें विंधा हुआ मेरा दिल चीख रहा है हरक्षण
तुम्हारे प्यारको समझ समझ कर
ऐसा होकर भी आज मैं प्रकट नहीं कर सकता
उक्त चीत्कार को तुम्हारे सम्मुख
माँ !
मै क्या करुँ
मैं सिर्फ इस समय अपना शिर तुम्हारी चरणोमें रखकर
इतना ही कह सकता हुँ
वश इतना ही -
"मत्समः पातकी नास्ति पापघ्नी त्वत्समा नही
एवं ज्ञात्वा महादेवी यथायोग्यं तथा कुरू ।।"

- हरिराम जोशी
१८४ दालिया एवेन्यू , अटवा, क्यानाडा
२६ अप्रिल २०१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. मलाई लामो समयदेखि क्यानाडाको बारे केही लेखौं भन्ने लागेर पनि अहिलेसम्म लेख्न सकेको थिइन । त्यो उत्सुकता मनमा लागि नै रह्यो । अहिले आकस्मिक स्मले मलाई मनमा यहाँको झण्डामा चित्रित मैपलको पातको याद आयो । झण्डामा मैपलको पात किन राखियो भन्ने कुरा मनमा खट्किराखेको थियो । अहिले त्यसैबारे मेरो मनमा लागेको भाव दर्शाई प्रस्तुत कविताको रचना गरेको छुँ । रचना यो हो -

मैपलको पात

"जत्ति हेऱ्यो हेरौं हेरौं लाग्ने
जत्ति हेरे पनि धीत नमर्ने
त्यो के होला भन्दा जो कोहीले पनि भक्खर जवानीमा टेकेकी
तरूनीतिर इंगित गर्ला
फेरि,
तिनीहरु सबै एकै स्वरले यो बूढोमा जवानी चढेछ भनी ठट्टा गर्लान्
त्यो स्वाभाविक हो
जो कोही पनि सुन्दरतादेखि मोहित नहुने को होला ?
तर,
म भन्छु
त्यसो होइन
यदि तिमी जन्मेर आफ्नो मातृभूमिको ऋण चुकाउनु छ भने
तिम्रोलागि आपसमा लडाई झगडा होइन
शान्तिको आवश्यकता छ
शान्ति विना देश कहिल्यै ऊँभो लाग्न सक्तैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले,

शान्तिलाई शिरमा राखी यदि हामी अगाडि बढेको खण्डमा
देशले विकासको गतिलाई पहिल्याई देश झन्-झन्
अगाडि बढ्दै जाने हुन्छ ।
यही नै सन्देश मैपल रूखको पातले हामीलाई दिइरहेछ
मैपलको पातमा तलतिर भनौं एकातिर शान्तिको प्रतीक
सेतो रंग छ भने
जबकि माथितिर विकासको प्रतीक हरियो रंग रहेको हुन्छ ।
यो पातले यही नै सबैभन्दा ठूलो शिक्षा हामीलाई प्रदान गरेको छ ।
देखेमा प्रकृति नै हाम्रो लागि प्रेरणा स्रोत रही
प्रकृति नै हाम्रो सबैभन्दा ठूलो गुरू भएको स्पष्टिन्छ ।
गुरूका गाईहरु जङ्गलमा चराउँदै गरेका शिष्यले
सम्पूर्ण ब्रह्मज्ञान प्राप्त गरेको कुरा उपनिषद्ले प्रदान गरेको
यथार्थता यहाँ उदाहरणीय छ ।"

- हरिराम जोशी
३१५ पार्किन सर्कल, अटवा, क्यानाडा
२२ जून २०१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. गतः मे महिनामा मलाई अमेरिकाको न्यूयोर्कस्थित लिबर्टी टापूमा रहेको स्वतन्त्रताकी प्रतिमूर्ति रहेकी The Statue of Liberty को अवलोकन गर्ने सुअवसर प्राप्त भयो । उक्त मूर्ति हेर्दाहेर्दै मलाई मेरी आमाको दिव्य स्वरूपको कल्पना मानसपटलमा आयो । मलाई त्यसबेला जुन कल्पना मानसपटलमा आएको थियो त्यसैको चित्रण निम्नलिखित रचनामा दर्शाएको छुँ । रचना यही हो -

माँ

"माँ !
तिमी धन्य छ्यौ
तिम्रो बयान जत्ति गरे पनि अपूर्ण नै रहनेछ ।
"ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥"
किनकि,
तिमी अनेकत्व होइन, एकत्वकी प्रतीक छयौ
विश्व ब्रह्माण्ड भनौं सृष्टिका जनक मात्र नरही
तिनलाई जिउनुकोलागि आवश्यक
सम्पूर्ण सामग्री सहित स्वतन्त्रता
प्रदानगर्ने पनि रहेकी छयौ
यसैले हे माँ !
स्वतन्त्रताकी प्रतिमूर्ति !
तिम्रो सामु ठूलो - सानो, समर्थ-असमर्थको भेद कहिल्यै हुँदैन
तिमी सबैकोलागि समान छयौ
अनि तिमी समयको गतिलाई नियाल्ने भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तमा सबैलाई आफूमैं समाहित गर्ने पनि
रहेकी छयौ
यसरी तिमी सृष्टि, स्थिति औ संहारगर्ने
त्रिशक्ति भनौं त्रिदेव मात्र नरही
अनन्त शक्तियुक्त छयौ
यसर्थ,
हे माँ !
स्वतन्त्रताकी प्रतिमूर्ति !
तिम्रो सामु यो शिर सदा नतमस्तक रहन्छ
स्वतन्त्रताको चिराग प्रज्ज्वलित रही सदा अपराजेय नै रहन्छ
जत्तिसुकै त्यसलाई पराजित गर्न खोजे पनि ।'

- हरिराम जोशी
१८४ दालिया एवेन्यू, अटवा, क्यानाडा
२४ मे २०१२ ई.सन्

अमेरिकाको न्यूयोर्कस्थित बेडलाई टापू (Bedloe's island) जसलाई पछि Liberty island को संज्ञा प्रदान गरिएको थियो, मा स्थापित स्वतन्त्रताकी देवी फ्रान्सका वास्तुविद् Bartholdi द्वारा फ्रान्सको Liberty Workshop and Courtyard of the Gajet, Gauthier and Company मा निर्माण गरिएको थियो, जसलाई २१४ ओटा काठका बक्सा (Wooden Cases) मा राखी फ्रेञ्च जहाजी वेडाद्वारा ई. सन् १८८५ मा उपर्युक्त टापूमा पुऱ्याइएको थियो । अमेरिकी स्वतन्त्रता संग्रामको शतवार्षिकीको अवसर पारी उक्त स्वतन्त्रताकी देवी कृतज्ञता स्वरूप अमेरिकालाई उपहार स्वमा प्रदान गरेको लाग्दछ । अमेरिकी जनताले स्वतन्त्रताको लागि ठूलो संग्राम गरी तत्कालीन विश्वका शक्तिशाली राष्ट्रको चङ्गुलबाट ई.सन् १७७६ मा आफ्नो मुलुकलाई बन्धनमुक्त गरी स्वतन्त्र तुल्याएका थिए, जसको प्रभाव तत्कालीन एकतन्त्रीय क्रूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५ उपहार

निरंकुश राजतन्त्रबाट शोषित पीडित फ्रान्सका निरीह जनतामा अत्यधिक मात्रामा परेको थियो; फलतः त्यहाँका जनताले पनि राजतन्त्रको विरूद्ध बहादुरीसाथ संघर्ष गरी राजा एवं रानी भनौं लुई सोलहवाँ (१६) तथा मेरी एण्टोनियट दुवैलाई गिलेटिनमा चढाई ई.सन् १७८९ मा राजतन्त्रलाई ध्वस्त पारी फ्रान्समा गणतन्त्रको डंका बजाएका थिए । अर्को, विश्वका लागि ठूलो अभिशाप बनेको दासप्रथाको समाप्ति वर्तमान युगमा सर्वप्रथम अमेरिकाका राष्ट्रपति अब्राहम लिंकलनले गरेका थिए; फलतः उनी क्रूरतम दासमालिकहरूको हातको शिकार भए । महानतम कार्यको उपलब्धि महानतम कुर्वानीबाटै मात्र सम्भव हुन्छ । फ्रेञ्च जनता अमेरिकी जनताका उपर्युक्त महानतम कार्यहरूबाट अत्यधिक मात्रामा प्रभावित थिए जसको कारण अमेरिकी जनताको नाममा माथि वर्णित स्वतन्त्रताकी देवीको ताम्रनिर्मित प्रतिमा माथि वर्णन गरिए अनुरूप कृतज्ञतास्वरूप फ्रेञ्च जनताको तरफबाट उपहार प्रदान गरेको स्पष्टतः प्रतीत हुन्छ ।

"कृतज्ञ हुनु दैवी गुण हो भने कृतघ्न हुनु दानवी

यो हो प्रकृतिको नियमः प्रकृतिकै नियम भएको कारण यसकोलागि खास नियम बनाइरहनु आवश्यक छैन ।

वनराज (सिंह) ले आफूलाई उपकार गर्ने व्यक्ति देख्नु के थियो,
उनी तिनको सामु पुच्छर हल्लाई पाल्तु कुकुर जस्तै भइदियो ।

रोमको अनुश्रुति यस कुराको साक्षी छ ।

बाघलाई उपचार गरेको कारण बाघले दिनौं एक-एकओटा शिकार ल्याई आफूलाई उपचारगर्ने वैद्यलाई दिने गरेका थिए, जसको कारण ललितपुर लामलटोलका वैद्य परिवार अद्यापि व्याघ्र चिकित्सक नामले विख्यात छ ।

१७ औं शताब्दी ई. को एक ताडपत्र यस कुरोको साक्षी छ ।

यस्तै

फ्रेञ्च क्रान्ति अमेरिकी स्वतन्त्रता संग्रामबाट पनि प्रेरित थियो,

जुन उपर्युक्त कृतज्ञताको एक कारकस्वरूप लिइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वको लागि अभिशाप बनेको दासप्रथाको उन्मूलन वर्तमान युगमा सर्वप्रथम अमेरिकाले नै गरेका थिए ।

यी विविध कारणहरूबाट अभिप्रेरित भई फ्रेञ्च जनताको तरफबाट प्रस्तुत स्वतन्त्रताकी प्रतिमूर्ति अमेरिकालाई उपहारस्वरूप प्रदान गरेको लाग्दछ । यसरी एउटा राष्ट्रले अर्को राष्ट्रलाई आफ्नो प्रेरकस्वरूप मानेर कृतज्ञता ज्ञापन गरेको यो एक चिरस्मरणीय उदाहरण बनेको छ ।

यसर्थ,

यस प्रकारको उदाहरण प्रस्तुत गर्ने कार्य यदि यो विश्वका सबैजसो मुलुकले प्रस्तुत गर्ने गरेमा यो विश्व सुखमय हुने कुरामा कुनै सन्देह रहँदैन । यो सत्य छ ।"

अन्तमा, उपर्युक्त विभिन्न विधाका चार कृति एवं चारओटा कविताहरु लेख्नुमा मलाई क्यानाडाबाट ठूलो प्रेरणा मिलेको थियो । यसैले क्यानाडाकोलागि केही उपहार प्रदानगर्नु आफ्नो परम कर्तव्य भएको महसूस गर्दै मेरी श्रीमती कदमकेशरी जोशी समेत भई क्यानाडामा बसोबास गर्दै आएका सम्पूर्ण नेपाली परिवारजनहरूमा म आफ्नो यो सानो उपहार प्रदान गर्दछु । यहाँहरूले मेरो यो सानो उपहारलाई ग्रहण गर्नु नै हुनेछ भन्ने आशा एवं भरोसा लिँदै अहिलेलाई यहाँहरु सबैको शुभेच्छा ग्रहणगर्दै यहाँबाट प्रस्थान गर्दछु ।

जय क्यानाडा ! जय नेपाल !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी- **प्रतिभा जोशी (वैद्य)**को घर
३१५ पार्किन सर्कल, अटवा, क्यानाडा ।

छोरा- **सुशीलराम जोशी**को घर
१८४ दालिया एवेन्यू, अटवा, क्यानाडा ।

उपुर्युक्त दुई घरहरूमा बसेर प्रस्तुत कृतिहरूको सिर्जना गर्न सम्भव भएको हुु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजतन्त्रको समाप्ती

(मुलुकमा गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ देशमा संविधान सभाको लागि चुनाव गराउने घोषणा वि. सं. २००७ को फाल्गुण ७ गते तत्कालीन महाराजाधिराज श्री ५ त्रिभुवन सरकारबाट गरिबक्सेका थिए । तर, श्री ५ त्रिभुवन सरकारको देहावसान भएपछि गद्दीनशीन हुने उहाँको जेष्ठ पुत्र श्री ५ महेन्द्रले संविधान सभाको लागि चुनाव गराउनुको बदला संसदको लागि मात्र चुनाव गराउने अठोट गर्न लागेका थिए । श्री ५ महेन्द्रको यस प्रकारको कार्यबाट त्यस समय यहाँका जनमानस अत्यधिक मात्रामा रूष्ट भएका थिए । यसै समय तत्कालीन साप्ताहिक पत्रिका 'कल्पना' जसका सम्पादक तारिणीप्रसाद कोइराला थिए ।) म जनआवाजलाई उजागर गराउने उद्देश्यले संसदको लागि चुनाव गराउने कि संविधान सभाको लागि चुनाव गराउने भन्ने बारे एक पत्र स्तम्भ ने राखेकाथिए । त्यस समय मैले पनि संविधान सभाको लागि नै चुनाव गराउनुपर्ने कुरा अधिव्यक्त गरी लेखेको पत्र त्यस पत्रिकामा प्रकाशित भएको थियो । अर्को, उपर्युक्त श्री ५ को महत्वाकाङ्क्षालाई नजरअन्दाज गर्न नसकिने भएको तथा राजतन्त्रमा राजाको शेषपछि राजाको छोरा ने राजा हुने परिपाटीले देश भनौ जनताको दुर्दशा अन्ततोगत्वा हुने निश्चितप्रायः छ भन्ने लागेकोले जनताले भविष्यमा यस प्रकारको राजतन्त्रलाई स्थायित्व कदापि दिनेछैन र त्यस्तो राजतन्त्रको बदला देशमा एकदिन अवश्य जनतन्त्र भनौ गणतन्त्र स्थापित हुने कुरामा म विश्वस्त भएको थिएँ । त्यसै विश्वासको कारण वि.सं. २०१४ श्रावण ३१ गतेका दिन मैले राजतन्त्र खत्तमै भएर देशमा अवश्य प्रजाराज्य कायम हुनेछ भनी ठोकुवा गरी निम्न कविताको रचना गरेको थिएँ । मेरो उक्त सपना साकार भएको छ आज गणतान्त्रिक नेपालको रूपमा ।)

वरषाती पानी परी कुलै कुलो जान्छ
कुलोमा त्यो ठक्कर खाँदै सिन्धुमा गई मिल्छ
प्रकृतिकी ती राम्री चरी
प्रकृतिमै रमाई उड्दछ ॥
हिमालको हिउँ पग्ली नदी बनी बग्छ
हिउँदमा चिसो हावा फेरि गै त्यहीं जम्छ
चोखो यो समाज हुन्न
एक आपश दुष्मनी छुँदैछ ॥
जनराज यहाँ ल्याउन राजा प्रजा मिल्छ
जनाधिकार खोस्न फेरि राजा अघि सर्छ
दुष्टमा दुष्ट्याई चाल
सर्पमा विषालु विष छ ॥
पानीको त्यो झरनालाई कसले थाम्न सक्छ
नरोकिई ज्यादै जोड्ले तलतिरै खस्छ
प्रजाराज देशमा आउँछ
राजतन्त्र खत्तमै हुनेछ ।

१४ अगष्ट १९५७ ई. (३० श्रावण २०१४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal